# केन्द्रीय पंच भेला


## २०४२

(प्रतिवेदन)

**पंचायत नीति तथा जाँचबूझ समिति**

नानेश्वर, काठमाडौं

नेपाल



**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट केन्द्रीय पंचभेला २०४२ लाई बक्सेको सम्बोधन**

अध्यक्ष तथा पञ्च कार्यकर्ताहरू,

१ पाँचजना भद्रजन बसेर आपसी हितका विषयमा पारस्परिक आदरको भाव लिएर छलफल र निर्णय गर्नु नै पञ्चायतको प्राचीनकालदेखि चली आएको प्रचलन हो । यसरी हेर्दा दलबिहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका राजनैतिक कार्यकर्ताहरूले पञ्चायत नीति तथा जाँचबूझ समितिको कार्यक्रम अनुरूप बेलाबखत विभिन्न तहमा भेला भई देश र देशवासीको कल्याण हुने विषयमा चिन्तन, मनन र छलफल गरी सम्बन्धित अङ्गहरूलाई दिशा बोध गराउने कार्यमा संलग्न हुनु निश्चय नै राम्रो परम्परा हो ।

२ नेपाली जनताको विश्वास प्राप्त पञ्चायत व्यवस्थाले पच्चीस वर्ष पूरा गर्दैछ । यस सिलसिलामा पञ्चायत व्यवस्थाको पच्चीसौं वार्षिकोत्सव मनाउने कार्यक्रमको समन्वय गर्ने एउटा समिति गठन भइसकेको छ । पञ्चायत व्यवस्था नेपाली नेपाली बीचमा फूट ल्याउने उद्देश्यले ल्याएइको नभई एक नेपालीलाई अर्को नेपालीसंग देशहितको निम्ति एकताबद्ध गराउने लक्ष्य राखी ल्याइएको व्यवस्था हो । त्यसैले पच्चीसौं वार्षिकोत्सव मनाईंदा यसमा सम्पूर्ण नेपालीले भाग लिन सकून् र ऐतिहासिक दृष्टिकोणले पनि यो कुरा स्मरणीय हुन जाओस भन्ने उद्देश्य राखी सबै पञ्चले काम गर्न सक्नु परेको छ ।

३ पच्चीस वर्षको यस अवधिमा पञ्चायत व्यवस्थाले के कस्ता चुनौतीहरूको सामना गर्नुपऱ्यो भन्ने कुरा नेपालको समसामयिक इतिहासको एक महत्वपूर्ण अध्याय हुन गएको छ । पञ्चायत प्रणालीले नेपाली परम्परा र जीवनशैली सित मेलखाने प्रजातान्त्रिक परिपाटीको रूपमा एउटा निश्चित बाटो पहिल्याई सकेको छ । आज पञ्चहरू नेपालको स्वतन्त्रता, राष्ट्रिय मूल्य र मान्यताप्रति गौरवको

अनुभव गर्छन् । पञ्च र पञ्चायत भन्ने शब्द नेपालीको घर घरको बोली भइसकेको छ । र अति दुर्गमदेखि लिएर शहरी क्षेत्रमा बस्ने नेपालीका लागि पञ्चायत व्यवस्था भन्ने कुरा उनीहरूको राजनैतिक संस्कारको अभिन्न अङ्ग भइसकेको छ । वास्तवमा पञ्च नै जनता हुन् र जनता नै पञ्च हुन् भन्ने धारणाले नेपाली मन मस्तिष्कलाई छोइसकेको छ । साथै, जनविश्वास र जननिर्णयले पञ्च कार्यकर्ताहरूको काँधमा आफ्नो देश र समाजप्रतिको कर्तव्य र जिम्मेवारीको ठूलो अभिभारा पनि सुम्पी-दिएको छ । यस चुनौतीपूर्ण उत्तरदायित्वलाई बहन गर्ने क्षमता र दृढता देखाउन सक्नु नै आज पञ्च कार्यकर्ताहरूको सर्वोपरि कर्तव्य हुन आएको छ ।

४ पञ्चायत व्यवस्थाको सूत्रपातपछि मुलुकमा विभिन्न क्षेत्रको उन्नति संभव भएको छ । देशको सर्वाङ्गीण विकास गर्नेतर्फ यस अवधिमा निकै प्रयासहरू भए र देशले उल्लेखनीय उपलब्धि पनि हासिल गर्न सक्यो । तर हाम्रो बढ्दो जनसंख्या, हाम्रा बढ्दा आवश्यकताहरू, दीर्घकालीन लक्ष्य र नेपालमा सुख, शान्ति र समृद्धि ल्याउने हाम्रो परिकल्पनाको दाँजोमा यी उपलब्धिहरू अझै पनि निकै अपर्याप्त भएको वास्तविकता पनि हाम्रो सामु छ । त्यसैले हामीले प्रत्येक नेपालीको लागि खाद्यान्न, लत्ता कपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत आवश्यकताहरू पूरा गर्नेतर्फ प्राथमिकता दिनै परेको छ । यी कुराहरूको परिपूर्तिको निम्ति हामीले आधारभूत आवश्यकताहरूको उत्पादनमा नै जोड दिनु परेको छ र हामीले कुनै पनि आर्थिक कार्यक्रम बनाउँदा अरू कुरामा नअलमलिई यी वास्त-विकतालाई सर्वोपरि प्राथमिकता दिनुपर्छ ।

५ मानिसको चेतना र भावनामा अनुकूल परिवर्तन आउन नसकुञ्जेल विकास साकार हुन सक्दैन । त्यसैले विकासका प्रक्रियामा आमजनतालाई व्यापक रूपमा चेतनशील तुल्याई अग्रसर गराउनु पञ्चहरूको कर्तव्य हुन जान्छ । साथै विकेन्द्रीकरण जस्ता कार्यक्रमद्वारा जनतालाई नै विकासको माध्यम बनाई त्यसको प्रतिफल पनि जनताले नै उपभोग गर्न पाउने व्यवस्था मिलाउनेतर्फ समस्त पञ्च कार्यकर्ताहरूको ध्यान जानु आजको आवश्यकता हो ।

६ पञ्चायत व्यवस्थाले राष्ट्रिय हितलाई नै सर्वोपरि मान्दछ । त्यसैले राष्ट्र निर्माणको अभियानमा पञ्चहरूले देशभरिका जनताको स्वार्थमा नै आफ्नो स्वार्थ देख्न सक्नु पर्छ । व्यवस्थाका आधारभूत सिद्धान्तहरू, मूल्य र मान्यतालाई बुझेर पञ्चहरूले त्यसका मर्मलाई आफ्नो व्यवहार र आचरणमा उतार्न पनि सक्नुपर्छ । हामी यो पनि नबिर्सौं कि कहिले पनि उपनिवेश नभएको नेपालले अन्यत्रबाट

सोझै नक्कल गरिएको परिपाटीलाई बुझ्न र पचाउन सक्दैन । त्यसैले हाम्रा समस्याहरूको समाधान हामी आफैंले आफ्नै ढङ्ग र तरीकाले गर्नुपर्छ ।

७ आउँदो वर्षको शुरूमा देशमा राष्ट्रिय पञ्चायतको लागि चुनाव हुँदैछ । नेपालको संविधानले सबै नेपालीलाई आत्मोन्नति गर्ने समान हक दिएको छ। बिना कुनै भेदभाव सबै नेपाली ऐन कानूनको सामू बराबर छन् । यही भावना अनुरूप पञ्चायत व्यवस्थाले सबैका लागि समान रूपले ढोका खोलेकै छ । यो व्यवस्था गतिशील र प्रजातान्त्रिक भएकोले यसमा खुल्ला छलफल हुनैपर्छ तर पञ्चायतको आदर्श समन्वय हो भन्ने कुरा पनि कहिल्यै बिर्सनु हुँदैन । यिनै कुरालाई ध्यानमा राखेर पञ्च कार्यकर्ताहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने दिशामा यो भेलालाई सफलता प्राप्त होस् यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् । !

जय नेपाल !

प्रज्ञा भवन, कमलादी,
काठमाडौं ।
मंसीर ६, २०४२

# श्री ५ महाराजाधिराज सरकारका जुनाफमा

सरकार,

केन्द्रीय पञ्चभेला, २०४२ को आज मार्ग ६ गतेका दिन बसेको पहिलो पूर्णबैठकले राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको जुनाफमा चढाउने कृतज्ञताको निम्न प्रस्ताव सर्वसम्मतिबाट पारित गरेकोले सरकारको पाउमा सभक्ति जाहेर गरेको छु । सरकार जो हुकूम् ।

## कृतज्ञताको प्रस्ताव

"राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट श्री ५ बडामहारानी सरकारको गरिमामय समुपस्थितिमा हामी पञ्च कार्यकर्ताहरू माथि असीम अनुकम्पा राखिबक्सी यस केन्द्रीय पञ्चभेला, २०४२ को समुद्घाटनका साथै हामी पञ्चहरूलाई सारगर्भित संबोधन, मार्गदर्शन बक्सभएकोमा यो भेला मौसूफ सरकारहरूको पाउमा सभक्ति हार्दिक कृतज्ञता विन्ती चढाउँदछ। राजनेतृत्व प्रतिको अगाध आस्था र भक्तिभावबाट अनुप्राणित निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका हामी समस्त कार्यकर्ताहरूको निम्ति यस्तो गौरवमय शुभअवसर चिरस्मरणीय र सदा प्रेरणादायी रहिरहने कुरा पनि मौसूफहरूमा यो भेला विन्ती टक्र्याउँछ ।

मुलुक र जनताको सर्वाङ्गीण हितको निम्ति निर्दलीय प्रजातान्त्रिक सामूहिक चिन्तनको सिलसिलामा देशको राजनैतिक, आर्थिक एवं सामाजिक तथा

अन्य समसामयिक स्थितिको समीक्षा गर्दै आगामी समयको निम्ति स्पष्ट दिशाबोधको लागि अधिराज्यका सबै भागबाट भेला भएका हामी पञ्च कार्यकर्ताहरूको निमित्त राष्ट्रनायक सरकारबाट बक्सभएको सम्बोधन, मार्गदर्शन अत्यन्तै उत्साहबर्द्धक, प्रेरणादायी र शाश्वत महत्वको दिशा निर्देशन हुन आएको छ। राजनेतृत्व, राष्ट्रियता र जनताप्रति समर्पित रही निर्दलीय प्रजातान्त्रिक बाटोबाट मुलुकको द्रुततर सर्वाङ्गीण विकासको लागि उत्सर्गित हामी पञ्चायत व्यवस्थाका राजनैतिक कार्यकर्ताहरू मौसूफबाट बक्सभएको बुद्धिमत्तापूर्ण तथा सारगर्भित मार्गदर्शनलाई हाम्रो चिन्तन, आचरण र व्यवहारमा अनुसरण गरी साकार तुल्याउने प्रण पनि मौसूफ सरकारको जुनाफमा सभक्ति जाहेर गर्दछौं।

सरकार जो हुकूम।"

सदा सरकारको अनन्य भक्त सेवक,
(मरीचमान सिंह)
अध्यक्ष
केन्द्रीय पञ्चभेला आयोजक समिति
२०४२

६, मार्ग २०४२

# राष्ट्रिय पंचायत एवं पंचायत नीति तथा जाँचबूझ समितिका सम्माननीय अध्यक्षज्यूले केन्द्रीय पंचभेलामा दिनुभएको स्वागत भाषण

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार,

श्री ५ बडामहारानी सरकार,

उपस्थित पञ्च साथीहरू
तथा आमन्त्रित महानुभावहरू

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको असीम कृपापूर्ण समुपस्थितिबाट गौरवान्वित हुन पुगेको यस भेलामा सर्वप्रथम म सम्पूर्ण पञ्च कार्यकर्ता तथा केन्द्रीय पञ्च भेलाका सहभागीहरूका तर्फबाट सरकारहरूको जुनाफमा सभक्ति हार्दिक कृतज्ञता सहित स्वागत अभिवादन टक्चाउँछु । साथै निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका हामी कार्यकर्ताहरू माथि असीम अनुकम्पा राखिबक्सी सरकारबाट यस भेलाको समुद्घाटनका साथै यसलाई संबोधन मार्ग दर्शन समेत बक्स हुने निगाहा भएकोमा हामी पञ्चहरू अत्यन्त उत्साहित र उल्लसित भइरहेको कुराको बिन्ती पनि सरकारमा चढाउँछु । आजको यस्तो गौरवमय अवसरबाट हामी पञ्च कार्यकर्ताहरूलाई राष्ट्र र जनताको बृहत्तर कल्याणका निम्ति एकजूट भई दत्तचित्त रही श्रम उत्सर्गित हुने अपार प्रेरणा र हौसलाका साथै उच्च मनोबल समेत प्राप्त भइरहेको छ ।

लगभग चार वर्षको अन्तरालपछि सुसम्पन्न हुन लागिरहेको यस केन्द्रीय पञ्चभेलामा भाग लिन पाल्नुभएका समस्त सहभागी साथीहरूमा र आमन्त्रित महानुभावहरूमा मेरो हार्दिक स्वागत अभिवादन छ । यस चार वर्षको अन्तरालमा पञ्च कार्यकर्ताहरूले आ–आफ्ना कार्यक्षेत्रमा क्रियाशील रहँदा प्राप्त गरेका अनुभवहरूको पारस्परिक आदान प्रदान गरी निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका मूल्य र आदर्शहरूका प्राप्तिका निमित्त हामीले यस भेलामा सामयिक चिन्तन र मनन समेत गर्नुछ । यसै परिप्रेक्ष्यमा मुलुकको समसामयिक राजनैतिक, आर्थिक र सामाजिक स्थितिको समीक्षा गर्दै आगामी समयमा अंगाल्नु पर्ने कार्य दिशा समेत हामीले निश्चित गर्नुछ । निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका राजनेतृत्व, निर्दलीयता, प्रजातान्त्रिकता, राष्ट्रियता र विकास एवं जनसेवा जस्ता आधारभूत चरित्रप्रतिको हाम्रो प्रतिबद्धता र कटिबद्धतालाई हामीले यस भेलाका माध्यमबाट अझ सुदृढ गर्नु छ र पञ्चायती राजनैतिक संस्कारलाई अझ तिखार्दै जानु पनि छ । हाम्रो छलफल र विचार विमर्श क्षणिक आवेग र सङ्कीर्ण स्वार्थबाट मुक्त रहने अपेक्षा राखिनु स्वाभाविकै हो । हाम्रो यस सामूहिक सहभागिताबाट पञ्चहरूका बीचको समझदारी र एकताको अभिवृद्धिमा निश्चत नै सहयोग पुग्नेछ ।

यो केन्द्रीय पञ्चभेला युगपुरुष स्वर्गीय श्री ५ महेन्द्रद्वारा देश र देशवासी-हरूको सर्वोत्तम हितको चिन्तन गरी प्रवर्तन गरिबक्सेको पञ्चायत व्यवस्थाको रजतजयन्ती मनाउने राष्ट्रिय तत्परताको प्रारम्भ भइरहेको बेलामा सुसम्पन्न हुँदैछ । यतिखेर हामी सबैको मानसपटलमा श्री ५ महेन्द्रद्वारा प्रवर्तित एवं राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार-बाट विकसित तथा संपोषित यस दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका विगत पच्चीस वर्षका उत्कृष्ट उपलब्धिहरूको सम्झना सलबलाउनु स्वाभाविकै हो । यस व्यवस्थाले राजनेतृत्व अन्तर्गत निर्दलीयताको फराकिलो परिधिमा निरन्तर अगाडि बढ्दै राष्ट्रिय सार्वभौमिकता र अखण्डताको संरक्षण र राष्ट्रिय भावनाका साथै राष्ट्रिय एकताको चेतनालाई पनि तीव्र रूपमा हुर्काई नेपालीत्वको बोध र गरिमालाई प्रवल रूपमा परिपोषण प्रदान गरेको कुरामा इतिहास साक्षी छ । साथै देशका सुदूर कुना कुनासम्म जनजागरण र जनचेतनाको अभिवृद्धिका दृष्टिले पनि यस व्यवस्थाका उपलब्धिहरू स्मरणीय रहेका छन् । यस व्यवस्थाले दलीयताको साँधुरो संङ्कीर्ण घेराबाट देश र देशवासीहरूलाई उन्मुक्त तुल्याउँदै राष्ट्रिय आधारभूत वैचारिक एकतातर्फ क्रमशः उन्मुख गराउने दिशामा पनि एक

प्रभावकारी राजनैतिक आधारको सृष्टि गर्न सकेको छ र यसले प्रजातन्त्रको निर्दलीय प्रक्रियाको माध्यमबाट स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म प्रजातन्त्रको व्यापक अभ्यासको क्रमलाई पनि तीव्ररूपमा हुर्काउँदै आएको छ । आज नेपाली जनताले निर्दलीय प्रजातन्त्रका हकहरूको उपभोग गरिरहेका छन् । पञ्चायत व्यवस्थाका विभिन्न राजनैतिक उपलब्धिको चर्चा गर्दा राष्ट्रनायक सरकारबाट मुलुकको राजनैतिक प्रणालीबारे स्पष्ट रूपमा जनताको राय बुझ्ने लोकसम्मतिमूलक राज्य सञ्चालनका आदर्श अनुरूप घोषित गरिबक्सेको ऐतिहासिक राष्ट्रिय जनमत संग्रह प्रजातान्त्रिक अभ्यासको अद्वितीय नमूनालाई कहिल्यै पनि बिर्सन सकिन्न । जनसम्मतिबाट पञ्चायत व्यवस्था विजयी भएपछि संविधानको तेस्रो संशोधन पश्चात् सम्पन्न भएको प्रत्यक्ष बालिग मताधिकारमा आधारित राष्ट्रिय पञ्चायतको महानिर्वाचन र राष्ट्रिय पञ्चायतका सिफारिशमा मन्त्रिपरिषद्को गठनको प्रक्रियाबाट निर्दलीय प्रजातान्त्रिक अभ्यासमा नयाँ आयाम थपिनाका साथै व्यवस्थाको लोकप्रियता र जनमुखितामा समेत ठूलो अभिवृद्धि भएको छ । यस पञ्चमेलामा २००७ साल वा २०१७ साल अघि विभिन्न राजनैतिक विचारधारामा सक्रिय रहेकाहरू र २०१७ सालदेखि पञ्चायत राजनीतिमा नै हुर्केकाहरू तथा राष्ट्रिय जनमत संग्रहमा पञ्चायत इतर पक्षमा लागे तापनि त्यसपछि क्रमशः राष्ट्रिय राजनीतिको मूल प्रवाह स्वरूप पञ्चायत विचारधारामा सम्मिलित भएका समेत व्यक्तिहरू पञ्च कार्यकर्ता रूपमा सहभागी भइरहेका छन् र यसबाट पनि पञ्चायत व्यवस्थाको राजनैतिक व्यापकता र सक्षमताको पुष्टि हुन्छ । राजाको सक्रिय एवं गतिशील नेतृत्वमा निर्दलीय प्रजातन्त्रका माध्यमबाट व्यापक राजनैतिक परिचालनमा विश्वास गर्ने मौलिक पञ्चायती राज्य व्यवस्थाको सबलाई संगठन सक्ने क्षमता र राजनैतिक औचित्य विगत पच्चीस वर्षका एकपछि अर्को घटनाक्रमबाट प्रमाणित हुँदै आएको छ ।

राष्ट्रिय विशेषता र संस्कारबाट अनुप्राणित यस पञ्चायत व्यवस्थाले विगत पच्चीस वर्षमा देशभित्रबाट र देशबाहिरबाट सञ्चालित गर्न खोजिएका अनेक राजनैतिक बाधा व्यवधान र साङ्गातिक आक्रमण समेतलाई आफ्नो राजनैतिक सक्षमताका आधारमा पराजित गर्दै जनमानसमा गाढा छाप पारिसकेको छ । नेपालका विभिन्न भाषा, भेषभूषा, धर्म र सम्प्रदाय अँगाल्ने विभिन्न क्षेत्रका र विभिन्न वर्गका सम्पूर्ण नेपालीको समान श्रद्धा र आस्थाको केन्द्र एवं न्याय चेतनाको स्रोत राजसंस्था नै हाम्रो राष्ट्रियता र राष्ट्रिय एकताको प्रतीक भएकाले यही राजसंस्था नै हाम्रो इतिहाससिद्ध सर्वमान्य एवं सर्वोपरि नेतृत्व हो र यही

राजनेतृत्वको कारणले पञ्चायत व्यवस्थाले आफ्नो राष्ट्रिय सार्वभिकता प्राप्त गरेको हो । राष्ट्रका सम्पूर्ण शक्ति र प्रतिभाहरूलाई समेटेर एकजुट तुल्याई द्रुततर राष्ट्रिय विकासको निम्ति परिचालित गर्नु नै हाम्रो मुख्य राष्ट्रिय आवश्यकता हो र नेपालको राष्ट्रिय वास्तविकतामा राजनेतृत्व नै त्यस्तो राष्ट्रिय सहमति र वैचारिक समन्वयको केन्द्र हो । राजनेतृत्वको छहारीमा निर्दलीयता फष्टाउन सक्छ र निर्दलीयताको माध्यमबाट नै सफल र सार्थक प्रजातान्त्रिक राजनैतिक परिचालन भई विकासमूलक राजनीतिद्वारा हाम्रो देश र समाजलाई चाहिएको द्रुततर सर्वाङ्गीण विकास सम्भव हुन्छ भन्ने कुरा यस व्यवस्थाले विगत पच्चीस वर्षमा गरेका सामाजिक र आर्थिक क्षेत्रका महत्वपूर्ण उपलब्धिबाट प्रमाणित हुन्छ । केही दशक अगाडिको शून्यप्राय: स्थितिबाट विकासका ठोस पूर्वाधारहरूको सिर्जना गरी जनताको जीवनस्तरमा क्रमिक सुधार ल्याउँदै राष्ट्रिय स्वावलम्बनको दिशामा प्राप्त भएका राष्ट्रिय उपलब्धिहरू विकासोन्मुख मुलुकका विकास प्रक्रियाका कुनै पनि मापदण्डबाट अत्यन्त उत्साहवर्द्धक रहेका छन् । यस परिप्रेक्ष्यमा आधारभूत राष्ट्रिय चेतनाको सम्बर्द्धन र द्रुततर सर्वाङ्गीण विकास कार्यका दुई मूलभूत राष्ट्रिय चुनौती रहेको तथ्यमाथि विचार गर्दा यस व्यवस्थाले अत्यन्त सकारात्मक रूपमा मुलुकलाई अगाडि बढाउन सकेको छ राजनेतृत्व र निर्दलीयतामा नै यस व्यवस्थाको आत्मा प्रतिष्ठित छ र यी दुई महत्वपूर्ण आधारहरूलाई अँगाल्दै देश र समाजको सर्वोत्तम हितका निम्ति आफूलाई उत्सर्गित गर्ने उच्च प्रेरणा समेत यस रजतजयन्ती वर्षले हामी पञ्चहरूलाई दिइरहेको छ ।

ऐतिहासिक राष्ट्रिय जनमत संग्रह र संविधानको तेस्रो संशोधन तथा यसको कार्यान्वयनका क्रममा, हाम्रो मुलुकको राजनैतिक विकासले एक नयाँ र महत्वपूर्ण मोडमा यात्रा गरिरहेको छ । निर्दलीयता र प्रत्यक्ष बालिग मताधिकारलाई साथ-साथै सफलतापूर्वक लगी पञ्चायत व्यवस्थाका आधारभूत सिद्धान्तको जगेर्नाका साथै सामयिक गतिशीलतालाई समेत अगाडि बढाउने प्रयास व्यावहारिक समेत देखिन आएको छ र यसबाट निर्दलीय प्रजातान्त्रिक अभ्यासलाई थप बल मिलेको छ । यस अभ्यासका क्रममा मिलेको व्यापक सफलताका तुलनामा अनुभव हुन आएका कतिपय अप्ठ्यारा नगण्य देखिन्छन् र तिनको समाधान पनि हुँदै जाने नै छ । आज यस पञ्चमेलामा हामीले पञ्चायत राजनीतिको संस्थागत विकासका साथै पञ्चायती राजनैतिक संस्कारको अझ सुदृढीकरणको प्रभावकारी प्रक्रिया स्थापित गर्नु छ र त्यसमा हामी जति जति सफल हुँदै जान्छौं त्यति त्यति ती अप्ठ्याराहरूको निराकरण पनि हुँदै जाने नै छ । हामी सबै पञ्चहरूको सर्वोपरि र सक्रिय

नेतृत्व राजसंस्थाबाट हुने र एउटै पञ्चायती सैद्धान्तिक निष्ठाले हामी सबैलाई आबद्ध गरेको हुनाले हामी सबै पञ्चहरूको साझा राष्ट्रिय लक्ष्य पनि एउटै छ भने हाम्रा बीचको कुनै पनि विभाजन रेखा स्थायी हुन सक्तैन र मर्यादित पञ्च आचरणलाई अँगाल्ने पञ्चहरूका बीच व्यापक समझदारी र एकता स्वाभाविक कुरा हो भन्ने तथ्य हामी सबैले बुझ्नै पर्दछ । पञ्चहरूले आफ्नो राजनैतिक व्यक्तित्वको आर्जन गर्ने आधार राजनेतृत्व, राष्ट्रियता र राष्ट्रिय एकताप्रतिको समर्पणका साथै निर्दलीय, स्वस्थ र प्रजातान्त्रिक राजनैतिक चिन्तन व्यवहारद्वारा राष्ट्रको सर्वाङ्गीण उत्थानको प्रक्रियामा अनुशासित रूपमा सहभागी हुनु र योगदान गर्नु नै हो । निर्दलीयता भनेको अनुशासनहीन अवस्था होइन । निर्दलीयताका आफ्नै मर्यादा र अनुशासन छन् । उपर्युक्त गुणहरूलाई अँगालेर नेतृत्व र जनताप्रति गरिने समर्पण नै सही र आदर्श पञ्चको परिचय हो । यही पञ्चायती राजनैतिक संस्कार, मर्यादा र अनुशासनमा रही केन्द्र, अञ्चल, जिल्ला, नगर र गाउँस्तरसम्मका विशाल संख्यामा रहेका पञ्चहरू राष्ट्रिय आदर्श विशेषता र आवश्यकताका लागि समर्पित राष्ट्रिय शक्ति हुन् । पञ्च कार्यकर्ताहरू केवल चुनावी प्रतिस्पर्धा र पद प्राप्तिलाई नै आफ्ना चरम राजनैतिक अभिष्ट मान्दैनन् । पदमा हुनु र नहुनुले पञ्चहरूको चरित्र र महत्वमा कुनै खास फरक पार्दैन । चुनावमा भाग लिने वा नलिने, पदमा रहेका वा नरहेका, पुराना वा नवोदित सबै पञ्च प्रतिभाहरूलाई समेटी हामी अगाडि बढ्नु छ र यस दिशामा यस पञ्चभेलाले महत्वपूर्ण योगदान गर्ने नै छ ।

पद र सुविधाको संकीर्ण स्वार्थको लागि हैन, जनसेवा र राष्ट्रिय निर्माणको लागि पञ्चहरू बीच अनुशासन, एकता र कर्तव्यपरायणताको आज नेपाली समाजले जुन रूपमा अपेक्षा गरेको देखिन्छ, त्यसलाई पूरा गर्न यो भेलाका छलफल र निष्कर्ष सहायक हुने विश्वास हामी जनतामा दिन सकौं– यो मेरो विशेष अनुरोध छ ।

अन्तमा राष्ट्रनायक सरकार तथा श्री ५ बडामहारानी सरकारबाट आजको भेलामा सवारी हुन बक्स भएको निगाहप्रति पुनः सभक्ति कृतज्ञता चढाउँछु र सहभागी साथीहरू र आमन्त्रित महानुभावप्रति पनि पुनः स्वागत अभिवादन गर्दछु ।

जय देश, जय नरेश ।

प्रजा भवन, कमलादी, काठमाडौं
मंसीर ६, २०४२

# केन्द्रीय पंचभेला २०४२ द्वारा पारित राजनैतिक कार्यपत्र

## १. भेलाको प्रासङ्गिकता

आज हामी झण्डै चार वर्षको अन्तरालपछि केन्द्रीय पञ्चभेलाका सहभागीका रूपमा यहाँ भेला भइरहेका छौं । साथै पञ्चायत व्यवस्थाको प्रवर्तन भएको पच्चीस वर्ष पूरा हुन लागिरहेको र राष्ट्रिय पञ्चायतको आगामी आम निर्वाचन पनि सन्निकट रहेको विशेष समयमा यो केन्द्रीय पञ्चभेला सम्पन्न भइरहेको छ ।

निर्दलीय पञ्चायत व्यवस्थाका उत्कृष्ट प्रजातान्त्रिक अभ्यासका माध्यमहरू मध्ये विभिन्न तहका पञ्चभेलाहरूको आफ्नै किसिमको महत्व हुने सन्दर्भमा यस केन्द्रीय पञ्चभेलाले राष्ट्रिय स्तरमा पञ्चायत राजनीतिले अँगाल्नु पर्ने सान्दर्भिक र सामयिक निश्चित दिशा निर्धारण गर्नमा महत्वपूर्ण भूमिका खेल्नु छ । यस क्रममा यस भेलाले प्रथमतः आफ्नै मौलिकता र निजीपन अँगालेको हाम्रो पञ्चायत व्यवस्थाले अनेकौं सामयिक चुनौती र हाँकहरूको सफलतापूर्वक सामना गर्दै विगत पच्चीस वर्षमा प्राप्त गरेका आधारभूत उपलब्धिहरूको गौरवमय संस्मरण गर्नुछ । यस पृष्ठभूमिमा ऐतिहासिक राष्ट्रिय जनमत संग्रह, संविधानमा तेस्रो संशोधन, आम निर्वाचन र त्यसपछिको केन्द्रीय पञ्चभेलाका परिप्रेक्ष्यमा मन्त्रिपरिषद्हरूको र राजनैतिक परिचालन गर्ने संवैधानिक निकायस्वरूप पञ्चायत नीति तथा जाँचबुझ समिति समेतको राजनैतिक क्रियाकलाप लगायत मुलुकको समुचा राजनैतिक स्थितिको सामयिक समीक्षा समेत गर्नु अपेक्षित हुन

आएको छ । साथै वर्तमान अवस्थामा देखा परेका राजनैतिक चुनौती र हाँकहरूको समीक्षा वस्तुपरक दृष्टिकोणबाट गरी भविष्यमा तत्काल अख्तियार गर्नुपर्ने नीति-निर्णयहरू पनि स्पष्ट पारी यस केन्द्रीय पञ्चभेलाले निश्चित दिशा निर्धारण गर्नु परेको छ । यस पञ्चभेलाका महान् अवसरमा पञ्चायत व्यवस्थाको सैद्धान्तिक उत्कृष्टता तथा हाम्रो समस्त पञ्चहरूको रगत–पसीना र त्याग–तपस्याको कदर गर्दै जनमत संग्रहले दिएको जननिर्णयलाई हामी सादर संस्मरण गर्दछौं, हामी यस ऐतिहासिक जननिर्णयलाई कदापि बिर्सन सक्तैनौं । जनमत संग्रह र तेस्रो संविधान संशोधनले निर्दिष्ट गरेको राजनैतिक दिशामा अझ सुदृढतापूर्वक अगाडि बढ्नाका निम्ति यस भेलाबाट हामीले ठोस–राजनैतिक निर्णय लिनु परेको छ, जसद्वारा जनताको अझै बढी विश्वास जित्न सकौं र पञ्चशक्तिलाई सुसंगठित र अनुशासनबद्ध पारी प्रभावकारी राजनैतिक परिचालन गर्न ठोस कार्यक्रमहरू अख्तियार गरौं, जसबाट पञ्चायत राजनीति र पञ्च एकताको निम्ति ठूलो बल र सघाउ मिल्न सकोस् ।

यस अवसरमा हामी पञ्च कार्यकर्ताहरू पुनः निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका आधारभूत सिद्धान्त, मान्यता र मूल्यप्रति गहिरो निष्ठा र विश्वास राख्दै यसका व्यावहारिक विशेषता समेतको सम्वर्द्धन गरी राष्ट्र, राष्ट्रियता र राजमुकुट तथा जनताप्रतिको आफ्नो दायित्व पूरा गर्ने प्रगाढ संकल्प र अठोट प्रकट गर्दछौं ।

निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको प्रादुर्भाव श्री ५ को सक्रिय र गतिशील नेतृत्वमा देशका आम जनताको जीवनस्तरलाई उकास्दै मुलुकलाई द्रुततर गतिले चौतर्फी विकासका पथमा अग्रसर गराई नेपाल राष्ट्रको राष्ट्रिय स्वतन्त्रता र राष्ट्रिय सार्वभौमिकता अक्षुण्णता सदा सर्वदा कायम राख्नका निम्ति भएको हो र यस उद्देश्यको प्राप्ति निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाबाट मात्र साकार हुन सक्छ भन्ने हाम्रो अटूट विश्वास एवं दृढ आस्था रहेको छ । यस व्यवस्थाका मूल्य, मान्यता र मर्महरूप्रति हामी पञ्चहरू सदैव प्रतिबद्ध तथा जागरूक रहिआएका छौं र रही पनि रहने छौं ।

## २. पञ्चायत व्यवस्थाका आधारभूत मान्यता

दलविहीन प्रजातान्त्रिक व्यवस्थाका आधारभूत सिद्धान्त, माध्यम र प्रक्रियाहरू नेपाल राष्ट्र र नेपाली समाजका विशेषता अनुरूप नै प्रतिपादित र

विकसित भएका छन् । नेपालको भू–प्राकृतिक बनोट, भूराजनैतिक स्थिति एवं विभिन्न जाति र समुदाय तथा भाषा र संस्कृतिमा आधारित हाम्रो सामाजिक संरचनालाई दृष्टिगत गर्दा राष्ट्रिय एकता, राष्ट्रिय सार्वभौमिकता र राष्ट्रिय स्वतन्त्रता हाम्रो प्राण भएकाले यस व्यवस्थाको सर्वोपरि साध्य राष्ट्रियता रहेको छ । यसको अपरिहार्य आधार नेपाल र नेपालीको सर्वोत्तम हितका निम्ति श्री ५ को गतिशील एवं सक्रिय नेतृत्व हो । नेपाल राष्ट्रको एकीकरण, प्रजातान्त्रिकरण र राष्ट्रको सर्वाङ्गीण विकास तथा आधुनिकीकरण श्री ५ कै नेतृत्वमा हुँदै आएको छ र राष्ट्रिय एकताको प्रतीकका रूपमा राजमुकुट नै रहेको छ । लोकसम्मति र जनआकांक्षा अनुरूप नेतृत्व प्रदान गर्ने एवं समस्त नेपाली जनताका आस्था र विश्वासका केन्द्र राजमुकुट नै भएको र राजमुकुटको अस्तित्व मुलुकको सार्वभौमिक अक्षुण्णतासंग अविच्छेद रूपमा गाँसिएको हुनाले पञ्चायतका आधारभूत सिद्धान्त-हरूमा राजाको सक्रिय एवं गतिशील नेतृत्व तथा राजामा निहित सार्वभौमिकता सदा अविभाज्य छ । यस व्यवस्थाको उद्देश्य प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गर्नु हो । यो व्यवस्था प्रजातन्त्रका आधारभूत मान्यताहरूमा पूर्ण रूपले विश्वास राख्दछ । लोकसम्मतिका आधारमा सदैव पाइला चाल्ने शाहवंशको परम्पराअनुसार स्वर्गीय श्री ५ महेन्द्रबाट प्रतिपादित यस व्यवस्थाले परिकल्पना गरेको शोषणरहित समाज पूर्णतः प्रजातान्त्रिक मान्यता अनुरूप हुनेछ । श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट घोषणा बक्स भएको जनमत संग्रहका सन्दर्भमा नै प्रजातान्त्रिक आयाम र प्रक्रियालाई अझ विकसित तुल्याउने घोषणा गरिबक्सनुका साथै सो अनुरूप नै संविधानको तेस्रो संशोधन पनि बक्स भयो । मौसूफ सरकारको प्रजातान्त्रिक मूल्य र मान्यताप्रतिको प्रतिबद्धता र आस्थाको यो अद्वितीय उदाहरण हो । यसै गरी आउँदा दिनहरूमा पनि आफ्नो उद्देश्य प्राप्तिका निम्ति निर्दलीय प्रजातन्त्रको सुदृढीकरण र विस्तार गर्ने क्रम निरन्तर चालू रहने छ । परिकल्पना गरिएको शोषणविहीन समाज न्यायपूर्ण हुनेछ । यसबाट राष्ट्रको सर्वाङ्गीण विकासका क्रममा विकासको फल न्यायपूर्ण वितरण प्रणालीका आधारमा सम्पूर्ण नेपाली जनताले पाउन सकून् र राज्य सञ्चालनका समस्त क्रियाकलापहरू पूर्णतः कानून अनुसार चल्न सकून् भन्ने निश्चितता प्रदान गरिएको छ ।

पञ्चायत व्यवस्था समय र परिस्थितिको परिवेशमा प्राप्त अनुभवजन्य तथ्यलाई अंगीकार गरी निरन्तर रूपमा सुधारका क्रमहरू जारी राख्दै सामाजिक-राजनैतिक विकास क्रममा समय–समयमा देखा पर्ने समस्या र हाँकहरूलाई

उछिन्दै अघि बढ्नु यसको गतिशीलताको सूचक हो । जनआकांक्षा र समयका मागप्रति अति संवेदनशील राजमुकुटको सक्रीय र गतिशील नेतृत्वको फलस्वरुप यो व्यवस्था स्वाभावैले गतिशील छ र यसमा स्थायित्व छ । आजको विज्ञान र प्रविधिको जटिलता, सूक्ष्मता र तीव्रता बढ्दै गएको युगमा आधुनिकीकरणका नयाँ–नयाँ हाँक र समाज सञ्चालनका नयाँ–नयाँ सन्दर्भहरूलाई आत्मसात् गर्दै जान यो व्यवस्था आउँदा दिनहरूमा पनि सक्षम हुँदै जाने कुरामा कुनै सन्देह छैन । सबै प्रकारका शोषणहरूको अन्त्य गर्नु यस व्यवस्थाको उद्देश्य हो । यस व्यवस्था अन्तर्गत सामाजिक–सांस्कृतिक र राजनैतिक–आर्थिक विकासले लक्ष्य गरेको बिन्दु सर्वसाधारण जनता नै हो । जनतालाई बढीभन्दा बढी विकासको फलभागी र सहभागी बनाउँदै साझा, सरकारी र निजी उद्यमलाई समेत उचित प्रश्रय दिई विभिन्न वर्गका बीच समन्वय स्थापित गर्दै वर्ग र व्यक्तिका बीच आर्थिक, सामाजिक वा बौद्धिक शोषण हुन दिन नसक्ने स्थिति नै शोषणरहित समाजको आधार हो । यो व्यवस्था समाजमा व्याप्त विभिन्न असमानता र विरोधाभासलाई चरणवद्ध र योजनावद्ध रूपमा सीमित पार्दै शोषणरहित समाजको सृजना गर्न अघि बढ्ने छ ।

यस व्यवस्थाका माध्यम र प्रक्रियाहरूमा निर्दलीयता, वर्ग समन्वय, विकेन्द्रीकरण, साझा र विकासका निम्ति राजनीति हुन् । निर्दलीयता यस व्यवस्थाको दृढ माध्यम हो भने निर्दलीयताका विशेषता र चरित्रलाई संरक्षण र सम्बर्द्धन गरी राजनैतिक परिचालन तथा सुसंगठन गर्ने संस्था पञ्चायत नीति तथा जाँचबूझ समिति हो । देशभर फैलिएका स्थानीय पञ्चायतका निकाय र तिनका वर्गीय संगठनका माध्यमबाट व्यापक जनसहभागिता जुटाई वर्ग–संघर्ष र राजनैतिक भिन्नताबाट पैदा हुने सामाजिक विखण्डन र विभाजन हुन नदिई राष्ट्रनिर्माणमा सम्पूर्ण जनताको परिचालन गर्ने माध्यम निर्दलीयता हो । यसले विभिन्न तहका पञ्चायतका निकायहरूका सम्मेलन, भेला, गोष्ठी बैठक आदिद्वारा समाज र राष्ट्रको हितका निम्ति चिन्तन, मनन र कार्य दिशा निर्धारण गर्न सहमति प्रदान गर्दछ । यसद्वारा राष्ट्र निर्माण र समाजको कल्याणका निम्ति व्यापक प्रजातान्त्रिक प्रक्रिया र एकता ल्याउन ठूलो सघाउ पुग्दछ । यसले आपसी छलफल र सृजनात्मक आलोचनाद्वारा समाजमा विभिन्न वर्गको हितमा सामन्जस्य ल्याई सम्पूर्ण स्रोत, साधन र शक्तिलाई राष्ट्र निर्माणमा लगाउन सघाउ पुर्‍याउँछ ।

यस व्यवस्थाका माध्यम र प्रक्रियामा वर्ग समन्वय अर्को मेरुदण्ड हो । पञ्चायतका वडादेखि केन्द्रसम्म पञ्चायतका वर्गीय संगठनहरू छन् । समाजका गतिशीलताका निम्ति आवश्यक वर्गीय संगठनहरूमा आवद्ध भई सुसंगठित र अनुशासित कार्यकर्ताहरूबाट सामाजिक–आर्थिक रूपान्तरणका साथै विभिन्न वर्गको हकहितको संरक्षणगर्दै तिनका बीच सामञ्जस्य कायम गर्ने सशक्त माध्यम वर्ग समन्वय हो । यसबाट वर्ग–वर्गका बीच संघर्ष पैदा हुनबाट समाजलाई बचाई सम्पन्न र बिपन्नको बीचको खाडल पुर्दै सामाजिक न्याय कायम गर्ने निश्चितता हुन्छ । अनुशासित र सुसंगठित विभिन्न वर्गका कार्यकर्ताको परिचालनबाट सामूहिक र समष्टिगत हितमा ध्यान दिंदै राजनैतिक र सामाजिक गतिविधिको परिचालनको क्षमतामा वृद्धि भई उनीहरूको चरित्र र संस्कारको समेत विकास हुन्छ । जन–जीवनमा आधारित साझा व्यवस्था निम्न वर्गको उत्थान गरी समाजलाई आत्मनिर्भर तुल्याउन सामूहिक प्रयास गर्दछ । यसबाट प्रजातान्त्रिक, न्यायपूर्ण गतिशील र शोषणरहित समाजको सृजना गर्न सहयोग पुग्ने हुनाले नै यसलाई पञ्चायत व्यवस्थाको आर्थिक आधारशिला मानिएको हो । विकेन्द्रीकरणको प्रक्रियाबाट स्थानीय स्रोत साधनको परिचालन स्थानीय जनताबाट नै गरी गाउँ वा शहरको विकासमा स्थानीय जनता नै सरीक हुन्छन् । तह अनुरूप जनता नै निर्णायक, कार्यान्वयनकर्ता र मूल्यांकनकर्ताका रूपमा सहभागी हुन्छन् । यसबाट जनसहभागिता अत्यधिक बढ्न गई निर्दलीय प्रजातन्त्रको जग अझ बलियो हुनाका साथै राष्ट्रको द्रुततर विकास र जनताको जीवनस्तरको वृद्धिमा महत्वपूर्ण योगदान हुनजान्छ । नेपाल जस्तो अल्पविकसित मुलुकको निम्ति ज्यादै महत्वपूर्ण विषय राष्ट्रको विकास नै हो । पञ्चायतका सम्पूर्ण राजनैतिक क्रियाकलापहरूको अभिप्राय र प्रयोजन पनि राजनीतिलाई बढी प्रभावकारी रूपमा विकासमूलक बनाउन निर्दिष्ट गर्नु नै हो । त्यसैले शक्ति र सत्ताको होडबाजीबाट अलग रही सम्पूर्ण स्रोत–साधनलाई राष्ट्रको चौतर्फी विकासमा लगाई सबैभन्दा तल परेका जनतालाई त्राण दिई प्रत्येक व्यक्तिको शारीरिक, मानसिक र भौतिक विकास गर्दै एक स्वावलम्बी, विकसित र सशक्त राष्ट्रको रूपमा नेपाललाई उभ्याउन पञ्च कार्यकर्ताहरूका अगुवाईमा समस्त जनतालाई योजनावद्ध विकासका निम्ति एकजूट पार्ने प्रक्रिया नै विकासका निम्ति राजनीति हो । राजनीतिलाई कोरा नारा र व्यक्तित्व प्रदर्शनको होड मात्र होइन, जनताको भोक, रोग र अशिक्षाको उन्मूलन गरी चाँडो भन्दा चाँडो एक समुन्नत र विकसित आधुनिक नेपालको निर्माणका निम्ति सम्पूर्ण शक्ति लगाउनु नै विकासका निम्ति राजनीतिको ध्येय हो ।

## ३. पञ्चायत व्यवस्थाका विगत पच्चीस वर्षका आधारभूत उपलब्धि

स्वर्गीय श्री ५ महेन्द्रबाट निश्चित राष्ट्रिय अठोटका साथ चालिबक्सेको २०१७ साल पुष १ गतेको ऐतिहासिक महान् शाही कदम उप्रान्त पञ्चायत व्यवस्थाको प्रवर्तन भएदेखि यताका पच्चीस वर्षमा यस व्यवस्थाले अनेक सामयिक हाँक र चुनौतीहरूको सामना सफलतापूर्वक गर्दै जनमतबाट पनि आफ्नो राष्ट्रिय औचित्य प्रमाणित गरिसकेको छ । यस मौलिक राज्य व्यवस्थाले आयातित राजनैतिक विचार तथा वाह्यभूमिबाट परिचालित गरिएका अनेक साँघातिक प्रहारहरू समेतलाई पराजित गर्दै र देशका आम जनतालाई राज–नेतृत्वमा आधारित निर्दलीयताको व्यापक परिधिमा निरन्तर रूपमा समेट्दै विगत पच्चीस वर्षमा आधारभूत राजनैतिक विजय हासिल गर्दै आएको छ । यस अवधिमा नेपालका संविधानमा तीन संशोधनहरू भएका छन् र तिनले पञ्चायत व्यवस्थाका मूलभूत सिद्धान्तहरू कायम राख्दै यस व्यवस्थामा सामयिक गतिशीलता समेत अन्तर्निहित रहेको तथ्यलाई प्रष्ट पारेका छन् । संविधानको तेस्रो संशोधनको कार्यान्वयनका क्रममा यस मौलिक राज्य व्यवस्थाको प्रजातान्त्रिक आयामको अझ विस्तारका साथै यसको लोक प्रियतामा समेत अझ अभिवृद्धि हुन आएको छ । यस व्यवस्थाले आम जनताको राजनैतिक सचेतना र सहभागिताका साथै राजनैतिक ऐक्यवद्धताको प्रक्रियालाई समेत बल प्रदान गर्दै आएको छ । यसरी नेपालको भू–बनोट, इतिहास, सामाजिक–सांस्कृतिक संरचना एवं राजनैतिक परम्परा र संस्कार तथा जन–आकांक्षाका साथै समुच्चा युगीन राष्ट्रिय वस्तु-स्थिति र अन्तर्राष्ट्रिय परिप्रेक्ष्यको मर्मबोध गरी स्वर्गीय श्री ५ महेन्द्रद्वारा प्रवर्तित एवं राष्ट्रनायक श्री ५ वीरेन्द्रद्वारा विकसित तथा संपोषित पञ्चायत राज्यव्यवस्थाले विगत अढाई दशकभा उल्लेखनीय राजनैतिक उपलब्धिहरू हासिल गरेको छ । मुलुकलाई राजनैतिक स्थायित्व र व्यापक अमनचैन प्रदान गर्दै यस व्यवस्थाले प्रथमतः आफ्नो राजनैतिक उपलब्धिहरू हासिल गरेकोछ भने यसले २०१७ साल पूर्वका देशभित्रको दलीय वैचारिक तीव्र अन्तर्विभाजनको प्रक्रियालाई क्रमशः कम गर्दै लगी राष्ट्रिय राजनैतिक, ऐक्यवद्धतालाई पनि बल प्रदान गरेकोछ । साथै प्रजातान्त्रिक अभ्यासको प्रक्रियालाई पनि आम जनतासम्म सार्थक रूपमा पुरयाई देशभित्र आधारभूत प्रजातान्त्रिक मूल्य र संस्कारका बिकासमा पनि उल्लेख्य राजनैतिक योगदान दिएकोछ । निर्दलीयताका माध्यमबाट

नै नेपालमा प्रभावकारी राजनैतिक परिचालन एवं प्रजातान्त्रिक राजनैतिक संस्कार तथा चरित्रको विकास हुन सक्छ भन्ने सत्य पञ्चायत व्यवस्थाका विगत पच्चीस वर्षका अनुभवबाट प्रमाणित भएको छ । नेपाली समाज र जनताका आफ्ना मान्यता र संस्कारका साथै जन आकांक्षा अनुरूप राजाको सक्रिय नेतृत्वमा निर्दलीय पञ्चायत व्यवस्थाको प्रतिपादन र विकास भएको हुँदा यस व्यवस्थामा हाम्रो आफ्नै मौलिकता तथा राष्ट्रिय चाहना स्पष्ट प्रतिबिम्बित हुन सक्ने कुरा अनुभव सिद्ध भएको छ । देशको सर्वमान्य एवं सक्रिय राजनेतृत्वको अपरिहार्य आधारमा प्रजातान्त्रिक , न्यायपूर्ण, गतिशील तथा शोषणविहीन समाजको निर्माण गर्ने परिलक्षित आदर्श अनुरूप निर्धारित माध्यम र प्रक्रियाहरू अंगाल्दै यस व्यवस्थाले हाम्रा राष्ट्रिय सन्दर्भमा सैद्धान्तिक रूपमा राजनैतिक उत्कृष्टता स्पष्ट पारेको छ भने अरू राजनैतिक प्रणालीहरूको तुलनामा पञ्चायत व्यवस्थाका यी सैद्धान्तिक एवं व्यवहारिक विशेषताको आफ्नै राष्ट्रिय महत्व र स्थान पनि कायम भएको छ । यस व्यवस्थाप्रति निष्ठापूर्वक समर्पित लाखौं पञ्च कार्यकर्ताहरूको राजनैतिक मनोबल र आस्था आफैंमा एक उदाहरणका रूपमा रहेको छ । पञ्चायत व्यवस्थाको यस रजत जयन्ती वर्षले पञ्च एकताको वातावरणको सुदृढीकरण गर्दै व्यवस्थाका पञ्च कार्यकर्ताहरूको निर्दलीय प्रजातान्त्रिक सैद्धान्तिक निष्ठा तथा संस्कार, चरित्र तथा क्रियाशीलताको अझ सम्बर्द्धनका निम्ति आवश्यक राजनैतिक परिचालन तर्फ पनि उत्प्रेरित गर्नु स्वाभाविक हो ।

पञ्चायत व्यवस्थाले विगत पच्चीस वर्षमा राष्ट्रिय सर्वाङ्गीण विकासको आकांक्षाको परिपूर्ति गर्दै लैजाने क्रममा प्राप्त गरेका उपलब्धिहरू पनि गौरवयोग्य छन् । पूर्खाहरूको वीरता र बुद्धिमत्ताबाट खडा भई स्वतन्त्र राष्ट्रका रूपमा स्वाभिमानपूर्वक बांचदै आएको नेपालको राष्ट्रिय सार्वभौमिक र अखण्डता अक्षुण्णताको संरक्षण गर्नु सफल हुनु पनि यसको एक आधारभूत उपलब्धि हो । आफ्नै प्रकारको भू–राजनैतिक स्थितिमा रहेको नेपालको राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकतालाई वर्तमान युगमा चुनौतीहरूका सन्दर्भमा समेत संरक्षित गर्न आफ्नै राष्ट्रिय परम्परा र मूल्य संस्कारहरूबाट संपोषित तथा अनुप्राणित यस निर्दलीय पञ्चायत–राज्य व्यवस्थाले हामीलाई ठूलो आधार प्रदान गर्दै आएको छ । दलहरूका माध्यमबाट हुने राजनैतिक विभाजनको सट्टा सर्वमान्य राजसंस्थाको सक्रिय र सर्वोपरि नेतृत्वमा गतिशील यस व्यवस्थाले विगत पच्चीस वर्षमा प्राप्त गरेका आधारभूत उपलब्धिहरू राष्ट्रियताको भावना र राष्ट्रिय जागरणका साथै राष्ट्रिय एकताको समुन्नयनका दृष्टिले पनि विशेष महत्व राख्दछन् । नेपाल हाम्रो

हो र हामी नेपाली हौं भन्ने राष्ट्रिय संचेतना देशका कुना काप्चासम्म तीव्र रूपमा संचारित गर्नमा २०१७ साल यताको उपलब्धि अत्यन्त उल्लेखनीय रहेको छ र त्यो राष्ट्रवादलाई अंगाल्ने भावना पञ्चायत व्यवस्थाकै प्राप्ति हो । पञ्चायत व्यवस्थाले जनजागरण र जनचेतनाको वृद्धिका क्षेत्रमा पनि देशका कुनाकुनाका विभिन्न वर्ग र पेशाका जनतालाई पञ्चायतका स्थानीय निकाय र वर्गीय संगठनका संगठनात्मक आधार लगायत विकास–अभियानका जन–शिक्षा र जनसञ्चार जस्ता विभिन्न माध्यमबाट पनि जागरूक गराउने दिशामा उल्लेख्य देन दिएको छ । मुलुकको प्राकृतिक भूबनौटका दुर्गमता र मध्यकालीन परम्परागत सामाजिक कारकहरूले ल्याएको व्यवधानलाई पार गर्दै जन जागरण र जनचेतनामा पञ्चायत-ले विगत अढाई दशकमा ल्याउन सकेको गुणात्मक परिवर्तन उल्लेखनीय रहेको छ । विकासोन्मुख मुलुकमा प्रायः देखा पर्ने एकतर्फ राष्ट्रिय मूल्य, संस्कार तथा परम्परा-गत चरित्र र विशेषता एवं अर्कातर्फ आधुनिकीकरण र विकासका चुनौतीका बीचको विरोधाभासको स्थितिबाट मुलुक तथा समाजलाई जोगाई यी दुवैको उचित सन्तुलन गर्दै राष्ट्रविकास र सामाजिक समुन्नति गर्दै जाने सुल्झिएको राष्ट्रिय बाटोमा विगत पच्चीस वर्षमा नेपाल पञ्चायत व्यवस्थाकै समन्वयात्मक पद्धति अन्तर्गत हिंडिरहेको छ । यस अवधिका नेपालले आफ्नो गौरवयोग्य सभ्यता र संस्कृतिको अझ समुन्नयन गर्दै सामाजिक आर्थिक क्षेत्रमा विकासका पूर्वाधारहरूको स्थापना गर्न सकेको छ । परम्परागत भूमिमा आधारित सामन्ती अर्थ व्यवस्थाबाट आधुनिकीकरण र औद्योगिकीकरण तर्फ आज नेपाल अभिमुख भइरहेको छ र जनताका आधारभूत आवश्यकताको क्रमिक परिपूर्ति गर्दै जाने लक्ष्य-तर्फ बढ्दै छ । यस क्रममा केही दशक अगाडिको करीब शून्यताको स्थितिको अपेक्षामा यातायात र सञ्चार, स्वास्थ्य, भूमिसुधार र कृषि उद्योगधन्दा आदिका क्षेत्रमा पञ्चायत व्यवस्था अन्तर्गत देशले प्राप्त गरेको सफलता र खडा गर्न सकेको पूर्वाधार जुनसुकै दृष्टिले पनि उल्लेखनीय रहेको छ । परम्परागत रूढिवादी पिछ-डिएको सामाजिक स्थितिको अन्त्य गर्दै सामाजिक सुधार सहित नयाँ नेपाली समाजको पुनर्रचनाका क्रममा मुलुकी ऐनको संशोधन लगायत सामाजिक सुधारका विगत अढाई दशकका रचनात्मक प्रयासहरू पनि उल्लेखनीय रहेका छन् ।

२०१७ साल अगाडिको नेपालमा विद्यमान मुद्रा प्रचलन, यातायात सञ्चार एवं शिक्षा जनस्वास्थ्य र विशेषज्ञताका आधारभूत कुरामा समेत अर्काको अत्यधिक भर पर्नु पर्ने स्थिति आज हामीले पार गरिसकेका छौं । हामी विगत् आवधिक योजनाहरूका माध्यमबाट आधारभूत वस्तु र सेवाहरूमा क्रमिक स्वाव-

लम्बनका दिशातर्फ अगाडि बढ्दै छौं । आर्थिक आत्मनिर्भरताका निम्ति आफ्ना साधन स्रोतहरूको समुचित र प्रभावकारी परिचालन गर्ने संस्थागत आधारहरू खडा गरी हामी जनसहभागिता समेत जुटाई राष्ट्र विकासका वृहत् अभियानमा प्राथमिकताका क्षेत्रहरू निर्धारित गरी जुटिरहेका छौं । संतुलित क्षेत्रीय विकास समेत गर्दै स्थानीय विकासका अभियानमा विकेन्द्रीकरणको कार्यक्रम सहित हामी आज लागि रहेका छौं । विकासका निम्ति राजनीति हाम्रो मन्त्र रहेको छ । प्रजातान्त्रिक, गतिशील, न्यायपूर्ण र शोषणरहित समाजको सिर्जना गरी जनकल्याणको अभिवृद्धि गर्ने हाम्रो लक्ष्यका साथै प्रतिबद्धता पनि छ । राजसंस्थाको सर्वमान्य , सक्रिय एवं बुद्धिमत्तापूर्ण नेतृत्वमा निर्दलीय पञ्चायत व्यवस्थाले आर्थिक विकासका क्षेत्रमा प्राप्त गरेका विविध उपलब्धिहरू नेपाल जस्तो विकासको पथमा केही दशक यता मात्र जुर्मुराएर उठेको मुलुकको सन्दर्भमा अत्यन्त उल्लेखनीय देखिन्छन् ।

पञ्चायत व्यवस्थाको प्रवर्तन भएदेखि यताका पच्चीस वर्षमा असंलग्न परराष्ट्र नीतिको अवलम्बन गर्दै नेपालले संयुक्त राष्ट्र संघ लगायतका अन्तर्राष्ट्रिय मञ्चहरूमा प्राप्त गरेको सफलता यस व्यवस्थाको उपलब्धिको अर्को उल्लेखनीय पक्ष हो । विश्वसमुदायबाट अलगथलग लगभग एकाकीताको स्थिति पार गर्दै नेपालले संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको केही वर्ष सदस्य समेत रही आफ्नो अन्तर्राष्ट्रिय व्यक्तित्व र प्रतिष्ठामा ठूलो अभिवृद्धि गर्न सकेको छ । असंलग्न आन्दोलनको एक संस्थापक सदस्यका रूपमा नेपालले विगत अढाई दशकमा खेल्दै आएको सक्रिय रचनात्मक भूमिका प्रसंसित रहेको छ । आज संसारभर हाम्रा मित्रहरू छन् र विश्वका विभिन्न मुलुकहरूसंग हाम्रो घनिष्ठ मित्रता स्थापित हुन आएको छ । हाम्रा दुई महान् छिमेकी देशहरूसंगको हाम्रो परम्परागत मैत्री सम्बन्धमा नयाँ रचनात्मक आयामहरू समेत थपिँदै आएका छन् । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको स्थापनामा नेपालले सक्रिय भूमिका खेलिरहेको छ । शान्तिलाई सम्बर्द्धन प्रदान गर्ने सन्दर्भमा राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट नेपाललाई शान्ति क्षेत्र घोषित गर्न राखिबक्सेको प्रस्तावलाई विश्वका बढीभन्दा बढी राष्ट्रहरूको समर्थन प्राप्त भइरहेका स्थिति हाम्रा निम्ति सुखद अनुभूति हो । साथै संयुक्त राष्ट्रसंघका शान्ति स्थापनाका प्रयासहरूमा पनि नेपालले सक्रिय योगदान पुऱ्याउँदै आएको छ । यसरी राजसंस्थाका बुद्धिमत्तापूर्ण निर्देशनमा पञ्चायती व्यवस्था अन्तर्गत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा निकै ठूलो सफलता प्राप्त गरेको छ ।

नेपालले श्री ५ को दूरदर्शी एवं बुद्धिमत्तापूर्ण नेतृत्वमा अन्तर्राष्ट्रिय सम्बन्धमा प्राप्त गरेको सफलताका फलस्वरूप नेपालका विकास प्रयासमा बहुपक्षीय र द्विपक्षीय बाह्य सहयोगको मात्रामा पनि निरन्तर अभिवृद्धि हुँदै आएको छ। यसबाट परम्परागत पछौटे अर्थतन्त्रबाट अगाडि बढी आधुनिक राष्ट्रिय अर्थतन्त्रका आधारशिलाका निर्माणका राष्ट्रिय प्रयासमा थप सघाउ प्राप्त भएको छ। साथै नेपालको बढ्दो अन्तर्राष्ट्रिय सम्बन्ध र प्रतिष्ठाले नेपालको राष्ट्रिय व्यक्तित्वको परिपुष्टि र स्थायित्वका निम्ति समेत थप बल पुग्न आएको छ।

पञ्चायत व्यवस्थाले विगत पच्चीस वर्षमा राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा प्राप्त गरेका उपर्युक्त विभिन्न आधारभूत उपलब्धिहरू उल्लेखनीय एवं उत्साहवर्धक देखिन्छन्। अवश्य नै भू-बनोट र इतिहासका कतिपय अवरोधहरू समेतले ल्याएका कठीनाईका कारणले मुलुकको सामाजिक-सांस्कृतिक तथा राजनैतिक आर्थिक सर्वाङ्गीण द्रुततर विकासको चुनौतीपूर्ण पथमा यात्रा गर्दै ठोस उपलब्धि प्राप्त गर्ने क्रममा कतिपय बाधा व्यवधान र विकृत-विचलनहरू पनि समय समयमा देखा पर्न नखोजेका होइनन् तर यिनको समुचित सामयिक प्रतिकार र नियन्त्रण गर्दै व्यवस्थाका लक्ष्य-प्राप्तिका निम्ति निरन्तर क्रियाशील रहने राजनैतिक मार्गदर्शन र उत्प्रेरणा राज नेतृत्वबाट अटूट रूपमा प्राप्त गर्दै पञ्चायत व्यवस्थाले आफ्नो राजनैतिक सक्षमता प्रमाणित गरी नै रहेको छ। एक मौलिक राज्य व्यवस्थाका रूपमा पञ्चायतको विगत पच्चीस वर्षको इतिहास एवं अनुभव निश्चय नै उत्साहावर्धक र गौरवयुक्त रहेको छ भन्ने कुरा हामी पञ्चहरू महशूस गर्दछौं।

## सामयिक राजनैतिक समीक्षा

ऐतिहासिक जनमत संग्रह, संविधानको तेस्रो संशोधनको, प्रत्यक्ष बालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायतको महानिर्वाचन र त्यसका सिफारिश-मा मन्त्रिपरिषद्को गठन एवं त्यसपछिको प्रथम केन्द्रीय पञ्च भेलाको सन्दर्भसंग सामयिक राजनैतिक स्थितिको समीक्षाको प्रसंग जोडिएको छ। विगत केन्द्रीय पञ्चभेला अघिको उपर्युक्त सन्दर्भ र त्यसपछिका बिगत झण्डै चार वर्षका सामयिक, राजनैतिक स्थिति र मुख्य क्रियाकलापहरूको लेखाजोखा यहाँ गर्नु छ। यस क्रममा लोकसम्मतिका आधारमा सधैं पाइला चाल्ने शाह वंशको वंशानुगत परम्परा अनुसार राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट राष्ट्रिय राजनैतिक प्रणालीबारे जनमत संग्रहको घोषणा गरिबक्सनु मौसूफ सरकारको प्रजातान्त्रिक मूल्य र मान्यता प्रतिको आस्था

र प्रतिबद्धताको अद्वितीय उदाहरण हो। साथै यो नेपालको प्रजातान्त्रिक विकासको इतिहासको अतुलनीय घटना हो। सामयिक सुधार सहितको पञ्चायत व्यवस्था वा बहुदलीय व्यवस्थाका दुई विकल्पका बीच जनताले एक विकल्प रोज्नु पर्ने थियो। यस सन्दर्भमा जनताबाट नै निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको ऐतिहासिक अनिवार्यता, औचित्य र गतिशीलताको पुनः प्रतिस्ठापनका साथै त्यस प्रति जनताको पुनः प्रतिबद्धताको निमित्त जनमत तयार गर्नु नै सम्पूर्ण पञ्चहरूको ठूलो राजनैतिक परीक्षण एवं नैतिक कर्तव्य थियो। प्रतिपक्षीहरूले खडा गरेको आतंकपूर्ण स्थिति, अनेकौं व्यवधान र त्रासको अवस्थामा पनि हरेक जोखिम सहेर पञ्च कार्यकर्ताहरूले आ–आफ्ना जिम्मेवारी सफलतापूर्वक निर्वाह गरे र त्यसको फलस्वरूप जनमत संग्रहको निर्णय पञ्चायत पक्षमा रह्यो। पञ्चहरूको आत्मबलिदान, सहिष्णुता र आफूलाई व्यवस्थाप्रति उत्सर्गित र समर्पित गर्ने भावनाको यो ज्वलन्त उदाहरण हो। ती गौरवशाली नेपालीहरूको विवेक र महत्वपूर्ण निर्णय दिनसक्ने न्यायपूर्ण क्षमता हाम्रो पञ्चहरूको लागि एक महत्वपूर्ण प्रेरणा स्रोतको रूपमा रहेको छ। यत्रो ठूलो विजय एवं यस्तो व्यापक जन निर्णय-को दीर्घकालीन राजनैतिक महत्ता र प्रभावलाई कायम राख्नु पञ्चहरूको कर्तव्य हो। यस महान् विजय र व्यापक जनसमर्थनलाई समेट्दै जनताका न्यूनतम आवश्यकता र आकांक्षाहरूको परिपूर्ति गर्न पंचहरूको व्यापक शक्तिलाई सुसंगठित पारी विकासका लागि बृहत् राजनैतिक परिचालन गर्ने अझ राम्रो वातावरणको सृजना र त्यसको सुदृढीकरण गर्दै जानु आजको सर्वोपरि राष्ट्रिय आवश्यकता हो। राष्ट्रिय जनमत संग्रहपछिको तेस्रो संविधान संशोधन र त्यसको कार्यान्वयनको प्रक्रियाले निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको प्रजातान्त्रिक अभ्यासमा अझ व्यापकता आएकोछ, थप अनुभवहरू प्राप्त भएका छन्। प्रत्यक्ष बालिग मताधिकारका आधारमा राष्ट्रिय विधायिकाको रूपमा रहेको राष्ट्रिय पञ्चायतको महानिर्वाचन र त्यसका सिफारिशमा मन्त्रिपरिषद्हरूको गठन प्रक्रयाको फलस्वरूप पञ्चायतका प्रजातान्त्रिक अभ्यासका क्रममा आएको विस्तारले गर्दा बौद्धिक वर्ग लगायत आम जनताका व्यवस्थाप्रतिको राज-नैतिक आकर्षणमा अभिवृद्धि भएको छ र व्यवस्थाको जनमुखीता समेत अरू बढ्न आएको छ।

राष्ट्रिय जनमत संग्रहका बखत देखा परेको बहुमत र अल्पमतको क्षणिक विभाजन रेखा त्यसपछिको राष्ट्रिय पञ्चायतको महानिर्वाचन र पञ्चायतका स्थानीय निकाय एवं वर्गीय संगठनको चुनाव लगायत विभिन्न निर्दलीय प्रजातान्त्रिक

अभ्यासका क्रममा ग्राम जनताको व्यापक सहभागिता र हिजो पञ्चायत इतर पक्षमा रहेका व्यक्तिहरूको समेत पञ्चायत प्रवेशका प्रक्रियाबाट मेटिंदै गएको छ। यस परिप्रेक्ष्यमा सबै नेपाली पञ्च सबै पञ्च नेपाली भन्ने राष्ट्रिय उद्बोधनको मर्म बुझी निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका सिद्धान्त, आदर्श र मान्यतालाई पूर्णतः अङ्गीकार गरी कुनै पनि नेपालीलाई पञ्चायतमा प्रवेश गर्ने ढोका सधै झैं खुला नै रहेको छ। यस राष्ट्रिय राजनैतिक वास्तविकतालाई हृदयङ्गम गर्दै राष्ट्रिय जनमत संग्रह जस्तो ऐतिहासिक तथा दीर्घकालीन महत्वको जन-निर्णय र त्यसले निर्दिष्ट गरेको सामयिक सुधार सहितको पञ्चायत व्यवस्थाको राष्ट्रिय राजनैतिक मूल प्रवाहमा समाहित र प्रवाहित हुने क्रममा हिजो इतर पक्षमा रहेका व्यक्तिहरू पनि धमाधम पञ्चायतमा प्रवेश गरिरहेका छन् र प्रवेश गर्ने तरखरमा पनि देखिएका छन्। आज पञ्चायत इतर तत्व आफ्नै आन्तरिक अन्यौल, फुट र तितर वितरको अवस्था क्रमशः बढ्दो देखिन्छ। यी तथ्यहरू पञ्चायत व्यवस्थाको बढ्दो राजनैतिक लोकप्रियता, विजय र सैद्धान्तिक उत्कृष्टताकै सूचक हुन्।

संविधानद्वारा प्रदत्त निर्दलीय प्रजातन्त्रका मौलिक अधिकारहरूको उपभोग नेपाली जनताले गरिरहेका छन् र यसप्रति जनताको सचेतता र संवेदनशीलता पनि बढ्दो छ। यसबाट पनि व्यवस्थाको लोकप्रियतामा अभिवृद्धि भएको छ।

पञ्चायत व्यवस्थाको राजनैतिक परिचालन गर्ने संवैधानिक निकायका रूपमा रहेको पञ्चायत नीति तथा जाँचबूझ समितिले विभिन्न तहमा पञ्चभेलाहरूका आयोजनाका साथसाथै राजनैतिक प्रशिक्षणका लागि कार्यक्रमहरू समेत आयोजना गर्दै आएको छ र राष्ट्रिय राजनीतिलाई अघि बढाउन प्रयत्नशील रहेको छ। यस क्रममा पहिलो केन्द्रीय पञ्चभेलाका साथै प्रस्तुत केन्द्रीय पञ्चभेलाको आयोजना हुनु निकै महत्वपूर्ण घटना हुन्।

२०३८ को केन्द्रीय पञ्चभेलापछि पञ्चायतका स्थानीय निकायहरूको निर्वाचन भएको छ। तेस्रो संविधान संशोधन पछिको परिवर्तित परिप्रेक्ष्य र विकेन्द्रीकरण कार्यक्रम लागू भइरहेको वर्तमान सन्दर्भमा यी स्थानीय निकायहरू स्थानीय विकास र स्वशासनका महत्वपूर्ण एकाईका रूपमा देखा परेका छन्। यसबाट स्थानीय विकास र स्वशासनमा स्थानीय जनसहभागिताको पञ्चायती प्रजातान्त्रिक आयामलाई थप बल प्राप्त हुँदै जानेछ। केन्द्र स्तरसम्मका विभिन्न वर्गीय संगठनहरूको पुनः स्थापना र निर्वाचन सम्पन्न भएबाट र पञ्चायतको

स्थानीय निकाय तथा ती तहका वर्गीय संगठनका बीच तादात्म्यको स्थापना सम्बन्धी प्रयासबाट पञ्चायत व्यवस्थालाई वर्गीय कार्यकर्ताहरूको सहयोगको संगठनात्मक आधार पुनः स्थापित हुन आएको छ ।

तेस्रो संविधान संशोधन निर्दलीय पञ्चायत राजनीतिको एक अत्यन्त महत्वपूर्ण मोड हो । यसका प्राथमिक अभ्यासका क्रममा उपर्युक्त उल्लेखनीय उपलब्धिहरूका साथै कतिपय व्यावहारिक कठिनाई, समस्या र विकृतिहरू समेत देखा पर्न आएका छन्.। पञ्चायत राजनीतिको यस बृहत्तर प्रजातान्त्रिक अभ्यासका क्रममा र सामाजिक–राजनैतिक विकासका प्रक्रियाहरूमा अघि बढ्दै जाँदा कतिपय समस्या र असंगति देखा पर्नु त्यत्ति अस्वाभाविक पनि होइन । तिनका स्वरूप र कारणहरूको छानबीन गरी निराकरणका उपायहरू अँगाल्नु हामी पञ्चहरूको आजको दायित्व हो ।

संविधानको तेस्रो संशोधनपछि निर्दलीय प्रजातान्त्रिक अभ्यास गर्दा व्यवस्थाका कार्य पद्धतिमा केही पञ्चहरूकाबीच प्रक्रियागत अन्तर देखा पर्न आएको छ । विभिन्न तहका पञ्चायत र वर्गीय संगठनका निकायहरूको चुनावी प्रतिस्पर्धा र पदका निम्तिका प्रतिद्वन्द्विता तथा कार्यक्रमगत छलफलका साथै राष्ट्रिय पञ्चायत भित्रका विश्वास अविश्वासका प्रक्रियाबाट पञ्चायतलाई समूह र सानो परिधिमा खुम्च्याउने अथवा विभाजित गर्ने सङ्कुचित मनोवृत्तिले प्रश्रय पाइरहेको स्थिति समेत उत्पन्न भएको देखिन्छ । यस्ता प्रवृत्ति बढ्दै जाँदा यिनले व्यवस्थाको निर्दलीय चरित्रलाई कमजोर तुल्याउने संभावना बढ्दछ र देश तथा जनताका समस्या पनि गौण हुँदै जान सक्छन् ।

शासन परिपाटीका व्यावहारिक पक्षमा आलोचना–प्रत्यालोचना हुनु स्वाभाविक छ र हुनु पनि पर्दछ । समस्याको प्रवृत्ति, स्वरूप र तह अनुरूप प्रत्येक विषयमा त्यसका गुण र दोषका आधारमा निकायगत मर्यादित छलफलका क्रममा समर्थन वा विरोध दुवै हुन सक्छ । तर निर्णयमा पुगेपछि त्यसलाई सम्बद्ध सबैले स्वीकार गरी कार्यान्वयनमा संलग्न हुनु पर्दछ । निर्दलीय प्रजातन्त्रमा मर्यादित रूपमा, असहमति वा आलोचना व्यक्त गर्ने तरीका दलीय व्यवस्थामा भन्दा भिन्न हुन्छ र आलोचना वा असहमतिलाई नै विरोध सम्झेर प्रतिशोध लिन खोज्नु वा असहिष्णु प्रवृत्ति राख्नु निर्दलीय चरित्रको विपरीत कुरा हो । एउटै पञ्चायती आदर्श र मान्यतामा विश्वास राख्ने पञ्चहरूका बीच विषयगत आलोचना प्रत्यालोचना हुन सक्छ तर स्थायी संगठित अलग–अलग समूह विभाजन कदापि हुन

सक्तैन । एउटै व्यवस्थाका कार्यकर्ताका रूपमा पञ्चहरूका बीचका आपसी सौहार्द र सहनशीलतामा कुनै प्रकारको पनि आँच आउनु हुँदैन । पञ्चहरूका बीचका कुनै पनि मतभेदलाई प्रथमतः सम्बन्धित तहमा नै निकायगत रूपमा सुल्झाउनु पर्दछ र पञ्च–पञ्चका बीचका त्यस्ता मतभेदलाई सुल्झाई व्यापक पञ्च एकता र समझदारी कायम राख्नेतर्फ राजनैतिक परिचालनसंग सम्बन्धित माथिल्ला निकाय पनि निष्पक्ष रूपमा निरन्तर सजग र क्रियाशील रहिरहनु अपेक्षित छ । व्यवस्थाका आधारभूत मान्यता र आदर्शलाई आघात पुऱ्याउने गरी पञ्चहरूका बीचका आपसी मत–मतान्तरको विषयहरूलाई जनस्तरमा लैजाने, राष्ट्रिय स्वरूप दिने र स्थायी समूहगत रूप प्रदान गरी भ्रम र अन्योलको सिर्जना गर्ने काम कसैबाट पनि हुनु हुँदैन । यस सन्दर्भमा पदमा रहेका पञ्चहरूले आफ्नो पनि विशेष उत्तरदायित्व-लाई बिर्सनु हुँदैन र उनीहरू व्यापक समझदारी र एकताको वातावरणलाई कायम गर्न विशेष संवेदनशील समेत हुनु पर्दछ । वास्तवमा सर्वोपरि र सक्रिय राजनेतृत्व अन्तर्गत एउटै सिद्धान्त सूत्रमा आबद्ध रहेका पञ्चहरू एउटै साझा राष्ट्रिय लक्ष्यका प्राप्तिका निम्ति उत्सर्गित सहयात्रीहरू हुन् र उनीहरूका बीचको कुनै पनि विभाजन –रेखा अन्ततोगत्वा कृतिम नै ठहर्छ र स्थायी हुन सक्तैन भन्ने मर्म सबैबाट हृदयङ्गम गरिनु अपेक्षित छ ।

पञ्चायत जनमुखी व्यवस्था भएको र जनताका हक हित तथा पीर मर्का र समस्या तथा आकांक्षालाई अभिव्यक्ति प्रदान गर्दै तिनको सही र रचनात्मक समाधान समेतको अगुवाई गरी जनसेवा गर्नु पञ्चहरूको परम कर्तव्य नै हो । जन–आकांक्षा र जनताका पीर मर्काहरूको प्रतिनिधित्व गर्ने क्रममा पञ्च र वर्गीय कार्यकर्ताहरूले जुन तहका समस्या हुन् त्यसै तहमा नै सुल्झाउने प्रयास प्रथमतः गर्नु पर्दछ । यस्ता कुराहरूको आवाज उठाउँदा पदमुखी विरोध वा समर्थनको भावना नलिई निर्दलीय पञ्चायती राजनीतिक चरित्र अनुरूप हुनु पर्दछ । जनताको हक–हितको संरक्षण र कल्याण गर्ने क्रममा जन भावनाको सही प्रतिनिधित्व र अगुवाई गरी जनताका चेतना, क्रियाशीलता र पञ्चायत प्रतिको आस्था र आत्मीयताको अभिवृद्धि तर्फ पञ्चहरू सतत जागरूक रहनु अपेक्षित छ ।

निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका स्थानीय निकाय र वर्गीय संगठनको संगठनात्मक विस्तार देशका कुनाकाप्चासम्म फैलिएको छ र यस व्यवस्थाका पदासीन वा खास पदमा नरहेका लाखौं कार्यकर्ताहरू छन् । यी विभिन्न निकाय र लाखौं पञ्चकार्यकर्ताहरूलाई व्यवस्थाका आदर्श र लक्ष्यप्राप्तिका निम्ति

संधैं अग्रसर र क्रियाशील रूपमा परिचालित गर्ने आवश्यकता पनि टड्कारो रूपमा छँदैछ । साथै दलविहीन प्रजातन्त्रको सार्थक विकासका निम्ति आवश्यक मानिएको संस्थागत राजनीतिमा राजनेतृत्वका छत्रछांयामा हुर्केका र खारिएका पञ्च प्रतिभाहरूलाई आजाका स्थितिमा बढीभन्दा बढी प्रोत्साहित र समाविष्ट गर्नु र नवोदित पञ्च प्रतिभाहरूलाई तिखार्दै प्रबुद्ध युवा वर्गलाई समेत पञ्चायत भित्र आत्मसात् गर्दै जानु परम आवश्यक हुन आएको छ । अविचल सैद्धान्तिक निष्ठा, खारिएको प्रतिभा र व्यापक अनुभव तथा उत्सर्ग भावनाद्वारा अनुप्राणित पञ्च प्रतिभाद्वारा सिञ्चित र अनुशासित अवस्थामा नै निर्दलीय पञ्चायतको प्रजातान्त्रिक अभ्यासलाई सुसंगठित र सुदृढ तुल्याउन सकिन्छ । यसरी नै राजनेतृत्व र आम जनताका बीच दोहोरो सञ्चार माध्यम झन बढी प्रभावकारी हुन सक्छ ।

पञ्चायत नै समष्टिगत सामूहिक भावनाको प्रतीक हो र परम्परागत रूपमा नेपाली समाजमा विकसित यही भावना वर्तमान निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको स्वाभाविक चरित्र पनि हो । लाखौं पञ्चायती कार्यकर्ताहरूका सुसंगठन र परिचालनमा राजसंस्थाको सक्रिय नेतृत्वबाट परिपोषित पञ्च–प्रतिभाहरूको समष्टिगत सामूहिक भूमिका नै आजका सन्दर्भमा प्रभावकारी र एकतावर्द्धक हुन सक्छ ।

निर्दलीय प्रजातान्त्रिक पञ्चायती राजनैतिक संस्कारले स्वभावत देश भक्ति, राजभक्ति जनसेवा–परायणता र अनुशासनका साथै सच्चरित्रता र नैतिक मूल्यको माग गर्दछ । देशको अखण्डता, सार्वभौमसत्ता, प्रजातान्त्रिक अभ्यासको निर्बाध विकास, निर्दलीयता र शोषणरहित समाजको स्थापना श्री ५ महाराजाधिराज सरकारका सक्रिय नेतृत्वमा मात्र सम्भव छ भन्ने विश्वासनै पञ्च संस्कार हो । जन आकांक्षानै राजइच्छा हो र राजइच्छा सदैव जनताको हितमा आधारित हुने हुनाले जनताप्रति उत्तरदायित्व वहन गर्नु र राजसंस्थाप्रति समर्पित हुनुनै पञ्चको वास्तविक परिभाषा हो । राजा र प्रजाको यो अन्योन्याश्रित सम्बन्ध नै राष्ट्रियताको विकास, संवर्द्धन र सुरक्षाको अनिवार्य आधार हो । पञ्च कार्य-कर्ताहरूमा उपर्युक्त राजनैतिक संस्कार र तदनुरूप आचरण अत्यावश्यक कुरा हुन् र यिनको विकासका निम्ति पञ्च कार्यकर्ताहरूका क्रियाकलाप र योगदानको समुचित मूल्यांकन गर्ने परिपाटी अपेक्षा आज सबै पञ्चहरूबाट राखिएको छ ।

पञ्च कार्यकर्ताहरूको राजनैतिक परिचालन, सुसंगठन र मूल्यांकन गर्ने संवैधानिक निकाय पञ्चायत नीति तथा जाँचबूझ समिति हो । यसले उपर्युक्त

दिशामा खेल्दै आएको भूमिकालाई अझ बढी सक्षम र प्रभावकारी रूपमा अगाडि बढाउन आजका सामयिक हांक र चुनौती अनुरूप थप प्रयासहरू गर्नु पर्ने सबै पञ्चहरूको मांग छ ।

पञ्चायत जनमुखी व्यवस्था भएकाले पञ्चायत राजनीतिमा पञ्च कार्यकर्ताहरुको महत्वपूर्ण स्थान रहेको हुन्छ । पञ्च कार्यकर्ताहरूका निर्दलीय राजनैतिक क्रियाकलापका क्रममा प्रशासन पक्ष–विपक्षका रूपमा संलग्न हुनु हुँदैन र निष्पक्ष रूपले ऐन कानूनको पालन गर्ने र गराउनेमा नै अटल रहनु पर्दछ ।

विगत पञ्चभेलाहरूबाट निर्दिष्ट राजनैतिक, आर्थिक र सामाजिक कार्यक्रमको कार्यान्वयनमा मन्त्रिपरिषद् र पञ्चायत नीति तथा जाँचबूझ समिति आ–आपनो कर्तव्य निर्वाहतर्फ अझ बढी संवेदनशील हुनु पर्ने अनुभव गरिएको छ । मूलतः पञ्चभेलाका निर्णयहरूको सम्पादनको निम्ति स्वयं अभिप्रेरित रहनु पर्ने पञ्चायत नीति तथा जाँचबूझ समिति र मन्त्रिपरिषद्का बीच हुनु पर्ने अति आवश्यक सामञ्जस्य बारे समयमै ध्यान पुऱ्याउनु पर्ने तथ्य आज हाम्रो समक्ष उपस्थित छ । तसर्थ पञ्चहरूको व्यापक प्रतिनिधित्व रहने पञ्चभेलाहरूले पारित गरेका नीति निर्णयहरूको कार्यान्वयन गर्ने र मार्गदर्शनको अनुसरण गर्ने मुख्य जिम्मेवारी यी दुवै निकायमा सन्निहित रहेको वास्तविकताप्रति यो पञ्चभेला पुनः जोड दिन चाहन्छ ।

राष्ट्रिय पञ्चायत हाम्रो राष्ट्रिय विधायिका हो र यो जनप्रतिनिधिहरूले राष्ट्रियस्तरमा राष्ट्रहित र जनहितका खातिर आपनो गहन जिम्मेवारी पूरा गर्ने निकाय हो । यसका गतिविधि र क्रियाकलापहरूतर्फ जनताको व्यापक चासो रहनु र अन्तर्राष्ट्रिय ध्यान समेत आकर्षित हुनु स्वाभाविक हो । यसको असर निर्दलीय पञ्चायत राजनीति र यसका देशभरका लाखौं कार्यकर्ताहरूमा पनि पर्दछ । त्यसैले यस सदनको मर्यादा र प्रतिष्ठामा दिनानुदिन अभिवृद्धि होस् र यसबाट पञ्चायत राजनीतिलाई रचनात्मक दिशामा अझ अभिप्रेरित गर्ने र मुलुकको प्रजातान्त्रिक राजनैतिक संचेतना र स्थायित्वलाई थप बल प्राप्त हुने योगदान समेत पुगोस् भन्ने सबै पञ्चहरूको चाहना छ ।

राजनीति र अर्थनीति अन्तरसम्बन्धित छन् । एक अर्कामाथि यी दुवैबाट पर्ने प्रभावले पञ्चायती रानीतिमा दूरगामी असर पार्दछ । देशको सर्वाङ्गीण विकासका क्रममा आधारभूत उपलब्धिहरू प्राप्त हुनाका साथै कतिपय विसङ्गती

र विकृति पनि देखा पर्दै आएका छन् । हाम्रो सामाजिक ढांचामा गम्भीर रूपमा जरा गाड्दै आएका यस्ता विसङ्गति र विकृतिको असर देशका आर्थिक पक्ष लगायत विकासका अरू पक्षहरूमा पनि पर्दै आएको हो । मुलुकको द्रुततर र प्रभावकारी विकास प्रक्रियाको तीव्र गतिमा एक व्यवधानका रूपमा रहँदै आएको आर्थिक भ्रष्टाचार र विकृतिको नियन्त्रण र निराकरणका लागि अझ सशक्त माध्यमद्वारा उपचार गरिनु पर्ने कुरामा यो पञ्चभेला जोडदार माग गर्दछ । मूल्यमा आउँदै गरेको विचलनको फलस्वरूप देखा पर्दै आएका यस्ता विकृति र विचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्न नसकेसम्म देशको अर्थतन्त्र सन्तोषप्रद स्थितिमा पुग्न सकिने देखिदैन, तसर्थ भ्रष्टाचार प्रवृत्तिको व्यापक छानबीन गरी तदारूकताका साथ उचित दण्ड र पुरस्कार दिने प्रभावकारी नीतिका आधारमा त्यसमाथि कार्य-वाही गर्नुपर्ने आवश्यकतालाई यस पञ्चभेलाले सामयिक निदानतिरको उपयुक्त दिशा सम्झेको छ ।

देशको अर्थतत्रलाई गति प्रदान गर्न स्वतन्त्र प्रतिस्पर्धाको दृष्टिकोणलाई अगाडि बढाइएको छ तर सामाजिक न्यायपूर्ण वितरण प्रणालीको भने कमी देखिन्छ । साथै साझा अर्थतन्त्रले पाउनु पर्ने जोड र यस अनुरूपको ठोस कार्यक्रमको कमीले गर्दा शोषणरहित समाजको निर्माणको लक्ष्यका प्राप्तिमा आवश्यक गतिशीलता आउन सकेको छैन ।

मुलुकमा संविधानको आदर्श अनुरूप साझा एवं सरकारी क्षेत्रलाई तथा निजी क्षेत्रलाई समन्वयात्मक तरीकाबाट कसरी लैजाने भन्ने चिन्तनको आवश्यकता छ । सम्पन्न र विपन्नका बीचको खाडललाई कसरी सानो पार्दै जाने र विकासका सम्पूर्ण फलहरू आमजनतासम्म कसरी पुऱ्याउने भन्ने कुराले नै प्राथमिकता पाउनु परेको छ, जसबाट व्यवस्थाप्रतिको जनआस्थालाई सुदृढ पार्न सकियोस् । श्रमलाई पूँजीको रूपमा कसरी विकसित गर्दै लैजाने, सामाजिक न्यायको आधारमा वितरण प्रणालीलाई वैज्ञानिक ढंगले कसरी परिचालित गर्ने र कसरी एउटा वर्गले अर्को वर्गमाथि आर्थिक शोषण गर्न नपाउने रचनात्मक अवस्थाको सृजना गर्ने अनि कसरी साझा अर्थ व्यवस्थालाई व्यापक रूपमा लोकप्रिय बनाउँदै लैजाने भन्ने कुरामा जिम्मेदार निकाय अझ बढी संवेदनशील हुनु पर्दछ ।

देशले प्राप्त गर्न सकेका राष्ट्रिय क्षेत्रका आधारभूत उपलब्धिहरू सर्व-साधारण जनताको बीचमा पुग्न सकुन् भन्ने उद्देश्यबाट हाल देशमा लागू गरिएको विकेन्द्रीकरण योजनाबाट स्थानीय स्रोत र साधनलाई समेत स्वतन्त्रता र जिम्मे-

वारीपूर्वक परिचालन गर्न उपयुक्त वातावरणको सृजना हुन सक्नेछ र यसको सही कार्यान्वयनले व्यवस्थाको उद्देश्य पूर्तिमा सहायता पुऱ्याउने विश्वास लिन सकिन्छ ।

पञ्चायत व्यवस्थाले यसको प्रवर्तन कालदेखि नै वैदेशिक भूमिमा बसी संञ्चालित हिंसात्मक तथा विध्वंशकारी आक्रमण र देशभित्रै पनि आयातित वैचारिक घात प्रतिघातको सामना सफलतापूर्वक गर्दै तिनलाई पराजित गर्दै आएको हो । नेपाली जनताबाट समेत यस्ता आक्रामक अराष्ट्रिय कार्यहरू अति निन्दित र त्याज्य ठहऱ्याइएका पनि हुन् । विभिन्न समयमा गरिएका पञ्चायत विरोधी कार्यहरूको व्यापक विफलतापछि आफ्नो चालबाजीमा परिवर्तन गरी यस्ता तत्वहरू देशभित्र सक्रिय हुन नखोजेका पनि होइनन् । ऐतिहासिक राष्ट्रिय जनमत संग्रहमा बहुदलीय राजनीतिको जनताद्वारा अस्वीकृत भएपछि यिनीहरू मध्ये कतिपयले जननिर्णयलाई शिरोपर गरी पञ्चायतको मूल प्रवाहमा प्रवेश गरे भने कतिपय प्रजातान्त्रिक र जनतान्त्रिक हौं भन्नेहरू चाहिं जनमतको ऐतिहासिक निर्णयलाई अनादर गर्दै आफ्ना राजनैतिक कमजोरीहरूलाई ढाकछोप गर्न अझै नयाँ दाउपेचमा संलग्न रहेका पनि छन् । निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले प्रदान गरेको मौलिक हकको दुरूपयोग गर्दै यिनीहरू तथाकथित सत्याग्रह र जन आन्दोलन जस्ता अवाञ्छित तथा जनमत विरोधी गतिविधिमा नलागेका पनि होइनन् । यस्ता गतिविधिहरू खास जनसमर्थनको अभाव र पञ्च कार्यकर्ताहरूका विरोध र प्रतिरोधका फलस्वरूप असफल हुनु थियो र भए पनि । आज यी पञ्चायत इतर तत्वहरू आपसी गुट, फुट, अन्यौल र आफ्नै भ्रम जालभित्र अलमलिइरहेका छन् । यिनीहरूमध्ये केही चाहिं राष्ट्रिय पञ्चायतको आगामी महानिर्वाचनलाई आफ्नो मञ्चका रूपमा प्रयोग गर्ने दाउमा पनिछन् । तर अझै निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका राष्ट्रिय मूल प्रवाहबाट अलग आफ्नो अस्तित्व राख्न चाहने कुनै पनि दुष्प्रयास संधै झैं विफल हुने कुरामा हामी पञ्चहरू पूर्ण विश्वस्त छौं ।

पञ्चायत व्यवस्थाका व्यापक र विस्तारित निर्दलीय प्रजातान्त्रिक अभ्यास क्रमको उत्तरोत्तर सफलताबाट त्रस्त भई विदेशी भूमिमा बसी अराष्ट्रिय र कुत्सित मनोवृत्तिबाट अभिप्रेरित केही व्यक्तिहरूद्वारा गरिएको घृणित एवं निन्दनीय बम काण्ड जस्तो आतंककारी कुकृत्यको अनुभव हालै देशले गर्नु परेको छ । कतिपय अन्तर्राष्ट्रिय आतंककारीहरूको देखा सिकीमा गरिएको यस्तो दुस्साहसिक तथा जघन्य अपराधको विरोध तमाम पञ्च र बुद्धिजीवीहरूका साथै समस्त नेपाली

जनताको ऐक्यबद्धताबाट भएकोमा यो पञ्च भेला सन्तोष व्यक्त गर्दछ र श्री ५ को सरकारसंग यस्ता तत्वको उन्मूलन दृढतापूर्वक गर्न श्राह्वान गर्दछ । यस बम काण्डमा परलोक भएका पञ्चहरू र अन्य व्यक्तिहरूप्रति यो पञ्च भेला समवेदना पनि प्रकट गर्दछ । निर्दलीय पञ्चायती व्यवस्थामा आंच आउने र राष्ट्र विरोधी कुनै पनि घृणित कार्यको सामना गर्न सम्पूर्ण पञ्च र जनता सदा झैं ऐक्यबद्ध र दृढ रहेको तथ्य पनि यो भेला व्यक्त गर्दछ ।

निर्दलीय पञ्चायत व्यवस्थामा प्रजातन्त्रका चरित्रहरू समाविष्ट भएका छन् र उच्चकोटिको राजनैतिक अभ्यासद्वारा निर्दलीयताभित्रका प्रजातान्त्रिक लक्षणहरू आज झन् तिखारिंदै आएका छन् । विगत वर्षहरूका प्रजातान्त्रिक अभ्यास क्रमबाट प्रत्यक्ष बालिग मताधिकारको आयाम थपिएको निर्दलीय पञ्चायत व्यवस्था व्यावहारिक समेत छ भन्ने कुराको पुष्टि भएको छ । निर्दलीय व्यापक प्रजातान्त्रिक अभ्यासको यस क्रमलाई हामीले अझै विकसित गर्दै जानुछ । राजसंस्था को सक्रिय र गतिशील नेतृत्वमा परिचालित निर्दलीय पञ्चायत व्यवस्था स्वभावतः गतिशील भएकोले सामयिक सुधार हुंदै जानु यसको विकासको प्रक्रिया नै हो र यस व्यवस्थामा समयका हांक र चुनौतीका सन्दर्भमा आफ्ना मूलभूत सिद्धान्त र आदर्शमा अडिग रही सो अनुरूप गतिशील हुंदै जाने स्वाभाविक गुण अन्तर्निहित रहंदै आएको छ ।

निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको विगत पच्चीस वर्षका ठोस राजनैतिक, आर्थिक र सामाजिक उपलब्धिहरूले हामी पञ्च कार्यकर्ताहरूलाई प्रदान गरेको आत्मविश्वास र दृढताबाट वर्तमानमा देखा परेका कतिपय चुनौती र समस्यासंग जुद्धैं हामी पञ्चहरूले व्यवस्थाद्वारा परिलक्षित उद्देश्य प्राप्तिका निम्ति अझ कटिबद्ध भई अग्रसर हुनु परेको छ । अवश्य नै आज नेपाल जस्तो विकासोन्मुख मुलुकको परिवर्तनशील समाजमा विकास एवं सामाजिक र आर्थिक रूपान्तरणका क्रममा देखा परेका कतिपय गतिरोध र विरोधाभाष एवं विसङ्गति र विषमता तथा नैतिक मूल्यको ह्रास र अवरोहणका आंशिक प्रवृत्तिमाथि समेत क्रमिक विजय गर्दै ठोस धरातलमा उभिएर देशको वास्तविक स्थितिको सही मूल्याङ्कन गरी सम्पूर्ण राष्ट्रिय शक्ति र स्रोत साधनको परिचालन गर्नको निमित्त दृढ अठोट र सही निर्णय गर्दै हामी पञ्चहरूले थप जिम्मेवारी समेत वहन गर्नु परेको छ । हामी पञ्चहरूको कांधमा आइपरेको यस्तो गम्भीर जिम्मेवारीलाई बढी इमान्दारीका साथै सुझबुझ र विवेकसाथ वहन गर्ने दृढ संकल्प हामीहरू

गरौं । जनतामा आशाका नयाँ किरणहरू र विश्वासका नयाँ भरोसाहरू स्फुर्त रूपमा जागृत गराई आम नेपालीलाई समुन्नत र समुज्ज्वल भविष्यतर्फ उन्मुख गराउन हामी पञ्चहरूमा नयाँ आँट, जाँगर लगनशीलता, इमान्दारी र व्यवस्था प्रतिको दृढ आस्थालाई तीव्रतर पार्न यो भेला प्रेरक बन्न सकोस् । साथै पञ्च भेलाद्वारा पारित विभिन्न प्रस्तावहरूको कार्यान्वयन र भेलाहरूद्वारा व्यक्त अवधारणा अनुरूप कार्य सम्पादन गर्न गराउन सम्बन्धित जिम्मेवार निकाय सदा क्रियाशील रहनु पर्छ भन्ने कुरा हामी फेरि दोहोऱ्याउन चाहन्छौं ।

## उपर्युक्त प्रस्ताव कार्यान्वित गर्नका लागि केही सुझाव

निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका प्रजातान्त्रिक आयाम-लाई अझ सुदृढ पार्दै राष्ट्र र समाजको कल्याणका निम्ति विगत अनुभवका आधारमा आजका समस्या र हाँकहरूको समाधान गर्न मन्त्रिपरिषद् र पञ्चायत नीति तथा जाँचबूझ समितिले आफूसंग सम्बद्ध विषयमा अझ बढी क्रियाशील हुनुपर्दछ र आपसमा समन्वय र सामञ्जस्य कायम गर्नुपर्दछ । आगामी कार्य दिशा सम्बन्धी मुख्य बुंदाहरू यस प्रकार छन् ।

१. पञ्चायत नीति तथा जाँचबूझ समितिको राजनैतिक परिचालन र सुसंगठन सम्बन्धी भूमिका सम्वैधानिक रूपमा नै निर्दिष्ट छ । यो समिति राजनैतिक परिचालन र सुसंगठनका निम्ति अझ बढी प्रभावकारी दृढ र सक्षम हुनुका साथै यस समितिमा निर्दलीय राजनीतिको अभ्यास गर्ने क्रममा विभाजनकारी र गुटवन्दी जस्ता प्रवृत्ति देखिएमा समयमा नै समस्याको निराकरण गर्नका लागि निगरानी राखी समझदारी कायम गर्ने वा निर्देशन दिने दृढता अपेक्षित छ ।

२. राज्यसत्ताको प्राथमिक कर्तव्य समाजमा नियम कानूनको पालन गराउनु र शान्ति सुरक्षा कायम गर्नु भएकोले यी कुरामा सम्बद्ध निकाय अझ क्रियाशील हुनुपर्दछ ।

३. महानिर्वाचनमा जाँदा पञ्चकार्यकर्ताहरूले सिद्धान्त निष्ठा जनसेवा, सामर्थ्य, चरित्र र अनुभवलाई समेत ध्यानमा राखी जनताका माझ जाने अभ्यास गर्नुपर्दछ ।

४. भ्रष्टाचार र विकृतिहरूलाई हतोत्साहित पार्न यिनका विरूद्ध आ-आफ्नो निकाय र तहबाट निर्दलीय चरित्र अनुरूप पञ्च कार्यकर्ताहरूले

आफू उदाहरण बन्दै अभियानलै चलाउनु पर्छ । साथै पदमा रहेका पञ्चले जिम्मेवार तहका पदाधिकारीहरूलाई दृढता पूर्वक कर्तब्यको पालना गराउनु पर्दछ र आफूले पनि गर्नुपर्दछ । अनियमितता गर्नेलाई दण्ड र राम्रो काम गर्नेलाई पुरस्कार दिने सशक्त प्रभावकारी व्यवस्था यथाशीघ्र हुनुपर्दछ ।

५. पदमा नरहेका पञ्च कार्यकर्ता र बुद्धिजीवीहरूको सहभागिता र क्रियाशीलता निरन्तर कायम राख्न प्रत्येक तहमा कार्यक्रम हुनुपर्दछ । विभिन्न किसिमको कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दा यिनीहरूलाई समावेश गर्नुपर्दछ । पञ्चायत नीति तथा जाँचबूझ समितिको मार्ग–दर्शनमा जिल्ला, अञ्चल र केन्द्रका स्तरमा पञ्च तथा बुद्धिजीवीहरूको परस्पर सम्पर्क र क्रियाकलापको व्यवस्था मिलाउनु पर्दछ । साथै युवा बुद्धिजीवीहरूलाई आकर्षित गर्ने र तिनमा पञ्चायत प्रति संलग्नता बढाउने विशेष व्यवस्था हुनुपर्दछ ।

६. पञ्चायत नीति तथा जाँचबूझ समितिले पञ्चायतका स्थानीय तहका एकाइहरूको र वर्गीय संगठनहरूको गतिविधिको अध्ययन गरी तिनलाई अझ सक्रिय पार्नुपर्दछ ।

७. पञ्चायत नीति तथा जाँचबूझ समितिले पदासीन र पदमा नरहेका समस्त पञ्च कार्यकर्ताको सूची तयार पार्नुपर्दछ र सिद्धान्त निष्ठा अनुभव, योगदान र वरिष्ठता तथा प्रतिभा जस्ता विशेषतालाई ध्यानमा राखी यथोचित परिचालन गर्ने र प्रोत्साहन दिने व्यवस्था गर्नुपर्दछ ।

८. पञ्चायत नीति तथा जाँचबूझ समितिले पञ्चहरूमा पञ्चायती राजनैतिक संस्कार, चरित्र र अनुशासनको अझ वृद्धि गर्न पञ्च कार्यकर्ताहरूको आचार विधि लागू गर्नुपर्दछ र हाल निर्मित आचार विधिलाई अझ परिमार्जित गर्दै लैजानु पनि पर्दछ ।

९. पञ्चायत नीति तथा जाँचबूझ समिति अन्तर्गत गरिएको पञ्चायत पाठ्यक्रम सम्बन्धी अध्ययन प्रतिवेदन लागू हुनुपर्दछ ।

१०. पञ्चायत नीति तथा जाँचबूझ समितिको निर्देशनमा पञ्चायती प्राज्ञीक केन्द्रको स्थापना हुनुपर्दछ । यस केन्द्रले निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका आधारभूत सिद्धान्त, माध्यम र प्रक्रिया र यसका व्याव-

हारिक विशेषताहरूको मौलिकता र महत्वका बारेमा अनुसन्धान गराँउने र गोष्ठी र प्रवचनको आयोजना गर्नाका साथै पञ्चायतका इतिहास र व्याख्या–ग्रन्थ तथा पाठ्य पुस्तकहरू तयार गर्नुपर्दछ । यसमा योग्य, विद्वान् र अनुभवी राजनीतिज्ञहरूको संलग्नता बढाउनु पर्दछ र साथै पञ्चायतसंग सान्दर्भिक पुस्तकालय र डकुमेन्टेसन केन्द्रको समेत व्यवस्था मिलाउनु पर्दछ ।

११. नयाँ सन्दर्भ र युगीन आवश्यकतालाई हेरेर शोषणरहित समाजको व्याख्या र विश्लेषण गर्न विशेषज्ञ, विद्वान् र अनुभवी राजनैतिक व्यक्तिहरू सामावेश गरी अध्ययन समिति बनाउनु पर्दछ ।

१२. संविधान प्रदत्त मौलिक अधिकारको निर्वाध उपभोग गरी निर्दलीय प्रजातन्त्रका मूल्य र चरित्र अनुरूप राजनैतिक र आर्थिक प्रकृयालाई सही दिशामा लैजान पञ्चायतका निकायका र यसका संगठनका कार्यकर्ताहरूलाई सृजनात्मक समालोचना गर्न प्रोत्साहित गरी निर्दलीय आन्तरिक प्रजातन्त्रको अभ्यास बढाउनु पर्छ र सोही अनुरूप समालोचना गर्ने वातावरण पत्रकारिता जगतमा कायम राख्न समेत सम्बद्ध निकाय प्रयत्नशील हुनुपर्दछ ।

१३. वहुजातीय, वहुभाषित तथा विभिन्न सामाजिक–सांस्कृतिक र आर्थिक स्थितिका हामी नेपालीहरूका बीचको भ्रातृत्वपूर्ण सुमधुर सम्बन्धलाई दृढतर बनाउँदै लैजान सधैं सचेष्ट र क्रियाशील हुनुपर्दछ । ज्यादै पिछडिएका नेपालीहरूको उत्थानका निम्ति विशेष कार्यक्रम बनाई लागू गर्नुपर्दछ । राष्ट्रिय एकतामा आँच आउने कुनै पनि प्रकारका संकीर्ण र संकुचित प्रवृत्तिलाई सबै प्रकारबाट निरूत्साहित पार्नु पर्दछ ।

१४. विभिन्न तहका पञ्च र वर्गीय संगठनका कार्यकर्तालाई व्यवस्थाका सिद्धान्त, प्रक्रिया र आदर्श बारे प्रशिक्षण दिन निरन्तर रूपमा शिविर संचालन गर्नुपर्दछ । उपयुक्त प्रशिक्षण सामग्रीको उत्पादनका साथै सक्षम प्रशिक्षक तयार पार्ने सन्दर्भमा वरिष्ठ प्रशिक्षकहरूको व्यवस्था समेत मिलाउनु पर्दछ । यस क्रममा नवागन्तुक पञ्चहरूलाई पञ्चायती अभिमुखीकरण प्रदान गर्न विशेष ध्यान दिनुपर्दछ ।

१५. जन संचारका माध्यमलाई सुदृढ तुल्याई नेपाली सभ्यता र संरक्षण र सम्बर्द्धन गर्दै विकासका सन्देशहरू देशका कुनाकाप्चासम्म पुर्‍याउन टेलिभिजन सेवाको स्थापना र विस्तारका साथै प्रत्येक पञ्चायतमा सार्वजनिक रेडियो केन्द्रको र पञ्च पुस्ताकालयको स्थापना गर्नुपर्दछ । साथै पत्र–पत्रिका लगायत ग्राम संचारका साधनहरूका स्तर वृद्धिमा श्री ५ को सरकारले अग्र क्रियाशील हुनुपर्दछ ।

१६. साहित्यकार, कलाकार, बुद्धिजीवीहरूको साहित्यिक, कलात्मक र बौद्धिक योगदान राष्ट्रका निम्ति विशेष महत्व राख्तछ । यिनीहरूको सृजनात्मक प्रतिभा र विद्वत्ताको कदर गरी व्यवस्थामा संलग्नता र आकर्षण बढाउन विशेष ध्यान दिनुपर्दछ ।

१७. श्री ५ को सरकारले आफ्नो कार्य सम्पादन गर्दा हर्दम जनताका आवश्यकता, आकांक्षा र विश्वासलाई ध्यानमा राखेर गर्नुपर्दछ । व्यवस्थाका मान्यता अनुसार राजनैतिक, आर्थिक वा सामाजिक कार्यक्रम बनाउँदा पञ्च भेलाहरूद्वारा निर्णित र निर्दिष्ट मार्गको अनुसरण गरी पञ्च एकता र पञ्चायतको आदर्शलाई बलियो बनाउने तर्फ अग्रसर हुनुपर्दछ

१८. निर्दलीय प्रजातान्त्रिक पञ्चायतका सिद्धान्त र चरित्रमा आँच आउने कुरा वा जनतामा भ्रम वा अन्यौल उत्पन्न गर्ने अवाञ्छित प्रचारको पञ्चहरूले दृढताका साथ खण्डन गर्नुपर्दछ र सम्बद्ध निकायले पनि निराकरणका उपायहरू अवलम्बन गर्नुपर्दछ ।

१९. पञ्चहरूका बीच व्यापक समझदारी र एकता कायम राख्न अपेक्षित राजनैतिक परिचालनका निम्ति आवश्यक प्रक्रिया र पद्धति तयार गरी त्यसतर्फ निरन्तर जागरूक र सक्रिय हुनुपर्दछ ।

२०. प्रत्येक तहमा नियमित रूपमा सामान्यतः दुई दुई वर्षमा पञ्च भेलाको आयोजना गर्ने परिपाटी बसालिनु पर्दछ र पञ्चायतका विभिन्न विषय र पक्षका बारेमा पनि गोष्ठीहरूको नियमित आयोजना गरिनु पर्दछ ।

कृषिक्षेत्र देशको आर्थिक विकासमा अग्रगामी क्षेत्रको रूप हुनुपर्नेमा हालसम्म पछौटे क्षेत्रको रूपमा नै रहेको छ । कृषिक्षेत्रको प्रतिव्यक्ति तथा प्रतिएकाई जमीनको उत्पादन र उत्पादकत्व स्थायीरूपबाट बढाउन एकातिर मौसमको प्रतिकूल प्रभावलाई सकभर कम गर्दै जान भरपर्दो सिंचाई सुविधा व्यापक रूपमा विस्तार गर्नु जरूरी छ भने, अर्कोतिर पसीना र परिश्रमबाट खेती गर्ने लाखौं लाख किसानको उत्पादन बढाउने भावना र क्षमतामा स्थायीरूपले वृद्धि गर्न भूमिसुधार जस्तो व्यवस्था अनुकूलको संस्थागत कार्यक्रम उपर पुर्नविचार गरी व्यवहारिकता र आवश्यकताको ख्यालगरी इमान्दारी तथा दृढताका साथ कार्यान्वयन नभएमा कृषिक्षेत्र पंगु नै रहनेछ ।

संस्थागत स्रोतहरू जस्तैः– कृषि विकास बैंक, वाणिज्य बैंक, सघन बैंक व्यवस्था र प्रस्तावित ग्रामीण बैंकबाट कृषिक्षेत्रमा ऋणको प्रवाह बढाउने प्रयास हुँदा हुँदै पनि यस्ता प्रयासबाट कृषकलाई आवश्यक मात्रामा ऋण उपलब्ध गराउन सकिएको छैन । यस्तै ऋण उपलब्ध गराउँदा पनि उद्देश्य अनुरूप वस्तुगत आधारमा भन्दा वैयक्तिक आधारमा उपलब्ध हुन जाँदा स्याना र गरीब किसानहरू संस्थागत स्रोतबाट त्यति लाभान्वित हुन सकेका छैनन् ।

राष्ट्रिय अर्थतन्त्रमा उद्योगको उत्पादनको स्थान त्यति बद्न सकेको छैन । उद्योगको क्षेत्रमा विभिन्न प्रकारका समस्याहरू देखा परिरहेका छन् जसले गर्दा उद्योगको आशा अनुकूल रूपले प्रगति हुन सकेको छैन । घरेलु र स्याना उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ को आपूर्ति र संगठित बजारको व्यस्थाको अझै कमी छ । निर्यात मूलक स्याना उद्योगहरू ठूला निर्यातकर्ताहरूमा अझै आधारित छन् ।

ठूला उद्योगहरू अझैपनि संरक्षणमा आधारित छन् । सरकारी क्षेत्रमा स्थापना भएका उद्योगहरूमा बढी रोजगारी सृजना गर्दा संचालन खर्च नै बढी लागिरहेको छ । केही उद्योगहरूको पूर्ण क्षमतालाई उपभोग गर्न बाँकी नै छ । उद्योगधन्दामा पनि छिटो फाइदा हुने प्रकारका उद्योगहरू जस्तैः– रेडिमेड कपडा बनाउने उद्योगहरू छिटो छिटो स्थापना भइरहेका छन् ।

निजी क्षेत्रमा स्थापना गरिएका उद्योगहरू विशेष गरी प्राइभेट कम्पनीको रूपमा मात्र स्थापना हुँदा व्यक्ति वा परिवारको व्यवसायको रूपमा मात्र संचालित छन् । औद्योगिक नीतिले पब्लिक कम्पनीको रूपमा उद्योगहरूलाई विकास गर्ने आभास दिए तापनि सब प्रकारले उद्योगहरू संगठित हुन सकेका छैनन् जसले

MARTIN CHAUTARI LIBRARY KTM, NEPAL
6802

गर्दा उद्योगहरूमा अधिकांश व्यक्ति संलग्न हुनुभन्दा भइरहेका व्यापारी वा उद्योग-पतिहरूको मात्र भूमिका बढ्न जानाले त्यस्ता व्यक्ति वा अन्य जनताहरू उद्योगमा सहभागी बन्न नपाउँदा उद्योगको व्यवसाय केही व्यक्तिहरूको हातमा मात्र केन्द्रित हुनपुगेको देखिन्छ ।

आयात निर्यात व्यापार सरकारी कामको लागि आपूर्ति गर्ने वा विकास निर्माण कार्यमा ठेक्काको काम लिने अधिकांश निजी क्षेत्रमा रहेका व्यवसायी-हरूको उद्देश्य रहेबाट पनि उद्योगमा लगानी प्रवाह हुन नसकिरहेकोले उद्योगमा लगानी गर्न उत्प्रेरित गर्नुपर्ने देखिन्छ ।

वैदेशिक व्यापारबाट केही उपलब्धि प्राप्त गरे तापनि वैदेशिक व्यापार-को मात्रा बढ्न जाँदा व्यापारको क्षेत्रमा राष्ट्रिय लगानी गर्ने परिपाटीको विकास हुन गएको छ । समुन्द्रपारको व्यापारको विकास हुन जाँदा उद्योगबाट भन्दा यस-बाट प्राप्त हुने नाफा धेरै हुने र धेरै समयसम्म पूंजी लगाउनु नपर्ने हुँदा मानिस-हरूको ध्यान उद्योगमा भन्दा आयात व्यापारमा केन्द्रित हुन गएकोछ । यस प्रक्रिया-ले गर्दा हाम्रो वैदेशिक मुद्राको संचितिमा ठूलो दवाव परेको छ भने नेपालीको उपभोगको ढाँचामा विलासिताका वस्तुहरू पर्न थालेका छन् । यसले गर्दा एकातिर देखासिखी गर्ने बानी बढ्न गएको छ भने अर्कोतर्फ उत्पादनमूलक क्षेत्रमा लगानी पर्याप्त हुन सकेको छैन ।

बजेटमा घाटा र सरकारी खर्चमा ज्यादै वृद्धि हुँदा आयात बढ्न गई वैदेशिक भुक्तानीमा निकै दवाव पर्न गई शोधनान्तर स्थिति बिग्रँदै गएको देखिन्छ ।

देशमा द्रुततर गतिले आर्थिक विकास गर्न साधनको उपभोगको ठूलो भूमिका हुने कुरो निर्विवाद छ । नेपालको अपार जलसंपदा एक मुख्य साधन रहेको छ । पानीको उपयोग केही हदसम्म बिजुली उत्पादन गर्ने र सिंचाई गर्ने काममा गरिएको छ । तर विगतका प्रयासहरूलाई हेर्दा पानीको प्रयोग अझै पर्याप्त रूपमा हुन सकेको छैन ।

नेपालको अर्को प्रमुख प्राकृतिक साधनको रूपमा रहेको जंगलबाट विगत २५ वर्षको अवधिमा यसमा आधारित उद्योगहरू जस्तै:– काठ चिरानी गर्ने, खयर निकाल्ने जस्ता उद्योगहरू स्थापना हुन गएका छन् भने यस्तै रूख लगाउने कार्य पनि संचालित भएका छन् । तर जंगलको नियन्त्रण राम्ररी नहुँदा जंगलको क्षेत्रफल निकै मात्रामा घट्न गएको छ । पहाडबाट धेरै मात्रामा बसाई सर्ने प्रवृत्ति र जंगलबाट बढी आम्दानी गर्ने प्रवृत्तिले गर्दा आर्थिक महत्वका जंगल धेरै नोक्सान

हुन पुगेका छन् जसले गर्दा नेपालको वातावरणमा ज्यादै प्रतिकूल प्रभाव पर्न थालेको छ । नेपाली डाँडाहरू नांगो भई वातावरणमा असन्तुलन हुने संभावना छ । जसलेगर्दा पैह्रो जाने, पानीको स्रोत सुक्ने, नदीको सतह माथि उठ्ने जस्ता प्राकृतिक प्रकोप पर्न थालिसकेका छन् र भविष्यमा जंगलको राम्रो नियन्त्रण भएन र वन लगाउने काम बढ्न गएन भने नेपाली वातावरण निकै नै भयावह हुने टड्कारो स्थिति छ ।

आज देशमा एकातिर जनसंख्या वृद्धिको अनुपातमा बढ्दो श्रमशक्तिलाई पर्याप्त रूपमा उत्पादनमूलक रोजगार दिलाउने समस्या छ भने, अर्कातिर बढ्दो लगानी र विकास कार्यहरूबाट सृजना हुन आएका रोजगारहरूका अवसरहरू पनि हाल मौजूदा अर्धबेरोजगार श्रम तथा वर्षेनी थपिंदै आएको श्रमलाई पूर्ण रूपले सुरक्षित राख्नु पर्ने बाध्यता छ ।

वैदेशिक सहायतामा नेपाली अर्थतन्त्र धेरै बढी भर पर्न थालेको छ । यसरी वैदेशिक सहायतामा मात्र भरपर्दा आन्तरिक साधन परिचालन गर्ने काममा प्रभावकारिता आउन सकेको छैन भने वैदेशिक सहायताको माध्यमबाट आधार-शीलाहरूको विकासमा खर्च गरिंदा यसबाट बढी खर्च गर्ने प्रवृत्ति बढ्न गएको छ । वैदेशिक सहायतामा अर्थतन्त्रलाई बढी आधारित गर्दा वैदेशिक सहायता प्रवाहमा कम हुन गएमा हाम्रो आर्थिक विकासमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ । यस्तै आज वैदेशिक सहायता दिने राष्ट्रहरू र संस्थाहरूले धेरैजसो ऋणको रूपमा सहायता दिन थालेका छन् । ऋणको रूपमा आउने वैदेशिक सहायताको मात्रा बढ्न जाँदा व्याज र सावाँ तिर्ने कुरो पनि त्यत्तिकै समस्याको रूपमा आउने देखिए-को छ । साथै वैदेशिक सहायता र आर्थिक सम्बन्धबारे पनि पुनरावलोकन गरी अब उप्रान्त बढी मात्रामा देशको निर्यात क्षमता तथा आधुनिक औद्योगिक व्यवसाय नेतृत्व क्षमता (इन्टर प्रेनियोरल शीप) बढाउने हिसावले परिचालन गर्नुपर्ने देखिन्छ ।

### ३. केन्द्रीय पंचभेला, २०३८ बाट पारित आर्थिक प्रस्तावको कार्यान्वयन सम्बन्धमा

२०३८ सालमा सम्पन्न भएको केन्द्रीय पंचभेलाबाट विभिन्न आर्थिक क्षेत्रको विकासमा देखापरेका समस्याहरूको विश्लेषण गरी भविष्यको बाटाको रूपमा ती समस्याहरूको निराकरणका विषयहरू पनि औंल्याइएको थियो । यसरी केन्द्रीय पंचभेलाबाट पारित प्रस्ताव के कति मात्रामा कार्यान्वित हुन सकेको छ सो

को लेखाजोखा जरूरी सम्झी उक्त प्रस्तावमा उल्लेख भए अनुसारको क्रममा खास खास विषयमा प्रस्तुत सुझावहरूको कार्यान्वयन स्थितिबारे उपलब्ध हुन आएको तथ्यांकको आधारमा सकेत मूल्यांकन गरिएको छ ।

(क) कृषि विकास अभियान संचालन गर्ने :–

कृषि उत्पादकत्व बढाउन सिंचाई सुविधालाई व्यापक र विस्तार गर्दै लानु पर्ने सुझावको हकमा २०३८–३९ सालदेखि २०४१–४२ को तीन वर्ष ९ महीनाको अवधिमा ४८,८७८ हेक्टर जमीनमा थप सिंचाई सुविधा पुऱ्याइएको छ । छैठौं योजना अन्तर्गत २३३४८२ हेक्टर जमीनमा थप सिंचाई सुविधा पुऱ्याउने लक्ष्य निर्धारित गरिएकोमा ९२,९८० हेक्टर अर्थात्, निर्धारित लक्ष्यको करीब ४० प्रतिशत पूरा भएको देखिन्छ ।

त्यस्तै कृषि सामग्री तथा कृषि प्रसार सेवालाई कृषकको तहमा सरल तरीकाबाट उपलब्ध गराउनुपर्ने सुझाव बमोजिम २०३८–३९ देखि २०४१–४२ को चार वर्षको अवधिमा १,३३,३९५ मेट्रिक टन (न्यूट्रिएण्टमा) रासायनिक मल वितरण भएको छ । तर छैठौं योजना अवधिमा २,१५,४०२ मे. ट. रासायनिक मल वितरण गर्ने लक्ष्य निर्धारित रहेकोमा पहिलो चारवर्षको अवधिमा १,१४,८५६ मे. ट. अर्थात् निर्धारित लक्ष्यको करीब ५४ प्रतिशत पूरा भएको देखिन्छ । संक्षिप्तमा कृषि उत्पादन उपकरणहरूको वितरणतर्फ कृषि कर्जा बाहेक अन्य सबैजसो मुख्य मुख्य कार्यक्रमको प्रगति छैठौं योजनाको निर्धारित लक्ष्यहरूको तुलनामा धेरै पछाडि परेको तथ्य उपलब्ध तथ्यांकबाट स्पष्ट हुन्छ ।

(ख) औद्योगीकरण अभियान प्रारम्भ गर्ने:

विगत पञ्चभेलाले औद्योगीकरणको अभियान प्रारम्भ गर्ने उद्देश्य लिएकोमा विगत ४ वर्षमा औद्योगीकरणको अभियान संचालन भएको देखिन्न तर देशमा स्थापना भइरहेका प्रमुख उद्योगहरू मध्ये चिनी र प्लाइउड जस्ता केही उद्योगहरू बाहेक सबैजसो उद्योगहरूका उत्पादन २०३८–०३९ को तुलनामा २०४०–०४१ मा वृद्धि भएको देखिन्छ । छैठौं योजनाले औद्योगिक उत्पादन वार्षिक १० प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखेकोमा पहिलो ४ वर्षको उत्पादनको औसत वृद्धिदर १०.९ प्रतिशत पुगेको छ ।

निर्यातमूलक उद्योगहरूको स्थापनाका लागि र अत्यावश्यक वस्तुहरूको उत्पादन देशभित्रकै उद्योगहरूबाट गरी अन्य मुलुकसंग निर्भरता घटाउने सुझाव विगत पञ्चभेलाले दिएको थियो । राष्ट्रिय स्रोत र साधनमा आधारित जस्ता

उद्योगहरूलाई प्रोत्साहित दिई नेपालीहरूलाई बढी रोजगारी उपलब्ध गराउनु पर्नेतिर केन्द्रित हुनुपर्नेमा सस्तो र सीमित उद्देश्य लिई हाल नेपाली श्रम र पूंजी नगण्य मात्रामा प्रयोग गरिएको रेडिमेड गार्मेण्ट जस्ता उद्योगहरूलाई बढावा दिइयो । यस्ता उद्योगहरूबाट विदेशी कच्चा पदार्थको आयात बढ्न गई अन्य मुलुकहरूसंग निर्भरता झन् बढ्न गएको देखिन्छ । यस्ता उद्योगहरूमा स्वदेशी श्रमशक्ति र पूंजीको प्रयोग उचित मात्रामा नहुँदा उद्योगहरूबाट आर्जित आय राष्ट्रमा लगानी भएको छैन । साथै यस्ता उद्योगहरूबाट सामाजिक विकृतिहरू पनि देखा पर्न थालेका छन् ।

(ग) साझा अर्थव्यवस्थालाई अगाडि बढाउन साझा अभियान संचालन गर्नेः

कृषि तथा गैरकृषि साझा संस्थाहरूको माध्यमद्वारा कृषि उत्पादन तथा उत्पादकत्व बढाउन आवश्यक सेवाहरू पुर्‍याउने तथा गैरकृषि क्षेत्रमा उद्योगधन्दा-हरूको स्थापना गर्दै जाने ठोस कार्यक्रमहरूलाई अभियानको रूपमा संचालन गराउनु पर्नेमा हाल त्यस्तो कुनै ठोस कार्यक्रम समेत बनेको देखिंदैन । छैठौं योजनाको पहिलो चार वर्षको अवधिमा ३२ वटा साना किसान साझा संस्था र ३७ वटा साझा संस्थाहरू गठन भएको छ । तर साझा संस्थाहरूको गठन र पुनर्गठनबाट पाँचौं योजनाको अन्त्यमा ७४२ साझा संस्थाहरू रहेकोमा छैठौं योजना अवधिको चौथो वर्षमा ७२४ रहन आएको छ ।

(घ) क्षेत्रीय विकासको पक्षलाई व्यवहारमा चरितार्थ गर्नेः

विकासको प्रतिफल सकेसम्म देशका जनताले समानरूपले उपभोग गर्न पाऊन् भन्नाका लागि पिछडिएका क्षेत्रलाई देशको औसत स्तरको दाँजोमा ल्याउन अत्यावश्यक पूर्वाधारको सृजनालाई सर्वोपरि प्राथमिकता दिइनुपर्ने सुझाव बमोजिम छैठौं योजनाकालमा कुनै ठोस नीति वा कार्यक्रममा परिवर्तन नदेखिएको र सातौं योजनामा क्षेत्रीय विकास नीतिको राम्रो व्यवस्था गरिए तापनि सो को लागि अत्या-वश्यक पूर्वाधार खडा गर्नेतर्फ खास कार्यक्रम नभएको र योजना अन्तर्गत सरकारी क्षेत्रमा हुने कूल खर्चको भौगोलिक वा प्रादेशिक क्षेत्र अनुसार कुन अनुपातमा कसरी बाँडफाँटड हुने हो सो को हिसाव नभएको र प्रादेशिक सन्तुलनको लागि पनि कुनै निश्चित अवधिमा प्राप्त गरिने कुनै संख्यात्मक लक्ष्य यकिन भएको देखिंदैन ।

(ङ) आर्थिक क्षेत्रमा देखा परिरहेका असंगतिहरू हटाउनेः

गैरकानूनी तथा अनियमित व्यापार नियन्त्रण गर्नेतर्फ कुनै ठोस् उपलब्धि हासिल भएको देखिंदैन । स्वदेशी उद्यमी तथा व्यापारीलाई देशको स्रोत साधन

सदुपयोग गर्ने वातावरण सृजना गरी दिनेतर्फ केही प्रयास भए तापनि कुनै पनि प्रभाव परेको देखिदैन । सरकारी वित्तीय तथा वाणिज्य बैंकहरूबाट राष्ट्रिय हित अनुकूल आर्थिक क्रियाकलापलाई टेवा मिल्ने किसिमबाट कार्य गराउने विषयलाई अभियानको रूपमा संचालन गराउनुपर्नेमा त्यस्तो कुनै अभियान ठोस कार्यक्रम वा नीति निर्माणको आधारमा संचालन भएको देखिदैन ।

(च) प्रभावकारी भूमिसुधार कार्यक्रम संचालन गर्नेः

भूमिमा रहेको द्वैधस्वामित्व अन्त गरी लैजान प्रभावकारी भूमिसुधार कार्यक्रम संचालन गरिनु पर्दछ भन्ने सुझाव बमोजिम हालसम्म चाहिने कुनै कानूनी व्यवस्था वा सो नीति प्रयोगात्मकरूपमा लागू गरी परीक्षण अध्ययन गर्ने प्रयास भएको छैन ।

(छ) जनसंख्या वृद्धि नियन्त्रणमा जनसहभागिता परिचालन गर्नेः

जनसंख्या नियत्रणको लागि परिवार नियोजन कार्यक्रम सरकारी र गैर सरकारी स्तरमा सामञ्जस्यता र व्यापकता आए तापनि हाल भैरहेको बाह्य प्रवाहलाई नरोकी जनसंख्या नियन्त्रण प्रभावकारी हुन नसक्ने र यो प्रवृत्ति यसै रहन दिएमा पछि देशमा जटिल सामाजिक र आर्थिक समस्याहरू सृजना गरिदिने हुनाले यसको नियन्त्रण गर्नेतर्फ कदमहरू चाल्नुपर्दछ भन्ने सुझावको हकमा कुनै ठोस कदम चालेको देखिदैन । तर दक्ष र अर्धदक्ष जनशक्तिको आपूर्ति बढाउने तर्फ प्रगति भए तापनि देशको आवश्यकता अनुरूप पर्याप्त देखिदैन ।

(ज) प्राकृतिक स्रोत संपदाको संरक्षण विकासमा जोड दिनेः

प्राकृतिक स्रोत, संपदा र वातावरणको संरक्षण र विकास गर्ने सुझावको हकमा प्राकृतिक स्रोत र संपदाको संरक्षण गर्नुपर्दछ भन्ने भावनाको अभिवृद्धि हुँदै आएको छ । छैठौं योजना अवधिमा वृक्षरोपण, वन सम्बर्धन, जलाधार संरक्षण जस्ता कार्यक्रमहरू संचालन भएका छन् । विद्युत् शक्ति उत्पादन गर्ने क्रममा छैठौं योजनाकालमा ६०.४ प्रतिशत लक्ष्य प्राप्त गरिएको छ । वैकल्पिक ऊर्जाको विकास गर्ने क्रममा योजना अवधिमा १६०० भन्दा बढी वायोग्यांस प्लान्टहरूको स्थापना भएको र करीब २५० बहुउद्देश्य पानी घट्टाहरूको जडान भएको देखिन्छ । तर सौर्य ऊर्जा र अन्य वैकल्पिक स्रोतहरूको व्यापक प्रयोग हुन सकेको छैन । वायोग्यांस प्लाण्ट र अन्य ऊर्जा शक्तिबाट ऊर्जा उत्पादन गर्ने उपकरणहरू उत्पादन गर्ने उद्योगहरूलाई उत्प्रेरित गर्न दिनुपर्ने ऋण र करको उचित सहुलियत दिइएको छैन । छैठौं योजना कालको पहिलो चारवर्षमा वृक्षरोपण कार्यको ५६ प्रतिशत लक्ष्य

मात्र प्राप्त हुन सकेको छ । वृक्षरोपण गरिएका क्षेत्रहरूको पनि राम्रो संरक्षण हुन सकेको देखिँदैन । यसले गर्दा वन क्षेत्रको विकास हुनुभन्दा विनाश नै हुँदै गइरहेको देखिन्छ । अर्कोतर्फ भइरहेको वनलाई संरक्षण गर्ने कार्यक्रम दृढताका साथ संचालन नगर्दा ऊर्जाका लागि अधिकांश जनताले वन स्रोत मा नै आधारित हुनु पर्दा वन नोक्सान झन् हुँदै गएको देखिन्छ ।

जलमार्गको उपयोग गर्न पाउने सुविधाको लागि प्रयास गर्ने सुझावको सम्बन्धमा जलमार्गको सुविधा उपयोग गर्नेतर्फ पनि कुनै प्रगति भएको देखिँदैन । वातावरणमा परेको प्रतिकूल प्रभावलाई रोक्ने क्रममा बृहत्‌रूपमा सर्वेक्षण गरी, जनसहभागिता समेत परिचालन गरी रोकथाम गर्ने काममा खास सक्रियता भएको देखिएन ।

(झ) चरित्र निर्माण सम्बन्धी अभियान चलाउने:

भ्रष्टाचार विरूद्ध सबै तहमा तथा सबै क्षेत्रमा व्यापक अभियान गर्नुपर्दछ भन्ने सुझावको सम्बन्धमा त्यस्तो अभियान चलाउने तर्फ कुनै ठोस कार्यक्रम बनेको कुरा जनसमक्ष आएको छैन । भ्रष्टाचारको कुचक्रमा देश झन् बढी रूमलिएको देखिन्छ । मितव्ययिताको लागि इन्धन खर्चमा कटौती, सरकारी गाडी बिदाको दिनमा प्रयोग नहुने जस्ता केही कदमहरू उठाइए तापनि साधारण बजेट २०३९–०४० को दाँजोमा २०४०–०४१ मा १३.४ प्रतिशतले बढेकोमा २०४०–०४१ को दाँजोमा २०४१–०४२ मा ३१.७ प्रतिशतले बढ्ने संशोधित अनुमान छ भने २०४२–०४३ को बजेटमा ३३.७ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । देशमा उत्पादित वस्तुको प्रयोग गर्ने राष्ट्रिय जनपद्धतिको विकास हुनु पर्दछ भन्ने सुझावलाई कार्यान्वयन गर्नेतर्फ पनि कुनै कदम चालिएको छैन । त्यस्तै विलासिताका सामानहरूको आयातमा नियन्त्रण गर्नु पर्दछ भन्ने हकमा पनि त्यस्ता वस्तुहरूको आयात घटेको देखिँदैन ।

(ञ) स्थानीय विकासका कार्यक्रमहरूको संचालन:

सानातिना किसिमका विकास कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, संचालन र सम्भार गर्ने काम स्थानीय गाऊँ, नगर र जिल्ला पञ्चायत निकायहरूको जिम्मामा दिनुपर्ने सुझाव भएकोमा विकेन्द्रीकरण ऐन देशव्यापी रूपमा लागू भई विकास क्षेत्रका केन्द्रहरू र अन्य बाँकी अञ्चलका सदरमुकाम भएको जिल्लामा सघन रूपले लागू भएको छ । तर स्थगित रहेको पञ्चायत विकास तथा जग्गाकरलाई सुधार गर्न आवश्यक देखिए केही सुधार गरी पुनः लागू गर्नेतर्फ कदमहरू चालिनु पनमा हालसम्म सो अनुरूप काम भएको देखिँदैन ।

## (ट) स्वदेशी उद्यमीहरूको सृजना गर्नः

नेपालको साना उद्योग र व्यापारीहरूको सृजनात्मक प्रतिभालाई प्रस्फुरण हुने अवस्था सृजना गरिनु पर्ने सुझावको हकमा हालसम्मको स्थिति यथावत मात्र नरही गार्मेन्ट जस्ता बाह्य साधन, सीप, पूंजी र संचालनमा आधारित तथा बाह्य श्रमले नै रोजगार पाएको उद्योगले प्रश्रय पाएको छ भने, नेपाली साधन, सीप, पूंजी र संचालनमा आधारित मूर्ति तथा क्यूरियो जस्ता वस्तुहरूको समुन्द्रपार व्यापारमा देखिन आएको ह्रास र कार्पेटको निर्यात वृद्धि हुन नसकेको तर्फ पर्याप्त ध्यान गएन भन्ने गुनासो व्यापक रूपबाट देशका साना उद्यमी र व्यापारीहरूबाट हुन थालेको छ। साथै निकासी कर्ताहरूलाई प्रोत्साहनको रूपमा दिइने नगद अनुदान (एक्स्पोर्ट सब्सिडी) दिन ढिलाई भएकोमा पनि निकासीकर्ताहरूको गुनासो रहेको छ।

## (ठ) पर्यटनः

विभिन्न मन्त्रालय बीच समन्वय कायम गरी प्राथमिकताको साथ राष्ट्रिय पर्यटन नीति तर्जुमा गरी यसको विकास र योजनाको सही कार्यान्वयन गराउनु पर्ने सुझावको हकमा हालसम्म राष्ट्रिय पर्यटन नीतिको तर्जुमा भई लागू भएको देखिंदैन। पर्यटन क्षेत्रबाट आर्जन भएको विदेशी मुद्राको रकम २०३८–०३९ मा १९.९ प्रतिशतले, २०३९–०४० मा ०.६ प्रतिशतले घटेको देखिन्छ। तर २०४०–०४१ मा सो रकम १९.३ प्रतिशतले वृद्धि भए तापनि २०३७–०३८ को दांजोमा ११.२ प्रतिशतले मात्र बढी हुन गएको छ।

## (ड) विकास प्रशासनलाई सुदृढ गर्नेः

विकास नीति र कार्यक्रम कार्यान्वयन गर्ने सरकारी प्रशासकीय एकाईहरू सक्षम र बलियो पार्न आवश्यक भएको र विकास प्रशासन सम्बन्धी कार्यविधिहरूमा पनि सुधार हुन आवश्यक भएकोले विकास प्रशासन यन्त्र र प्रणालीसंग सम्बन्धित सबै पक्ष र समस्याहरूको समीक्षा गरी एक सक्षम बलियो र स्वचालित प्रशासनिक यन्त्रको स्थापना गर्नेतर्फ कदमहरू चालिनु पर्नेमा हालसम्म कुनै ठोस कदम चालिएको वा तत्सम्बन्धी स्थितिमा सुधार भएको कुनै संकेत देखिंदैन।

## ४. व्यवस्थाको अनुरूपको प्रर्यतन्त्रको आधारः

दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले एक प्रजातान्त्रिक, न्यायपूर्ण गतिशील र शोषणरहित समाजको सृजना गर्ने परिकल्पना गरेको छ। पञ्चायत व्यवस्था समाजमा व्याप्त सबै प्रकारको शोषणको उन्मूलन चाहन्छ र

जनकल्याणको अभिवृद्धिमा जनसाधारणलाई सकभर बढी मात्रामा सहभागी बनाई निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै व्यक्ति वा वर्गको आफ्नो स्वार्थ र हितको मात्र संरक्षण र सम्बर्धन गर्ने प्रयासबाट अन्य कुनै व्यक्ति वा वर्गमा आर्थिक, सामाजिक, बौद्धिक वा अन्य कुनै दबाव दिन नसकिने स्थितिनै शोषणरहित समाजको आधार हो । शोषण विद्यमान रहेको समाजमा सबैको सहभागिता रहने प्रजातन्त्र सम्भव हुँदैन । राजनैतिक अधिकारलाई मात्र केन्द्रबिन्दु बनाउने परम्परावादी प्रजातन्त्रमा आर्थिक समानतालाई उत्तिकै आवश्यक महत्व नमानिने हुँदा यथार्थमा सुविधा सम्पन्न वर्गले मात्र अधिकारको बढी उपभोग गर्ने हुन्छ । तर पञ्चायत व्यवस्थाले राजनैतिक अधिकार तथा आर्थिक समानता सबैको लागि समुचित औसर प्रदान गर्ने प्रजातान्त्रिक आधारको परिकल्पना गरेको छ । यस्तो समाजको सृजना गर्ने माध्यम र प्रक्रियाको रूपमा निर्दलीयता, वर्गसमन्वय, साझा र विकेन्द्रीकरणलाई नै मूलभूत आधार मानिएका छन् ।

कतिपय अन्य विकासोन्मुख देशहरूमा जस्तै नेपालमा पनि आज एकातिर अविकसित व्यापक ग्रामीण अर्थतन्त्र छ । अधिकांश विभिन्न नेपालीको बसोबास यही नै छ । प्रायः सम्पूर्ण श्रमशक्ति परम्परागत खेतीपातीमा लागे तापनि उत्पादन र उत्पादकत्वको स्तर संभाव्यस्तर भन्दा निकै कम छ । साथै दैनिक जनजीवनका अत्यावश्यक सेवा सुविधाहरू अझै सीमित छन् । तर व्यवस्थाको व्यापक सहभागिता तथा बाटोघाटो, संचार माध्यमको विकास र विस्तारले गर्दा जनचेतना र जागरणको लहर आउँदैछन्, खाँचोहरूको अनुभव हुन थालेका छन् र नयाँ नयाँ मांगहरू बढ्न थालेका छन् । विकास, उन्नति, सुधार र परिवर्तनको लागि सबै उत्सुक र उन्मुख छन् ।

अर्कोतिर सानो, नौलो तर तुलनात्मक हिसाबले सम्पन्न, शक्तिशाली, निर्णयात्मक खालको अल्पसंख्यक जनसमूह भएको सबै साधन सुविधा पुग्ने तथाकथित आधुनिक अर्थ व्यवस्थाको रूपरेखा तयार हुन थालेको छ ।

यस प्रकार एकातिर विपन्न समाज अर्कोतिर साना र सम्पन्न समाज भएको यस किसिमको द्वयात्मक अर्थतन्त्रको ढाँचामा क्रमशः आवश्यक सुधार र परिवर्तन नल्याई व्यवस्थाले परिकल्पना गरेको लक्ष्यतिर समाजलाई धकेल्न सकिदैन ।

पिछडिएको ग्रामीण अर्थतन्त्र अन्तर्गत उत्पादन बढाउन, उत्पादकत्वको स्तर उठाउन, न्यूनतम जनजीवनका खाँचोहरू जुटाउन, विभिन्न किसिमका शोषणहरू हटाउन एक प्रकारका उपायहरू, क्रमशः आवश्यक राजनैतिक दृढताका साथ व्यवहारिकताको आधारमा कार्यान्वित गर्दै जानु जरूरी छ भने, अर्कोतिर आधुनिक अर्थतन्त्र देशको औद्योगीकरण वैदेशिक व्यापार विस्तार, शोधनान्तर स्थितिमा

सुधार, आत्मनिर्भरता, ज्ञानविज्ञानको प्रयोग जस्ता कतिपय दृष्टिकोणबाट अर्कै रूपले ढाल्दै लैजानु पर्ने स्थिति छ ।

साधन विपन्न ग्रामीण अर्थतन्त्रको आर्थिक आधार सुदृढ गर्दै लैजान राज्यको बढी ध्यान जानु पर्ने, राज्यले बढी साधन सुविधाहरू जुटाई दिनुपर्ने हुन्छ भने, आधुनिक अर्थतन्त्रको विकास र विस्तार बढी मात्रामा निजी क्षेत्रको आफ्नै साधनको परिचालनबाट गर्नुपर्ने हुन्छ । ग्रामीण अर्थतन्त्र अन्तर्गत अत्यधिक मात्रामा उपलब्ध श्रमशक्तिलाई नै उत्पादनशील र पूँजी निर्माणको स्रोतको रूपमा परिचालन गर्दै लैजानु पर्नेछ भने, आधुनिक अर्थतन्त्र अन्तर्गत विदेशिने राष्ट्रिय सम्पत्तिलाईनै आफ्नै देशमा उत्पादनशील लगानीको रूपमा बढी आकर्षित गर्दै लैजानु पर्ने स्थिति छ । ग्रामीण अर्थतन्त्रबाट क्रमशः शोषण घटाउँदै लैजानु सामूहीकरणतिर बढी जोड दिंदै जानु पर्छ भने आधुनिक अर्थतन्त्र अन्तर्गत औद्योगीकरणतिर बढी महत्व दिंदै जानु पर्नेछ । त्यस्तै एकातिर साझा आन्दोलनलाई दृढताका साथ अगाडि बढाउनु पर्ने स्थिति छ भने, अर्कोतिर निजी उद्यमलाई पनि बढावा दिनुपर्ने स्थिति छ ।

राष्ट्रिय अर्थतन्त्रको आधुनिक क्षेत्रको नियन्त्रण, निर्देशन तथा निर्णय नेपालीकै हात पार्न राष्ट्रिय स्वतन्त्रता, आत्मसम्मान तथा आत्मनिर्भरताका लागि पनि नेपाली पूंजी सीप शक्तिलाई प्रतिस्पर्धात्मक रूपले सबल बनाउनु आजको आवश्यकता मात्र होइन, बाध्यता पनि हो ।

अनुत्पादक रूपले विलासी उपभोगमा खेर गइरहेको अपार राष्ट्रिय साधनलाई औद्योगीकरणलाई चाहिने पूंजीको रूपमा परिणत गर्नु पनि आजको बाध्यता हो ।

त्यस्तै हालसम्म ग्रामीण अर्थतन्त्रको सीमित भौतिक साधनलाई नियन्त्रण गरी, वेहृजिरी स्वामित्वको आधारमा ग्रामीणस्तरको आय उत्पादन सबै शहरी क्षेत्रको सुविधाजनक जीवन बिताउने जस्तो अनुत्पादक उपभोगमा व्यय हुने प्रक्रियाबाट एकातिर ग्रामीण क्षेत्रमा शोषण कायमै रहन्छ भने, अर्कोतिर आधुनिक क्षेत्रको विकास पनि आफ्नै स्रोत र साधनबाट नभई आफ्नो नियन्त्रणबाट बाहिर जाने संभावना बढ्न गई देश झन् परामुखी हुने हुन्छ ।

५. व्यवस्थाले परिकल्पना गरेको अर्थतन्त्रको रूपरेखा :

ग्रामीण अर्थतन्त्रको मौजूदा ढाँचालाई क्रमशः परिवर्तन गरी विकास गर्न उपलब्ध श्रम र साधन बढी मात्रामा परिचालन गरी जनमुखी उत्पादनमा अधिकतम वृद्धि गरी आर्थिक तथा सामाजिक असमानता क्रमशः कमगरी शोषणको गुन्जायस-

लाई संकुचित पार्दै निम्न आय भएका, पिछडिएका वर्गको आर्थिक तथा सामाजिक स्तर माथि उठाई पञ्चायत व्यवस्थाले परिकल्पना गरेको समाजको सृजना गर्न चाहिने आधार र वातावरण योजनाबद्ध रूपले तयार गर्दै लाने कुनै पनि योजनाको उद्देश्य र कार्यक्रम (क) सर्वसाधारण जनताको न्यूनतम खाँचोहरू पूरा गर्ने, (ख) आय वितरणमा सुधार गर्ने, (ग) स्वामित्व र निर्णय प्रक्रिया विकेन्द्रित गर्ने, (घ) उत्पादनको ढाँचामा परिवर्तन गर्ने, (ङ) सामाजिक मान्यतामा परिवर्तन गर्ने र (च) योजना र विकासको पञ्चायतीकरण गर्ने किसिमको हुनु जरूरी छ ।

(क) <u>न्यूनतम आवश्यकता पूरा गर्ने</u> :

प्रत्येक नेपालीको लागि खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत आवश्यकताहरू पूरा गर्ने तर्फ प्राथमिकता दिनै परेको छ । यी कुराहरूको परिपूर्तिको निम्ति हामीले आधारभूत आवश्यकताहरूको उत्पादनमा नै जोड दिनु परेको छ र हामीले कुनै पनि आर्थिक कार्यक्रम बनाउँदा अरू कुरामा नअलमलिई यी वास्तविकतालाई सर्वोपरि प्राथमिकता दिनु पर्छ भन्ने राष्ट्रनायक <u>श्री ५ महाराजाधिराज सरकारबाट</u> ~~यस पंचवर्षीय योजनालाई [illegible] बक्सेको सम्बोधनमा~~ स्पष्ट मार्ग दर्शन बक्स भए बमोजिम भावी योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयन हुनु पर्ने र सो मार्ग दर्शनलाई जनजीवनमा साकार तुल्याउन भविष्यमा हुने योजना र कार्यक्रममा त्यस्ता उद्देश्यहरूलाई संख्यात्मक रूपमा लक्ष निर्धारित गरी कुनै निश्चित तथा व्यवहारिक समयवधिमा चरणवद्धरूपले हासिल गर्ने हिसाबले यकिन हुनु जरूरी छ ।

(ख) <u>आय वितरणमा सुधार गर्ने</u> :

आय वितरणमा सुधार गर्ने प्रक्रिया अन्तर्गत विभिन्न स्रोतबाट सृजना हुने आय क्रमशः– आर्थिक दृष्टिकोणले पिछडिएका र कम आम्दानी हुने वर्गले पाउने व्यवस्था गर्न साझा संगठनको माध्यमबाट उत्पादनको क्रमशः बढी भाग सृजना गर्ने, निर्धारित उत्पादन कार्यमा बढी मात्रामा पिछडिएका वर्गको स्वामित्व कायम गर्ने, विभिन्न वित्तीय उपायहरूबाट प्राप्त हुने राजस्व बढी मात्रामा पिछिडिएका वर्गलाई दिलाउने सेवा सुविधाहरूमा खर्च गर्ने, मोही र जग्गावाला बीच वितरण हुने कृषि उत्पादनका अनुपातमा हेरफेर गर्ने जस्ता कतिपय उपायहरू विचार गर्न सकिन्छ । निरपेक्ष गरीबी रेखामुनिका ठूलो जनसमुदायको जीवनस्तर उठाउन र यस्ता जनसमूह मध्ये पनि खास खास किसिमका जनसमूहलाई खास खास कार्य

क्रमको आधारमा काम माम दिलाउने दृष्टिकोण नभएमा एक किसिमको कार्यक्रमले विभिन्न किसिमबाट गरीबीको चपेटामा परेका जनसमुदायलाई आर्थिक तथा सामाजिक दृष्टिकोणबाट माथि उठाउने कुरा सैद्धान्तिक महत्वको विषयमात्रहुन्छ । भूमिहीन किसान, साना किसान, गाउँघरका शिल्पी, कालिगढ, घरेलु उद्यमी, ज्यालादारी, खेताला, ग्रामीण महिला जस्ता पिछडिएका, अल्प आय भएका वा अर्ध बेरोजगार ~~एकैका~~ विभिन्न जनसमूहलाई सुहाउँदो खास खास वर्गलाई लक्षित गरिएको कार्यक्रममा जोड दिनु जरूरी छ साथै साना किसान जस्तो कमजोर वर्गलाई हुने कार्यक्रम देशव्यापी रूपमा अभियानको रूपमा संचालन गरिनु जरूरी छ ।

(ग) स्वामित्व र निर्णय प्रक्रिया विकेन्द्रित गर्ने :

राष्ट्रिय उत्पादन र आम्दानी केन्द्रित हुने मुख्य कारण उत्पादन बढाउने प्रक्रियाको स्वामित्व केन्द्रित हुनाले हो । आम्दानी बढी जनसमुदायमा विकेन्द्रित गर्ने भनेको उत्पादन बढाउने प्रक्रियामा बढी जनसमुदायको स्वामित्व र निर्णयमा बढीलाई सरीक गराउनु हो । यसरी स्वामित्व र निर्णय प्रक्रियामा परिवर्तन गर्ने कतिपय उपायहरूमा साझा माध्यमद्वारा ग्रामीण अर्थतन्त्रको संस्थागत विकास गर्ने क्रमलाई अझ व्यापक र विस्तार गर्नु हो ।

साझाको परिभाषा धेरै प्रकारबाट गर्न सकिने र गरिएका पनि छन् । तर पंचायत व्यवस्था अनुरूपको साझा के हो व्यापक अर्थमा साझाले कुनै नियमित रूपबाट परस्परको सहयोगद्वारा हुने निश्चित सामूहिक लक्ष्य प्राप्तिको लागि हुने सबै प्रकारका संगठनात्मक कार्यलाई जनाउँदछ । विशेषतः आर्थिकस्तरबाट पिछडिएका समुदायले व्यक्तिगत प्रयाशबाट आफ्नो समान भौतिक लक्ष्य तथा अन्य सामान्य जीवनका खाँचोहरू पूरा गर्न नसक्ने भई सामूहिक रूपबाट पूरा गर्ने उद्देश्य समान अधिकार र दायित्वको आधारमा स्वेच्छाले परस्परमिली संगठनात्मक रूपबाट गरिने प्रयासलाई साझाको आधार मान्न सकिन्छ । दलविहीन प्रजातान्त्रिक पंचायत व्यवस्थाको सिद्धान्त बमोजिम आर्थिक तथा समाजिक दृष्टिकोणले पिछडिएका समान स्वार्थ भएका व्यक्ति वा वर्गको समानता र समन्वयको आधारमा उत्पादन, उपभोग वितरण र विनिमय प्रक्रियामा हुने संस्थागत सुधारनै साझाको वास्तविकरूप हो ।

राष्ट्रिय हित तथा व्यवस्थाको विशुद्ध लक्ष्य प्राप्तिका लागि साझा संगठन उपयुक्त र आवश्यक क्षेत्रहरूमा प्रभावकारी रूपले प्रयोग गर्न आवश्यक छ ।

यसरी हेर्दा नेपाल जस्तो कृषिप्रधान देशमा जहाँ ६० प्रतिशत भन्दा बढी श्रमशक्ति परम्परागत तरीकाबाट संचालित खेतीपातीमा अवलम्बित छ, जहाँ धेरै योग्य जमीन मोहीयानी अन्तर्गत छ, जहाँ व्याजदर र कूत पूर्णरूपले नियमित र नियन्त्रण हुन बाँकी नै छ, जहाँ पैदावारको वेचविखन पनि नाफाखोरी मध्यस्थ-हरूकै हातमा छ, त्यहाँ शोषणरहित समाजको सृजनाको लागि साझाको प्रारम्भिक अभ्यास कृषि क्षेत्रमा नै हुनु जरूरी छ ।

यसरी हेर्दा प्रारम्भिक कालमा खेतीको काम व्यक्तिगत रूपमा भए तापनि खेतीपातीलाई चाहिने ऋण, मल, जल, हल बीजन, बजार जस्ता अनिवार्य सेवाकार्यहरू मात्र पनि साझा संस्थाद्वारा सामूहिक रूपमा संचालन हुन सकेमा प्रत्येक सदस्य किसानलाई फाइदा हुने निश्चित छ, जुन फाइदा व्यक्तिगत रूपबाट कुनै पनि स-साना किसानहरूले प्राप्त गर्न कठिन हुन्छ ।

त्यस्तै ग्रामीण क्षेत्रलाईचाहिने छानिएका उपभोगका वस्तुहरू तथा उत्पादनलाई चाहिने उपकरणहरूको बिक्री वितरण साझाकै माध्यमबाट गरी ग्रामीण क्षेत्रमा पैठारी गर्नुपर्ने र ग्रामीण क्षेत्रबाट निकासी हुने वस्तुहरू पनि साझाबाटै गर्न सकिन्छ ।

ठूला उद्योग व्यवसाय बाहेक सानातिना उद्योगहरूको स्थापना पनि साझाको रूपमा खडा गर्ने र ग्रामीण क्षेत्रको नयाँ आबादी हुने जमीनमा साझा-खेतीको संचालन गर्ने र त्यस्तै हाल खेती भएका स-साना टुक्राटुक्री जग्गाभा पनि व्यक्तिगत स्वामित्वलाई कायमै राखी क्रमशः साझा माध्यमद्वारा सामूहिक रूपमा संचालन हुन सकेमा फाइदा हुने देखिन्छ ।

त्यस्तै शहरी क्षेत्रमा पनि रिक्सा ठेलगाडी तान्ने, शिल्पी, कालीगढ, घरेलु उद्यमी जस्ता अल्प आय भएका वा अर्ध बेरोजगारी रहेका खास खास वर्गलाई लक्षित गरिएको साझाको व्यवस्था हुनु उपयुक्त र आवश्यक देखिन्छ ।

साझा संगठनको संचालन अन्ततोगत्वा सम्बन्धित साझा सदस्यहरूबाट नै हुनुपर्ने भए तापनि संचालन क्षमताको विकास गर्दै जाने अभ्यासको प्रारम्भिक कालमा संचालन सम्बन्धी प्राविधिक टेवा पर्याप्त मात्रामा पुऱ्याउनु आवश्यक छ ।

साथै भूमिसुधार कार्यक्रम अन्तर्गत परिचालन भएको बचत रकमको उपभोगबारे वस्तुगत मूल्यांकन गरी सो रकमलाई पनि साझाको विकासार्थ पूंजी-करण गरिनु आवश्यक छ । साझाको आर्थिक आधार अरू सुदृढ गर्नको लागि स्थानीय स्रोत र साधनलाई अरू प्रभावकारी रूपमा परिचालन गरिनु जरूरी छ । त्यस्तै सरकारी विभिन्न वित्तीय उपायहरूबाट परिचालन

भएको साधन तथा गैर सरकारी बैंकिङ्ग क्षेत्रमा संचित साधनको उपयुक्त भाग-पनि ग्रामीण क्षेत्रको साझा अभियानलाई टेवा पुऱ्याउने हिसावले निश्चित गर्ने नीति अपनाउनु जरूरी छ ।

(घ) उत्पादनको ढाँचामा परिवर्तन गर्नेः

उत्पादनको ढांचामा परिवर्तन गर्ने भन्दा कृषिमा मात्र आधारित अर्थ-तन्त्रलाई क्रमशः विविधीकरण गर्दै जाने प्रक्रिया हो । कृषिमा मात्र आधारित हुँदा बाह्य निर्भरता बढ्ने, उत्पादकत्वको वृद्धि सीमित हुने, सम्पूर्ण श्रमलाई पूर्णरूपले काम दिलाउन नसक्ने हुन्छ । त्यसैले ग्रामीण क्षेत्रको प्राकृतिक साधन, परम्परागत सीप, ज्ञान र अनुभवलाई आधार मानी स-साना औद्योगिक व्यवसायहरू तिर बढी प्रयास हुनु जरूरी छ । हाम्रो राष्ट्रिय विकासको ढाँचाको मूल आधार नै नेपाली जनतामा सहभागिता बढाउने खालको हुनु पर्दछ । नेपालका स-साना व्यापारी र लगानीकर्ताहरू तथा आफ्नो सीप र इलमका आधारमा काम गर्न इच्छा गर्ने नेपाली नागरिकले नै नयाँ उद्योग धन्धाहरू स्थापना गर्न सकून् याता-यातक ासाधनहरू संचालन गर्न सकून् र समुन्द्रपार तथा अन्य वैदेशिक व्यापार सञ्चालन गर्न सकून भन्ने उद्देश्यले प्रेरित नीतिले मात्र नेपालमा नेपाली श्रम, सीप, पूंजी र आँटको समुचित उपयोग र विकास हुन सक्तछ ।

(ङ) सामाजिक मान्यतामा परिवर्तन गर्नेः

सामाजिक मान्यतामा परिवर्तन भन्नाले व्यक्तिगत वा पारिवारिक सम्पति र आम्दानीकै आधारमा व्यक्तिको प्रतिष्टा, मर्यादा गर्ने कमजोरी र विकृतिलाई क्रमशः हटाउनु हो । व्यक्तिगत वा पारिवारिक सम्पतिको भद्दा प्रदर्शन नियन्त्रण नभएमा एकातिर सम्पन्न र विपन्न बीचको अन्तर दुःखदायी रूपले अनुभव हुने हुन्छ भने, अर्कोतिर सम्पन्नको देखासिकीबाट विपन्नको आर्थिक आधार अस्वस्थ प्रतिस्पर्धाबाट क्रमशः ह्रास भई राष्ट्रिय बचत लगानी र उत्पादन क्षमतामा नै आघात पुऱ्याउने हुन्छ ।

(च) योजना र विकासलाई पंचायतीकरण गर्नेः

योजना र विकासलाई पंचायतीकरण गर्ने भनेको पंचायतलाई विकासको सशक्त माध्यम बनाउने हो । व्यवस्था विकासको साधन हो, साध्य होइन । राज-नैतिक साधनको प्रभावकारी प्रयोग नभई विकास जस्तो गाह्रो साध्य पूरा हुँदैन तसर्थ ग्रामीण क्षेत्रको सम्पूर्ण विकास प्रक्रियामा पंचायतका विभिन्न तह र पंच कार्यकर्ता सक्रिय रूपले सरीक हुन पाउने गर्नु आवश्यक छ ।

आजसम्मको हाम्रो अनुभवको आधारमाविश्लेषण गर्दा सरकारीसामान्य प्रशासकीय माध्यमबाट विकासको लक्ष्य पूरा हुन्छ वा व्यवस्थाले परिकल्पना गरेको सामाजिक ढाँचाले ठोस रूप लिन्छ भन्नु सर्वथा निरर्थक देखिन्छ। ग्रामीण-स्तरमा जनजीवनका आवश्यक खाँचोहरू यथासमय यथासाधनबाट पुऱ्याउन प्रशासन पर्याप्त र सक्षम छैन।

एकातिर हाम्रो यस्तो अनुभव छ भने, अर्कोतिर स्थानीय पंचायतहरूले मुख्यतः आफ्नै स्रोत र साधनको परिचालन गरी जनसहभागिताको आधारमा कतिपय विकास कार्यहरू सक्षम ढंगबाट देशव्यापीरूपमा संचालन भएको र भैरहेका प्रत्यक्ष अनुभव पनि हामीसित अभाव छैन।

अन्य विकासोन्मुख देशहरूमा यसरी गाउँस्तरसम्म विकासको लहर फैलाउन सक्ने उपयुक्त माध्यमको खोजी हुँदैछ भने आज नेपालमा पंचायत व्यवस्था-को माध्यामद्वारा जनशक्ति परिचालन, स्थानीय स्रोत तथा साधनकै आधारमा विकास कार्यलाई अरू व्यापक रूपमा संचालन गर्न सकिने गुन्जायस प्रशस्तै छ। गाउँघरमा खेर गइरहेको अपार जनशक्तिको मात्र राम्रो परिचालन हुन सकेमा राष्ट्रिय उत्पादनको वृद्धिदर हालभन्दा दुगुना गर्न सकिने कुरामा कुनै सन्देह छैन। विकासको यत्रो ठूलो अपार संभावना र साधनहरूको पर्याप्त र प्रभावकारी रूपमा संचालन नहुनु वा त्यसबाट बढी भन्दा बढी फाइदा लिन नखोज्नु हाम्रो अकर्मण्यता मात्र हो। वास्तवमा अपार श्रमशक्तिको सदुपयोग वा उत्पादनशील रोजगारीको व्यापकताको आधारमा मात्र नेपाल जस्तो देशले आफ्नो राष्ट्रिय उत्पादन बढाउन सक्ने र बढेको उत्पादन पनि बढी न्यायोचित रूपबाट वितरण गर्न सक्ने हुन्छ। अन्यथा राष्ट्रिय उत्पादनमा ठूलो वृद्धि भए तापनि विपन्नता र सम्पन्नताको खाडल झन् गहिरो र फराकिलो हुने हुन्छ। यस किसिमको विकास प्रक्रियाले शोषण बढाउँछ, घटाउँदैन।

हालसम्म आवधिक योजना राष्ट्रिय स्तरमा मात्र तर्जुमा गर्ने प्रचलन छ। अब उप्रान्त, प्राविधिक तथा व्यवहारिक दृष्टिकोणबाट सम्भव भएसम्म विकास कार्यको तर्जुमा, कार्यान्वियन तथा सुपरीवेक्षण गाउँघरबाट प्रारम्भ भई जिल्लास्तरमा नै टुंगिने गरी गाउँ र जिल्ला पंचायतलाईनै योजना तर्जुमा र कार्यान्वियन गर्ने एक मुख्य आधार बनाई जनभावना अनुकूल जनप्रतिनिधिहरूलाई नै आफ्नो विकास कार्यमा निर्णय गर्ने अधिकार विकेन्द्रित गरी स्थानीय नेतृत्व-बाट बढी स्थानीय स्रोत, साधन, सीप, प्रविधिको विकेन्द्रित गरी स्थानीय नेतृत्वबाट बढी स्थानीय स्रोत, साधन, सीप प्रविधिको उपयोग गरी विकास कार्य संचालन गर्नु नै आजको एक मात्र विकल्प देखिन्छ। यसरी गाउँ र जिल्ला पंचायत-

बाट तर्जुमा र कार्यान्वयन हुने आवधिक योजना र त्यस अन्तर्गतको वार्षिक कार्यक्रमको समष्टिरूप नै पंचायत क्षेत्रको आवधिक योजना र कार्यक्रम हुनेछ ।

पंचायत क्षेत्रको आवधिक योजना राष्ट्रिय आवधिक योजनाको अभिन्न अंग हुनेछ । यसरी आ-आफ्नो अन्तर्गतका गाउँ पंचायतको विकास कार्यक्रम समावेश भएको जिल्लास्तरीय आवधिक योजना तर्जुमा भएमा प्रत्येक जिल्लामा निर्धारित समयावधिमा सम्पन्न हुने विकासको मोटामोटी रूपरेखा बारे जनतामा जानकारी हुने र यस्ता विकास कार्यक्रम संचालन गर्न स्थानीयस्तरबाट परिचालन गर्नु पर्ने श्रम र साधनको आवश्यकताबारे ज्ञान हुने र केन्द्रीयस्तरबाट व्यापक राष्ट्रिय दृष्टिकोणबाट उपलब्ध हुने साधन, प्राविधिक सहयोगबारे पनि जानकारी हुने हुन्छ । केन्द्रीयस्तरबाट साधन र सहयोग पुर्‍याउँदा गाउँ जिल्लाको आर्थिक तथा भौगोलिक स्थिति, स्थानीय पंचायतको कार्य दक्षता तथा स्थानीय साधन परिचालन गर्ने क्षमता र तत्परतालाई पनि ध्यान दिनु जरूरी छ । उपलब्ध स्थानीय श्रम, साधन, र स्रोतको उपयुक्तरूपबाट परिचालन नभई केन्द्रीयस्तरबाट प्राप्त हुने रकमबाट मात्र गाउँ, जिल्लाको विकास संभव हुँदैन । विकेन्द्रीकरणको उद्देश्यलाई जन स्तरमा प्रभावकारी रूपमा पुर्‍याउन माथि उल्लिखित अनुरूप हाल-को विकेन्द्रीकरण कार्यक्रमलाई तदारुकताका साथ अगाडि बढाउने तर्फ निरन्तर प्रयास हुनु पर्दछ ।

६. प्रादेशिक विकास:

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट बक्स भएका निर्देशन बमोजिम राष्ट्रिय आवधिक योजनाले लक्षित सन्तुलित प्रादेशिक विकासको लागि निश्चित व्यवहारिक समयावधिमा प्राप्त गर्न खोजेका प्रादेशिक सन्तुलन तथा विकासको लक्ष्य सकभर संख्यात्मक रूपबाट निर्धारित हुनु जरूरी छ । यस परि-प्रेक्ष्यमा आउँदो २० वर्षको अवधिमा कूल राष्ट्रिय उत्पादन दोब्बर गर्ने, सोही अवधिमा पाँच विकास क्षेत्रहरूको प्रतिव्यक्ति औसत आय समान गर्ने, तथा तीन भौगोलिक प्रदेशहरू बीच रहिआएको आय अन्तरलाई पनि सकभर कमगर्ने, राष्ट्रिय, क्षेत्रीय र प्रदेशीय लक्ष्यहरू एकैसाथ पूरा गर्न उद्देश्य र लक्ष्य प्रादेशिक योजनाको तर्जुमा र कार्यान्वयन हुनु आवश्यक, उपयुक्त र प्राविधिक दृष्टिबाट सम्भव छ भन्ने तथ्यमा पंच कार्यकर्ता विश्वस्त छन् ।

७. कमजोरी र समस्याहरूको निराकरण:

पंचायत व्यवस्थाले परिकल्पना गरे अनुसार देशको अर्थतन्त्रलाई क्रमशः विकास गर्दै लैजाने उपयुक्त दीर्घकालीन आधार र रूपरेखाका अतिरिक्त देशको

मौजूदा आर्थिक स्थितिमा देखापरेका माथि उल्लिखित कमजोरीहरूका साथै केन्द्रीय पंचभेला २०३८ ले औंल्याएका कतिपय समस्याहरू हालसम्म विद्यमान नै रहेका छन् । ती कमजोरी र समस्याहरूको समाधानका लागि प्रस्तुत सुझाव-हरूमध्ये भ्रष्टाचार विरूद्ध अभियान चलाउने, जिम्मेवारी सुहाउँदो आचरण र र अनुशासनको पालना, कृषकलाई खडा बाली धितो राखी ऋण दिने, गैरकानूनी तथा अनियमित व्यापारलाई नियन्त्रण गर्ने, विलासिताका सामानहरूको आयात नियन्त्रण गर्ने, बढ्दो सरकारी बजेट घाटा नियन्त्रण गर्ने, कार्यान्वियन क्षमता वा वास्तविक आवश्यकताको ख्याल गरी बजेट रकमको अनुमान गर्ने, विभिन्न सरकारी एकाइबीच समन्वय गर्ने, कानून नियमले पाउने सुविधाहरू उद्योगहरूलाई दिलाउने, मितव्ययिता ल्याउने, बाह्य जनश्रम प्रवाहलाई नियन्त्रण गर्ने, देशका साना उद्योग व्यापारलाई राहत दिने, पंचायत विकास तथा जग्गाकरमा आवश्यक सुधार गरी लागू गर्ने, राष्ट्रिय पर्यटन नीति तर्जुमा गरी लागू गर्ने, विकास प्रशासन यन्त्र र प्रणालीको समीक्षा गरी सक्षम प्रशासकीय यन्त्र स्थापना गर्ने तर्फ कदम चाल्ने, हाल संचालित साझा संस्थाहरूको गतिविधिको समीक्षा गरी सुदृढीकरण तिर जाने जस्ता कतिपय विषयहरू तत्कालै लागू गरी प्रतिफल प्रत्यक्ष रूपबाट प्राप्त गर्न सकिने किसिमका छन् भने भूमिमा रहेको द्वैधस्वामित्व अन्त्य गर्न प्रभावकारी भूमिसुधार कार्यक्रम संचालन गर्ने, सिंचाई सुविधालाई व्यापक र विस्तार गर्ने, कृषि सामग्री तथा अन्य सेवा कृषक तहमा सरल सुलभ तरीकाबाट पुऱ्याउने, कृषि तथा गैर कृषि साझा संस्थाको माध्यमद्वारा उत्पादन र उत्पादकत्व बढाउने, क्षेत्रीय विकास पक्षलाई चरितार्थ गर्ने, प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा वातावरण-मा परेका प्रतिकूल प्रभाव रोक्ने, प्रतिकारात्मक उपाय गर्ने जस्ता कतिपय विषय-हरू सम्बन्धी उपयुक्त र आवश्यक नीति निर्माण तथा कार्यक्रमको तर्जुमा तत्काले गरी दीर्घकालीन दृष्टिकोणबाट राजनैतिक कटिवद्धताका साथ क्रमशः कार्यान्वियन गर्दै जानुपर्ने किसिमका छन् ।

त्यस्तै कृषि उपकरण तथा कृषि उत्पादन बीच हालै देखापरेका असामान्जस्य मूल्य सम्बन्ध उपर विचार गरी समन्वयात्मक तथा न्यायपूर्ण मूल्य नीति अपनाउने, सर्वसाधारण जनताले उपभोग गर्ने अत्यावश्यक वस्तुहरूको अनुचित मूल्य वृद्धिलाई नियन्त्रण गर्ने, कर, चन्दा वा अन्य कुनै किसिमबाट उठाउने रकम कानून नियम-को आधारमा मात्र हुनुपर्ने जस्ता विषयहरूमा सम्बन्धित इकाईको ध्यान तत्काले जानुपर्दछ भने बढ्दो श्रमशक्ति, विशेष गरी पढेलेखेका युवावर्गलाई रोजगारी दिला-उनको लागि बाह्य श्रम-प्रवाहलाई समेत नियन्त्रण गरी, विकास कार्यक्रमहरूलाई बढी मात्रामा रोजगारीमूलक बनाउनका साथै सहुलियत प्राप्त ऋण सुविधाका

साथै काम गरी खाने भावनात्मक प्रवृत्तिलाई समेत उपयुक्त रूपबाट प्रोत्साहन दिई रोजगारीका औसरहरू बढी भन्दा बढी मात्रामा सृजना गर्ने, सरकारी तथा गैरसरकारी क्षेत्रहरूमा एकात्मक अधिकार कायम गर्न नदिई औद्योगिक तथा व्यापार क्षेत्रहरूमा एक अर्काको परिपूरकको रूपमा रही गैरसरकारी क्षेत्र अग्रसर हुन नसकेका तर देश विकासलाई आवश्यक विषयहरूमा सरकारी क्षेत्रले अग्रगामी भूमिका खेल्नु पर्ने जस्ता विषयहरूमा सम्वन्धित इकाईले दीर्घकालीन दृष्किोणबाट ध्यान दिनु आवश्यक छ ।

आज देशको सामान्य प्रशासन वा विकासको कार्यान्वयन प्रक्रियामा विकास-मूलक जिम्मेवारी संस्कारको विकास गर्ने बाध्यता टड्कारो रूपमा देखिन आएको छ । बाह्य सहयोगको उपयोग गर्न नसक्ने स्थिति र प्राप्त बाह्य सहयोग र विकास आवश्यकताको आधारमा आन्तरिक साधनको परिचालन नभएकोबाट अर्थतन्त्र-को लगानी र विकास क्षमता बढाउन विकास प्रशासनलाई सुधार र सुदृढीकरण गर्नु पर्ने आजको बाध्यता छ ।

माथि उल्लेखित सुधार र समाधानका उपायहरूले कार्यान्वयन र सो को प्रत्यक्ष प्रतिफलको सही मूल्यांकन भविष्यमा सकभर छिटो हुनुपर्ने र यसरी हुने मूल्यांकनको आधारमा कार्यकारिणी इकाईको मूल्यांकन सम्वन्धित इकाई-हरूबाट नभएमा हाम्रा ती कमजोरीहरूले सम्पूर्ण अर्थतन्त्रलाई अझ बढी क्षति पुऱ्याउने निश्चित छ ।

## ८. उपसंहारः

आज राष्ट्रले देशको आर्थिक विकासका लागि पूर्वाधारहरू सृजना गरी देशको अर्थतन्त्रलाई स्वचालित रूपले संचालन गर्न बढी उत्पादनमूलक गराउने तर्फ उन्मुख हुनु नै विगत २५ वर्षको उपलब्धि हो ।

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको सबल एवं गतिशील नेतृत्वमा निर्दलीय प्रजातान्त्रिक पंचायत व्यवस्थाको माध्यमद्वारा नेपाली जनता-को सर्वोत्तम हित हुन्छ भन्ने जनताको आस्था र भरोसालाई अझ सुदृढ गर्ने उद्देश्यले एकातिर देशको आर्थिक स्थितिमा विद्यमान कमजोरहरूलाई हटाई सम्पूर्ण अर्थ-तन्त्रलाई व्यवस्थाले परिकल्पना गरे अनुसार क्रमशः ढाल्दै जानु पर्दछ भने, अर्को-तिर जन जीवनलाई छुने विकास कार्यक्रम पंचायतकै माध्यमबाट संचालन हुनु आवश्यक मात्र होइन, अनिवार्य पनि छ ।

बिगतमा हाम्रा विकासका प्रयासमा देखा परेका केही कमजोरीहरू आर्थिक विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरूको शून्य स्थितिबाट आधुनिकतम् अर्थ व्यवस्थाको सृजना गर्ने क्रममा देखिनु स्वाभाविकै हुन् ।

आज गाउँ, जिल्ला र देशमा जे जति प्रगति हुन सकेको छ त्यो पंचायत व्यवस्थाकै देन हो र पंच कार्यकर्ता र जनताकै परिश्रमको फल हो भन्ने धारणा र विश्वास जनजीवनमा अरू बढी भिजाउन एकातिर आज पंचायत र पंच कार्याकर्तालाई अरू बढी मात्रामा सहभागी र जिम्मेवारी बनाउनु जरूरी छ भने, अर्कोतिर जिम्मेवारी सुहाउँदो आचरण र अनुशासनको संस्कारको विकास गर्नु आवश्यक छ। पंचायत र प्रशासनका विभिन्न तहको दृढता, इमान्दारी, अनुशासन, नैतिकबल तथा देशप्रतिको जिम्मेवारी नै विकासको सर्वोत्तम पूर्वाधार हुन्। राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको सबल, गतिशील लोककल्याणकारी नेतृत्वमा नेपालीजनताको जीवनस्तर मान्यस्तरमा पुऱ्याउन चाहिने विकास गर्न नसकिने कुनैकारण छैन । भविष्यबारे त्यसैले हामी विश्वस्त छौं ।

राष्ट्रियता र एकताको दृष्टिकोणबाट पनि देशले हासिल गर्न सकेको उपलब्धिको श्रेय देशको राजनैतिक व्यवस्था र नेपाली जनताकै परिश्रम र पसीनामा नै निहित छ भन्ने भावना यथार्थ रूपमा जनस्तरमा अरू बढी रूपले जागृत गराउन आज मुख्यत: गाउँघरको विकासमा नेपाली छाप, पंचायतको निर्णयात्मक सहभागिता, स्थानीय साधन, सीप र सामग्रीको अधिकतम परिचालन हुनु जरूरी छ ।

संविधानले निर्दिष्ट गरेको आर्थिक उद्देश्यलाई परिपूर्ति गरी नेपाली जनताको जीवनस्तर मान्यतास्तरमा पुऱ्याउन आज हामी सक्षम र विश्वस्त छौं ।

# पंचायतका स्थानीय निकाय तथा वर्गीय संगठन परिचालन सम्बन्धी कार्यपत्र

## १. स्थानीय पञ्चायत र वर्गीय संगठनको ऐतिहासिक रूपरेखा

### १. १. स्थानीय पञ्चायतको ऐतिहासिक रूपरेखा

नेपालका सामाजिक र सांस्कृतिक परम्परामा प्राचीन कालदेखिनै पञ्चायत (पञ्चाली) प्रथा प्रचलित रहेको पाइन्छ । गाउँ–गाउँमा पञ्च–भला-दमीहरूको सभा–कचहरी बसी स्थानीय स्तरमा स्थिति बसाल्ने र न्याय–सम्पादन गर्ने पञ्चायत प्रथाको गौरवमय सम्झना पनि छँदैछ । न्याय सम्पादनकै आदर्शका आधारमा "पञ्च परमेश्वर" भन्ने लोकोक्ति प्रचलित हुन आएको हो । यसै पञ्चायत–संस्कारलाई ग्रामीण सुधार र विकासका प्रयोजनका निम्ति प्रयोग गर्ने प्रयास २०१७ सालको ऐतिहासिक शाही कदमपछि गर्न थालियो ।

पञ्चायतलाई नेपालका राज्यव्यवस्थाका रूपमा विस्तारित र विकसित गर्ने अठोट स्वर्गीय श्री ५ महेन्द्रबाट गरिबक्सिएको हो । दुई विशाल छिमेकी राष्ट्रका बीचमा भूपरिवेष्टित रूपमा रहेको स्वतन्त्र राष्ट्र नेपालमा प्रचलित हिन्दू राज्यव्यवस्थाका राजतन्त्रात्मक मूल्य र व्यवहारबाट अनुप्राणित नेपाली राजनैतिक संस्कार तथा जन–जनसम्म भिजेको पञ्चायतको राष्ट्रिय संस्कारलाई मूल आधार तुल्याई राष्ट्रवादी, प्रजातन्त्रवादी र समाजवादी राजनैतिक मूल्य–संस्कारका कतिपय उपयुक्त मान्यतालाई पनि समेटी मौसूफबाट निर्दलीय प्रजातान्त्रिक मौलिक पञ्चायत राज्यव्यवस्थाको प्रवर्तन गरिबक्सेको बुझिन्छ । नेपालको संविधान २०१९ अन्तर्गत पञ्चायतले मुलुकको राज्यव्यवस्थाको हैसियत प्राप्त गऱ्यो र यसै पञ्चायत राज्यव्यवस्था अन्तर्गत संवैधानिक रूपमा पञ्चायतका स्थानीय निकायहरूको पनि प्रादुर्भाव भयो ।

पञ्चायत व्यवस्थाका प्रारम्भिक कालमा स्थानीय पञ्चायतका तीन तहहरू रहे–गाउँ । नगर, जिल्ला र अञ्चल । यी स्थानीय निकायहरू तह–तह हुँदै राष्ट्रिय विधायिका स्वरूप राष्ट्रिय पञ्चायतमा जन–प्रतिनिधिहरूका छनौटका आधार पनि हुन आए ।

पञ्चायतका उपर्युक्त स्थानीय निकायका निम्नलिखित मुख्य भूमिकाहरू देखा परे:–

(१) गाउँदेखि तह–तह हुँदै राष्ट्रिय विधायिकाका सदस्यहरूको छनौट गर्ने निर्वाचकमण्डलको भूमिका,

(२) त्यस माध्यमद्वारा पञ्चायत राज्यव्यवस्थाको राष्ट्रिय राजनैतिक परिचालनमा व्यापक जनसहभागिता समेट्ने संस्थागत भूमिका,

(३) क्रमिक, विकेन्द्रीकरणका सिलसिलामा स्थानीय स्वशासनतर्फको संस्थागत भूमिका,

(४) उक्त सन्दर्भमा नै राष्ट्रिय विकाससंगै समानुपातिक स्थानीय विकासको परिचालन गर्ने निकायको भूमिका,

(५) स्थानीय विकासका क्रममा स्थानीय साधन, स्रोत, श्रम, सीप एवं प्रतिभाको परिचालनद्वारा व्यापक जनसहभागिताको प्रक्रिया अंगाल्दै विकासको फल जन–साधारणसम्म पुऱ्याउने माध्यमसमेतको भूमिका ।

पञ्चायत व्यवस्थाका प्रारम्भिक व्यावहारिक अनुभवहरूका आधारमा प्रथम संविधान संशोधन (२०२३) पछि अञ्चलस्तरीय कार्यकारिणी निकायलाई खारेज गरी अञ्चलसभा मात्र राखियो र खासगरी स्थानीय पञ्चायतका कार्य-कारिणी निकायका दुई तहमात्र हुन आए–गाउँ । नगर र जिल्ला / अझै पनि राष्ट्रिय विधायकहरूका निर्वाचकमण्डलका रूपमा चाहिं अञ्चलसभाको भूमिका विशिष्ट नै रह्यो ।

२०३२ सालको दोस्रो संविधान संशोधन पश्चात् पञ्चायत निकाय र वर्गीय संगठनका बीच तादात्म्य बढाउन 'पञ्चायतका वर्गीय संगठन' भन्ने उल्लेखका साथै पञ्चायतका कुनै पनि निकायमा निर्वाचित हुन वर्गीय संगठनको सदस्यता अनिवार्य गरियो । तर वर्गीय संगठनहरूको नवीन सदस्यता अभियान सम्पन्न हुन नसकेको अवस्थाले गर्दा उक्त अनिवार्यताको प्रावधान कार्यान्वित हुन सकेन । राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट लोकसम्मतिमूलक शाही परम्परा अनुरूप घोषणा गरिबक्सेको ऐतिहासिक जनमत संग्रह र त्यसमा सुधारिएको दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका पक्षमा प्राप्त भएको लोकसम्मतिका परिप्रेक्ष्यमा गरिएको तेस्रो संविधान संशोधन (२०३७) पश्चात प्रत्यक्ष बालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायतका सदस्यहरूको निर्वाचन हुने भयो । यसरी राष्ट्रिय पञ्चायत र स्थानीय पञ्चायतका

बीचको निर्वाचकमण्डलीय राजनैतिक सम्बन्ध समाप्त भएपछि अञ्चलसभाको संवैधानिक अस्तित्व भने त्यसले अंगालेका जिल्ला पञ्चायतहरूका समष्टि स्वरूप मा कायमै रहेको छ ।

परिवर्तित परिप्रेक्ष्यमा गाउँ / नगर र जिल्लास्तरमा शृङ्खलाबद्ध दुई तहका रूपमा क्रियाशील पञ्चायतका स्थानीय निकायहरू मुख्यत: (क) क्रमिक विकेन्द्रीकरण अनुरूप स्थानीय स्वशासनका एकाई, (ख) स्थानीय विकासका परिचालक माध्यम र (ग) पञ्चायती राजनीतिको लागि प्रारम्भिक माध्यमका रूपमा केन्द्रित हुन आए ।

वर्गीय संगठन ऐन २०३६ का साथै संविधान संशोधन समेतका सन्दर्भमा स्थानीय पञ्चायतहरूमा त्यस तहका वर्गीय संगठनका सभापतिहरू पदेन सदस्य रहने व्यवस्था भएबाट स्थानीय पञ्चायत र वर्गीय संगठनका बीचको तादात्म्यतिर जोड थपिन आएको छ । त्यस्तै पञ्चायतका राष्ट्रिय पञ्चायत लगायत सम्पूर्ण निकायमा उम्मेदवार हुन कुनै एक वर्गीय संगठनको सदस्य हुनु अनिवार्य भएबाट पनि उक्त तादात्म्यको पुष्टि हुन्छ ।

विकेन्द्रीकरण ऐन २०३९ (२०४१ सालमा भएको संशोधन समेत) बाट पञ्चायतका स्थानीय निकायहरूको दायित्व र अधिकारमा विशेष अभिवृद्धि हुन आएको छ । पञ्चायत व्यवस्थाका २५ वर्षका इतिहासमा विकेन्द्रीकरणतर्फको क्रमिक प्रक्रियाले वर्तमान बिन्दुसंम आइपुगी लिएको निर्णायक मोडबाट स्थानीय स्वशासन र विकासका अत्यन्त महत्वपूर्ण एकाईका रूपमा गाउँ, नगर र जिल्ला पञ्चायतहरू देखापर्न आएका छन् ।

## १. २. वर्गीय संगठनको ऐतिहासिक रूपरेखा

नेपालमा प्राचीन कालदेखि नै विविध व्यवसायवर्गहरूको गोष्ठी (गुठी) आदिका माध्यमबाट व्यावसायिक संगठनको परम्परागत रूप रहँदै आएको हो । खासगरी २००७ सालको राष्ट्रिय राजनैतिक परिवर्तनपश्चात् राजनैतिक र वर्गव्यवसायगत दोहोरो सन्दर्भमा वर्गीय एवं व्यावसायिक संगठनहरू देखा परेका हुन् । तत्कालीन दलीय राजनीतिका परिप्रेक्ष्यमा वर्गीय शक्तिलाई विविध दलका संगठन र प्रचारका माध्यमका रूपमा समेत उपयोग गर्दै ती दलीय वर्गगत संगठनले वर्गगत जागरणका निम्ति आफ्ना प्रकारका खण्डित प्रकृतिका प्रारम्भिक भूमिका खेलेका पनि थिए । बहुदलीय प्रजातन्त्रवादी वा एकदलीय साम्यवादी राज्यव्यवस्था भएका विविध मुलुकका ढांचामा संगठित ती दलीय वर्गीय संगठनहरू खासगरी

किसान, मजदूर, महिला र युवकका साथै विद्यार्थी क्षेत्रमा पनि क्रियाशील रहेका हुन् । यिनले ती वर्गगत संगठनबाट दलीय राजनैतिक कार्यकर्ताको संगठन र प्रशिक्षणमा समेत भूमिका खेल्ने गर्दथे । निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका सूत्रपातका क्रममा राष्ट्रिय निर्देशन ऐन २०१८ अन्तर्गत वर्गीय (र व्यावसायिक) संगठनको स्थापना गर्ने उपक्रम थालियो । शुरूमा महिला, किसान मजदूर, युवक, विद्यार्थी र भूतपूर्व सैनिकका छ वटा वर्गीय संगठनको स्थापना गरियो । २०१९ सालको पञ्चायती संविधानले पञ्चायत व्यवस्थाका मेरूदण्डका रूपमा वर्गीय संगठनलाई अंगाल्यो र २०१९–२० सालसम्ममा विविध संगठनका प्रारम्भिक जिल्ला, अञ्चल र केन्द्रस्तरका निकायहरू संगठित भए । यस क्रममा मजदूर र विद्यार्थी संगठनका संगठनात्मक ढांचामा केही फरक रह्यो भने विद्यार्थी संगठनको चुनाव २०२२ सालतिर मात्र भयो । तर यो विद्यार्थी संगठन छिटैनै विघटित भई पछि खारेज पनि गरियो । महिला, किसान, मजदूर, युवक र भू. पू. सैनिकका संगठनहरूबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्वहुने व्यवस्था भएबाट यिनीहरू पञ्चायतको राष्ट्रिय राजनैतिक रूपरेखासंग घनिष्ठ रूपमा आबद्ध अंगका रूपमा रहे । यस प्रतिनिधित्वबाट यी वर्गीय संगठनहरूको राजनैतिक आकर्षणमा अभि-वृद्धि हुनाका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत यिनको प्रतिष्ठा बढ्यो ।

निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थामा राजनैतिक र संगठनात्मक रूपमा वर्गीय शक्ति र कार्यकर्ताको परिचालनको एक महत्वपूर्ण माध्यमका रूपमा वर्गीय संगठनको भूमिकाको परिकल्पना गरिएको पाइन्छ । पञ्चायत राज्यव्यवस्था र विभिन्न जनवर्गका बीच संचारको दोहोरो प्रक्रियामा यी संगठनहरूको महत्वपूर्ण स्थान रहेको देखिन्छ । आफ्नो वर्ग लगायतका जनभावना र आकांक्षाका रचनात्मक अभिव्यक्तिका साथै पञ्चायत राज्यव्यवस्थाका मान्यता, सन्देश र कार्यक्रम आफ्नो वर्ग र त्यसद्वारा जनस्तरमा सम्म पुऱ्याउनु नै त्यो दोहोरो संचारको प्रक्रिया हो । वर्ग–वर्गका स्वार्थका बीचमा सामन्जस्य ल्याई वर्गसमन्वयका आधारमा शोषणरहित गतिशील समाजको रचना गर्ने पञ्चायती राज्यव्यवस्थाको लक्ष्यसंग यी संगठनहरू घनिष्ठ रूपमा आबद्ध रहेका पनि हुन् । आ–आफ्ना वर्गहितका निम्ति कार्य गरी सो वर्गलाई पञ्चायती व्यवस्थामा सहभागी गराउने र राष्ट्रिय एवं स्थानीय विकासमा सम्बन्धित वर्गीय शक्तिको संगठित परिचालन एवं सहभागिता जुटाउने माध्यमका रूपमा पनि यिनको योगदानको अपेक्षा राखिएको बुझिन्छ । यसरी पञ्चायत राज्यव्यवस्थाको राजनैतिक एवं विकास र सामाजिक पुनर्रचनासम्बन्धी लक्ष्यसंग आबद्ध रही वर्गशक्तिलाई वर्गहितका

साथै राष्ट्रहितका निम्ति परिचालित गर्ने मूलभूत अभिप्रायबाट यी वर्गीय संगठनहरू संस्थापित हुन आए । पञ्चायत व्यवस्था अन्तर्गत वर्गीय संगठनहरूको चार–चार वर्षे तीन कार्यकाल (२०१९।२०३२) पछि दोस्रो संविधान संशोधन (२०३२) का सन्दर्भमा यिनका संगठनात्मक ढांचामा एउटा आधारभूत परिवर्तन देखापर्‍यो । सो संविधान संशोधन अनुसार वर्गीय संगठन खास गरी गाउँ / नगर र जिल्लास्तरमा मात्र सीमित रहने प्रावधान गरियो । गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति अन्तर्गत एउटै वर्गीय संगठन केन्द्रीय सल्लाहकार समितिको व्यवस्था गरी त्यसमा तत्कालीन विकास क्षेत्रबाट प्रत्येक वर्गीय संगठनका चार चार जनाको मनोनीत प्रतिनिधित्वको व्यवस्था भयो । ती प्रत्येक वर्गीय संगठनका चारजना सदस्यले आलोपालो गरी आफ्नो वर्गीय संगठन सम्बन्धी नेतृत्व गर्ने समेत प्रावधान रह्यो । एकातर्फ वर्गीय संगठनको अञ्चलस्तरको खारेजी र केन्द्रस्तरको उपर्युक्त सीमित व्यवस्था र अर्कोतर्फ राष्ट्रिय पञ्चायतमा वर्गीय संगठनको तर्फबाट प्रतिनिधित्व हुने व्यवस्थाको खारेजीले गर्दा वर्गीय संगठनहरुमा शिथिलता आएको र तल्ला स्थानीय निकायहरू समेत अस्त–व्यस्त रहेको अवस्थाको फलस्वरूप वास्तविक तात्पर्यमा वर्गीय संगठनहरू उति क्रियाशील हुन पाएनन् । यतिखेर पञ्चायतको कुनै पनि निकायमा उम्मेदवार हुनका निम्ति कुनै एक वर्गीय संगठनको सदस्य हुनुपर्ने प्रावधान भने सकारात्मक महत्वको थियो तर लागू हुन सकेन ।

ऐतिहासिक जनमत संग्रहका सन्दर्भमा वर्गीय संगठनहरूको पुनर्स्थापनाको प्रयास पञ्च र वर्गीय कार्यकर्ताहरूका साझा तत्परताको फलस्वरूप थालियो । वर्गीय संगठन ऐन २०३६ लागू नभइसके तापनि अनौपचारिक रूपमा विभिन्न वर्गीय संगठनका केन्द्रीय तदर्थ समिति मार्फत मुलुकभरका विभिन्न वर्गीय कार्यकर्ताहरूले जनमत संग्रहमा निर्दलीय पञ्चायत व्यवस्थाको विजयका निम्ति गरेको योगदान महत्वपूर्ण रह्यो ।

राष्ट्रिय जनमत संग्रहबाट सामयिक सुधार हुँदै जाने निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका पक्षमा लोकसम्मति प्रकट भएपछि तदनुरूप गरिएको तेस्रो संविधान संशोधनले संवैधानिक रूपमा वर्गीय संगठनको संगठनात्मक स्वरूपको पुनर्स्थापना गर्‍यो। यस समयमा वर्गीय संगठनका केन्द्रीय र अञ्चल तहको समेत पुनर्स्थापनाका साथै थप प्रौढ संगठनको पनि प्रावधान गरियो । यो संविधान संशोधन र सम्बन्धित ऐन–नियमहरूमा भएको संशोधन अनुसार पञ्चायत र वर्गीय संगठनका बीच तादात्म्यको अभिवृद्धिका निम्ति थप व्यवस्थाहरू हुन आए ।

तदनुसार गाउँ / नगर र जिल्ला पञ्चायतमा त्यस तहका वर्गीय संगठनका सभापतिहरू पदेन सदस्य रहने र संविधानको धारा ४१ ख. अनुसार पञ्चायत व्यवस्थाको संवर्धनका लागि चाहिने सम्पूर्ण कार्यवाही संवैधानिक गर्ने अधिकार प्राप्त पञ्चायत नीति तथा जाँचबूझ समितिमा वर्गीय संगठनका केन्द्रीय प्रतिनिधिहरू सदस्य रहने समेत व्यवस्था गरिएको छ । साथै पञ्चायतका कुनै पनि तहमा उम्मेदवार हुनका निम्ति कुनै एक वर्गीय संगठनको सदस्यतासमेत अनिवार्य हुने व्यवस्था कायमै रहेको छ । यसरी "पञ्चायतका वर्गीय संगठन" भन्ने संवैधानिक उल्लेखलाई सार्थक तुल्याइएको पाइन्छ ।

संविधान र सम्बन्धित ऐनहरूमा भएको संशोधनका आधारमा ६ वटा वर्गीय संगठनहरूको गाउँ / नगर, जिल्ला, अञ्चल र केन्द्रस्तरको चुनाव २०३६ सालमा सम्पन्न भयो । यसरी सात–आठ वर्षको शिथिलता र अस्त–व्यस्तको अन्तराल अवधि पार गरी पञ्चायतका वर्गीय संगठनहरू वर्तमान बिन्दुसम्म आइपुगेका छन् ।

## २. स्थानीय पञ्चायत र वर्गीय संगठनबाट राखिएका अपेक्षा

### २. १. स्थानीय पञ्चायतबाट राखिएका अपेक्षा

पुरानो राज्यप्रणालीमा पनि राज्यका आज्ञा जनतासम्म र जनभावना र जनआकांक्षा केन्द्रसम्म संचालित गर्ने पम्परम्परागत माध्यम हुने गर्दथे । यसरी केन्द्र र स्थानीय जनताको बीचको संचारतन्त्रको कामगर्ने द्वारे, थरी, मुखिया, जिम्मवाल र जमीनदार जस्ता पुस्तेनी तत्वहरू २००७ सालको राष्ट्रिय राजनैतिक परिवर्तन पछि संचार माध्यमका रूपमा प्रभावहीन हुन थाल्नु स्वाभाविकै थियो । तत्कालीक दलीय वातावरणमा राजनैतिक दलका शाखा–प्रशाखा र कार्यकर्ताहरूले आंशिक रूपमा जन–संचारको सो कार्य गर्न खोजे । सत्तारूढ वा विरोधी दलका कार्यक्रम जनस्तरसम्म लैजाने र जनताका समस्या तथा माग–आकांक्षा केन्द्रसम्म पुऱ्याउने क्रममा ती दलीय र वर्गीय एकाई एवं कार्यकर्ताहरूको नयाँ भूमिका देखापर्न थाल्यो । राजनैतिक, आर्थिक एवं सामाजिक क्षेत्रका नयाँ दर्शन र विचार जनस्तरसम्म पुऱ्याउन र नयाँ परिप्रेक्ष्यमा जनआकांक्षा केन्द्रसम्म मुखरित गर्ने परम्परागत माध्यमभन्दा शिक्षित कार्यकर्ता अपेक्षाकृत बढी सहायक हुन सक्ने भए पनि गाउँ स्तरमा त्यस्ता कार्यकर्ता त्यति सुलभ रहेनन् । त्यसैले २००७ सालपछिका दशकमा जन–संचारका क्रममा देखा परेको यो नयाँ प्रक्रिया ज्यादा प्रभावकारी हुन आएन ।

राज्यको सन्देश देशका कुनाकुनामा आम जनता सम्म पुऱ्याउने र जनताका भावना र माग हृदयङ्गम गर्ने दृष्टिले स्वर्गीय श्री ५ महेन्द्रको देशदर्शन क्रम निकै प्रभावशाली सिद्ध भयो । निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्था सूत्रपात गर्ने क्रममा देशदर्शनको ठूलो अनुभवबाटै पञ्चायतका स्थानीय निकाय खडा गरी दोहोरो जन-संचारका प्रभावकारी माध्यमका रूपमा ती निकायहरूलाई प्रयोग गरियो । यस पृष्ठभूमिमा देशको समस्त भू-भाग, घर-घर र जन-जनसम्मलाई समेट्ने गरी तह-तहमा संगठित गरिएका यी स्थानीय पञ्चायत निकायहरू पञ्चायत राज्यव्यवस्थाका सन्देश र लक्ष्य तथा कार्यक्रम जनतासम्म फिंजाउँदै जनताका स्थानीय विकासका माग-आकांक्षा माथिसम्म मुखरित गर्ने प्रबल माध्यम रहेका छन् ।

पञ्चायत राजनीतिको महत्वपूर्ण मोड स्वरूप संविधानको तेस्रो संशोधन र विकेन्द्रीकरण ऐनका कार्यान्वयनका सन्दर्भमा पञ्चायतका स्थानीय निकायहरू मुख्यतः स्थानीय स्वशासन र स्थानीय विकासतर्फ लक्षित रहेका छन् र यिनले राज्य र स्थानीय जनताको बीचको दोहोरो संचारलाई समेत बल प्रदान गर्दछन् । यी स्थानीय पञ्चायत र वर्गीय संगठनका बीचको तादात्म्य सम्बन्धमा अभिवृद्धिका निम्ति गरिएका संस्थागत प्रावधानहरूबाट स्थानीय वर्गीय शक्तिलाई स्थानीय स्वशासन, विकास र राजनैतिक परिचालनको प्रक्रियाको साथै जन-संचारका माध्यमका रूपमा पनि उपयोग गर्ने प्रशस्त ठाउँ रहेको देखिन्छ । यसरी स्थानीय स्तरमा पञ्चायतका निकाय र वर्गीय संगठनहरू परस्पर पूरक हुन आएका छन् ।

उपर्युक्त परिप्रेक्ष्यमा स्थानीय पञ्चायतहरूबाट राखिएका प्रमुख अपेक्षाहरू यस प्रकार देखा पर्छन्:-

(क) विकेन्द्रीकरणका सन्दर्भमा पञ्चायती आदर्श र लक्ष्य अनुरूप गाउँ / नगर जिल्लाको स्थानीय स्वशासनको स्वच्छ एवम् जनमुखी छवि कायम गर्ने ।

(ख) विकेन्द्रीकरणका साथै सन्तुलित प्रादेशिक विकासको राष्ट्रिय नीति अनुरूप गाउँ/नगर र जिल्लाका जनताको जीवनस्तरमा सुधार र उन्नयनका निम्ति श्री ५ को सरकारको अनुदानका साथै स्थानीय स्तरमा उपलब्ध हुन सक्ने साधन, स्रोत तथा श्रम, सीप एवं प्रतिभा समेतको परिचालन गरी जनसहभागिता समेत जुटाई योजनाबद्ध स्थानीय विकासका निम्ति आवधिक फलदायी कार्यान्वयन समेत गर्ने ।

(ग) श्री ५ को सदिच्छा अनुरूप निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका नीति र उद्देश्य तथा पं.नी.जा.बू.स. का मार्गदर्शन अनुरूप पञ्चायत

राजनीतिक संस्कार र चरित्रलाई अंगाली सजग रही उपयुक्त राजनैतिक कार्यक्रमका आधारमा व्यवस्थाको राजनैतिक परिचालनलाई स्थानीय स्तरमा सघाउ पुर्‍याउने र आवश्यक परेमा इतर–विचारधाराको सक्षम प्रतीकारका निम्ति समेत कार्य गर्ने ।

(घ) स्थानीय वर्गीय संगठनहरूका माध्यमबाट वर्गीय शक्तिलाई समेत स्थानीय स्वशासन, सर्वतोमुखी विकास र सामाजिक र आर्थिक पुनर्रचनाका साथै पञ्चायती राजनैतिक परिचालनका लक्ष्य प्राप्तिका निम्ति निरन्तर उत्प्रेरित गर्ने ।

## २. २. वर्गीय संगठनबाट राखिएका अपेक्षा

संविधानको भाग १० "क" ले वर्गीय संगठनहरूलाई पञ्चायतका अभिन्न अंगका रूपमा मान्यता दिएको छ । निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले अंगालेको व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्गका हितमा सामञ्जस्य ल्याई प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जनाको साथै जन–कल्याणको अभिवृद्धि गर्ने उद्देश्यसंग वर्गीय संगठनहरू घनिष्ठ रूपमा आबद्ध छन् । यस क्रममा विभिन्न वर्गको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्रनिर्माणको काममा लगाउने र स्थानीय पञ्चायतहरूलाई जनपरिचालनमा सघाउ पुर्‍याउने प्रयोजनसंग पनि वर्गीय संगठनहरू जोडिएका छन् । त्यसैले संवैधानिक रूपमा नै वर्गीय संगठनहरू पञ्चायतका अंगका रूपमा देखिन्छन् र यी दुई अन्योन्याश्रित रूपमा रहेका छन् । पञ्चायत अन्तर्गत सबै वर्ग, व्यवसाय, समुदाय र जनलाई समेटेर परिचालित गर्नका लागि स्थापित गरिएका वर्गीय संगठनहरू पञ्चायत व्यवस्थाका मेरूदण्ड वा खम्बा हुन् । पञ्चायत राजनीतिको प्रभावकारी परिचालनमा कार्यकर्ताहरूको दृष्टिले पनि वर्गीय संगठनहरूको अत्यन्त महत्वपूर्ण भूमिका हुनु पर्ने देखिन्छ ।

वर्गीय संगठनका उद्देश्यहरू तर्फ दृष्टि दिंदा तिनबाट राखिएका प्रमुख अपेक्षाहरू यसप्रकार देखापर्छन्:–

(१) आ–आफ्नो वर्गलाई देश र नरेशका साथै पञ्चायत प्रणालीप्रति आस्थाशील, उत्तरदायी एवं कर्तव्य उन्मुख र जागरूक तुल्याउने,

(२) तदनुरूप आफ्नो वर्गको शक्तिलाई संगठित गरी राष्ट्रनिर्माणमा लगाउने ।

(३) वर्ग सामञ्जस्य तथा सहयोगको सिद्धान्त अनुरुप आ–आफ्नो वर्ग र वर्गीय कार्यक्रमलाई अन्य वर्ग र तिनका कार्यक्रमसंग समन्वित गर्ने ।

(४) आ–आफ्नो वर्गको हक, हित र उन्नतिका साथै प्रतिष्ठा बढाउने कार्यक्रम बनाई तिनको कार्यान्वयन गर्ने । यस क्रममा आफ्नो वर्गका सीप विकासका कार्यक्रमद्वारा आर्थिक विकासमा पनि सघाउ पुर्‍याउने ।

(५) स्थानीय पञ्चायतको जनपरिचालनमा सहभागी भई तिनका कार्यक्रमको सफल कार्यान्वयनमा सघाउ पुर्‍याउने ।

निष्कर्षमा देशभक्ति, राजभक्ति, पञ्चायती राजनैतिक कार्यकर्ताको भूमिका, वर्गहित, वर्गीय शक्तिलाई राष्ट्रनिर्माण र जनकल्याणमा उपयोग तथा स्थानीय पञ्चायतका विकास सम्बन्धी कार्यक्रम र जनपरिचालनमा सहयोग नै वर्गीय संगठनबाट राखिएका मुख्य अपेक्षा हुन् ।

पञ्चायत व्यवस्थाका ६ वटा वर्गीय संगठन मध्ये किसान र मजदूर, आर्थिक एवं पेशागत वर्ग देखिन्छन् भने भू. पू. सैनिक संगठन पनि एक प्रकारको पेशागत वर्ग न हो । बांकी तीन वर्गीय संगठन मध्ये चाहिं महिला संगठन नारी जातिसंग र युवा एवं प्रौढ संगठन चाहिं उमेरका अवस्था विशेषसंग सम्बन्धित छन् । त्यसैले यी वर्गीय संगठनहरूले आफ्ना वर्गीय विशेष प्रकृति अनुरूप वर्ग-हितका कार्यमा प्रवृत्त हुने अपेक्षा राखिनु स्वाभाविकै हो । त्यसैले यिनका वर्गीय कार्यक्रम पनि तदनुरूप नै प्रभावकारी हुनुपर्ने देखिन्छ ।

पञ्चायतका विभिन्न निकायहरू मध्ये राष्ट्रिय पञ्चायत विधायक निकाय भएको र पञ्चायतका स्थानीय निाकायहरू पनि निकै मात्रामा कार्य-कारिणी प्रकृतिका भएको परिप्रेक्ष्यमा पञ्चायतको राजनैतिक परिचालनमा विशेष रूपमा खट्ने र अगुवाई गर्ने कार्यकर्ताका दृष्टिले वर्गीय संगठनको आफ्नै प्रकारको भूमिका रहेको छ। पञ्चायतका निर्वाचकहरू आम नागरिक हुने भएकाले व्यवस्थाका राजनैतिक परिचालनका क्रममा वर्गीय संगठनका वैचारिक रूपमा प्रतिवद्ध सदस्य कार्यकर्ताहरूको जमातले विशेष भूमिका खेल्नु पर्ने र खेल्ने कुरा निर्विवाद नै छ । कुनै पनि पञ्चायत निकायले सदस्यताको अभियान गर्दैन र वर्गीय संगठनहरूबाटै पञ्चायतप्रति प्रतिबद्ध सदस्यहरू बनाइने हुनाले पञ्चायती कार्यकर्ताका दृष्टिबाट समेत वर्गीय संगठनको विशेष महत्व हुन आएको हो । अत:एव वर्गीय संगठनका कार्यकर्ताहरूको राजनैतिक जागरूकता र सक्रियताबाटै पञ्चायत राजनीति बलियो हुने र पञ्चायत इतर पक्षको चापको सक्षम प्रतीारक समेत हुने कुरा यहाँ उल्लेखनीय छ। कुनै न कुनै वर्गीय संगठनको सदस्यता विना पञ्चायतको उम्मेदवार हुन नपाउने व्यवस्थाले गर्दा सबै पञ्च वर्गीय कार्यकर्ता

हुन आएका छन् । वर्गीय संगठन पञ्चायती कार्यकर्ताको प्रवेशद्वार मात्र नभई अत्यन्त महत्वपूर्ण राजनैतिक कार्यस्थल पनि हो ।

पञ्चायत व्यवस्थाले परिकल्पना गरेको सामाजिक रूपान्तरणका निम्ति जनशिक्षा र सामाजिक सुधारका काम कुराहरू पनि अत्यावश्यक छन् । सामाजिक कुरीति र कुप्रथा एवं विविध विसंगति र विकृतिको रचनात्मक आलोचना यस क्रममा अत्यावश्यक हुन्छ । पद विशेषमा रहेका पञ्चहरूबाटभन्दा वर्गीय कार्यकर्ताहरूबाट जनशिक्षा र समाज सुधारको आदर्शको निर्वाह बढी मात्रामा हुन सक्छ । यस परिप्रेक्ष्यमा पनि वर्गीय कार्यकर्ताहरूको रचनात्मक जागरूकताको खांचो छ ।

यसरी पञ्चायत राजनीतिसंग वर्गीय संगठन घनिष्ठ रूपमा आबद्ध रहँदा रहँदै पनि दैनिक राजनीतिक उतार-चढाव र व्यक्तिगत एवं गूटगत स्वार्थ–समूहसंग आबद्ध हुनु चाहिं वर्गीय संगठन एवं वर्गीय कार्यकर्ताका निम्ति हानिकारक सिद्ध हुन्छ । त्यसैले पं. नी. जा. बू. स. को संस्थागत मार्गदर्शनमा रही वर्गीय संगठनहरू पञ्चायत राजनीतिका बृहत्तर परिधिमा र आफ्ना वर्ग सन्दर्भमा स्वस्फूर्त रूपमा क्रियाशील हुनु अपेक्षित देखिन्छ ।

वर्गीय संगठनका कार्यकर्ताका दुई मुख्य रचनात्मक उत्प्रेरणा हुने गर्दछन्– वर्गगत सेवाभाव र राजनैतिक आकांक्षा आफ्ना कार्यकर्ताका उत्प्रेरणाका यी दुवै कारकहरूलाई ध्यानमा राखी वर्गहितका कार्यक्रम एवं पञ्चायती राजनैतिक चरित्र, संस्कार र कार्यशीलताका माध्यमबाट वर्गीय संगठनहरूले गाउँ स्तरदेखि केन्द्रीय स्तरसम्म कार्यकर्ता परिचालन गर्नु अपेक्षित हुन आउँछ । जुन प्रकारले वर्गीय संगठनहरूको संगठनयन्त्र देशका कुनाकाप्चासंम विस्तारित रहेको छ तदनुरूप नै वर्गहित र राजनैतिक क्रियाशीलतालाई पनि व्यापक रूपमा परिचालित गर्ने आवश्यकता छँदैछ । यी संगठनहरुले आ–आफ्ना वर्गका हकहितको अगुवाई गरी सम्बन्धित वर्गसम्म पञ्चायती राजनीतिकको प्रभावकारिताको बोध गराउनु अत्यावश्यक छ ।

## ३. पञ्चायतका स्थानीय निकाय र वर्गीय संगठनका वर्तमान स्थिति तथा थिनको प्रभावकारी परिचालन सम्बन्धी आगामी नीति र कार्यक्रम ।

### ३.१ स्थानीय पञ्चायत सम्बन्धी वर्तमान स्थिति तथा आगामी नीति र कार्यक्रम ।

लगभग अढाई दशकको अभ्यासक्रमको फलस्वरूप पञ्चायतका स्थानीय निकायहरू सामान्यतः आफ्ना परिधिभित्र संविधानको तेस्रो संशोधन पश्चात्

पनि क्रियाशील नै रहेका छन् । परिवर्तित संवैधानिक परिप्रेक्ष्यमा राष्ट्रिय पञ्चायतको तहगत निर्वाचकमण्डलको भूमिका नरहेकाले यिनीहरु खासगरी स्थानीय स्वशासन र विकासकै दिशामा संलग्न रहेका छन् । साथै विकेन्द्रीकरण ऐनको कार्यान्वयनका क्रममा यतिखेर यी स्थानीय निकायहरूलाई विशेष दायित्वका साथै अधिकार पनि सुम्पिएको पाइन्छ । यसबाट यिनीहरूलाई आफ्नो स्थानीय जनताप्रति विशेष उत्तरदायित्व वहन गर्ने अवसरका साथै अपेक्षित अधिकार पनि प्राप्त भइरहेको छ । यो यिनीहरूका निम्ति एक महत्वपूर्ण चुनौतीका साथै अवसर पनि हुन आएको छ । निश्चयनै यसलाई पञ्चायतका स्थानीय निकायहरूका इतिहासमा देखापरेको ज्यादै नै महत्वपूर्ण मोडको संज्ञा दिन सकिन्छ ।

वर्तमान विन्दुसम्म आइपुग्दा स्थानीय पञ्चायतका निकायहरूमा राजनैतिक संस्कार र चरित्र भएका एवं शिक्षित र प्रबुद्ध व्यक्तिहरूको प्रवेशको क्रम बढ्दो नै देखिन्छ । यसबाट सक्षम स्थानीय नेतृत्वमा विकासका सम्भावनाहरू पनि बढ्दै आएका छन् । विकेन्द्रीकरण कार्यक्रम लागू हुन लागिरहेको मुहूर्तमा यसलाई शुभ–संकेत नै मान्नुपर्ने देखिन्छ । अहिलेसम्म अनुभव हुन आएका व्यावहारिक कठिनाई र अप्ठ्याराहरूलाई दृष्टिगत गर्दै स्थानीय पञ्चायतका निकायहरूको वर्तमान स्थितिको सामयिक समीक्षा गर्दा कतिपय टड्कारा समस्या समेत देखापर्न आएका छन् ।

पञ्चायतका स्थानीय निकायबाट राखिएका अपेक्षा र वर्तमान स्थितिमा यी निकायले बेहोर्नु परेका समस्यासमेतका परिप्रेक्ष्यमा पञ्चायतका स्थानीय निकायहरूका प्रभावकारी परिचालनका निम्ति आगामी समयमा अंगालिनु पर्ने नीति र कार्यक्रम सम्बन्धी मुख्य बूंदा तल प्रस्तुत छन्:–

१. विकेन्द्रीकरण अन्तर्गत स्थानीय स्वशासन र विकासका क्रममा र पञ्चायती राजनैतिक परिचालनका सन्दर्भमा पनि गाउँ पञ्चायत एकाईको महत्वपूर्ण स्थान रहेकोमा यो तह तदनुरूप हुनु पर्ने जति क्रियाशील हुन सकिरहेको छैन । अपेक्षित प्रभावकारी नेतृत्व प्रशिक्षण र स्थानीय परिचालन प्रक्रियाको कमी अधिकांश गाउँ पञ्चायतमा देखिन्छ । धेरैजसो गाउँ पञ्चायतको बैठकसम्म पनि नियमित रूपमा नबस्ने र गाउँ सभाको बैठक अत् कम मात्रामा गरिने हुँदा यो स्थानीय एकाई अधिकांशमा बढी सक्रिय रहन नसकेको बुझिन्छ । गा. पं. का कार्यकर्तामा राजनैतिक संस्कार र प्रवृत्तिका साथै सक्रियता अपेक्षाकृत कम भएकोले इतर विचारधाराको प्रतीकार र पञ्चायती विचारधाराको संगठित प्रसार गाउँ क्षेत्रमा गर्ने

सुनियोजित प्रयास कम मात्रामा मात्र हुन सकेको देखिन्छ । जिल्ला–जिल्लाका गाउँघरमा रहेका प्रबुद्ध वर्गलाई पञ्चायतका क्रियाकलापमा समेट्ने प्रक्रियाको समेत कमी देखिन्छ । साथै शिक्षित पञ्चायत कार्यकर्ताहरूमा कठिन ग्रामीण क्षेत्रमा समेत गई शिक्षकका रूपमा कार्यरत रही पञ्चायती संस्कार र कार्यकर्ताको अभिवृद्धि गर्ने उत्सर्गित हुने भावनाको पनि प्रायः कमी रहेको छ ।

उपर्युक्त विभिन्न सन्दर्भलाई दृष्टिगत गरी प्रथमतः गाउँस्तरका पञ्च (र वर्गीय कार्यकर्ता) हरूका राजनैतिक प्रशिक्षण र अभिमुखीकरण सम्बन्धी नियमित कार्यक्रम जिल्ला र क्षेत्रीय स्तरमा हुनु आवश्यक छ । यसरी पञ्चायती सक्षम ग्रामीण नेतृत्वको विकास सुनियोजित रूपमा गर्दै गाउँ क्षेत्रका पञ्च, वर्गीय कार्यकर्ताहरूका साथै शिक्षक वर्ग र अन्य प्रबुद्ध समुदायलाई पनि समेटेर पञ्चायती संस्कार तथा स्थानीय स्वशासन एवं स्थानीय विकासका सन्दर्भमा जागरूकता ल्याउने र इतर विचार-धाराका संगठनात्मक प्रयासको प्रतीकार समेत गर्नेतर्फ स्थानीय स्तरमा प्रयास गरिराख्नु पर्दछ । यसमा जिल्लास्तरबाट पनि समुचित मार्गदर्शन र उत्प्रेरणा प्रदान गरिनु पर्दछ । साथै गाउँ पञ्चायत र गाउँ सभाको बैठक नियमित रूपमा संचालन गर्ने र जिल्लास्तरबाट सो भए नभएको सुपरीवेक्षण गर्ने संस्थागत परिपाटी समेत कायम राखिनु पर्दछ । साथै प्रशासनिक हस्तक्षेप नगरी स्थानीय नेतृत्वलाई फस्टाउने अवसर दिइनु पर्दछ ।

२. गाउँ पञ्चायतको स्थानीय विकास सम्बन्धी सक्रियतामा वृद्धि हुनु अपेक्षित छ । यस क्रममा गाउँ र गाउँलेहरूका आधारभूत समस्या र आवश्यकताहरूको पहिचान गरी तिनका समाधानका साथै गाउँका समुन्नतिका निम्ति अपेक्षित गुरु योजनाको तर्जुमा हुनुपर्दछ । जिल्ला-स्तरबाट उपलब्ध अनुदान र जनसहभागिताको परिचालनसंगै गाउँ सभाबाट तोकिए अनुसार गाउँ पञ्चायत कोषको संबर्धनतर्फ समेत समुचित प्रयास गरी उपलब्ध साधनस्रोतका आधारमा प्राथमिकता तोकी उक्त योजना लागू हुनुपर्दछ । यसरी चरणबद्ध आवधिक कार्यक्रमका आधारमा तिनको कार्यान्वियन गर्ने सुव्यवस्थित परिपाटी बसालिनु आवश्यक छ । यस सक्रियताका क्रममा गाउँका विकासका निम्ति जन-सहभागिताको परिचालन गर्दा कुनैपनि जनश्रम खेर नजाओस् र कुनै

पनि थालिएको योजना अधूरो नहोस् भन्ने कुरामा विशेष ध्यान दिनु पर्दछ ।

३. स्थानीय विकासका सन्दर्भमा जिल्ला अनुदान ६० प्रतिशत र गा. पं. को जनसहभागिता ४० प्रतिशत हुनुपर्ने वर्तमान प्रावधान भएकोमा अधिकाँश गा. प. मा सो ४० प्रतिशत जुटाउन कठिन परेको देखिन्छ । स्थानीय विकास आयोजनाको बढ्दो ठूलो स्वरूप र प्राविधिक प्रकृतिले गर्दा पनि यो कठिनाई पर्न आएको छ । बाटो खन्दा बाहेक अन्यत्र दक्ष श्रमबाट ४० प्रतिशत जनसहभागिता जुटाउन कठिन नै हुन आएको छ । २०२०–२०२१ सालदेखिको गाउँफर्क कार्यक्रम समेतको निकै श्रमदान मध्ये कतिपय श्रमदान समयमै सरकारका तर्फबाट सो विकास आयोजनालाई अनुदान प्राप्त नहुँदा खेर पनि गएको र श्रमदानको त्यो लहर अब कम भएको हुँदा समेत गाउँको उक्त सहभागिताको मात्राबारे पुर्नविचार गर्नु आवश्यक हुन आएको छ। तसर्थ स्थानीय विकास आयोजनाका सन्दर्भमा गाउँ पञ्चायतको जनसहभागिताको मात्रा सामान्यतः २० प्रतिशत भए पुग्ने प्रावधान हुनु अपेक्षित छ ।

४. कतिपय नगर पञ्चायतका क्रियाकलापमा नगर पञ्चायत र नगरसभाका साथै वडा अध्यक्ष र वडा समितिका बीच अधिकार र उत्तरदायित्वको समझदारीका कमीले सामन्जस्य आउन नसकी नगर र वडाका विकासमा शिथिलता देखापरेको अनुभव गरिएको पाइन्छ । नगरका वडा समिति-हरूको नियमित बैठक पनि प्रायः हुने गरेको छैन । त्यसैले नगर पञ्चायत-हरूका क्रियाकलापका क्रममा नगर पञ्चायत र नगर सभाहरूका बीच आ–आफ्ना परिधिभित्र व्यापक समझदारी र सामूहिक क्रियाशीलताको स्वस्थ तथा रचनात्मक वातावरण सृजित गर्ने दिशामा सबै तर्फबाट प्रयास हुनु अपेक्षित छ । साथै नगरका वडा समितिहरूको बैठक नियमित रूपमा भइरहने तर्फ सजगता अपेक्षित रहेको छ र यसमा नगर पञ्चा-यतबाट समेत आवश्यक रेखदेख गरिनु पर्दछ ।

५. आजको शहरीकरणको बढ्दो क्रम र शहर तथा शहरबासीका समस्याको निराकरण एवं नगरको समुन्नतिको बढ्दो चुनौतीपूर्ण आयाम तथा नगरपञ्चायत कोषको स्रोतको सीमालाई समेत दृष्टिगत गर्दा नगर पञ्चायतका ऐन नियममा उल्लेखित कर्तव्यहरूको र अधिकारका साथै साधन–स्रोतको वर्तमान निर्धारण अपर्याप्त देखिन्छ । त्यसैले नगर र

नगरवासीहरूका आधारभूत समस्या र आवश्यकताहरूको परिचालन गरी समाधानका साथै नगरकासमुन्नतिका निम्ति गुरुयोजनाको तर्जुमा उपलब्ध हुन सक्ने साधन स्रोतका आधारमा प्राथमिकता तोकी चरणबद्ध आवधिक कार्यक्रमका आधारमा तिनको कार्यान्वयन गर्ने सुव्यवस्थित परिपाटी बसालिनु पर्दछ । यस क्रममा नगर पञ्चायतहरू, नगर र वडाहरू तथा तिनका बासिन्दाहरूको समस्या तथा कल्याणप्रति सजग तथा क्रियाशील छन् भन्ने आवश्यकता नगरवासीहरूमा संचारित गर्ने तर्फ उचित जोडसमेत दिइनु अपेक्षित छ ।

६. नगर पञ्चायत र नगर विकास समितिकाबीच समन्वयको कमी भएको, राष्ट्रिय योजना आयोग अन्तर्गत नगर योजना सम्बन्धी उचित प्राथमिकता प्राप्त नभएको र पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत नगर विकास सम्बन्धी छुट्टै प्रशाखा नरहेको हुँदा पनि नगर विकासमा कठिनाई परेको महसूस गरिएको पाइन्छ । यसका निराकरणका निम्ति नगर विकास समितिमा नगर पञ्चायतको समुचित प्रतिनिधित्व हुने, नगर–समस्या र नगरविकासको बढ्दो आयाम अनुरूप राष्ट्रिय योजना आयोगबाट नगरविकासलाई उचित प्राथमिकता प्रदान गर्ने र स्थानीय विकास मन्त्रालय अन्तर्गत नगर विकास महाशाखाको स्थापना गर्नेतर्फ आवश्यक चाँजोपाँजो मिलाइनु अत्यावश्यक छ ।

७. नगर पञ्चायत र जिल्ला सभाका बीच पारस्परिक समझदारीको कमीले गर्दा कतिपय अवस्थामा असामञ्जस्यको स्थितिको सिर्जना भएको पाइन्छ । यसका निराकरणका निम्ति उचित रचनात्मक परिपाटी कायम गर्नेतर्फ सोचिनु र समझदारीसमेत विकसित गर्नु अत्यावश्यक छ ।

८. गाउँ पञ्चायतको निजी कोष कमै मात्रामा खडा हुन सकेको छ । चुनावी राजनीतिका सन्दर्भमा परम्परागत करसम्म पनि प्रायः नउठाउने प्रवृत्तिले गर्दा गा. पं. कोष कमजोर रहने गरेको छ । स्थानीय कर उठाउने साहस र त्यसको रचनात्मक सदुपयोग गर्ने प्रवृत्ति कम देखिएकोले गा. पं. को अधिकार र कर्तव्यक्षेत्र ठूलो भएपनि तद्नुरूप कार्यसम्पादन प्रायः नभएको पाइन्छ । नगर पञ्चायतहरूमा संभव कर स्रोतहरूको चासो निकै रहे तापनि त्यस क्रममा कतिपय कठिनाईहरू पनि रहेका छन् । नगर पञ्चायतबाट उठाइएको करको ५ प्रतिशत जिल्ला पञ्चायतलाई

दिने परिपाटीमा चाहिं समझदारीको कमी समेत देखिन्छ । यी विभिन्न परिप्रेक्ष्यमा जिल्ला पञ्चायत, गाउँ पञ्चायत र नगर पञ्चायत कोषको अभिवृद्धिका निम्ति उपलब्ध र संभाव्य स्रोतहरूलाई सम्बन्धित जिल्ला-सभा, गाउँसभा र नगरसभाले तोके अनुसार जनसाधारणमा विशेष आर्थिक बोझ नपर्ने गरी परिचालित गर्नेतर्फ सुव्यवस्थित प्रयास गरिनु अपेक्षित छ । साथै स्थानीय व्यक्तिहरूको कीर्ति राख्ने र दानधर्म एवं सेवा गर्ने प्रवृत्तिका आधारमा पनि स्रोत–साधनको परिचालन गर्नेतर्फ चासो लिइनु पर्दछ । उपर्युक्त स्थानीय निकाय बाहेक अरू पक्षबाट स्थानीय कर लगाइनु हुँदैन ।

९. जिल्ला पञ्चायत, नगर पञ्चायत र गाउँ पञ्चायतका ऐन–नियममा कतिपय त्रुटि र पारस्परिक असामन्जस्यसमेत देखिन आएबाट व्यावहारिक कठिनाईहरू पर्न आएको महसूस गरिएको छ । साथै नगरविकाससंग सम्बन्धित विभिन्न ऐनमा पनि सामन्जस्यको कमी महसूस हुन आएको छ । उपर्युक्त परिप्रेक्ष्यमा जिल्ला पञ्चायत, नगर पञ्चायत र नगर विकास एवं गाउँ पञ्चायत सम्बन्धी वर्तमान ऐन नियमहरूमा व्यवहारका क्रममा देखापर्न आएका कतिपय त्रुटि, अपर्याप्तता र असामन्जस्य समेतको समुचित निराकरणका निम्ति सम्बन्धित सबै क्षेत्रका प्रतिनिधिसमेत भएको ऐन–नियम पुनरावलोकन समितिको गठन गरी त्यसको सिफारिश अनुसार आवश्यक सुधार–संशोधन हुन आवश्यक छ ।

१०. स्थानीय पञ्चायत तर्फ नवागन्तुकहरूको प्रवेश हुनु पञ्चायतको राजनैतिक शक्ति र विजयकै सूचक हो  तर तिनलाई अपेक्षित पञ्चायती अभिमुखीकरण प्रदान गर्ने प्रभावकारी प्रक्रिया स्थापित हुन नसकेबाट अप्ठ्यारा समस्याहरू सिर्जना भएको पाइन्छन् । यस्तै राजनैतिक कारणले कतिपय जिल्ला पञ्चायतको (सभासमेत) विघटन र पुनर्निर्वाचन भएको छ । पञ्चकार्यकर्ताहरूका बीच आपसी पक्ष–विपक्ष भई आपसी खिचातानीबाट पनि कतिपय स्थानीय निकायका कार्य संचालनमा कठिनाई परेको अनुभव गरिएको पाइन्छ । यस क्रममा केही नगर पञ्चायत (नगर सभासमेत) को विघटन र पुनर्निर्वाचन पनि भएको देखिन्छ । समयमै पारस्परिक गुटबन्दी र तनावको उचित समाधान निकाली पञ्च–एकता कायम गर्ने परिपाटीको कमी पञ्चकार्यकर्ताहरूद्वारा महसूस गरिएको छ ।

तसर्थ स्थानीय पञ्चायत निकाय (र वर्गीय संगठन) का कार्यकर्ताहरूकाबीच गूटबन्दी र मनोमालिन्यको निराकरण समयमै गराई पञ्चायती व्यापक समझदारी र पञ्च–एकताका भावनाको विकासमा जोड दिइनु पर्दछ । साथै नवागन्तुक पञ्च र वर्गीय कार्यकर्ताहरूलाई समेट्दै सुव्यवस्थित स्वरूपमा पञ्चायती प्रशिक्षण तथा अभिमुखीकरण प्रदान गर्ने क्रममा विशेष प्राथमिकता समेत दिइनु अपेक्षित छ । आपसी गूटबन्दी र गलत प्रतिस्पर्धाबाट सम्बन्धित संस्थाको क्रियाशीलता र छवि धमिलिने स्थितिको सामयिक निराकरण गरी विघटन र पुन:निर्वाचनको स्थितिलाई आउन नदिने संस्थागत प्रयासतर्फ प. नी. जा. बू. स. र सम्बन्धित मन्त्रालयसमेत सजग र क्रियाशील रहिरहनु पर्दछ । साथै स्थानीय पञ्चायतका केही व्यक्ति विशेषका अकर्मण्यता र गलत कार्यवाहीले गर्दा सिर्जिएका समस्याको निराकरणका क्रममा सम्बन्धित पदाधिकारी वा सदस्यमाथि मात्र राम्ररी छानबीन गरी कार्वाही केन्द्रित गर्न सकिने र पूरै संस्थाको विघटन नगरिने प्रावधान हुनुपर्दछ ।

११. विकेन्द्रित स्थानीय विकासको लक्ष्य बमोजिम श्री ५ को सरकारको बजेट तर्जुमा नभएको भन्ने स्थानीय पञ्चायत निकायहरूका गुनासोलाई दृष्टिगत गर्दै राष्ट्रिय कार्यक्रम स्वरूप विकेन्द्रीकरणलाई प्रभावकारी तुल्याउनेतर्फ समेत राम्ररी दृष्टि पुऱ्याई श्री ५ को सरकारको वार्षिक बजेटको तर्जुमा गर्ने कुरा व्यावहारिक रूपमा पनि लागू हुनुपर्दछ ।

१२. केन्द्रबाट स्थानीय आयोजनाका निम्ति तोकीएको बजेट समयमै जिल्लामा उपलब्ध नहुँदा मंसीरभित्रै जिल्लासभाको निर्णय भई हिउँदको उपयुक्त मौसममा स्थानीय विकास कार्य संचालन गर्न कठिनाई पर्ने गरेको छ । यो कठिनाई दुर्गम भेगमा अझ बढी मात्रामा पर्ने गरेको देखिन्छ । तसर्थ केन्द्रबाट स्थानीय आयोजनाका निम्ति तोकिएको बजेट समयमै उपलब्ध गराउने परिपाटी बसाली हिउँदका उपयुक्त मौसममा विकासकार्यको प्रारम्भ गर्न सकिने उत्साहपूर्ण वातावरणको सृजना गरिनु आवश्यक छ ।

१३. कतिपय अधूरा योजनाले गर्दा गाउँ र जिल्लास्तरमा प्रतिकूल प्रभाव पर्न लागेको छ । समयमै योजना पूरा गर्नेतर्फ तदारूकता सहितको सुपरीवेक्षण र मूल्यांकन परिपाटीको सुदृढीकरणको कमीले चुहावट पनि बढ्दो देखिन्छ । त्यसैले तोकिएको समयमै स्थानीय विकास आयोजना पूरा गर्ने र त्यस क्रममा प्राविधिक र प्रशासनिक एवं खासगरी जन–सेवीहरू-

बाट चुहावटको पूर्ण निगरानी गरिने सुपरीवेक्षण एवं मूल्यांकन परिपाटी स्थापित गर्दै लैजानेतर्फ प्रयास हुनु अत्यावश्यक छ । साथै स्थानीय विकास आयोजनाका रकमहरूको लेखा नियन्त्रण र परीक्षणलाई निश्चित समयमा अनिवार्य रूपले नियमितताका साथै कार्य सम्पादन (पर्फमेन्स अडिटिङ) समेतमा आधारित गरिनु अपेक्षित छ ।

१४. विशेष कार्यक्रम अन्तर्गत संस्थागतभन्दा पञ्च विशेषको तजविजमा विकास रकम दिइने र खर्चिने प्रवृत्तिबाट स्थानीय पञ्चायत निकायको संस्थागत विकासमा प्रतिकूल असर पर्न आएको छ । तसर्थ पञ्च विशेषका तजविजमा स्थानीय विकास आयोजनाको रकम दिइने र खर्चिने प्रवृत्तिलाई कम गर्ने र त्यस्ता विशेष कार्यक्रममा समेत स्थानीय पञ्चायत निकायहरूको राय सल्लाहलाई समुचित प्राथमिकता दिने संस्थागत परिपाटी बसालिनु अत्यावश्यक छ । साथै पञ्चायतका विभिन्न पदका उम्मेदवारहरू तथा निर्वाचित जन-प्रतिनिधिहरू समेतले पञ्चायत व्यवस्थाको छवि र स्थानीय विकासलाई संस्थागत रूपमा प्रभावकारी ढंगले परिचालित गर्ने कुरामा नै विशेष जोड दिने प्रवृत्ति समेत स्थापित गर्दै लैजानु पर्दछ । त्यस्तै प्रत्येक आवधिक योजनाका क्रममा बहुमुखी स्थानीय विकासका साथै तत्सम्बन्धी कुनै एक पक्षमा विशेष जोड दिई सो पूरा गर्ने समेत परिपाटी अंगालिनु पर्दछ ।

१५. कतिपय जिम्मेवार व्यक्तिहरूबाट पूरै जिल्लालाई भन्दा आफ्नो मतदाताहरूको अनुकूलताका आधारमा जिल्लाका खास खास क्षेत्रका विकासतर्फ विशेष ध्यान दिने गरिएको छ भन्ने गुनासो भेटिन्छ । तसर्थ सबै तर्फबाट जिल्लाको आवधिक स्थानीय विकास योजना र विशेष कार्यक्रम अन्तर्गत पनि जिल्लाका पिछडिएको क्षेत्रमा विशेष ध्यान दिनाका साथै सन्तुलित क्षेत्रगत विकासको नीतिको अवलम्बन गरिनु पर्दछ ।

१६. स्थानीय पञ्चायत र वर्गीय संगठनका बीच तादाम्य सम्बन्ध र अन्तक्रियाका निम्ति एक सकारात्मक पाइलाका रूपमा स्थानीय पञ्चायतमा त्यस तहका वर्गीय संगठनका सभापतिहरूको पदेन सदस्यताको प्रावधान गरिएकोमा कतिपय निकायहरूमा यसको अपेक्षित अनुकूल परिणाम प्रकट नभई कतिपय समस्याहरू समेत देखिन आएको पाइन्छ । पञ्च र वर्गीय कार्यकर्ताहरू बीचको समझदारी र परस्पर पूरकतामा सम्बद्ध सबै पक्षबाट जोड दिई यसको निराकरण हुनु अपेक्षित छ ।

१७. विभिन्न तह र निकायका पदहरूका निर्वाचनका प्रतिस्पर्धाका क्रममा पैदा भएका मतभेदलाई कुनै पनि पक्षबाट विस्तारित गरिनु हुँदैन र सबै पञ्च कार्यकर्ताहरू व्यवस्थाका साझा लक्ष्य प्राप्तिका निम्ति उत्सर्गित र परस्पर आबद्ध छन् भन्ने भावनालाई व्यवहारमा पनि चरितार्थ तुल्याइनु अपेक्षित छ। साथै पञ्चकार्यकर्ताहरू माथि कुनै पनि प्रकारको प्रशासनिक थिचोमिचो नगरिने स्वस्थ परिपाटी बसाल्नु पनि अत्यावश्यक छ।

१८. पञ्चायतका स्थानीय निकायका विभिन्न तहका नेतृत्व र कार्यकर्ताहरूमा पञ्चायती राजनैतिक जागरूकता र प्रखरता समुचित मात्रामा विकसित गर्न अपेक्षित राजनैतिक परिचालन र प्रशिक्षण कार्यक्रम पर्याप्त रूपमा नभएको महसूस गरिएको पाइन्छ। पदाधिकार र त्यसका सुविधातर्फ विशेष आकर्षित हुनुको सट्टा राजनैतिक एवं विकास कार्यक्रमतर्फ बढी अभिप्रेरित गर्ने वातावरणको कमी पनि अनुभव गरिएको देखिन्छ। तसर्थ निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्थाका उद्देश्य, लक्ष्य, मान्यता एवं विकेन्द्रीकरण कार्यक्रमको सफल कार्यान्वयन प्रक्रियालाई समेत दृष्टिगत गरी स्थानीय पञ्चायतका विभिन्न निकाय र स्थानीय वर्गीय संगठनका पदाधिकारी र कार्यकारिणी सदस्यहरूलाई प्रशिक्षण शिविर-हरूको आधारमा पञ्चायतका विभिन्न पक्ष र विकेन्द्रीकरणका स्थानीय स्वशासन र विकास एवं वर्गीय गतिविधि सम्बन्धी प्रभावकारी क्रमिक प्रशिक्षण र अभिमुखीकरण प्रदान गर्ने योजनाबद्ध प्रयास पं. नी. जा. बू. स. का तर्फबाट हुनु पर्दछ।

१९. कर्मठ र इमान्दार पञ्चलाई उचित प्रोत्साहन तथा पुरस्कार दिने एवं अनियमित कार्य गर्ने र निष्क्रिय एवं भ्रष्ट कार्यकर्ताको छानवीन र सजायँ-को व्यवस्था गर्ने प्रभावकारी संस्थागत अनुशासन एवं मूल्यांकनको परि-पाटीको कमीबाट पञ्च कार्यकर्ताहरूका मनोबलमा प्रतिकूल असर परेको बुझिन्छ। कतिपय गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतका पदाधिकारीहरू पदारूढ रहनमा नै संघर्षशील रहनुपर्ने र आफ्नै अस्तित्व र भविष्यको सवालमा बढी अल्झिने अवस्था समेतले गर्दा पञ्चायती राजनैतिक चरित्र र स्थानीय विकास कार्यको उचित परिचालनमा बाधा पुगेको अनुभव समेत गरिएको पाइन्छ।

त्यसैले स्थानीय पञ्च र (वर्गीय कार्यकर्ता) को पदीय दायित्व सम्बन्धी कार्यसम्पादनको र पञ्चायती प्रतिवद्धता, प्रखरता, कर्मठता,

इमान्दारी र स्थानीय स्वशासन एवं विकास तथा वर्गीय गतिविधि र जन परिचालन सम्बन्धी देनको उचित मूल्यांकनका आधारमा पुरस्कृत, प्रोत्साहित तथा दण्डित गर्ने स्वस्थ परिपाटी बसालिनु अत्यावश्यक हुन आएकोछ । यस क्रममा पञ्च आचार–विधिको पालनालाई प्रमुख आधार बनाइनु पर्दछ । पञ्चायत र वर्गीय संगठनका विभिन्न पदको पदीय राजनैतिक दायित्व समेतको सुस्पष्ट व्याख्या हुनुपर्ने र सो पदीय दायित्व पूरा गरे नगरेको मूल्यांकन समेत गरिनु पर्छ ।

२०. जिल्ला र गाउँ सिमाना सम्बन्धी कतिपय समस्याहरू अझै पनि समुचित रूपमा निर्धारित नहुँदा स्थानीय रूपमा कठिनाईहरूको अनुभव गरिएको छ । तसर्थः–

क) गाउँ पञ्चायत क्षेत्रको हालको सिमांकन सम्बन्धी विवादग्रस्त प्रतिक्रियालाई दृष्टिगत गरी प्राकृतिक स्वरूप, सिमाना, जनसंख्या, आर्थिक दृष्टिकोण, क्षेत्रफल, आवागमनको सुविधा, व्यावहारिक रूपमा पायक, विकासको सम्भाव्यता, सांस्कृतिक दृष्टि आदि वैज्ञानिक आधार अनुरूप स्थानीय पञ्चायतहरूको प्रतिक्रिया हेरी जन प्रतिनिधिहरूको राय समेत लिई जनमुखी समितिको सल्लाह अनुरूप राष्ट्रिय पञ्चायतको आगामी चुनावपछि सुधार गरिनु पर्दछ ।

ख) जिल्लाको सिमाना र क्षेत्र विभाजन गर्दा पनि माथि उल्लेख गरिएको वैज्ञानिक आधार र जनमुखी दृष्टिकोण अँगालिनु पर्दछ ।

## ३. २. वर्गीय संगठन सम्बन्धी वर्तमान स्थिति तथा आगामी नीति र कार्यक्रमः

तेस्रो संविधान संशोधन र वर्गीय संगठन ऐनमा संशोधनपछि पञ्चायतका ६ वटा वर्गीय संगठनहरूको पुनर्स्थापना वर्गीय कार्यकर्ताहरूका निम्ति ठूलो गौरवको कुरा हुन आएको छ । पञ्चायत राज्य व्यवस्थाको राजनैतिक परिचालनको सबै काम–कर्तव्य गर्ने दायित्व प्राप्त पञ्चायत नीति तथा जाँचबूझ समितिमा वर्गीय संगठन केन्द्रको प्रतिनिधित्व र पञ्चायतका स्थानीय निकायहरूमा त्यस-तहका वर्गीय सभापतिहरूको पदेन सदस्यताबाट वर्गीय संगठनहरूलाई नयाँ प्रोत्साहन समेत प्राप्त भएको छ । साथै वर्गीय संगठनको सदस्यता पञ्चायतको उम्मेदवारीको निम्ति अनिवार्य भएबाट पनि वर्गीय संगठनको महत्व बढेकोछ । चुनावपछिको वर्तमान कालमा विशेष गरी वर्गीय संगठनका

केन्द्रहरू राजनैतिक परिचालन र वर्गीय कार्यक्रमतर्फ क्रमिक रूपमा उन्मुख हुँदै आएका छन् । २०३२ साल यताको सात–आठ वर्षको अस्तव्यस्त स्थितिपछि वर्गीय संगठनहरू पुनस्थापित र क्रियाशील हुन लाग्नु व्यवस्था कै निम्ति पनि सकारात्मक महत्वको घटना हुन आएकोछ ।

सात–आठ वर्षको पूर्वोक्त व्यवधान र पुनस्थापनापछिका कतिपय संगठनात्मक एवं साधन, स्रोत तथा ऐन नियमसम्बन्धी अप्ठ्याराहरूसंग यतिखेर वर्गीय संगठनहरू जुधिरहेका छन् । यस परिप्रेक्ष्यमा व्यावहारिक अनुभवका आधारमा वर्गीय संगठनका क्षेत्रमा कतिपय समस्याहरू देखापर्न आएका छन् ।

वर्गीय संगठनका स्थानीय निकायबाट राखिएका अपेक्षा र यसका वर्तमान स्थितिमा देखापर्ने विभिन्न समस्याहरूको परिप्रेक्ष्यमा वर्गीय संगठनका प्रभावकारी परिचालनका निम्ति आगामी समयमा अंगालिनुपर्ने नीति र कार्यक्रम सम्बन्धी बूंदाहरू तल प्रस्तुत गरिएका छन्:–

१) निर्दलीय प्रजातान्त्रिक पञ्चायतप्रति प्रतिवद्ध तथा वर्गीय क्षेत्रमा क्रियाशीलताका आधारमा परिचालित सदस्यता अभियान नभई चुनावकालीन हतारमा बनाइएका साधारण सदस्यबाट वर्गीय संगठनको विभिन्न तहको चुनाव एवं गठन भएबाट सही खांटी वर्गीय कार्यकर्ताहरूको सुसंगठित संस्थाको रूप प्रायः वर्गीय संगठनहरूले प्राप्त गर्न सकेनन् भन्ने व्यापक गुनासो वर्गीय कार्यकर्ताहरूबाट प्रकट गरिएको पाइन्छ । त्यसैले चुनावकालपछि विभिन्न तहका कतिपय निकाय र तिनका केही कार्यकर्ताहरू वर्गीय एवं राजनैतिक संस्कार र चरित्रका कमीले सक्रिय हुन नसकेको र एक समूहका रूपमा मिलीजुली काम गर्नुको सट्टा पारस्परिक द्वन्द्व र मनोमालिन्यमा संलग्न रहेको समेत अनुभव गरिएकोछ ।

तेस्रो संविधान संशोधन पञ्चायत राजनीतिको एक अत्यन्त महत्वपूर्ण मोड भएकाले यसका प्राथमिक अभ्यासका क्रममा समुचा पञ्चायत राजनीतिमा आइपरेका कतिपय चुनौतीहरूको असर वर्गीय संगठनका सन्दर्भमा पनि पर्न गएको छ । त्यसैले मार्गदर्शन र निर्देशन एवं परिचालन र अनुशासन स्थापनाका समस्याहरू वर्गीय संगठनमा पनि आइपरेका छन् । पञ्चायती प्रतिवद्धता नभएका वा पञ्चायत इतर विचारधाराको प्रभावभित्र अझै रहेका कतिपय वर्गीय कार्यकर्ताहरूको प्रवेश र गतिविधिले गर्दा यस्ता तल्ला तहका कतिपय पदाधिकारी र सदस्यहरूको निलम्बन गर्नुपर्ने स्थिति समेत आइपरेको भेटिन्छ ।

वर्तमान वर्गीय संगठन ऐन र नियमको तर्जुमा गर्दा वर्गीय संगठनका पुराना ऐन नियमको समुचित अध्ययन र उपयोग नगरिएबाट पनि विभिन्न कठिनाईहरू पर्न आएका छन् । यस क्रममा जिल्ला तहका परिषद्हरूको विस्तृत सदस्य संख्या, साधारण सदस्य र सक्रिय सदस्यको दोहोरो व्यवस्थाको अभाव, केन्द्रीय समितिको प्रतिमहीना बैठक हुनुपर्ने प्रावधान, (र मजदूर संगठनको आधारभूत प्रकृति र पूर्व परम्परासंग नमिल्दो संगठनात्मक स्वरूप) आदि कठिनाईहरू विशेष उल्लेखनीय रहेका छन् ।

उपर्युक्त विभिन्न कठिनाईका निराकरणका क्रममा निम्नलिखित कुरा हुनु अपेक्षित देखिन्छः–

क) वर्गीय संगठनहरुलाई पञ्चायत व्यवस्थाको परिधिभित्र व्यवस्थाप्रति प्रतिबद्ध, स्वशासित, स्वस्फूर्त जनमुखी वर्ग–संगठनका रूपमा सक्रिय तुल्याउने सुव्यवस्थित प्रयास संबद्ध सबैबाट हुनुपर्छ ।

(ख) वर्गीय संगठन अन्तर्गत साधारण सदस्यहरू मध्येबाट पञ्चायती प्रतिबद्धता र क्रियाशीलताका आधारमा क्रियाशील सदस्यहरूको अभिवृद्धि समेत गर्नेतर्फ सुव्यवस्थित प्रयास हुनु आवश्यक छ । साथै पर्याप्त संख्यामा क्रियाशील सदस्यहरू हुनुलाई आधार मानी संगठनात्मक विस्तारका क्रममा पाइला चाल्नु पनि अपेक्षित छ ।

ग) पं.नी.जा.बू.स. र वर्गीय संगठनका केन्द्रीय सभापतिहरूको सहमतिबाट प्रस्तावित ऐन–नियमलाई सम्बन्धित निकायबाट छिटो टुंगो लगाइदिनुपर्दछ । साथै वर्गीय संगठनहरूलाई प.नी.जा.बू.स. बाट मार्गदर्शन प्रदान गर्ने स्थापित परिपाटी अनुरूप ऐन संशोधन पनि छिटै हुनुपर्दछ ।

घ) वर्गीय संगठनका केन्द्रीय समितिहरूको बैठक सामान्यतः कम्तीमा वर्षको तीन पटक हुने व्यवस्था हुनु पर्दछ ।

ङ) वर्गीय संगठनका जिल्ला परिषद्हरूको स्वरूपलाई प्रारम्भिक एकाइका पदाधिकारीहरूको मात्र प्रतिनिधित्व हुने गरी छरितो तुल्याइनु पर्दछ ।

२) वर्गीय संगठनका जिल्ला तहका परिषद्हरूको विस्तृत सदस्य संख्या र विभिन्न तहका परिषद्को बैठकको व्यापक आर्थिक भार समेतका कारणले परिषद्हरूको बैठक कम मात्रामा मात्र हुने गरेको पाइन्छ । साथै अञ्चल, जिल्ला र गाउँ / नगर स्तरका कार्य समितिको पनि बैठक कम हुने गर्दछ ।

यसरी नियमित बैठकको कमीबाट वर्गीय कार्यक्रम तर्जुमा र कार्यान्वयनको प्रक्रियामा समेत धेरैजसो शिथिलता देखापरेको छ । साथै वर्गीय संगठनमा गाउँ पञ्चायत तह्मा साझा वर्गीय कार्यालयको व्यवस्था हुन सकेको छैन र यस तह्मा संगठनहरू प्रायः निष्क्रिय जस्तै रहेका छन् । तसर्थः–

क) वर्गीय संगठनका अञ्चल, जिल्ला र गाउँ नगर स्तरका कार्य समिति र परिषद्हरूको नियमित बैठक गर्ने गराउनेतर्फ ध्यान दिनु पर्दछ ।

ख) वर्गीय संगठन केन्द्रीय स्तरबाट अञ्चल एवं जिल्लाहरूको, अञ्चलस्तरबाट जिल्लास्तरको र जिल्लास्तरबाट गाउँ / नगरस्तरका प्रारम्भिक समितिहरूको नियमित भ्रमण–निरीक्षणको संस्थागत परिपाटी बसाल्नु आवश्यक छ ।

ग) जिल्लास्तरीय वर्गीय संगठनहरूलाई विशेष सक्रिय तुल्याउन केन्द्र र अञ्चलस्तर दुवै तर्फबाट उत्प्रेरणा प्रदान गरिनु आवश्यक छ ।

घ) गाउँ / नगरस्तरीय वर्गीय संगठनको साझा कार्यालय गाउँ / नगर पञ्चायतकै हातामा स्थापित गरी तिनीहरू सक्रिय हुन सक्ने वातावरणको सिर्जना गरिनु समेत आवश्यक छ ।

३) वर्गीय संगठनका अन्य तहका सभापतिहरू सम्बन्धित पञ्चायत निकायहरूमा पदेन सदस्य रहेको तर अञ्चल वर्गीय संगठन पञ्चायत निकायसंग प्रत्यक्षतः आबद्ध नरहेका एवं अञ्चलस्तरीय कार्य संचालनका व्यावहारिक अपठ्यारा समेतले गर्दा पनि राष्ट्रिय भावनाको संबर्द्धनको पूर्वाधार हुन सक्ने यस अञ्चल तह्मा संगठनहरूलाई खास क्रियाशील हुन कठिनाई परेको छ । यस सन्दर्भमा अञ्चलस्तरीय वर्गीय संगठनको उपर्युक्त विशेष औचित्य र संचालनका व्यावहारिक कठिनाईहरूलाई दृष्टिगत गरी यिनका परिचालनको निम्ति विशेष रूपमा ध्यान पुऱ्याउनु पर्दछ । साथै अञ्चलस्तरीय विकास र पञ्चायती राजनीतिको प्रभावकारी परिचालनका निम्ति सहयोग पुऱ्याउन अञ्चल सभा अन्तर्गत सम्बन्धित जिल्लाका जि. पं. सभापतिहरूका अतिरिक्त अञ्चल वर्गीय संगठनका सभापतिहरूलाई समेत समावेश गरी सो अञ्चल सभालाई विशेष सक्रिय बनाउनु अपेक्षित छ । यसबाट आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा पनि उपयुक्त समझदारी अभिवृद्धि हुने देखिन्छ ।

४) संगठनको प्रकृति र कार्यक्रमको मात्रालाई दृष्टिगत नगरी हचुवा आधारमा र पर्याप्त विलम्ब पनि गरी वर्गीय संगठनका केन्द्रीय कार्यालयलाई आर्थिक

अनुदान र अञ्चल र जिल्लास्तरमा साझा वर्गीय संगठन कार्यालयको संचालन खर्च उपलब्ध रहेको छ । ती तल्ला निकायका वर्गीय कार्यक्रमका निम्ति आर्थिक आधारको अपर्याप्तता अनुभव गरिएको छ । साथै केन्द्रस्तरमा कतिपय सुविधा निर्वाहार्थ प्रदान गरिएकोमा त्यसबाट तल्ला निकायहरूमा त्यति राम्रो असर नपरेको देखिन्छ । तसर्थ प्रत्येक वर्गीय संगठनको प्रकृति र कार्यक्रमको मात्रालाई दृष्टिगत गरी तदनुरूप आर्थिक अनुदान दिने व्यवस्था हुनु आवश्यक छ । यस क्रममा अञ्चल र जिल्लास्तरका वर्गीय संगठनसम्म पनि सो अनुदान पुग्नसक्ने प्रणाली स्थापित हुनु पनि अपेक्षित छ । साथै वर्गीय संगठनलाई अनुदान दिइने रकम सम्बन्धित मन्त्रालयबाट पं. नी. जा. बू. स. मार्फत निर्धारित समय मै वर्गीय संगठनहरूलाई उपलब्ध गराउने परिपाटीलाई सुव्यवस्थित तुल्याइनु पर्दछ ।

५) वर्गीय संगठनहरूका आर्थिक विनियमहरू सुस्पष्ट, पर्याप्त र प्रभावकारी नभएको र प्रस्तावित आर्थिक विनियमहरू समेत सम्बन्धित निकायबाट स्वीकृत नभइसकेको एवं लेखा नियन्त्रणका निम्ति प्रभावकारी दरबन्दी समेत नभएको हुदा, देखा पर्न सक्ने आर्थिक विकृति र विसंगतिको नियन्त्रणका निम्ति संकुचित प्रावधानको कमी देखिन्छ । त्यसैले वर्गीय संगठनका आर्थिक विनियम तथा लेखा नियन्त्रणको प्रक्रियालाई सुदृढ र प्रभावकारी तुल्याउने-तर्फ समेत आवश्यक व्यवस्था मिलाउनु अपेक्षित छ ।

६) चुनावकालपछि वर्गीय संगठनको सदस्यताको नवीकरणको अभियान प्रायः हुन सकेको देखिंदैन । यसबाट संगठनात्मक शिथिलताका साथै संस्थागत आयस्रोतमा हानि समेत हुन आएको बुझिन्छ । त्यसैले वर्गीय संगठन सदस्य-ताको नवीकरण गर्ने नियमित अभियान हुनु पर्दछ ।

७) विगत केन्द्रीय पञ्चभेलाद्वारा निर्देशित गरिएका आधारभूत वर्गीय कार्य-क्रमहरूतर्फ वर्गीय संगठनका केन्द्रहरू क्रमिक रूपमा उन्मुख रहे तापनि अन्य तहका संगठनहरूले वर्गीय कार्यक्रमहरूको आयोजनामा विशेष तत्परता उत्ति देखाउन सकेका छैनन् । सम्बन्धित जन वर्गमा वर्गीय संग-ठनहरूको व्यापक आकर्षण र प्रभाव पर्न सकेको छैन । वर्गीय व्यापक दायित्वका दृष्टिले यी संगठनहरूले वर्ग–समस्या र वर्गहितको प्रभावकारी अगुवाईका दिशामा प्रारम्भिक कार्य मात्र गर्न सकेका छन् । त्यसैले विगत केन्द्रीय पञ्च भेलाले पारित गरेका वर्गीय संगठनका आधारभूत कार्यक्रम-हरूको सान्दर्भिकता अझैसम्म पनि रहेको हुँदा यस कार्यपत्रको परिशिष्ट

भागमा राखिएको मोटामोटी कार्यक्रमको आधारमा प्रत्येक वर्गीय संगठनले वर्गीय हित र कल्याणका निमित्त विशेष जागरूक रही संगठनको आ–आफ्नो आवश्यकता र क्षमता अनुसार विभिन्न तहमा कार्यान्वयन गर्दै जानु पर्दछ। यस क्रममा उक्त वर्गीय कार्यक्रम सम्बन्धी विस्तृत विवरण तयार गरी केन्द्रले तल्ला निकायहरूसम्म उपलब्ध तुल्याउनु पर्दछ र विभिन्न तहका वर्गीय संगठनहरूले आफ्नो स्थानीय स्थिति र आवश्यकता अनुरूप उपयुक्त कार्यक्रमको छनौट गरी तिनको संचालन गर्नु अपेक्षित छ।

८) वर्गीय संगठनका कार्यक्रम संचालनका निम्ति चाहिने आर्थिक आधारका रूपमा सरकारी अनुदानमा मात्र निर्भर नरहि जनस्तरबाट समेत सम्भाव्य स्रोतको परिचालन गर्ने पर्याप्त प्रयास हुन सकिरहेको छैन। त्यसैले प्रभावकारी वर्गहित–सम्बन्धी कार्यक्रममाका आधारमा वर्गीय समुदायलाई आफूतर्फ आकर्षित गरी जनस्तरबाट समेत आर्थिक आधारको सिर्जना गर्नेतर्फ पनि वर्गीय संगठनले विशेष प्रयास गर्नु आवश्यक छ। साथै वर्गीय संगठनका विभिन्न तहबाट वर्गीय कार्यक्रम तय गरिंदा साधनस्रोत सम्बन्धी निम्नलिखित कुरामा ध्यान दिनु पर्दछ :–

क) आफैले जुटाउन सक्ने स्रोत–साधन।
ख) केन्द्रले गर्नुपर्ने सहयोगको किसिम र परिमाण।
ग) श्री ५ को सरकारले गर्नुपर्ने सहयोगको परिमाण।
घ) स्थानीय पञ्चायतले गर्नुपर्ने सहयोगको परिमाण र
ङ) खास कुनै विकास आयोजना अन्तर्गत पर्ने।

उपर्युक्त सन्दर्भमा श्री ५ को सरकार र जिल्ला पञ्चायत लगायत स्थानीय पञ्चायत निकायका उपयुक्त विकास आयोजनासंग आवद्ध गरी वर्गीय संगठनका उपर्युक्त कार्यक्रमहरूको संचालन गर्ने समेत प्रक्रिया अंगालिनु पर्दछ। साथै एकीकृत ग्रामीण विकास कार्यक्रम र अन्य यस्तै कार्यक्रमसंग मिल्ने किसिमका गाउँस्तरीय वर्गीय कार्यक्रमहरूको कार्यान्वयन समेत गर्नु अपेक्षित छ।

९) पञ्चायतका वर्गीय संगठन भन्ने संवैधानिक मान्यता अनुसार पञ्चायतका स्थानीय निकायमा सम्बन्धित तहका वर्गीय संगठनका सभापतिहरू पदेन सदस्य हुनु सकारात्मक पाइलो हो। यस क्रममा वर्गीय सभापतिले जिल्लाको नगर वा गाउँको समष्टि हित र वर्गीय हित दुबैतर्फ ध्यान दिनु पर्दछ। तर

यी दुई निकायका बीच प्रभावकारी संस्थागत पारस्परिक पूरक अन्तर्क्रिया र समझदारी अझै राम्रोसंग विकसित हुन नसकेको अवस्था छ । तसर्थ वर्गीय संगठन पनि पञ्चायतकै अंग हुन् र वर्गीय संगठन पञ्चायतका खम्बा हुन् भन्ने वास्तविकताको बोध कार्यस्तरमा झल्किने गरी पारस्परिक समझदारीको विकासका निम्ति सम्बन्धित सबैपक्षबाट प्रयास हुनु अपेक्षित छ र यस्तो दृष्टिकोणलाई बल प्रदान गर्ने कार्यकर्ता प्रशिक्षण कार्यक्रम समेत हुनुपर्दछ ।

१०) एकातर्फ अधिकांश वर्गीय कार्यकर्ताहरूले केन्द्रबाट संगठनात्मक रूपमा निर्देशन र परिचालन प्राप्त गर्न नसकी यिनीहरू निस्क्रिय र हतोत्साहित हुन पुगेको अवस्था छ र अर्कोतर्फ केही वर्गीय कार्यकर्ताहरू अनुशासन र मर्यादाहरूमा समेत नरहेको स्थिति देखिन्छ । तर अधिकांश वर्गीय कार्यकर्ताहरू पञ्चायती राजनैतिक दिशामा र वर्गीय हितका क्रियाकलापमा सजग नै रहेका छन् । यिनको प्रशिक्षण र परिचालन गर्ने कार्यक्रमहरू केही मात्रामा भए पनि अपर्याप्तता महसूस गरिएको छ । तसर्थ वर्गीय संगठनका विभिन्न तहका नेतृत्व र कार्यकर्ताहरूलाई पञ्चायत राजनीतिका दृष्टिले प्रखर र अनुशासित एवं वर्गीय हितका कार्यक्रममा जागरूक र क्रियाशील राख्नका निम्ति पं.नी.जा.बू.स. र वर्गीय संगठनका केन्द्रहरू आफैं पनि सजग रही उदाहरण बनी यिनीहरूले प्रशिक्षण अभिमुखीकरणको नियमित कार्यक्रम संचालन गराउनु पर्दछ । यस क्रममा स्थानीय पञ्चायत र वर्गीय संगठनको अन्तर्सम्बन्ध र यी दुबैका पदीय दायित्वबारे सम्बन्धित कार्यकर्तालाई सैद्धान्तिक र व्यावहारिक प्रशिक्षण दिई कार्यकर्ता भावना जगाउन समेत जोड दिनुपर्दछ ।

११) विभिन्न वर्गीय संगठनका विभिन्न तहका कतिपय पदाधिकारी र सदस्यहरूका पदहरू बेलाबखत रिक्त भइरहने तर सामयिक निर्वाचनद्वारा पदपूर्ति हुने परिपाटी नबसालिएकाले पनि क्रियाशीलतामा आंशिक रूपमा शिथिलता आउन सक्ने हुँदा यस्ता रिक्त पदहरूको सामयिक पूर्तिका निम्ति प्रत्येक वर्ष चुनाव गराउने परिपाटी बसाल्नु आवश्यक छ ।

वर्गीय संगठनका प्रभावकारी परिचालनका विभिन्न सन्दर्भमा निम्नलिखित कुराहरूमा पनि विशेष ध्यान दिनु आवश्यक छः–

क) वर्गीय संगठनहरू तथा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् र

सो अन्तर्गतका कतिपय संस्थाहरूका कतिपय कार्यक्रमहरूमा समानता र निकटता समेत भएकाले यिनका बीच सुसम्बन्ध कायम हुनु वाञ्छनीय छ । यसबाट सामुदायिक सेवा र रचनात्मक कार्यक्रमका संचालनमा बढी सामन्जस्य आई दोहोरो श्रम–साधन नलागी बढी उपादेयता प्राप्त हुनेछ ।

ख) नेपालको राष्ट्रिय वैशिष्टच, निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्था, नेपालले अंगालेको असंलग्न परराष्ट्र नीति र राष्ट्रनायक श्री ५ वीरेन्द्रद्वारा प्रस्तावित शान्तिक्षेत्र प्रस्तावको मर्म अन्तर्राष्ट्रिय समुदायमा सही रूपमा प्रस्तुत गर्न हाम्रा वर्गीय संगठनहरूलाई समान वर्गीय चरित्र र स्वरूप भएका अन्तर्राष्ट्रिय संघ–संस्थासंग भाइचारा सम्बन्ध र मित्रता कायम गरी रचनात्मक कार्यक्रममा पारस्परिक सहयोग र सहभागिताको सम्बर्द्धन गर्न प्रोत्साहित गरिनु आवश्यक छ ।

ग) राष्ट्रिय वा स्थानीय स्तरमा सार्वजनिक क्षेत्र तथा सामाजिक क्षेत्रमा कार्यरत विभिन्न निकाय, संस्था, आयोग आदिमा वर्गीय संगठनहरूका प्रतिनिधि र कार्यकर्ताहरूलाई पनि सहभागी तुल्याउने प्रक्रिया अंगालिनु वाञ्छनीय छ ।

घ) वर्गीय संगठनहरू जन अभिव्यक्तिका माध्यम हुन् । श्री ५ को सरकार र स्थानीय पञ्चायतहरूले लिएका नीति र कार्यक्रमहरूलाई जनसमक्ष पुऱ्याउने र जनताका भावना, आकांक्षा, माग र प्रतिक्रियालाई श्री ५ को सरकार र स्थानीय पञ्चायतहरूमा पुऱ्याउने संस्थागत दायित्व वर्गीय संगठनहरूको हो । तसर्थ वर्गीय संगठनहरूले शान्तिपूर्ण रूपले उपर्युक्त उद्देश्य परिपूर्तिका लागि जन–अभिव्यक्ति प्रस्तुत गर्ने रचनात्मक समालोचना र विरोध प्रदर्शन गर्न सक्ने वातावरणको सिर्जना गरिनु आवश्यक छ ।

१२) क) महिला वर्गका उत्थान र कल्याण तथा हक–हित सम्बन्धी कार्यहरूको अत्यन्त व्यापक क्षेत्र रहेको र महिला जागरण एवं महिला हितलाई समेत विशेष बढावा दिनु आवश्यक भएकोमा तदनुरूप वर्गीय कार्यक्रमहरूको परिचालन गर्न साधन स्रोत अपर्याप्त रहेकोले संगठनलाई विविध स्रोतबाट साधन–स्रोत उपलब्ध तुल्याउनु अपेक्षित छ ।

ख) महिला क्षेत्रमा कार्यरत विभिन्न समाजसेवी सामाजिक संघ–संस्थाहरू देखापर्दै आएका छन् । यी विभिन्न संस्था र महिला संगठनका क्रिया-कलापका बीचमा संस्थागत रूपमा कुनै प्रकारको सम्बन्ध–सूत्रको स्थापना गर्ने समन्वयात्मक परिपाटी कायम गर्नमा सामाजिक सेवा समन्वय परिषद्को पनि भूमिका केही रहेकै छ र यसमा समन्वयात्मक परिपाटी बसाल्ने व्यवस्था गर्दै जानु पर्दछ ।

१३) क) युवक संगठन अन्तर्गत २१ वर्ष मुनिका युवाहरूलाई पनि संगठित र परिचालित गर्ने ठोस युवा कार्यक्रम समेत हुनुपर्ने देखिन्छ ।

ख) युवा कल्याण र युवा परिचालनको व्यापक क्षेत्र अनुरूप विविध स्रोतबाट युवक संगठनलाई साधन–स्रोत उपलब्ध हुन नसकेको हुँदा सो उपलब्ध तुल्याउने प्रयास हुनुपर्ने देखिन्छ ।

१४) क) मजदूर संगठन अन्तर्गत मजदूरका परिभाषाका क्रममा "अन्य मजदूर" को प्रावधान अस्पष्ट भएबाट कतिपय समस्याहरू सिर्जित आएका छन् । यसलाई स्पष्ट व्याख्या हुने गरी परिभाषित गर्नु आवश्यक छ । साथै सो गर्दा अन्य खास सम्बन्धित मजदूरका साथै कृषिजन्य पदार्थको यान्त्रिक प्रशोधनसंग सम्बन्धित कतिपय श्रमिकहरू पनि मजदूर वर्गमा पर्ने समेत प्रावधान हुनु पर्छ ।

सरकारी पूँजी र स्वामित्वका प्राधान्य भएका कतिपय उद्योगका मजदूरहरूलाई कर्मचारी ठहऱ्याई तिनलाई औद्योगिक मजदूरका रूपमा संगठित नगरिने स्थिति रहेकोमा यसबारे पं. नी. जाँ. बू. स. सम्बन्धित मन्त्रालय र मजदूर संगठनका बीच छलफल गरी उचित निर्णय लिइनु पर्दछ ।

ख) चुनावकालमा केवल सदस्यता रसिदका आधारमा मजदूर बन्न आएका सदस्यबाट पनि संगठनको स्वरूपमा प्रतिकूल असर परेको हुँदा खास मजदूरहरूलाई नै यस संगठन अन्तर्गत संगठित गर्ने प्रयास समेत हुनुपर्दछ ।

ग) मजदूरहरूको वर्गीय प्रकृति र मजदूरसंगठनको पूर्ववर्ती परम्परा भन्दा भिन्न किसिमको वर्तमान संगठनात्मक ढांचाले गर्दा अनेक अपठ्याराहरू देखा पर्न आएका छन् । औद्योगिक मजदूरहरूलाई उद्योग कारखाना कै स्तरमा प्रारम्भिक समिति बनाई संगठित गर्ने

आवश्यकताले गर्दा त्यहाँ गाउँ र नगर समितिहरू अव्यावहारिक हुन आएका छन् । त्यस्तै मजदूर संगठन अन्तर्गत अञ्चल र जिल्ला तह पनि सबै ठाउँमा खोल्नु व्यावहारिक नहुने देखिन्छ । उपर्युक्त परिप्रेक्ष्यमा पहिलेको ऐनमा मजदूर संगठनबारे व्यवस्था गरिए जस्तै औद्योगिक एकाइभित्र नै औद्योगिक मजदूर संगठनको प्रारम्भिक समिति बनाउने, आवश्यकता अनुसार मात्र जिल्ला र अञ्चल संगठनको स्थापना गर्ने र केन्द्रीय औद्योगिक मजदूर सभा र यातायात र अन्य मजदूर सभाबाट केन्द्रीय एकाईको गठन गर्ने संशोधित संगठनात्मक ढाँचाको निर्माण गर्नु आवश्यक छ ।

घ) उद्योगपतिहरूको स्वार्थ र सुविधाले गर्दा अझै नेपाली मजदूरको संख्या बढ्दो देखिन्छ । नेपाली श्रमिकशक्तिलाई सीपगत विकासको प्रशिक्षण दिने प्रभावकारी प्रक्रिया स्थापित हुन नसक्नाले गर्दा तिनीहरू स्वदेशका उद्योगमा काम नपाई विदेशिने स्थिति अझै विद्यमान छ । यसरी नेपाली मजदूर प्रशस्त मात्रामा हुँदा मजदूर वर्गमा राष्ट्रिय चेतनाको कमी र राष्ट्रिय अर्थतन्त्रको चासोभन्दा सस्ता लोकप्रिय नाराहरूको असर बढी पर्ने गरेको पाइन्छ । त्यसले श्रमनीति अनुरूप नेपाली श्रमिकहरूलाई सीप-प्रशिक्षण दिने कानूनी प्रावधानलाई प्रभावकारी रूपमा लागू गरी मजदूर क्षेत्रमा नेपाली मजदूरहरूको रोजगारीको अवसरको अभिवृद्धि गर्ने र विदेशी मजदूरहरूको प्रभावलाई कम गर्दै लैजानेतर्फ ठोस पाइला चालिनु पर्दछ ।

ङ) भित्रभित्रै क्रियाशील पञ्चायत इतर मजदूर समूहहरूमा वैचारिक दृष्टिले मुखर कार्यकर्ताहरूको ऐक्य र संगठनात्मक क्षमतासंग नेपाल मजदूर संगठनले भिडिनु पर्नेमा यस संगठनका वर्गीय कार्यकर्ताहरूमा वैचारिक प्रतिबद्धता र प्रशिक्षण एवं अनुशासन र प्रखरताको साथै साधन स्रोतको पनि अपर्याप्तताको अवस्था रहेको छ । यस परिस्थितिमा खास उद्योगका व्यापक मजदूर वर्गको पञ्चायतीकरणको कार्य निकै चुनौतीपूर्ण देखिन्छ । यस सन्दर्भमा विचार गर्दा मजदूर संगठनका वर्गीय कार्यकर्ताहरूको क्रियाशीलता र प्रखरताको विकासका लागि मजदूर सम्बन्धी वर्गीय गतिविधि र पञ्चायतका आधारभूत मान्यताबारे प्रभावकारी प्रशिक्षण दिने सुनियोजित कार्यक्रमहरूको कमी देखिएकाले यस्ता कार्यक्रमको तर्जुमा र संचालन गरिनु पर्दछ ।

च) मुलुकमा औद्योगीकरणको क्रम बढ्दै आए पनि उद्योगनीति अन्तरगत आधारभूत उद्योगमा अझै जोड नपुगेकोले नेपालको श्रमिकहरूको बेरोजगारीको स्थिति रहेको हुँदा रोजगार सिर्जनामा विशेष सहायक आधारभूत उद्योगलाई विशेष बढावा दिइनु पर्दछ ।

१५) क) प्रौढ–शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा देशका विभिन्न भागमा परिचालित गर्ने क्रममा प्रौढ संगठनका विभिन्न तह र यिनका कार्यकर्ताहरूको सम्भाव्य रचनात्मक योगदानलाई पनि अवसर दिने संस्थागत परिपाटी विकसित हुन सकेको छैन ।

प्रौढ–शिक्षा कार्यक्रमको कोटा मुख्य रूपमा यस संगठनलाई उपलब्ध गराउनेतर्फ सम्बन्धित मन्त्रालयले पाइला चाल्नु अपेक्षित छ ।

ख) मन्दिर–मठका जीर्णोद्धार र मरमत–संभार सम्बन्धी कार्यक्रममा पनि जन–सहभागिता र स्वयंसेवकबाट समेत योगदान हुन सक्ने र प्रौढ संगठनबाट त्यस्तो सहयोग प्राप्त हुन सक्ने परिप्रेक्ष्यमा सम्बन्धित संस्थान र यस प्रौढ संगठनका बीच घनिष्ठ रचनात्मक अन्तर्क्रिया हुनु आवश्यक छ ।

१६) मोहियानी हकको संरक्षण र कृषि उत्पादकत्वको वृद्धि सम्बन्धी विभिन्न पक्षमा किसान संगठनका विभिन्न तह र तिनका कार्यकर्ताहरूको पनि सहयोग र सभागिताको परिचालन गर्ने संस्थागत व्यवस्थाको कमी देखिन्छ । किसान संगठन र किसान एवं कृषि सम्बन्धी विभिन्न निकाय तथा आयोजनाका बीच निकटतम रचनात्मक अन्तर्क्रिया हुन सक्ने वातावरणको सिर्जना हुनु अपेक्षित छ ।

१७) क) भूतपूर्व सैनिक संगठन अन्तर्गत नेपालका साथै अन्य मुलुकका नेपाली भूतपूर्व सैनिकहरू समेत समाविष्ट हुने सन्दर्भमा वाह्यसेवाका भू. पू. सैनिकहरूका कल्याण सम्बन्धी वैदेशिक सहयोगका कार्यक्रममा यस संगठनले संस्थागत सेवा पुऱ्याउने परिस्थितिको सिर्जना हुन सकेको छैन । यसले गर्दा यस्ता भू. पू. सैनिकहरूको विशेष आस्था र आत्मियता यस संगठनले पर्याप्त मात्रामा बटुल्न नसकेको देखिन्छ । उपर्युक्त परिप्रेक्ष्यमा वैदेशिक स्रोतबाट परिचालन हुने सैनिक कल्याण सम्बन्धी कार्यक्रमहरूको स्वीकारका क्रममा भू. पू. सैनिक संगठन केन्द्रको पनि प्रभावकारी प्रतिनिधित्व हुनु पर्दछ र सो केन्द्र मार्फत

उक्त वाह्य अनुदान परिचालित हुने परिस्थितिको सिर्जनातर्फ पनि प्रयास हुनु अपेक्षित छ ।

ख) भू.पू. सैनिकहरूका विभिन्न प्राविधिक अनुभव, ज्ञान र सीपहरूको रचनात्मक उपयोग गरी उनीहरूलाई सामाजिक कल्याण समेत हुने उत्पादक रोजगारहरूमा करार अन्तर्गत लगाउनका निम्ति योजनाबद्ध वर्गीय कार्यक्रमहरू संचालन गर्ने साधन–सुविधा यस संगठनलाई उपलब्ध गराउने व्यवस्थाको कमी रहेकाले यसतर्फ सुव्यवस्थित प्रयास हुनु आवश्यक छ । साथै विभिन्न सान्दर्भिक सेवामा खास सेवानिवृत्त भू.पू. सैनिकलाई लिन पनि उमेरको हदबन्दीबाट कठिनाई आइपरेको समेत देखिएकाले विभिन्न सेवामा ४५ वर्षसम्म उमेरका भू.पू. सैनिकलाई लिइने छूट समेत हुनु अपेक्षित छ ।

ग) गाउँ घरमा र विशेष गरेर दुर्गमक्षेत्रमा शिक्षकको कमी रहने गरेको र त्यही भेगमा रहेका भू. पू. सैनिकहरूबाट देशभक्त, अनुशासित शिक्षकको कार्य–सम्पादन हुन सक्नेमा शैक्षिक समानस्तर सम्बन्धी झमेलाले गर्दा कठिनाई हुने गरेको छ । त्यसैले भू.पू. सैनिकहरूले प्राप्त गरेको शिक्षा र प्रशिक्षणको आवश्यक समकक्ष मान्यताका आधारमा तिनीहरूलाई शिक्षकका रूपमा काम लगाउनेतर्फ सम्बन्धित मन्त्रालयबाट पाइला चालिनु अपेक्षित छ ।

अन्त्यमा:

१. विगत केन्द्रीय पञ्चभेलाद्वारा गरिएका विभिन्न सम्बन्धित निर्णयमध्ये कतिपय निर्णयको कार्यान्वयन हुन नसकेका कारणबाट ती समस्याबारे यस प्रस्तावमा पनि चर्चा गर्नु परेको छ । यस्ता निर्णय कार्यान्वयन हुन नसक्नाका बाधा तथा कारण के हुन् र को उत्तरदायी छन् भन्ने पनि छानवीन गरी समय मैं कार्यान्वयन गर्ने अनिवार्य परिपाटी समेत कायम गरिनु पर्दछ ।

२. सबै संगठनको आफ्नो–आफ्नो केन्द्रीय कार्यालय भवन निर्माणतर्फ पनि कदम चालिनु आवश्यक छ ।

३. प. नी. तथा जाँचबूझ समितिले उपयुक्त ठह्र्याएको तरीकाबाट विद्यार्थी-हरूलाई संगठित गर्दै लैजाने प्रक्रिया बसाल्नु पर्छ ।

४. दलित वर्गका विभिन्न संगठनहरूलाई सुव्यवस्थित र प्रभावशाली बनाउन प. नी. जा. बू. स. ले निरन्तर प्रयास जारी राख्नु पर्छ ।

# परिशिष्ट

## विभिन्न वर्गीय संगठनका निम्ति आधारभूत कार्यक्रम

१. महिला संगठनः

पञ्चायतको सिद्धान्तप्रति आकर्षित गराउने कार्यक्रम बनाउने, महिला शिक्षा, महिला अधिकारको संरक्षण, नारी शिल्पकला केन्द्रको स्थापना, महिला गोष्ठीको आयोजना, परिवार नियोजन तथा मातृ शिशु कल्याणका विभिन्न कार्यक्रममा सहभागी, प्रौढ महिला शिक्षा, वृद्ध सामाजिक कल्याण, सामाजिक कुरीति हटाउने, स्थानीय स्रोत र सीपको सदुपयोग गर्ने, महिला आवास गृहको व्यवस्था गर्ने, महिला हितसम्बन्धी पत्र–पत्रिका र पुस्तिकाहरूको निरन्तर प्रकाशन गर्दै लैजाने ।

२. किसान संगठनः

पञ्चायतको सिद्धान्तप्रति आकर्षित गराउने कार्यक्रम बनाउने, कृषक हितको समस्यामा किसानहरूलाई जागरूक बनाउने, कृषकको वर्गहित र हकको संरक्षण गर्ने, कृषक मजदूरका कल्याणकारी कार्यक्रम तर्जुमा गर्ने मोहियानी हकको संरक्षण गर्ने गराउने, स्वयंसेवक टोली, कुलो तथा बाँध पैनीका निर्माणमा योगदान, कृषि सामग्री र साधन उपलब्ध गराउने र उपलब्ध सामग्री र साधनको प्रयोगात्मक तालीमको व्यवस्था गर्ने, परिवार नियोजन कार्यक्रममा सहभागी हुने र प्रचार गर्ने, साझा सहकारी कार्यक्रम-

को व्यापक प्रचार गरी जनसमक्ष पुरयाउने, वृक्षरोपण जस्ता कार्यक्रममा सहभागी हुने र कृषि सम्बन्धी पत्र–पत्रिका र पुस्तिकाहरूको निरन्तर प्रकाशन गर्दै लैजाने ।

३. युवक संगठन:

पञ्चायतको सिद्धान्तप्रति आकर्षित गराउने कार्यक्रम बनाउने, विद्यार्थी र बुद्धिजीवीलाई सहभागी बनाई संगठनलाई उत्प्रेरित गराउने, बौद्धिक साहित्यिक, साँस्कृतिक खेलकूदका क्रियाकलापद्वारा युवाहरूलाई मानसिक तथा शारीरिक रूपमा सक्षम बनाउने, कला र संस्कृतिको प्रवर्द्धनका लागि केन्द्रहरू खोल्ने, विकास कार्यक्रममा योगदान गर्ने, युवा शिविर संचालन, पुस्तकालय र वाचनालय तथा युवालयको स्थापना र सम्भार, युवा बुद्धिजीवी गोष्ठी र अध्ययन गोष्ठी, परिवार नियोजन तथा सामाजिक सेवासम्बन्धी काममा योगदान पुरयाउने । वृक्षरोपण जस्ता जनोपयोगी कार्यक्रममा सहभागी हुने, युवा बेरोजगारी समस्यातर्फ सचेष्ट रही कार्यक्रम संचालन गर्ने गराउने र यस्ता क्रियाकलापसम्बन्धी पत्र–पत्रिका र पुस्तिकाहरूको निरन्तर प्रकाशन गर्दै लैजाने ।

४. प्रौढ संगठन:

पञ्चायतको सिद्धान्तप्रति आकर्षित गराउने कार्यक्रम बनाउने, प्रौढ शिक्षा, परिवार नियोजन, वृक्षरोपण, प्रौढ बुद्धिजीवी गोष्ठी, आध्यात्मिक एवं साँस्कृतिक संस्थाहरूको स्थापना–संरक्षण र संचालन गर्ने, भाषा–संस्कृतिको अनुसन्धान तथा सम्बर्द्धन र संरक्षण गर्ने, वृद्धाश्रमको व्यवस्था, वृद्ध मनोरञ्जनस्थल आदिको व्यवस्था गर्ने र यससम्बन्धी साहित्य, पत्र–पत्रिका र पुस्तिकाहरूको प्रकाशन गर्दै लैजाने ।

५. मजदूर संगठन:

पञ्चायतको सिद्धान्तप्रति आकर्षित गराउने कार्यक्रम बनाउने, प्रौढ शिक्षा, मजदूर हक र हितको संरक्षण, मजदूर क्रियाकलाप, परिवार नियोजन, स्वास्थ्य सम्बन्धी ज्ञान, स्वास्थ्य उपचारको उपयुक्त व्यवस्था, बेरोजगारलाई रोजगारीको व्यवस्था, पारिवारिक स्रोतको अतिरिक्त आयको व्यवस्था, मजदूर कल्याण केन्द्रको व्यवस्था, मनोरञ्जन आदि कार्यक्रम संचालन गर्ने र मजदूर सम्बन्धी पत्र–पत्रिका र पुस्तिकाहरूको प्रकाशन गर्दै लैजाने ।

६. भूतपूर्वक सैनिक संगठनः

पञ्चायतको सिद्धान्तप्रति आकर्षित गराउने कार्यक्रम बढाउने, सैनिक कल्याण केन्द्रको व्यवस्था स्वयंसेवक टोली र परिवार नियोजन, प्रौढ शिक्षा, बेकारी समस्याको खोजी गरी सीप र दक्षताका आधारमा काम दिलाउने अभियान चलाउने, वृक्षरोपण, स्वास्थ्य कार्यक्रमको ज्ञान गराउने र प्रचार प्रसार तथा पत्रिका र पुस्तिकाको प्रकाशन गर्ने ।

# केन्द्रीय पन्चभेला २०४२ द्वारा पारित प्रशासन र विकेन्द्रीकरण कार्यान्वयन सम्बन्धी कार्यपत्र

**प्रशासन**

**पृष्ठभूमि र समस्या**

देशको सामाजिक, आर्थिक-संरचनालाई यथास्थितिमा राखी जतिसक्दो बढी राजस्व सङ्कलन गर्ने र देशकोलागि शान्तिसुरक्षा कायम गर्ने सीमित उद्देश्य भएको प्रशासनिक व्यवस्थाको अन्त्य २००७ सालको राजनैतिक परिवर्तनले गऱ्यो। यसपछि समाजका सम्पूर्ण पक्षको विकास गर्ने क्रममा जनतालाई प्रदान गरिने सेवा तथा साधनहरूको संख्यात्मक अभिवृद्धि तथा गुणात्मक विकास गरी लोककल्याणकारी राज्यको सिर्जना गर्ने राजनैतिक उद्देश्य, वचनबद्धता, प्रतिज्ञा तथा आश्वासनहरूको कार्यान्वयन गर्ने जिम्मेवारी वहन गर्न सक्ने प्रशासनको आवश्यकता महसूस भयो। यस्तो प्रशासनिक यन्त्रको सिर्जना गर्न चाहिने ज्ञान र सीपको कमीले गर्दा धेरै वर्षसम्म विदेशी विशेषज्ञहरूमा भर पर्नुपर्ने स्थिति थियो। तर आज यस प्रकारको ज्ञान र सीपको कमी ठूलो समस्याको रूपमा देखा परेको छैन।

पंचायती व्यवस्थाको प्रादुर्भावपछि प्रशासनलाई विकासोन्मुख बनाउनेतर्फ अझ बढी प्रयासहरू भएका छन्। यस सिलसिलामा दरबन्दीको सिर्जना गर्दा कार्यबोझ र आवश्यकता तथा औचित्यलाई ध्यानमा राख्ने, तथा भर्ना गर्दा निष्पक्षता र पदोन्नति गर्दा कार्यक्षमताको वस्तुगत मूल्याङ्कन गर्ने परिपाटीको स्थापना, नियमितरूपले तालीम संचालन, विभिन्न सेवाहरूमा समूह विभाजन, कर्मचारीहरूमा आस्था र मेहनत तथा प्रेरणा जगाई आफ्नो कर्त्तव्यप्रति उत्साहित तुल्याउन राम्रो काम गर्नेलाई कदरस्वरूप तक्मा विभूषण र प्रोत्साहन-पुरस्कार, देशको आर्थिक क्षमताले भ्याएसम्म समय-समयमा तलब-भत्ता र संचयकोष तथा निवृत्तभरण-उपदान आदि सुविधाको वृद्धि, दुर्गम क्षेत्रमा काम गर्न आकर्षित तुल्याउन पदोन्नति र अन्य कुरामा सहुलियत तथा सुविधा, विकास योजनामा काम गर्ने कर्मचारीलाई प्रोत्साहन तथा कार्यक्रम बजेट र वृत्ति-विकासजस्ता कार्यहरूकोलागि आवश्यक कानून नियम नीति तथा संगठन-कार्यक्रम र प्रविधि तथा प्रक्रियाहरूको विकास जस्ता कार्यहरू भए।

यसरी विकास–प्रशासनको लागि आवश्यक पूर्वाधारको निर्माणको बावजूद विकासको गति मन्द रहेको छ। भर्ना, पदोन्नति, सरूवा तथा तालीम आदिमा अवसर दिंदा यदाकदा पक्षपात र मनसुनले प्रभाव पारिरहेको देखिन्छ। ढिलासुस्ती, जिम्मेवारी पन्छाउने प्रवृत्ति, तालीमको सदुपयोग हुन नसक्नु, धेरैंजसो विकास–आयोजनाहरू लक्ष्यअनुसार संचालन हुन नसक्नु, विकास परियोजनाको कार्यमा पूरा खर्च गर्ने क्षमता नहुनु, अनुशासनको कमी, समन्वयको कमी, दुर्गम क्षेत्रमा गई काम गर्ने प्रवृत्तिको विकास नहुनु र भ्रष्टाचार तथा अधिकारहरूको दुरूपयोग जस्ता समस्याहरूको समाधान अझै हुन नसकेको देखिन्छ। साधन तथा सुविधाहरूको बाँडफाँड तथा कर्मचारीहरूको सरूवा वा अन्य पक्षहरूमा राजनैतिक व्यक्तिहरूबाट पनि अवाञ्छित दबाव दिने प्रवृत्ति बढेको छ। एकातिर पञ्चहरूले प्रशासनको दैनिक क्रियाकलापमा के–कस्तो सिफारिश गर्नु पर्दछ सो बारे यदाकदा विचार नपुऱ्याउने गरेका छन् भने अर्कोतिर प्रशासकहरू पनि पञ्चको इज्जत–प्रतिष्ठा र वास्तविकता बुझी काम गर्दैनन्। यसबाट पञ्च र प्रशासनका बीच आपसी सहयोग र समझदारीको कमी हुँदै गएको छ भन्ने गुनासाहरू बढ्दै गएको महसूस हुन्छ।

यो कारणहरूले गर्दा विकास–प्रशासनको लागि आवश्यक स्वचालित प्रशासन–यन्त्रको विकास हुनु पर्ने कुरामा सबै क्षेत्रको सहमति भए तापनि यस्तो प्रशासनिक यन्त्रको विकास हुन नसकेको कुरामा पनि सबै चिन्तित देखिन्छन्। यी समस्याहरूको जरो बृहत् सामाजिक परिवेशमा आधारित छ भन्ने कुरामा कसैको दुई मत नहोला। यस दृष्टिकोणले हेर्दा समाजमा विद्यमान निम्नलिखित मान्यता, धारणा र व्यवहार समस्याका प्रमुख कारणहरूका रूपमा देखिन्छन्:–

सामाजिक आर्थिक व्यवस्था

(क) हाम्रो समाजमा कार्यकुशलता, क्षमता, योग्यता र लगनशीलता जस्ता गुणभन्दा सामाजिक सम्बन्धलाई बढी महत्व दिने प्रथा अझै विद्यमान भएकोले सार्वजनिक जीवनको महत्त्वपूर्ण पदहरूमा पुगेका व्यक्तिहरूले आफ्ना नाता–कुटुम्ब, समर्थक सहयोगी वा साथीभाइलाई जागीर खवाउने र पदोन्नति, पुरस्कार, ठेक्का–पट्टा वा अन्य अवसर दिने तथा आफ्ना मानिसले कुनै कसूर गर्दा सजायबाट बचाउने कार्यहरू नगरेमा 'निर्दयी तथा मानवीय दृष्टिकोण नभएको' भनी समाजले तिरस्कार गर्ने अवस्थाको लोप भइसकेको छैन।

(ख) कुनै व्यक्तिले अधिकारको दुरुपयोग गरी वा अन्य खराब किसिमबाट पैसा

कमाए पनि त्यस्ता व्यक्तिलाई समाजले बहिष्कार गर्नुको सट्टा बढी प्रतिष्ठा दिने परम्परा छ । साथै यस्तै व्यक्तिहरूले ठूला –ठूला जिम्मेवारी बोक्ने अवसर पाउने गरेका धेरै उदाहरणहरू पनि पाइन्छन् । अनैतिक किसिमबाट पैसा कमाउनेलाई 'भाग्यमानी' वा 'बुद्धिमान्' भन्ने र इमान्दार भई यस्तो अनैतिक उपायबाट अर्थोपार्जन वा पक्षपात नगर्ने व्यक्तिलाई "मौका पाउँदा पनि पैसा कमाएन, लाछी वा मूर्ख रहेछ" भन्ने कुरा सानो उमेरदेखि नै बच्चाहरूले आफ्ना अभिभावकबाट सुन्ने गर्दछन् । यसबाट भ्रष्टाचार र अधिकारको दुरूपयोग गर्नु अपराध होइन रहेछ भन्ने भावनाको विकास बालककालदेखि नै हुन जानु स्वाभाविक हो ।

(ग) हरेक दृष्टिकोणबाट व्यावहारिक तथा वाञ्छनीय कार्यक्रमहरूको घोषणा गरेपछि पनि दृढताकासाथ तिनको कार्यान्वयन गर्ने अठोट र दृढताको कमी पाइन्छ ।

आर्थिक प्रशासनिक व्यवस्था

(क) औद्योगिक विकासको मन्दगतिले गर्दा रोजगारीको अवसरको ठूलो अभाव भएको र देशको आर्थिक क्षमताले सामाजिक सुरक्षाको व्यवस्था गर्न गाह्रो परेको हुँदा पढे–लेखेका मानिसकालागि सरकारी जागीर नै जीवीकोपार्जन-को प्रमुख स्रोत भएकोले जसरी भए पनि पद सिर्जना गरी जागीर दिने र जस्तै अपराध गरे तापनि कसैको गाँस खोस्नु हुँदैन भन्ने भावनाको फलस्वरूप सजाय दिंदा नरमपन अपनाइएको देखिन्छ ।

(ख) कुन पदका कर्मचारीले के काम गर्ने हो भन्नेबारे कार्यविवरण तयार गरी अधिकार तथा उत्तरदायित्व अनुसार कार्यान्वयन हुन सकेको छैन ।

(ग) विभिन्न बखत गठन भएका प्रशासन–सुधार आयोगहरूले दिएका व्याव-हारिक सुझावहरू व्यवस्थित ढङ्गबाट लागू गर्ने प्रयासमा कमी देखिन्छ भने कहिलेकाहीं व्यक्तिविशेषलाई फाइदा पुऱ्याउने गरी नीतिहरूमा परिवर्त्तन गर्ने गरेको पनि गुनासो छ ।

(घ) कर्मचारीहरूको कार्यसम्पादन–मूल्याङ्कन, कर्मचारीको सरूवा, तालीम, पदोन्नति ,तक्मा तथा अन्य पुरस्कारको र साथै दण्ड दिने क्रममा समेत प्रयोग गर्नुपर्नेमा सो कार्यसम्पादन–मूल्याङ्कन खालि पदोन्नतिको बेलामा मात्र गर्ने र अन्य कामको लागि यसको प्रयोग नगर्ने गरेको देखिन्छ ।

(ङ) आर्थिक कारोवारको सम्बन्धमा कानून अनुसार हुनुपर्ने खास कुराहरू हुन नसक्नु र राष्ट्रिय पञ्चायतको आर्थिक समिति र अन्य समितिहरू एवं

महालेखा-परीक्षक तथा महालेखा-नियन्त्रकको सल्लाह-सुझावहरूसमेतको कदर गरी कार्य गर्ने अझै बानी नबसेकोले आर्थिक तथा प्रशासनिक अनुशासन व्यवस्थित हुन नसकेको पाइन्छ ।

(च) सार्वजनिक संस्थाहरूको न्यूनतम कार्य सम्पादनको स्तर निर्धारण भई नसकेको देखिन्छ ।

(छ) विकास तथा निर्माण सामग्रीहरू ठीक समयमा उपलब्ध हुनको लागि आवश्यक समन्वयात्मक व्यवस्था हुन नसकेकोले अझै कतिपय परियोजनाहरूको लक्ष्य समयभित्र पूरा हुन सकेको छैन ।

**सुधार गर्ने उपायहरू:-**

(क) विकास प्रशासनको लागि बाधाजनक सामाजिक मान्यता र धारणाहरू के के हुन् भन्नेबारे प्रत्येक सभा, गोष्ठी र तालीम कार्यक्रमका पाठ्यक्रम आदिमा समावेश गर्ने र राष्ट्रसेवकहरूले आफ्नो स्वभाव र व्यवहारमा यस्ता अवरोधहरू हटाउन समेत दृढ संकल्प र आत्मबलको विकास गर्नु पर्ने देखिन्छ ।

(ख) भावी पुस्तामा नराम्रा संस्कारको संचार हुन नदिन विद्यालयदेखि नै पाठ्यक्रमहरूमा समेत नातावाद, कृपावाद र भ्रष्टाचार जस्ता कुराहरूप्रति घृणा पैदा गर्ने खालको शिक्षा दिने व्यवस्था हुनु पर्दछ ।

(ग) भ्रष्टाचार, अख्तियारको दुरूपयोग र अन्य पक्षपातका विरुद्ध बनेका कानूनहरूलाई दृढताका साथ लागू गरी के कस्ता अपराधमा के कस्तो कारवाही भयो सो बारे आमसंचारका माध्यमहरूबाट जनतालाई समेत बोध गराउनु पर्दछ ।

(घ) अब उप्रान्त नयाँ नियुक्ति हुने कर्मचारीले लोकसेवा आयोगबाट सिफारिश हुने बित्तिकै सम्पत्तिको विवरण दिनु पर्ने र सो नदिएमा नियुक्ति नै नदिने व्यवस्था गर्नुका साथै सम्पत्ति विवरण फाराम भर्दा कानूनको उद्देश्यनुरूप हुनु पर्दछ र खाली रीत पुऱ्याए र फाराम भर्ने प्रथा समेत रोक्नु पर्दछ ।

(ङ) एक वर्षभित्रमा सबै राष्ट्रसेवकहरूको सम्पत्ति विवरण प्राप्त गरी राम्रो अभिलेख राख्ने र यस अवधि भित्र सम्पत्ति विवरण नदिने राष्ट्रसेवकहरूमाथि कडा कारवाही गर्नुका साथै यसको जानकारी जनसमक्ष ल्याउने प्रबन्ध हुनुपर्दछ ।

(च) नि. से. नि. मा भएको सम्पत्ति विवरण सम्बन्धी व्यवस्थामा आवश्यक सुधार गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नु अपेक्षित छ ।

(छ) कर्मचारीको सरूया गर्दा तालीमको सदुपयोग हुने पदहरूमा मात्र गर्ने र स्वदेशमा संचालन हुने किसिमका तालीमहरू तथा उच्च शिक्षाको लागि सकभर विदेशमा नपठाउने नीतिको अवलम्बन गरिनु पर्दछ ।

(ज) राष्ट्रिय पञ्चायतको आर्थिक समिति र अन्य समितिहरू, महालेखा परीक्षक तथा महालेखा नियन्त्रकको सल्लाह सुझावहरू, साथै लोकसेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरूका विपरित कार्य गर्नेहरूलाई सजायँ दिन प्रभावकारी व्यवस्था हुनु पर्दछ ।

(झ) पञ्चायतको विभिन्न तहहरूमा काम गर्ने कर्मचारीहरूका लागि छुट्टै सेवा गठन गर्ने व्यवस्था गर्नुका साथै हाल जिल्ला पञ्चायत तथा अन्य पञ्चायतका एकाईहरू तथा अन्य सेवाहरूमा धेरै वर्षदेखि अस्थायी रहेका कर्मचारीहरूको उपयुक्तता जाँची स्थायी गर्ने तर्फ कारवाही गर्ने र अब उप्रान्त लामो समयसम्म अस्थायी कर्मचारी राख्ने प्रवृत्ति रोक्नु पर्दछ ।

(ञ) सार्वजनिक संस्थानहरूको कार्य सम्पादनको स्तर निर्धारण गरी नियन्त्रण तथा कार्यान्वयन गराउने प्रभावकारी व्यवस्था गर्नु पर्दछ ।

(ट) विकास निर्माणका सामग्रीहरू ठीक समयमा उपलब्ध गराउन प्रभावकारी कार्यक्रम तर्जुमा गर्नु पर्दछ ।

(ठ) मूलतः प्राविधिक काम गर्ने मन्त्रालयहरूमा सचिव वा अन्य हाकिमका पदमा सकभर प्रशासनिक क्षमता प्रमाणित गरेका प्राविधिज्ञहरूलाई नियुक्त गरिनु पर्दछ ।

(ड) मूलभूत कुरामा सम्पूर्ण निजामती कर्मचारी प्रशासनका नीतिहरू समान भए पनि सेवा र पदहरूको प्रकृति बिचार गरी तिनमा आवश्यक विविधता समेतलाई स्थान दिनु पर्दछ ।

(ढ) प्रशासन–सुधार गर्ने क्रममा गरिने सुधारहरू सैद्धान्तिक रूपले जति राम्रो देखिए तापनि ती सुधारहरू हाम्रो आफ्नो परिप्रेक्ष्यमा लागू गर्दा हुने फाइदा-वेफाइदाबारे व्यापक चिन्तन-मनन गरेर मात्र निर्णय लिनु पर्दछ प्रशासनका कुनै एक पक्षमा मात्र हचुवा किसिमबाट सुधारका नाममा बराबर परिवर्तन गरिनु हुँदैन ।

(ण) नीति-निर्माण गर्ने कार्य राजनैतिक व्यक्ति (पञ्च) को हो र यस कामका लागि आवश्यक जानकारी (विभिन्न विकल्पहरू र तिनका लेखा-जोखा, प्रविधि इत्यादि) दिने काम प्रशासकहरूको हो । नीतिको कार्यान्वयन पञ्चको सुपरीवेक्षणमा प्रशासनले गर्ने हो तर दैनिक कार्यमा पञ्चहरूबाट

अनावश्यक हस्तक्षेप हुनु हुँदैन । त्यसैले कार्यान्वयनको मूल्याङ्कन गर्दा पञ्चको प्रमुख भूमिका हुनु पर्ने हुनाले हाल भएका नीति-नियम र प्रक्रियाको बृहत अध्ययन गरी आवश्यकतानुरूप सुधार गरिनु अपेक्षित छ ।

(त) पञ्चहरूले प्रशासन समक्ष के-कस्ता कुरामा सिफारिश गर्न मिल्छ, सो बारे सभा गोष्ठी आदिबाट जानकारी गराउने र प्रशासकहरूलाई दिइने तालीममा पनि उनीहरू श्री ५ को सरकारका नीति तथा निर्णयहरू कार्यान्विन गर्ने यन्त्र हुन् भन्ने प्रकारको भावनाको विकास गर्ने खालका पाठ्यक्रम र प्रशिक्षण विधिमा जोड दिइनु पर्दछ ।

(थ) प्रशासनिक अनुशासनको उल्लङ्घन (जस्तैः तह नाघ्ने, जिम्मेवारी पन्छाउने, ढिलासुस्ती गर्ने आदि) का क्रियाकलापलाई निरूत्साहित गर्न निश्चित तथा प्रभावकारी व्यवस्था हुनु पर्दछ ।

(द) संविधानको तेस्रो संशोधन पश्चात देशको राजनैतिक प्रक्रियामा आएको परिवर्तनअनुरूप र विकेन्द्रीकरण योजनालाई सफलतापूर्वक संचालन गर्ने क्रममा प्रशासनिक कार्यहरूलाई अझ बढी सुव्यवस्थित किसिमबाट कार्यान्वयन गर्न प्रशासनिक नीति र प्रक्रिया तथा अन्य कुरमा के-कस्तो सुधार गर्नु पर्ने हो सो बारे गहिरिएर अध्ययन गरी व्यावहारिक दृष्टिकोणबाट व्यापक प्रशासन सुधारको कार्यक्रम तयार गर्नु आवश्यक छ ।

उपर्युक्त सुझावहरूको कार्यान्वयन भएमा हाल प्रशासनिक क्षेत्रमा देखा परेका समस्याहरूको क्रमिक निराकरण भई यस क्षेत्रका आत्मबल र कार्यक्षमतामा अभिवृद्धि हुने कुरामा विश्वास गर्न सकिन्छ ।

## २. विकेन्द्रीकरण पृष्ठभूमि

नेपालमा केन्द्रीकरणको ठोस प्रयास पञ्चायत व्यवस्थाको प्रादुर्भाव पश्चात भएको हो । नेपालको संविधान २०१९ ले विकेन्द्रीकरणको सिद्धान्तलाई अँगालेको छ । उक्त संविधानको अनुसरण भई २०२० सालमा प्रशसान शक्ति-विकेन्द्रीकरण आयोगको गठन भयो । त्यस आयोगको प्रतिवेदनका आधारमा २०२२ सालमा श्री ५ को सरकारले एक विकेन्द्रीकरण योजना तयार गऱ्यो । उक्त योजनालाई कार्यान्वयन गर्न स्थानीय प्रशासन अध्यादेश, २०२२ जारी भई सो अध्यादेश मिति २०२२।१२।१० मा स्थानीय प्रशासन व्यवस्था ऐनका रूपमा लागू भयो । विकेन्द्रीकरणजस्तो वृहत् परिवर्तनको कार्यान्वयनमा समस्याहरू खडा हुनु स्वाभाविकै थियो । त्यसैले यसको अध्ययन र सिंहावलोकनका लागि पटक पटक विकेन्द्रीकरण समितिहरू पनि गठन भए ।

यो समितिहरूले मुख्यत: २०२२ को विकेन्द्रीकरण योजनामा उल्लेखित बूँदाहरूलाई नै समर्थन गरी तिनको अरू छिटो कार्यान्वयनको लागि सिफारिश गरेका हुन् । उक्त समितिहरूको सिफारिशलाई दृष्टिगत गर्दै स्थानीय प्रशासन व्यवस्था ऐन, २०२२ लगायत स्थानीय प्रशासन सम्बन्धी अन्य विभिन्न ऐनहरूलाई समेत खारेज गरी स्थानीय प्रशासन ऐन, २०२२ जारी भयो ।

जिल्ला विकास-योजनाको तर्जुमा र कार्यान्वयनलाई विकेन्द्रीकरण योजनाको सिद्धान्तअनुरूप संचालन गर्न जिल्ला प्रशासन योजना २०३१ लागू गरियो । तर यस प्रयासको अनुसरण एक त केन्द्रीय निकायहरूबाट हुन सकेन भने अर्कोतिर स्थानीय पञ्चायतहरूबाट पनि राम्रो समर्थन प्राप्त नहुनाले यो प्रभावकारी हुन सकेन । २०३५ सालमा एकीकृत पञ्चायत विकासको नाम दिई अर्को प्रयास शुरू भयो । जिल्लास्तरमा एकीकृत जिल्ला-विकास योजना तयार गर्ने सिलसिलामा जिल्लाका प्रत्येक इलाकामा विकाससंग सम्बन्धित विभिन्न निकायहरू भएको 'सेवा केन्द्र' स्थापना गर्ने र यस्तै सेवा-केन्द्रहरूको माध्यमबाट योजना तर्जुमा, संचालन र सुपरीवेक्षण गर्ने मुख्य धारणा लिई शुरू गरिएको यो प्रयास पनि कार्यान्वयन नै हुन सकेन ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट २०३८ साल पौष १ गते संविधान दिवसको उपलक्ष्यमा विकेन्द्रीकरणलाई अगाडि बढाउन मार्मिक निर्देशन बक्स हुँदै हुकुम भएको छ- "नेपाली समाजलाई अग्रगामी बनाउने हो भने यस व्यवस्थाले परिकल्पना गरेको विकेन्द्रीकरणको सिद्धान्तलाई हाम्रो समाजको तल्लो तहसम्म दैनिक जीवनपद्धतिका रूपमा उतार्नु पर्छ । यसैले मात्र हाम्रो समाजको प्रजातान्त्रिक पञ्चायत व्यवस्था सम्पूर्ण देशवासीको समुन्नतिको लागि अग्रसर हुँदै बढ्नेछ ।" यस शाही निर्देशनको अनुसरण स्वरूप पञ्चायत नीति तथा जाँचबूझ समितिबाट २०३८ साल माघ १४ गते विकेन्द्रीकरण उप समितिको गठन भयो । उक्त उपसमितिले काम थालेको केही समयमा नै २०३८ फाल्गुण २७ गते देखि ३१ गतेसम्म पञ्चायत नीति तथा जाँचबूझ समितिबाट केन्द्रीय पञ्च भेलाको आयोजना भयो । सो पञ्च भेलाले विकेन्द्रीकरणसम्बन्धी कमजोरीहरूलाई औंल्याउँदै एक कार्यनीति तथा कार्यान्वयनका उपायहरूसंग सम्बन्धित प्रस्तावहरू पनि पारित गर्‍यो । (केन्द्रीय पञ्च भेला २०३८ पं. नी. तथा जाँ. बू. स. पुस्तिका. पाना ५९, ६०, र ६१ । )

उक्त प्रस्तावहरूलाई आधार मानी अरू वस्तुगत अध्ययन तथा परामर्श पश्चात विकेन्द्रीकरण उपसमितिले २०३९ श्रावणमा आफ्नो अन्तिम प्रतिवेदन

प्रस्तुत गऱ्यो । यस प्रतिवेदनको एक प्रमुख सिफारिशमा विकेन्द्रीकरण ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने भन्ने थियो । सो सिफारिश अनुसार २०३९ को राष्ट्रिय पञ्चायतको अधिवेशनबाट विकेन्द्रीकरण ऐन, २०३९ पारित भयो ।

विकेन्द्रीकरण जनजीवनसंग सम्बन्धित एक महत्वपूर्ण विषय भएकोले विकेन्द्रीकरण विधेयकबारे पञ्चहरूको प्रतिक्रिया तथा राय बुझ्ने भन्ने भयो । त्यसको अनुसरण गरी पञ्चायत तथा स्थानीय विकास मन्त्रालयबाट एक नियमावलीको मस्यौदा तयार गरी प्रस्तुत पनि गरियो । विकेन्द्रीकरण ऐन र उक्त मस्यौदा नियमावलीको प्रचार गरी ठाउँ ठाउँमा गोष्ठीहरूको आयोजना गरियो । ती गोष्ठीहरूबाट अनेकौं महत्वपूर्ण सुझावहरू प्राप्त भए ।

विकेन्द्रीकरण अन्तर्गत नगर पञ्चायत सम्बन्धी बिचार विमर्श गर्न २०३९ साल माघमा भद्रपुरमा देशका सबै नगर पञ्चायतहरूको सम्मेलन भयो । त्यस सम्मेलनबाट एक विस्तृत प्रतिवेदन तयार गरी पञ्चायत नीति तथा जाँचबूझ समिति र श्री ५ को सरकारमा सो प्रतिवेदन पेश गरियो ।

विकेन्द्रीकरणको क्षेत्रमा नियमित रूपले सम्बन्धित निकायहरूसँग सम्पर्क राखी जाँचबूझ र अनुसरण गर्दै श्री ५ को सरकारलाई आवश्यक सल्लाह र सुझाव दिन २०३९ चैत्र २० गते पञ्चायत नीति तथा जाँचबूझ समितिले एउटा उच्चस्तरीय विकेन्द्रीकरण समितिको गठन गऱ्यो ।

उक्त समितिले विकेन्द्रीकरण ऐन, २०३९ मा आवश्यक संशोधनका लागि श्री ५ को सरकारलाई सुझाव दिनुको साथै विकेन्द्रीकरण नियमावलीको मस्यौदा पनि तयार गरी पेश गऱ्यो । साथै विकेन्द्रीकरणको कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक पूर्वाधारहरूको सूची पनि पेश गऱ्यो । तदनुरूप विकेन्द्रीकरण ऐन (संशोधन) २०४१ पारित भयो र विकेन्द्रीकरण कार्य व्यवस्था नियमावली २०४१ स्वीकृत भयो ।

## विकेन्द्रीकरणको कार्यान्वयन

विकेन्द्रीकरण ऐन र नियम २०४१ पौष १५ गतेदेखि देशभर लागू भयो । तर श्री ५ को सरकारको साधन, स्रोत र अन्य कारणलाई दृष्टिगत गरी प्रत्येक अञ्चलको एक जिल्लामा सघनरूपमा कार्यान्वयन गर्ने कार्य भएको छ । योजना प्रक्रियाको समयको दृष्टिकोणले लागू भएको मिति ३ महीना पछि परे तापनि सातौं योजना र वार्षिक कार्यक्रमको तर्जुमाको काम कुनै न कुनै रूपले सम्पन्न भएको छ । यस सम्बन्धमा केही मन्त्रालयहरूबाट बजेटको सिमाङ्कन (सिलिङ) तथा मार्ग–निर्देशनहरू ढिला गरी गएको र साधनको अनुमान सम्बन्धमा पनि

कुनै–कुनै निकायले पूर्ण जानकारी नपठाएको र कुनै–कुनैबाट प्राप्त सिमाङ्कन (सिलिङ) प्रशासनिक खर्चलाई मात्र भ्याउने भएबाट योजना तर्जुमामा अड्चनहरू आए उक्त व्यवधानहरूको बाबजूद पनि प्रायः सबै जिल्लाहरूबाट आवधिक योजना तथा २०४२।०४३ आर्थिक वर्षको कार्यक्रम तयार भई पेश भएको छ । हतारमा काम भएकोले धेरै आयोजनाहरूमा खास गरी स्थानीय विकास निर्माण आयोजनाहरूको राम्रो लगत इष्टिमेट र छानवीन हुन पाएको छैन । यसमा प्राविधिक जनशक्तिको कमीले निकै बाधा पुऱ्याएको छ । फलस्वरूप सिमाङ्कन (सिलिङ) भन्दा बढी रकमको योजना तथा कार्यक्रम प्रस्तुत भएका छन् । योजना र कार्यक्रमको तर्जुमामा त्रुटिहरू धेरै भए तापनि जुन कठिनाईहरूको पृष्ठभूमिमा ती कार्य भएका छन् त्यो उत्साहबर्धक मान्नु पर्दछ । विकेन्द्रीकरणको आधारभूत पक्ष तलैबाट योजना बनाउने प्रक्रियाको शुरूवात भएको छ ।

तर अपशोचको कुरा यो छ कि २०४२।०४३ को वार्षिक कार्यक्रम अन्ततोगत्वा विकेन्द्रीकरण प्रक्रिया अनुरूप बनेन । मन्त्रालयबाट दिइएका सिमाङ्कन (सिलिङ) हरूमा आमूल परिवर्तन गरियो । जिल्ला सभाबाटै पारित भई पेश भएको वार्षिक कार्यक्रमलाई पन्छाई अर्कै आयोजनाहरू समावेश गरिए । विशेष कार्यक्रममा जिल्ला सभाबाट पारित आयोजनाहरूलाई कुनै स्थान दिइएन । यसमा प्रायः सबै जिल्ला पञ्चायतहरूबाट व्यापक विरोध भइरहेको छ ।

वार्षिक कार्यक्रम विकेन्द्रीकरण प्रक्रियाअनुरूप बन्न नसके तापनि विनियोजन बजेटले विकेन्द्रीकरणको सिद्धान्तलाई अँगाल्ने प्रयास गरेको छ । बजेट–वक्तब्यमा विकेन्द्रीकरणको पक्षमा स्पष्ट जोड दिइनुका साथै बजेट–पुस्तिकामा जिल्लास्तरीय आयोजनाहरू समेत स्पष्ट छुट्याइएका छन् ।

वार्षिक कार्यक्रम विकेन्द्रीकरण प्रक्रियानुरूप नबने तापनि बजेटमा जिल्लास्तरीय आयोजनाहरू स्पष्ट छुट्याइदिएकोले तिनको कार्यान्वयन विकेन्द्रीकरण प्रक्रियाअनुरूप नै हुने आशा गर्न सकिन्छ । यस सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट सबै सम्बधित मन्त्रालयहरूलाई जानकारी दिई जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई विकेन्द्रीकरण ऐन नियमअनुसार बजेट निकासा दिने परिपत्र भएको छ । यसबाट जिल्ला–जिल्लामा विकेन्द्रीकरणअनुसार योजनाको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने बाध्यता सिर्जना भएको छ ।

## अनुशिक्षण तथा तालीम

विकेन्द्रीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक

पूर्वाधारहरूमध्ये विभिन्न तहका प्रशासनिक व्यक्तिहरू तथा स्थानीय पञ्चायतका राजनैतिक व्यक्तिहरूलाई विकेन्द्रीकरणबारे जानकारी एवं अनुशिक्षण दिनु पनि महत्वपूर्ण पूर्वाधार हुन् । यस सम्बन्धमा २०४१ कात्तिकमा प्रत्येक अञ्चलको सदर मुकाममा अञ्चलस्तरीय विकेन्द्रीकरण कार्यशाला गोष्ठी, योजना अधिकृत-हरूको तालीम, २०४१ माघमा न. पं. पदाधिकारीहरूको सम्मेलन तथा २०४१ फाल्गुणमा विकेन्द्रीकरण योजनाको तर्जुमा सम्बन्धी सेमिनार आदि कार्यक्रमहरू संचालित भए । २०४१ चैत्र २६ मा यस विषयलाई लिएर श्री ५ को सरकारका सचिवहरूको गोष्ठी भयो । सघन रूपले विकेन्द्रीकरण संचालन हुने १४ जिल्लाहरूमा जि. पं. सभापति र सदस्यहरूको गोष्ठी पनि सम्पन्न भयो ।

### अनुगमन तथा मूल्याङ्कन

विकेन्द्रीकरण एक जटिल प्रक्रिया हो । यसको कार्यान्वयनमा विभिन्न बाधा समस्याहरू उत्पन्न हुने निश्चित छ । अतः यसको कार्यान्वयनमा निरन्तर निगरानी राखी समस्याहरूको विश्लेषण गरी समाधान गर्दै लैजानु नितान्त आवश्यक छ । यस दिशामा पञ्चायत तथा स्थानीय विकास मन्त्रालयमा एक कार्यदल कार्यरत छ । पञ्चायत नीति तथा जाँचबूझ समिति अन्तर्गत पनि एक मूल्याङ्कन टोली गठन भएको छ । तर यी निकायहरूबाट उक्त काम हुन संभव छैन ।

### निष्कर्ष

अधिराज्यमा विकेन्द्रीकरण लागू भएको गत पुष १५ गते मात्र हो । तसर्थ यो ९।१० महीनाभित्र विकेन्द्रीकरणको क्षेत्रमा जेजति काम भएको छ, त्यसलाई सरसर्ती हेर्दा आशाप्रद नै मान्नु पर्दछ । हाल श्री ५ को सरकारको उच्च तहमा विकेन्द्रीकरण प्रक्रियाप्रतिको मनोभावनामा सकारात्मक परिवर्तन आइ-रहेको देखिन्छ । तर यो प्रक्रिया संक्रमण स्थितिमा नै छ । यसले जरो गाडिसकेको छैन । त्यसैले यसको निरन्तर अनुगमन हुनु जरूरी छ । यसो भएको खण्डमा आगामी वर्षको कार्यक्रम विकेन्द्रीकरण प्रक्रिया अनुरूप हुने आशा गर्न सकिन्छ । बजेट र कार्यक्रमसम्बन्धी हाल जुन समस्या देखा परेको छ, त्यो गत आर्थिक वर्षमा विकेन्द्रीकरणप्रतिको कटिबद्धताको कमीबाट हुन गएको हो । अब जसरी हुन्छ विकेन्द्रीकरणप्रतिको जनधारणामा आघात नपर्ने गरी अविलम्ब सुल्झाई विकेन्द्रीकरण कार्यक्रमको कार्यान्वयन गर्नको लागि अगाडि बढ्नु जरूरी छ ।

### अब गरिनु पर्ने सुधारहरू

विकेन्द्रीकरण ऐन र नियमावलीमा यस प्रकारका परिवर्तनहरू अपेक्षित

देखिन आउँछन्:–

१. जिल्लाबाट प्राप्त आवधिक योजना र वार्षिक कार्यक्रमको केन्द्रीय योजना तथा कार्यक्रमको बीचमा सामन्जस्य तथा समन्वय ल्याउन जिल्ला सभाबाट पारित प्राथमिकताभित्र रही राष्ट्रिय योजना आयोगले विषयगत क्षेत्रमा आवश्यक हेरफेर गर्न सक्ने र जिल्ला योजना तथा कार्यक्रमको आयोजना-स्तरमा उक्त प्राथमिकताभित्र रही जिल्ला पञ्चायतले आवश्यकतानुसार मिलाउन पाउने पनि अधिकार हुनु पर्दछ ।

२. विकेन्द्रीकरण नियमावलीमा जिल्लास्तरीय योजना छुट्याउने आधार कतै–कतै अस्पष्ट र कतै–कतै महत्वाकांक्षी तथा अव्यावहारिक पनि भएकोले हालको अनुभवको आधारमा सबै मन्त्रालयहरूको सहभागिता लिई पुनरावलोकन गरी निर्णय गरिनु पर्दछ ।

३. जिल्ला–विकास योजनाको निम्ति नियमावलीमा केही फारामहरूको व्यवस्था भएकोमा हालको योजना तर्जुमासम्बन्धी अनुभवको आधारमा समय–समयमा सो फाराममलाई आवश्यकता अनुसार परिमार्जित गर्दै लैजाने जिम्मेवारी राष्ट्रिय योजना आयोगलाई दिने गरी ऐन र नियमावलीमा संशोधनको व्यवस्था हुनु पर्दछ ।

४. विकेन्द्रीकरण प्रक्रियामा हाल नगर पञ्चायतहरू अलग्गिएका देखिन्छन् । यसमा जिल्ला पञ्चायत र नगर पञ्चायत बीचको आपसी समझदारी र सुसम्बन्धबारे पनि उपयुक्त व्यवस्था हुनुपर्ने देखिन्छ ।

संगठनात्मन व्यवस्था

१. विकेन्द्रीकरण योजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न विगत पञ्चभेलाको निर्णयलाई अनुसरण गरी एक उच्चस्तरीय शक्ति सम्पन्न राजनीतिक इकाइ अबिलम्ब गठन गरी त्यसबाट निरन्तर अनुगमन तथा परिचालन भइरहनु पर्ने आवश्यक छ ।

२. विशेष कार्यक्रम अन्तर्गतको रकम यसै आर्थिक वर्षदेखि जिल्ला पञ्चायतलाई उपलब्ध गराई जिल्लासभाबाट निर्णय भएको आयोजनामा खर्च गर्ने व्यवस्था हुनुपर्छ ।

श्री ५ को सरकारको नीति तथा कार्यान्वयनमा दृढता ल्याउनु पर्ने

१. विकेन्द्रीकरणको कार्यान्वयनको समीक्षा व्यवस्थित तवरले गरी आइपरेका बाधा अड्चनहरूलाई हटाउँदै लैजानु आवश्यक छ । यसमा व्यवधान खडा गर्ने उपर कडा कारवाही हुनु जरूरी छ ।

२. सातौं योजनालाई विकेन्द्रीकरणअनुरूप तुल्याउन आवश्यक कारवाही हुनु पर्दछ ।

३. विकेन्द्रित योजना–प्रक्रियालाई सफल तुल्याउन स्थानीय स्तरमा प्राविधिक जनशक्ति र प्रशिक्षणको राम्रो व्यवस्था हुनु आवश्यक छ । श्री ५ को सरकारले पनि यसलाई विशेष प्राथमिकता दिई केन्द्रमा भएका प्राविधिज्ञहरू जिल्ला पञ्चायत कार्यालयलाई उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।

नेपालको संविधानमा "क्रमिक विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरूलाई अधिकाधिक मात्रामा सम्मिलित" गराउने स्पष्ट व्यवस्था छ । अहिले लागू भएको विकेन्द्रीकरण प्रक्रिया मुख्यतः गाउँ र जिल्लास्तरको विकास योजनामा सीमित छ । देशको प्रशासनको अन्य प्रत्येक तह (जस्तै अञ्चल र क्षेत्रीयस्तर) मा पनि जनप्रतिनिधिहरूलाई सम्मिलित गराउनेतर्फ ध्यान जानु जरूरी छ ।

# केन्द्रीय पन्चभेला २०४२ द्वारा पारित सामाजिक कार्यपत्र

हाम्रो सर्वोपरि साध्य राष्ट्रियता हो । राष्ट्रको सर्वाङ्गीण विकासमा सबै जातजाति, सबै भाषाभाषी र सबै क्षेत्रका जनताको सक्रिय योगदानको अनिवार्यता छ । राष्ट्र हाम्रो हो, राष्ट्रको समुन्नति हाम्रो समुन्नति हो, राष्ट्र निर्माणमा हामी सबैको योगदान अपेक्षित छ र राष्ट्रको समृद्धिमा हाम्रो पनि साझेदारी छ भन्ने धारणा सबै जातजाति, भाषाभाषी र सबै क्षेत्रका जनतामा हुन सक्ने वातावरणको सृजना हुनु अझै आवश्यक छ ।

"व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामन्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यापूयर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य मूलभूत रूपमा रहेकाले यसको प्राप्तिका लागि त्यस अनुकूल सामाजिक लक्ष्यको निर्धारण गरिएको छ । उपर्युक्त समाजको सृजना गर्ने काममा साधारण जनतालाई क्रियाशील तुल्याउने मार्गमा रहेका बाधाहरू हटाई सामन्जस्यपूर्ण तथा नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु तथा परापूर्व कालदेखि नै नेपालको समृद्धि तथा वैभव र राष्ट्रिय चरित्रका रूपमा नेपाली नागरिकले गरिआएको नेपालको संस्कृति र परम्परागत मान्यताप्रति रहिआएका पारस्परिक सुमधुर सहिष्णुतालाई कदर गर्दै राष्ट्रियता कायम गर्नु पञ्चायत प्रणालीको सामाजिक लक्ष्य हुनेछ ।" उक्त संवैधानिक सन्दर्भमा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गर्ने हाम्रो लक्ष्य रहेको छ । बेग्ला बेग्लै सामाजिक र राजनीतिक पृष्ठभूमि र मान्यता भएका विशालकाय दुई देशबीच हाम्रो देश अवस्थित छ । भौगोलिक विविधता, सांस्कृतिक अनेकता एवं विभिन्न परम्परागत धारणाहरूको आधारभूत एकताले हाम्रो समाजलाई जीवन्त तुल्याएको छ । अतः हाम्रो देशको सामाजिक अवस्था बहुआयामिक छ । हाम्रो समाजको संरचनाको आधारशिला

समन्वयात्मक पृष्ठभूमिमा आधारित छ । समष्टिमा नेपाली समाजको सम्प्रदाय र यिनैका आधारमा निर्मित धारणा, स्थापित मान्यता र मूल्यकै आधारमा हाम्रो समाज संचालित भएकाले भू–प्रकृतिगत, जातिगत, संस्कृतिगत, धर्मगत विशिष्टता -संग परिचित हुनु र विद्यमान अलग अलग समस्याको पहिचान गर्नु नितान्त जरूरी छ । सामाजिक विशिष्टताको अनुसरण र देखापरेको समस्याको निराकरण नै शोषणरहित समाज सिर्जनाका आधारभूत तत्वहरूहुन् । समाजको एकतात्मक भावनाको सुदृढीकरण र विस्तार नै नेपाली समाजको प्रवल आधार हो र हामी नेपाली सबै एक हौं भन्ने राष्ट्रिय भावनाको संरक्षण पनि यही आधारबाट मात्र सम्भव हुन्छ ।

हामी नेपालीहरू हिमाली, पहाडी र तराई क्षेत्रमा बस्छौं । भूप्रकृतिको आधारमा हामीले सामना गर्नुपर्ने समस्याहरू एकातिर छन् भने अर्कातिर हामी विभिन्न जात जातिका भएर पनि हाम्रा माँझ एकात्मकता र सौहार्द कायम छ । हाम्रो भाषा, भेषभूषा, संस्कृति र परम्परागत धारणा एवं प्रचलनमा विविधता छ र यी पक्षमा देखिएका समस्याहरू पनि विविधतायुक्त नै छन् । तर हामीले जातिगत, सांस्कृतिगत एवं धार्मिक आधारभूत मान्यताहरूलाई कायम राखी प्रवल राष्ट्रिय चरित्र सिर्जना गर्नु पर्दछ । प्रत्येक नेपालीले संविधान प्रदत्त अधिकार र सुविधाको समान रूपले उपभोग गर्न पाउने र राष्ट्रिय अर्थतन्त्रको विकासमा सहभागी भई त्यसको प्रतिफलमा समान साझेदार बनेको आम अनुभवका साथै पिछडिएका क्षेत्र र वर्गलाई शिक्षा, विकासका दिशातर्फ अभिप्रेरित गराउने वातावरण सृजना गर्न सकेमा आपसी भ्रातृत्व र राष्ट्रियताको भावना अझ प्रखर हुने निश्चित छ ।

राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहबाट यिनै कुराहरूलाई सारगर्भित रूपले अभिव्यक्ति प्रदान गर्ने क्रममा नेपाललाई चार वर्ण छत्तीस जातको फूलबारीको संज्ञा दिइबक्सेको हो र यी विभिन्नताको मूल राष्ट्रिय संगमस्थल राजनेतृत्व नै हो । राजमुकुटको वात्सल्यपूर्ण शीतल छहारीमा विविधता बीच पनि एकता कायम गर्दै राष्ट्रिय मूलधारामा राष्ट्रिय एकताको धारणाबाट अभिप्रेरित हामी सबै नेपाली एक हौं भन्ने अनुभूति नेपाली मात्रमा प्रवाहित भएको छ। यसरी नेपाली राष्ट्रियताको निर्माणकालदेखि नै सम्पूर्ण नेपाली हृदयले राजमुकुटलाई राष्ट्रिय एकताको प्रतीकको रूपमा आत्मसात् गर्दै आएको छ ।

सामाजिक लक्ष्य प्राप्तिका लागि हामीले सामना गर्नुपर्ने प्रशस्त समस्याहरू छन् । यिनै कुराहरूलाई हृदयङ्गम गरिबक्सी राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट पञ्चहरूलाई प्रष्ट मार्ग निर्देशन बक्सँदै हुकुम भएको छः– 'अनुशासित, इमान्दार, नैतिक चरित्र तथा आचरणको छाप जनमानसमा पार्नु पर्ने दोहोरो चुनौती छ ।' हामीले प्रखर राष्ट्रिय चरित्रको सिर्जना गर्ने प्रयासमा मौसूफको उल्लेखित मार्ग निर्देशनको अनुसरण गर्नु आवश्यक छ, किनभने एकातिर परम्परागत रूपमा आएका हाम्रा रूढीगत धारणा, अन्धविश्वास र कुसंस्कारहरू कुनै न कुनै रूपमा कायम छन् भने अर्कोतिर समाजिक विसंगति र विकृति जन्माउने कैयौं नयाँ कुराहरूले हाम्रो समाजमा प्रवेश पाउन थालेका पनि छन् । लागू पदार्थ र लागू औषधिको सेवन फेशनको रूपमा बढ्दै गएको छ भने चेलीबेटीलाई आफ्ना छुद्र स्वार्थको साधन बनाउने प्रवृत्तिले टाउको उठाउन थालेको देखिन्छ । विज्ञान र प्रविधिका आविष्कारहरूको प्रवेशलाई एकातिर प्रोत्साहित गर्नु पर्ने अवस्था छ भने अर्कोतिर त्यस्ता वस्तुको दुरूपयोग र दुष्परिणाम प्रति पनि उत्तिकै जागरूक रहनु आवश्यक देखिन्छ । यसैगरी अश्लिल साहित्य, चलचित्र र आयातित अवान्छित प्रभावले हाम्रो सामजमाथि दुष्परिणाम पार्न थालेको छ । सामाजिक लक्ष्य हासिल गर्न चाहने शिक्षा र संचारका क्षेत्रबाट वाञ्छित टेवा प्राप्त हुन नसक्नाको कारण ती क्षेत्रहरू झन् जटिल हुन थालेको आभास हुन्छ । यसरी विगतका परम्परागत अवशेष र हाल उब्जेका नयाँ समस्याहरूले गर्दा हाम्रो सामाजिक संरचनाको आधार, संरक्षण, पञ्चायत व्यवस्थाले निर्धारण गरेको सामाजिक लक्ष्य प्राप्ति र हाम्रा स्थापित सामाजिक मान्यता र मूल्यहरूको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ । यद्यपि कुसंस्कार, कुरीति अन्धविश्वास र रूढीवादी धारणाका विरूद्ध सामाजिक चेतना बढाउने र सामाजिक विकृति एवं विसंगति बढाउने प्रयासको नियन्त्रणका लागि ऐन कानूनहरू पनि व्यवस्थित छन् । तर अपेक्षित सामाजिक चेतना र दायित्वबोधको अभावमा वान्छित परिणाम प्राप्त हुन सकेको छैन । राष्ट्र निर्माणको सहभागितादेखि लिएर राज्यप्रदत्त सुविधाको उपभोगमा समेत कुनै क्षेत्र अगाडि छ र सहभागिता र उपभोगको अपर्याप्त महसूस गर्दछ भने अर्को त्यस्तै कुनै क्षेत्र सहभागिता र उपभोगको अवसरलाई उपयोग समेत गर्न नसक्ने स्थितिमा छ । यो असन्तुलनको अवस्था नहटेसम्म सामाजिक विषमता हट्दैन र शोषणरहित समाजको सिर्जना गर्ने हाम्रो लक्ष्य पनि पूर्ति हुन नसक्ने स्थिति छ । वस्तुतः आज हाम्रो समाजले सामाजिक लक्ष्य प्राप्तिका लागि सामना गर्नुपर्ने समस्यामूलक क्षेत्रहरू कुन कुन हुन् र तिनका निराकरणका उपाय के के हुन् तिनीहरूको पनि निर्धारण गर्नु पर्दछ । यस परि-

प्रेक्ष्यमा अब वृहत् सामाजिक क्षेत्र अन्तर्गतका विभिन्न पक्षबारे क्रमशः चर्चा गरौं ।

१. शिक्षा क्षेत्रः निर्दलीय पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि टड्कारो रूपमा विकसित भएको देखिने क्षेत्र शिक्षा नै हो । उदाहरणतः २००७ सालमा एक प्रतिशत रहेको साक्षरहरूको संख्या अहिले वृद्धि भएर अठ्ठाइस प्रतिशतमा पुगेको छ । शैक्षिक निकायको आधारशिला देशका कुनाकाप्चासम्म फैलिएकोछ । प्रत्येक गाउँ पञ्चायतमा कुनै न कुनै तहका विद्यालयहरू स्थापित छन् । तर सामाजिक विकृति र विसंगतिका विरूद्ध क्रियाशील रहनुपर्ने यस क्षेत्र भित्र अपेक्षित स्वस्थता र स्वच्छता आवश्यक छ । शिक्षा नीति, शिक्षा प्रशासन, शिक्षक र विद्यार्थी एवं अभिभावकका बीच पनि अपेक्षित पारस्परिक समन्वय, समझदारी, सहयोग र सद्भावनाको वातावरण कायम हुन सकेमा मात्र यस क्षेत्रमा देखिएका विसंगति र समस्याहरू हट्न सक्छन् । देशका सम्पूर्ण शैक्षिक निकायलाई सामाजिक लक्ष्य प्राप्तिका सहयोगी अंगका रूपमा क्रियाशील हुन सक्ने वातावरण तयार गर्नु नितान्त जरूरी छ । पञ्चायतवादी नेपालको विशुद्ध नेपाली सभ्यता र संस्कृतिलाई हुर्काई सिंगार्नका निम्ति प्रतिवद्ध शैक्षिक वातावरण नै हाम्रो आवश्यकता हो भन्ने कुरा हामी प्रत्येक पञ्चले बुझ्नु पर्ने हुन्छ ।

शिक्षा क्षेत्रमा हाल मुख्यतः दुई किसिमका चुनौतीहरू देखापरेको छन् । एकातिर विज्ञान र प्रविधिको चरम उन्नतिको अन्तर्राष्ट्रिय सन्दर्भसित हातेमालो गर्न हाम्रो शिक्षा प्रणालीको आधुनिकीकरण तीव्र गतिले गर्नुपर्ने भएकोछ भने अर्कातिर बहत्तर प्रतिशत निरक्षर जनतालाई सम्वत् २०५७ (सन् २०००) सम्ममा साक्षर बनाइसक्ने हाम्रो प्रतिवद्धता पनि उत्तिकै महत्वपूर्ण छ । यस प्रतिवद्धतालाई साकार बनाउन प्राथमिक शिक्षाको विस्तारका साथै साक्षरता प्रसार एक सशक्त अभियानका रूपमा संचालन गर्नु पर्दछ । शिक्षाका उद्देश्य भौतिक पक्षको ज्ञान हासिल गर्ने मात्र हुन थालेकोले र यसका अन्य महत्वपूर्ण पक्षहरू एवं व्यक्तिको अन्तर्विकासको प्रक्रिया शिथिल हुन गई सेवामुखी सामाजिक भावनामा ह्रास आएको र व्यक्तिनिष्ठ धारणा प्रवल हुँदै गएको वास्तविकता पनि हाम्रो सामू छ । शिक्षाको विषयवस्तु भौतिक ज्ञानका साथसाथै नैतिक–चारित्रिक निर्माण र आध्यात्मिक ज्ञान पनि हुनुपर्छ र शिक्षालाई सेवामुखी बनाउनु पर्दछ भन्ने प्रष्ट दिशाबोध हुनु नितान्त आवश्यक छ जसको आज अभाव छ । शिक्षालाई प्रतिस्पर्धा र प्रोत्साहनकै आधारमा अगाडि बढाउँदै जानुछ भने तदनुसार हाम्रा मूल्य र मान्यताहरूलाई पनि कायम राखी शिक्षानीतिको कार्या-

न्वयन गर्दा शिक्षा प्रशासन, शिक्षक, शिक्षार्थी र अभिभावकहरूको पारस्परिक सद्भावना, सहयोग र विश्वासमा अभिवृद्धि गर्दै लैजानु छ ।

वर्तमान शिक्षानीतिको एउटा समयसापेक्ष आधारभूत पक्ष जनसहभागिता पनि हो । सोही नीतिका आधारमा विद्यालय संचालनको अभिभारा संचालक समितिमा आएको छ । यो नीति अवलम्बन गरिएपछि शैक्षिक क्षेत्रमा विमिश्र प्रतिक्रियाहरू उत्पन्न भएका छन् । यसबारे पनि प्रष्ट धारणा बनाउनु नितान्त आवश्यक देखिन्छ । सम्बन्धित आधिकारिक क्षेत्रबाट शिक्षक विद्यार्थीको प्रतिभाको सिर्जनात्मक प्रस्फुटनमा प्रोत्साहन र तदनुकूल र उन्मुक्त वातावरणको सिर्जना गरिनु आजको आवश्यकता भएकोछ ।

मूलतः समय–समयमा परिवर्तन भै रहेको शिक्षा नीतिको कारण अपेक्षित दूरगामी दिशाबोध प्रष्ट हुन नसकेको एकातिर देखिन्छ भने अर्कोतिर शिक्षा प्रशासन र शिक्षा नीति बीच पनि समन्वय कायम हुन सकेको देखिदैन । यसैले गर्दा नै अल्पकालीन समाधानको बाटोको अनुसरण गर्ने परम्परा बस्दै जानाले दीर्घकालीन लक्ष्य र शैक्षिक उपलब्धि तथा आकांक्षा पूर्ण हुन सकेको देखिन्न । शिक्षा व्यवस्थाको संचालन, राष्ट्रको विकास र आधुनिकीकरणको प्रक्रियामा योगदान दिनसक्ने गरी गरिनु पर्दछ । यसका लागि प्राथमिक र माध्यमिक तहको शिक्षामा विद्यार्थीहरूको मानसिक विकास र आत्म अनुशासन बढाउने एवं आधार भूत सिद्धान्तको ज्ञान दिलाउने विषयमा जोड दिनु पर्दछ भने उच्च शिक्षामा अनुसन्धानात्मक पक्षमा बढी जोड दिई राष्ट्रको आवश्यकताको परिपूर्ति गर्ने प्रक्रियामा योगदान दिनसक्ने वातावरण बनाउनु पर्दछ ।

राज्य व्यवस्थाले अपेक्षा गरेको राजभक्ति, देशभक्ति तथा राष्ट्रिय भावनाको विकास गर्न प्रयत्नशील उच्च नैतिक मनोबलयुक्त र वाञ्छित प्राविधिक ज्ञान भएको जांगरिलो सचेत नागरिक तयार गर्नका लागि सोही अनुरूपको शिक्षा व्यवस्था हुनु जरूरी देखिएकोछ । शिक्षाको वर्तमान अध्ययनका विषयहरूमा व्यवस्थाको सैद्धान्तिक पक्षको क्रमिक ज्ञान दिलाउने र व्यवस्थाप्रति आस्थावान तुल्याउने प्रकारका शैक्षिक विषयवस्तुको समावेशमा पनि तल्लो तहदेखिनै जोड दिनु वाञ्छनीय देखिन्छ । हाम्रो धर्म, संस्कृति र नैतिक मूल्य प्रति आकृष्ट गराउने सेवामुखी शैक्षिक विषयवस्तुको समावेश पनि पाठ्यपुस्तकहरूमा गरिनुको साथै राष्ट्रिय विकास सेवा कार्यक्रम र अन्य अतिरिक्त क्रियाकलापलाई पनि उत्तिकै महत्व दिनुपर्दछ र प्रवेशिका परीक्षा (एस.एल.सी.) सम्म संस्कृत विषय अनिवार्य हुनु वाञ्छनीय देखिन्छ ।

साधारण विद्यालयहरूमा राम्रो पठनपाठनको अपेक्षित वातावरण तयार हुन नसकेको हुंदा अभिभावकहरूले बाध्य भई आफ्ना सन्ततिको स्तरीय शिक्षाका लागि निजी क्षेत्रमा संचालित बोर्डिङ स्कूलहरूको उपयोग गरेको पाइन्छ । तर यस्ता विद्यालयहरूमा नेपाली साँस्कृतिक भावनाले युक्त पाठ्यसामग्रीहरूको कमी महसूस भइरहेको छ । गुणस्तरयुक्त आधुनिक शिक्षाको पठनपाठनको नाममा शिक्षालाई व्यापारिक धन्दाको रूपमा बढ्न दिनु पनि उचित देखिन्न । अन्यथा भविष्यमा गएर हाम्रो जस्तो विकासोन्मुख हिन्दू राज्यको संस्कृति र आकांक्षामा प्रतिकूल प्रभाव पार्ने कुरो निश्चित छ । यसकारण बाहिरी अवाञ्छित संस्कारको शैक्षिक प्रवाह रोक्न समयमा नै उचित उपाय अवलम्बन गर्नु नितान्त आवश्यक छ । यसका अतिरिक्त हाम्रो राष्ट्रिय विकासको प्रयासलाई सघाउ पुऱ्याउन आवश्यक प्राविधिक जनशक्तिको खांचो पूरा गर्न प्राविधिक शिक्षामा बढी जोड दिइनु वाञ्छनीय देखिन्छ । हाम्रो राज्य व्यवस्थालाई दृष्टिगत गरी प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको निर्माणका लागि शैक्षिक विषयवस्तुको छनौटमा अहिले देखिनै विशेष ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ ।

शिक्षा व्यवस्था समाजको अभिन्न अंग हो । सामाजिक संरचनामा राज्य व्यवस्थाको ठूलो प्रभाव परेको हुन्छ । अतः राज्य व्यवस्थाले चाहे अनुसारको शिक्षा नीतिलाई मूर्तरूप दिन शिक्षकहरूको महत्वपूर्ण भूमिका हुन्छ । तर हाम्रो अहिलेसम्मको अस्थिर शिक्षा नीति तथा अन्य कतिपय सामाजिक–साँस्कृतिक कारणहरूले गर्दा आज शिक्षक समुदायको सामाजिक मर्यादा तथा प्रतिष्ठामा दुःखलाग्दो ह्रास आएको छ । साथै विद्यार्थीहरूको चरित्र निर्माण र शैक्षिक उपलब्धिमा समेत वाञ्छित परिणाम हुन सकेको छैन । शिक्षक समुदाय र पञ्च कार्यकर्ताहरू बीच अपेक्षित सह–सम्बन्ध र वैचारिक आदान प्रदानलाई विकसित गर्दै लगिनु पर्दछ । कुनै पनि कुरामा आरोपित गर्न खोज्नुको सट्टा विश्वास दिलाउने प्रयास हुनुपर्छ । यस परिप्रेक्ष्यमा शिक्षा माध्यमबाट व्यवस्थाको सामाजिक लक्ष्य हासिल गर्न शिक्षकहरूको सामाजिक मर्यादाको संरक्षण र प्रतिष्ठा वृद्धि गर्नका लागि व्यवस्थाका कार्यकर्ताहरू र सरकारी निकायहरूबाट नै विशेष ध्यान पुऱ्याई शैक्षिक कार्यक्रमहरूको तर्जुमा गर्नु वाञ्छनीय छ । यसबाट विद्यार्थी, अभिभावक तथा समष्टि रूपमा समाजमा नै अनुकूल प्रभाव पर्नजाने विश्वास गर्न सकिन्छ । शिक्षण संस्थाहरूको पवित्र मर्यादाको सुरक्षार्थ अन्य कुनै पनि बाहिरी हस्तक्षेप या प्रभाव पर्न नदिने वातावरणको सिर्जना गर्न अहिलेको सन्दर्भमा निकै आव-

श्यक देखिन्छ । विद्यालय वा क्याम्पसको एकमात्र लक्ष्य शैक्षिक सेवा हुनुपर्छ । उच्च शिक्षामा प्रशासनिक भन्दा प्राज्ञिक वातावरण कायम हुनु पर्दछ । उच्च शिक्षा प्रणालीलाई समयसापेक्ष गति दिन शाही उच्च शिक्षा आयोगको प्रतिवेदनको कार्यान्वयन हुनु अति वाञ्छनीय देखिन्छ । प्राविधिक उच्च अध्ययनका लागि शैक्षिक छात्रवृत्ति प्रदान गर्दा श्री ५ को सरकारको अनिवार्य स्वीकृति आवश्यक छ । श्री ५ को सरकारलाई थाहा नै नदिई बैदेशिक छात्रवृत्ति दिने प्रक्रियामाथि तत्काल नियन्त्रण हुनुपर्दछ ।

शिक्षा क्षेत्रमा देखिएका विकृतिहरूको निरूपण हुन सकेको छैन । शिक्षा प्रशासन खुकुलो छ । गुणात्मक शिक्षामा जोड दिने, अनुशासन र लगनशील वातावरणको कमी महसूस भइरहेछ । राष्ट्रको ठूलो लगानीको बावजूद पनि शैक्षिक क्षेत्रमा वाञ्छित सुधार भएको छैन । यतिसम्म कि समयमा पढाई, परीक्षा, र परिणाम समेत प्रकाशन नहुने गरेको देखिएको छ । अतः शैक्षिक कार्यक्रमहरूको संचालन निर्धारित समयमा हुने व्यवस्था हुनुपर्दछ । राजनैतिक प्रदूषणको अवस्थाबाट शिक्षण संस्थाहरूलाई मुक्त गरी अनुशासन र लगनशीलता प्रोत्साहित हुँदै गएमा शिक्षाको गुणस्तर बढ्न सक्ने र हाम्रो शिक्षाको उद्देश्य पूरा गर्न सघाउ पुग्ने देखिन्छ । शिक्षाको गुणस्तरको वृद्धि गर्नु आजको ठूलो चुनौतीको विषय हो । यसका लागि पाठ्यक्रम र पाठ्यपुस्तकमा समयसापेक्ष सुधार वाञ्छनीय देखिएको छ भने पाठ्यपुस्तक पनि समयमै उपलब्ध हुने व्यवस्था गर्नु जरूरी छ । विद्यार्थीहरूलाई सामाजिक कार्यमा लगाउने परिपाटी पनि साथसाथै बसाल्दै लग्नु जरूरी छ । शिक्षकहरूलाई शैक्षिक गतिविधिमा बढीभन्दा बढी संलग्न गराउने र शैक्षिक क्षेत्रमा देखापरेको समस्याको निराकरणका लागि प्रशासनिक अंगको मात्र भर नपरी सामाजिक एवं राजनैतिक अंगहरूको सक्रिय सहयोगको अपेक्षा राख्नु उचित देखिन्छ ।

२. संचार क्षेत्र: आधुनिक युगमा संचार माध्यम महत्वपूर्ण सशक्त माध्यमको रूपमा मानिने हुँदा राज्यको चौथो अंग पनि मानिन्छ र राष्ट्रको निर्माण र विकासमा संचार माध्यमको असाधारण भूमिका पनि हुन्छ । पञ्चायत व्यवस्थाको प्रादुर्भाव भएपछि संचार क्षेत्रमा उल्लेखनीय प्रगति भएकोछ । २००७ साल अघि एकआध समाचार पत्रिका र हुलाकको आधारमा रहेको संचार माध्यम अहिले आकाशवाणी, रेडियो, टेलिफोन, सेटेलाइट, भिडियो, टेलिभिजन, पत्रकारिता जस्ता अरू माध्यमका रूपमा पनि विकसित भइरहेको छ । समाजको

आधुनिकीकरणका सन्दर्भमा विकसित भएका यी माध्यमहरू क्रमशः हाम्रा नैसर्गिक आवश्यकताहरू बन्दै गएका छन् भने यी माध्यमहरूको उपयोग राष्ट्रिय भावनात्मक एकताको अझ सुदृढीकरणमा थप बल प्राप्त हुने गरी कसरी गर्ने भन्ने प्रष्ट नीति र मार्ग अवलम्बनको पनि खांचो छ ।

खासगरी राज्यको चतुर्थ अंगका रूपमा उल्लेख गरिने पत्रकारितालाई आजकै अवस्थामा राखी रहनु उचित हुँदैन । आयातित रूपमा बढ्दै गएको विकसित पत्रपत्रिकाको होडले हाम्रो शिशु अवस्थाको पत्रकारिता प्रभावहीन हुन गएको छ । यस्तो परिस्थितिमा एकातिर आजको बढ्दो अन्तर्राष्ट्रिय सम्पर्क र सन्दर्भमा वाह्य पत्रपत्रिकाको प्रवाहलाई रोक्न पनि उचित देखिदैन भने अर्कोतिर हाम्रो स्थापित राजनीतिक मान्यता र मूल्यप्रति समर्पित भई हाम्रो शान्तिको संस्थागत चाहना, असंलग्नता र विकास गतिविधिलाई सघाउ पुरयाउने खालको पत्रकारिताको संस्थागत विकास पनि नितान्त अपेक्षित भएकोछ । राज्यको चतुर्थ अंगको परिचालनमा अपेक्षित सचेष्टताको अभावले सामाजिक लक्ष्य प्राप्तिमा वाञ्छित सहयोग प्राप्त हुनुभन्दा यो क्षेत्र स्वयं नै जटिल बन्दै गएको छ । पत्रकारितालाई व्यवस्थाले परिलक्षित गरेका उद्देश्य पूर्तिका लागि अपेक्षित सामाजिक दायित्वप्रति उत्तरदायी र समयसापेक्ष बनाउँदै लैजान सक्नु परेकोछ ।

वस्तुतः स्वस्थ जनमत सिर्जना गर्ने पत्रकारिता क्षेत्रलाई राष्ट्रिय मूलधारामा प्रवाहित गराउने प्रभावकारी प्रयास हुनुपर्दछ । हाम्रो सामाजिक एवं राजनैतिक लक्ष्यप्राप्तिका लागि सहयोगी अंगका रूपमा यस क्षेत्रको विकास गराउनु पर्दछ । राष्ट्रिय चरित्रको पत्रकारितालाई संस्थागत विकासको माध्यमद्वारा सघाउ पुरयाउन सके यसको राम्रो परिणाम केही समय पछि नै हामीले देख्न र अनुभव गर्न पाउने छौं; नत्रभने पीतपत्रकारिताको बोलवाला हुने क्रममा स्वस्थ पत्रकारिताको विकासको गति नै अवरुद्ध हुन जानेछ ।

रेडियो, हुलाक, टेलिफोन, ट्रंक र टेलेक्स सेवा विस्तारित हुँदैछ भने यी क्षेत्रको संचालन पक्षबारे जनगुनासाहरू पनि प्रशस्त छन् । भिडियो र टेलिभिजनको प्रवेशले हामीलाई आधुनिक युगतिर डोरयाउँदै लगेको छ भने भिडियो जस्तो माध्यमको दुरुपयोग शुरूदेखि नै हुन थालेकाले यसबाट अवाञ्छित वातावरण समेत सिर्जना हुन थालेको छ । हाम्रा सामाजिक, सांस्कृतिक र परम्परागत मूल्य र मान्यतामाथि घातक हमला भइरहेको अनुभव हुन थालेको छ । शैक्षिक सामग्रीका नाममा प्रवेश पाएको भिडियोले कस्तो विकृति र मानसिक प्रदूषण

ल्याउँदैछ त्यो सबैले थाहा पाएको कुरा हो । संचार माध्यमलाई साध्य नठानी साधनका रूपमा प्रयोग गरी वृहत्तर राष्ट्रिय र सामाजिक लक्ष्यप्राप्तिका क्रममा यसको सेवा लिइनु पर्दछ ।

विकासकालागि संचारलाई मूलमन्त्र मान्ने हाम्रा लागि संचार–माध्यमका रूपमा विशेष गरी श्री ५ को सरकारसंग सम्बन्धित प्रचार, प्रसार साधनको ठूलो महत्व छ । हालसम्मको स्थितिको सिंहावलोकन गर्दा हाम्रो संचार माध्यम पदमुखी प्रवृत्तिको देखिएको छ । व्यवस्थाको राजनीतिक एवं सामाजिक लक्ष्य हासिल गर्न सघाउ पुग्ने र विभिन्न शैक्षिक सामाजिक–आर्थिक क्षेत्रमा विशिष्टता हासिल गर्ने विभिन्न स्थान ओगटेका राष्ट्रिय प्रतिभाहरूलाई प्रकाशमा ल्याउन सक्ने भूमिका संचार सेवाले खेल्न सक्नुपर्दछ । यसका अतिरिक्त राष्ट्रभाषा र स्थानीय भाषाहरूको उत्थान र विकासका लागि पनि संचार सेवाको योगदान अपेक्षित छ ।

हाम्रो देशमा विस्तारै टेलिभिजनले पनि प्रवेश पाएकोछ । यसलाई विस्तारित गराउँदै र व्यापक बनाउँदै मनोरञ्जनको साधनमात्र बन्न नदिई राष्ट्रिय एकताको दिशामा समेत योगदान दिन सक्ने गरी प्रवाहित गर्नुपर्दछ । राष्ट्रको विकास गतिविधि बारे आम जनतालाई जानकारी दिंदै राष्ट्रिय प्रतिभालाई परिचित गराउँदै जाने र सर्वसाधारण जनतामा रचनात्मक भावना जागृत गराउने दिशातर्फ यस माध्यमलाई संचालन गर्नु आवश्यक छ । हाम्रा राष्ट्रिय संस्कृति र सामाजिक संरचनाको आधारलाई बलियो बनाउन टी.भी. एवं भिडियो सेवाको प्रभावकारी भूमिका पनि अपेक्षित छ भने नेपाली चलचित्र-को निर्माण गर्दा पनि नेपाली राष्ट्रिय संस्कृतिको छविलाई उज्ज्वल पार्ने प्रयास हुनुपर्छ ।

३. <u>जनसंख्या–वृद्धि र परिवार नियोजनः</u> हाम्रो देशको जनसंख्या अवाञ्छित रूपमा बढेको छ । राष्ट्रिय उत्पादनको वृद्धिदरभन्दा जनसंख्याको वृद्धिदर उच्च भएकाले सीमित साधनहरूबाट बढ्दो जनसंख्याको चाप सहन गर्न सक्ने क्षमता हामीमा छैन । जनसंख्याको आशातीत वृद्धिले गांस, वास, कपडा, स्वास्थ्य, शिक्षा र रोजगारीका क्षेत्रमा प्रतिकूल प्रभाव पर्दै गएको छ । आन्तरिक बसाई–सराईले एकातिर समस्या खडा गरेको छ भने अर्कातिर आप्रवासीहरूको ओहिरो पनि उत्तिकै समस्यामूलक रूपमा देखिन थालेको छ । राष्ट्रिय उत्पादन र जनसंख्याका बीच सन्तुलन ल्याउन व्यावसायमूलक उद्योग धन्दाको विकासमा जोड दिंदै राष्ट्रिय उत्पादन दर बढाउन प्रयत्न गर्नुपरेको छ भने त्यसै गरी परिवार

नियोजन कार्यक्रमलाई प्रभावकारी बनाउन प्रयास गर्नु परेको छ । आन्तरिक बसाईं सराईंलाई निरुत्साहित गर्न खास गरी पहाडी क्षेत्रमा आधारभूत आवश्यकता -को परिपूर्ति गर्न र व्यवसायमूलक कृषि–सम्बन्धी व्यवसायको विकासमा जोड दिदै पशुपालन, फलफूल खेती र स–साना घरेलु उद्योगको विकास गर्नुको साथै राष्ट्रको औद्योगिकीकरणलाई तीव्ररूप दिनु आवश्यक भएको छ भने आप्रवासी-हरूको ओहिरोलाई रोक्ने तर्फ पनि समाजले अपेक्षा गरेका सिकर्मी, डकर्मी, नकर्मी, कपाल काट्ने, लुगा सिउने जस्ता दैनन्दिनी सेवा दिन सक्ने दक्ष तथा अर्धदक्ष जनशक्ति तयार गर्नेतर्फ ध्यान दिनु वान्छनीय भएको छ । श्री ५ को सरकारले अन्तर्राष्ट्रिय नियम–कानून अनुसार आप्रवासीको ओहिरो रोक्न आवधिक कार्य–अनुमतिपत्रको व्यवस्था गर्नु पर्दछ । हामीलाई चाहिने जनशक्तिको आपूर्ति का निम्ति विभिन्न क्षेत्रमा रोजगारमूलक प्रशिक्षण–कार्यक्रमको संचालन गर्नु पर्दछ । यसरी आवश्यक जनशक्ति तयार गर्न सकेमा विदेशबाट रोजगारीका लागि आकृष्ट भई आउनेहरूको प्रवाह स्वत : निरुत्साहित हुन जानेछ; अन्यथा यसको प्रतिकूल प्रभाव हाम्रो राष्ट्रिय अर्थतन्त्र र राष्ट्रियतासाथि नै पर्ने भएकोले यस पक्षमा विशेष ध्यान जानु अपेक्षित छ । यहीं देशको माटोमा जन्मे–हुर्केकाहरूले कानूनी प्रमाणको अभाव र नागरिकता प्रदान गर्ने सीमित आधार र ऐनको मर्मको व्याख्या अधिकारी वर्गले आफूखुशी गरेकाले पनि असाध्य जटिल भएको छ । कुनै पनि नेपालीले नागरिक–अधिकारबाट वञ्चित हुनु नपरोस् भन्नाकालागि हाल अपनाइएका प्रक्रियाहरूलाई अझै तीव्रगति दिदै ऐन कानून र व्यावहारिकताका आधारमा नेपाली नागरिकहरूले सरलतापूर्वक नागरिकता पाउन सक्ने व्यवस्था हुनुपर्छ । अहिले नागरिकता–सम्बन्धी समस्या जुन रूपमा जटिल बन्दै गएको देखिन्छ त्यसलाई बढ्न नदिनका लागि आधार खडा हुनु पर्दछ भने भविष्यमा पुनः यस्तो समस्या उठ्न नसक्ने दरिलो पाइला पनि अबिलम्ब चाल्नु पर्दछ ।

जनसंख्याको चापले हाम्रो गरीबीलाई बढाएको छ । गरीबीले जनसंख्या बढाउन मद्दत गरेको छ । यसरी यी दुवै एक आपसमा गाँसिएका समस्या हुन् । राष्ट्रिय उत्पादनले धान्न नसक्ने जनसंख्या–वृद्धिले गरीबी बढाउँछ, गरीबीले अभाव खडा गर्छ, अभावले गर्दा नागरिकहरूले पर्याप्त भोजन पाउँदैनन् । यसको प्रभाव उनीहरूको स्वास्थ्यमा पर्छ । अपौष्टिक र अपर्याप्त भोजनले नागरिकहरू-लाई कमजोर र अपाङ्ग बनाउँछ । यस प्रकारका नागरिकबाट स्वस्थ र बहुप्रति-भावान् मस्तिष्कको आशा राख्न सकिन्न । फलस्वरूप यसबाट जीविकोपार्जन स्वयं जटिल समस्या बन्दछ । यसरी एउटै चक्रमा घुमिरहने यी हाम्रा मूल समस्या

हुन् । यिनका समाधान भने परिवार नियोजन कार्यक्रमको अझै व्यापक प्रचार, साधन र स्रोतको विस्तार र प्रयोग, राष्ट्रिय उत्पादनमा वृद्धि एवं विदेशी ओहिरो-मा नियन्त्रण जस्ता कार्य गर्न सकेमा मात्र सम्भव छ । हाल जनसंख्या नियन्त्रणका लागि प्रयोगमा ल्याइएका स्रोत र साधनहरू एकातिर अपर्याप्त रहेका छन् भने परिवार नियोजनको उत्प्रेरणालाई पनि तीव्र गतिमा लैजानु उत्तिकै जरूरी छ ।

४. धर्म र संस्कृतिः "राष्ट्रिय एकता र नैतिकतालाई सदा परम्परागत मान्यताहरूको बीच समन्वय कायम गर्दै परम्परागत मान्यताहरूलाई गतिशील समयानुसार परिवर्तन गर्न यस व्यवस्थाले खोजेको छ" भन्ने राष्ट्रनायक श्री ५ वीरेन्द्रको अभिव्यक्तिलाई आत्मसात् गरेर हेर्ने हो भने हाम्रा समाज–संचालनको एउटा प्रबल आधार हाम्रो धर्म र संस्कृति हो भन्ने बुझिन्छ । परम्परागत धर्म र राष्ट्रिय संस्कृतिप्रति प्रतिबद्ध नैतिकतावान् नागरिकहरू राष्ट्रका बलिया खम्बाहरू हुन् । धर्म र संस्कृतिलाई रूढी र अन्धविश्वासका रूपमा मान्ने जस्ता असंगत कुराहरू पनि समाजमा देखा पर्दै आएका छन् । आयातित संस्कृतिको अतिक्रमणबाट हाम्रा मान्यता र मूल्यको संरक्षण गर्न धर्म, संस्कृति र नैतिकताप्रति हाम्रो ध्यान जानुपर्छ । नागरिकलाई सेवापरक र आदर्शोन्मुखी बनाउने र आफ्नो समाजप्रति आस्थावान् र गौरवान्वित पार्ने मुख्य तत्व धर्म, संस्कृति एवं नैतिकता नै हुन् । यस सन्दर्भमा नेपाल जस्तो धर्म प्राण देशमा बढ्दो मूर्तिचोरी एवं व्यापक भ्रष्टाचारलाई निरूत्साहित पार्ने क्रममा उत्तरदायी पदहरूमा बसेका व्यक्तिहरूले विशेष ध्यान दिनु पर्दछ ।

वर्तमान अवस्थामा हामीले धर्मलाई क्षेत्रीय, जातीय अथवा परम्परागत रूढीगत सांघुरो दायराबाट मुक्त गरी धार्मिक सहिष्णुता कायम राख्दै उदार राष्ट्रिय भावधारालाई समय सापेक्ष दिशा समेत दिएर हिन्दूराज्यको धार्मिक समन्वयको उच्च आदर्शलाई कायम राख्न सक्नु पर्दछ । यस क्रममा हाम्रो नेपाली राष्ट्रिय सांस्कृतिक विशिष्टतालाई प्रष्ट इंगित गर्नुपर्ने आफ्नै प्रकारको छुट्टै अस्तित्वबोधतर्फ सदा जागरूक रहने आवश्यकता समेत छ र यो सांस्कृतिक भावधारालाई अझै व्यापक तुल्याउन हाम्रा देशमा छरपष्ट रहेका ऐतिहासिक भग्नावशेषको अनुसन्धान र पुरातात्विक खोजीबाट समग्र राष्ट्रिय आधारमा, इतिहासको निर्माण हुनु वान्छनीय छ ।

५. सामाजिक कुरीति र समाज सुधारः हाम्रो समाजमा अहिले पनि प्रष्ट देखिन सक्ने सामाजिक कुरीतिहरू छन् । बालविवाह, बहुविवाह, अनमेल

विवाह र छुवाछुत जस्ता कुसंस्कारहरू कानूनतः दण्डित हुन सक्ने भए तापनि यसका अवशेषहरू बांकी छन् । यसै गरी देउकी प्रथा जस्ता केही कुरीतिका अवशेष पनि कुनाकाप्चामा अझै देखिन्छन् । यी कुरीतिहरू हाम्रा समाजका नहटाई नहुने कलंकहरू हुन् । त्यसैले बेलैमा यस्ता कुरीतिहरूको उन्मूलन गर्ने प्रयासमा स्व. श्री ५ महेन्द्रबाट बक्सेको मुलकी ऐनबाट समाजका सबै विभेद हटाउने र हट्ने अधिकार प्रदत्त भए तापनि व्यवहारमा अझै मानिस-मानिसमा सामाजिक विभेद होचो अग्लो जातको भावना राखी सार्वजनिक स्थल प्रवेश, उपयोगमा अवरोध र र निषेध गर्ने माथि दण्डनीय व्यवस्था गर्नु आवश्यक छ । साथै जनचेतना जगाई सकारात्मक मनोवैज्ञानिक प्रभावमा विस्तार गरी जनस्तर र सरकार दुवै पक्षबाट यिनको निराकरण गर्न हरसम्भव उपायहरूको अवलम्बन गर्नु आवश्यक छ । सामाजिक कुरीति हटाउने प्रयासमा हामीहरूले उदाहरण बनेर अगाडि सर्नु पर्दछ । भ्रष्टाचार, जुवा र फजूलखर्चीका प्रवृत्तिहरूबाट मुक्त रहँदै हामीले सोझा निमुखा जनतालाई जालझेलको फन्दाबाट मुक्त गराउनु पर्दछ । हामी पञ्चहरूले सर्व-साधारण जनता समक्ष आफूलाई संरक्षकका रूपमा पेश गर्न सक्नु पर्दछ । साथै समाजमा बढ्दै गएको भ्रष्टाचारलाई नियन्त्रण गर्ने सन्दर्भमा राजनीतिक, सामा-जिक र प्रशासनिक क्षेत्रमा कार्यरत सबै राष्ट्रसेवकहरूको सम्पत्तिको विवरण लिनु वाञ्छनीय देखिन्छ ।

हाम्रो समाजमा कतिपय यस्ता परम्पराहरू छन् जसले तडक भडक र फजूलखर्चीलाई प्रोत्साहन गर्दछन् । पास्नो व्रतबन्ध, विवाह र गौना लगायतका सामाजिक कार्यहरूमा गरिने बढ्दो फजूल खर्चले समाजमा विषमस्थितिको सिर्जना गर्न खोज्दै छ । फजूल खर्च गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न कानूनी व्यवस्था भए तापनि सामाजिक जागरणको कमी र परम्परा धान्ने नाममा समाजका अगुवाहरूले अनावश्यक प्रदर्शन गर्दै आएकाले आर्थिक क्षमताको तुजुकले गर्दा कमजोरवर्गले पनि त्यस्तो देखासिखीमा आफूलाई उतार्ने चेष्टा गरेको देखिन्छ। यो प्रवृत्ति रोक्न समाजमा अगुवाई गर्नेहरू स्वयंले उदाहरण बनेर अनुसरणकर्ताका रूपमा आफूलाई प्रस्तुत गर्न सक्नु पर्दछ । वास्तवमा हाम्रो तमाम सचेत नागरिक-हरूका लागि यो ठूलो चुनौती हो ।

यसै गरी कुलत र कुव्यसनबाट भावी पुस्तालाई बचाउन सामाजिक अभियानको रूपमा यसबाट हुने दुष्परिणामको प्रचार-प्रसार गरिनु पर्दछ । कुलत र कुव्यसनमा लाग्नेहरूमा परिवर्तन ल्याउन चाहिने वातावरणको सिर्जना

गरी उनीहरूलाई वकल्पिक काममा व्यस्त राख्ने प्रबन्ध हुनुपर्छ । युवा क्रियाकलापमा अझै तीव्रता ल्याई युवामस्तिष्कलाई राष्ट्रोत्थान प्रतिको दायित्व बुझाउने वातावरणको सिर्जना गरिनु पर्छ । अन्तर्राष्ट्रिय रूपमानै निषेध गरिएका मादक पदार्थको उत्पादन निकासी, पैठारी वा बिक्री गर्नेहरूलाई कडा कारवाही गरी हतोत्साहित गरिनु पर्छ ।

६. महिलावर्गः राजमहिषी श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको अध्यक्षतामा गठित सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत नारी सेवा समन्वय समितिबाट नारी वर्गको उत्थानमा महत्वपूर्ण भूमिका खेल्दै योगदान पुर्‍याउँदै आएको कुरा अत्यन्त समसामयिक र प्रेरणाप्रद हुन गएको छ । मौसूफबाट बेला–बेलामा बक्स भएको निर्देशन र तदनुकूलको क्रियाकलापहरूबाट राष्ट्रिय जनसंख्याको आधा भाग रहेको हाम्रो महिलावर्गको सामाजिक अवस्थामा पनि क्रमशः सुधार आएकोछ तापनि अझै देशका बहुसंख्यक महिलाहरू ज्यादै कठिन स्थितिबाट गुज्रिरहेका छन् । शिक्षाप्राप्तिका सुविधाबाट समेत बहुसंख्यक नारीहरू वञ्चित छन् । कानून प्रदत्त अधिकारको उपभोगमा अपेक्षित चेतनाको अभावमा यो वर्ग पछाडि छ । नयाँ मुलुकी ऐन आएपछि महिलावर्गको सामाजिक उत्थानका लागि उल्लेखनीय प्रयास भएकोछ तर पनि चेतना र जागरणको अभावमा खासगरी ग्रामीण क्षेत्रका महिलाहरूको अवस्थामा सुधार भएको छैन । मुलुकी ऐनको अंशवण्डाको महलको दफा १० मा स्वास्नी र छोरीलाई पाल्ने प्रावधान भएको तर छोरीको उल्लेख नभएकोले विभेद भएको देखिन्छ । अतःछोरा र छोरीलाई बराबर रूपमा कानूनी संरक्षण प्राप्त हुनुपर्दछ र दाइजो र पेवा प्रमाणित गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । महिला वर्गको सामाजिक उत्थानका लागि हाल भइरहेको प्रयासहरूलाई अझ प्रभावकारी र व्यापक पार्नुपर्छ भने नेपाल महिला संगठन पनि बढी भन्दा बढी सक्रिय हुनु पर्दछ ।

अत्यधिक महिलाहरूलाई साक्षर–शिक्षित बनाई उनीहरूबीच सामाजिक जागरण नल्याएसम्म विद्यमान कुरीतिहरूको निराकरण सम्भव छैन । यसकारण पनि नारी शिक्षामा जोड दिने र सामाजिक चेतना बढाउन विशेष कार्यक्रम तर्जुमा गरी संचालन गर्नु वाञ्छनीय छ । खासगरी पढेलेखेका र सामाजिक क्षेत्रमा प्रवेश गरेका महिलाहरूले यस्तो कार्यक्रममा बढी भूमिका खेल्नु पर्ने हुन्छ ।

७. शिक्षित युवावर्गः कुनै पनि देशको भविष्य युवा पिंढीमा निर्भर रहने कुरा निर्विवाद छ । अतः विशेषगरी शिक्षित युवावर्गको चिन्तन र कार्य-

कलापले सही बाटो लिन सकेन भने यसको दुष्परिणामले राष्ट्रलाई नै प्रभावित गर्न सक्छ । आजको सन्दर्भमा शिक्षण संस्थाबाट उत्पादित बहुसंख्यक युवावर्ग रोजगारीको अभावले पीडित छन् । यिनलाई काम र माम दिन नसके उत्पादनशील मस्तिष्क कुण्ठित हुन जाने र यसबाट राष्ट्रले लगाएको लगानीको प्रतिफल वाञ्छनीय रूपले प्राप्त नभै विपरीत प्रतिक्रियामा विकृति आउन सक्ने संभावना हुन्छ । यसरी कुण्ठा एवं हीन भावनाले ग्रसित युवा समुदायबाट नै अवाञ्छित गतिविधि कुव्यसन र कुलतले प्रोत्साहन पाउन थाल्छ । त्यसैले यसको रोकथामको निमित्त सुकिलो पोशाकमा जागीर खोज्ने सट्टा नयाँ श्रमसाध्य व्यवसाय तर्फ पनि शिक्षित समुदायको ध्यान जानु पर्दछ र शिक्षित बेरोजगारी निराकरणको लागि औद्योगिक क्षेत्र एवं अन्य निकायको विस्तार गर्नुपर्दछ ।

८. <u>जन स्वास्थ्यः</u> शारीरिक स्वस्थता विना स्वस्थ्य मस्तिष्कको नै परिकल्पना गर्न सकिन्न । त्यसैले स्वस्थ समाजको सिर्जना गर्ने जनस्वास्थ्यसम्बन्धी कार्यक्रमको प्रचार–प्रसारका साथै प्रशिक्षण दिनु पनि नितान्त आवश्यक हुन्छ । भनाई छ "रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नुदेखि बचाउनु हितकर हुन्छ" तर यसका लागि जनमानसलाई उत्प्रेरित गर्ने वातावरण र साधन स्रोतका साथै प्रशिक्षणको पनि व्यवस्था हुनु आवश्यक छ । आज हाम्रो देशमा देखिने रोग र फोहर–मैलाका पछाडि अर्थभारको साथसाथै जनस्वास्थ्य सम्बन्धी ज्ञानको अभाव प्रमुख समस्याका रूपमा देखापरेका छन् । जनस्वास्थ्यका क्षेत्रमा खानेपानी योजनाको विस्तार देशभरि नै क्रमशः गर्दै जानु नितान्त आवश्यक छ । त्यसैगरी मातृ शिशु स्याहारको उपादेयताको प्रचार–प्रसार र मातृ शिशु केन्द्रको स्थापना गर्दै लैजानु आवश्यक छ । यसका साथ रोग–निरोध प्रविधि, साधन र तत्सम्बन्धी ज्ञान तथा इमर्जेन्सी र न्यूनतम स्वास्थ्य सेवा देशका कुनाकाप्चासम्म पुर्‍याउनु परेको छ ।

९. <u>वन–जंगलः</u> जति जति वन सम्पदाको विनाश हुँदै जाँदो छ उति उति सचेत र संवेदनशील नेपालीले "नेपालको धन हरियो वन" को महत्व बुझ्न थालेका छन् । वन जंगलको अनियन्त्रित फंडानीबाट भूस्खलन हुने क्रममा विस्तार भएकोछ । पहाडमा घांस र दाउरा–पातको अभाव र पैह्रोले कृषियोग्य जमीन सखाप हुँदा जीविकोपार्जनको खोजीमा हिंडेका पहाडवासीबाट पनि आन्तरिक बसाई–सराईले प्रश्रय पाएको छ । तराई भेगमा बाढीको प्रकोपले दिन प्रति दिन विकराल रूप लिदैं छ र हजारौं हजारौं बिगाहा उब्जाउ जमीनको उर्वराशक्तिमा कमी आउनुका साथसाथै त्यस्तो जमीन मरुभूमिमा परिणत हुन

पुगेको छ । यतिमात्र होइन, बासका निम्ति चाहिने काठपातको अभाव बढेको छ र सो दुर्लभ हुदै जाँदोछ । मुख्य इन्धनको रूपमा व्यवहार गरिने दाउराको अभावले सर्वसाधारण जनतालाई पिरोलेकोले यसको बैकल्पिक व्यवस्था गरिनु पनि अत्यन्त जरूरी छ । विस्तार विस्तार वन-जंगलको अभावले हुन जाने पर्यावरणको प्रदूषणले पीडित विश्व समुदाय भित्र नेपाल पनि पर्न थालेको छ । विश्वका कतिपय मुलुकहरूले अम्लवर्षा (एसिड-रेनफल) का रोमाञ्चकारी उत्पीडन सहन बाध्य हुनु परेको घटनाक्रमबाट पनि हामीले अझै सतर्कता अपनाई वन-जंगल लगायतका प्राकृतिक संपदाको संरक्षणको क्षेत्र पनि सामाजिक सेवाको क्षेत्र हो भन्ने भावना जगाई विनाश हुँदै गएको वन-जंगलको सुरक्षाका निम्ति दायित्वपूर्ण अनुशासित वन सेवाको अतिरिक्त नागरिक चेतना बढाउने जस्ता सेवामूलक कामहरू हामी पञ्चहरूबाट हुनु आवश्यक छ । खासगरेर आम जनता-बीच सामाजिक सेवाको भावना जागृत गराउनु पञ्च कार्यकर्ताहरूको दायित्व हो । हामीहरूले आफैं उदाहरण बनेर सेवा भावनाको अभिवृद्धि गराउन सक्नु पर्दछ ।

सामाजिक समुत्थान एवं सेवाको सन्दर्भमा राजमहिषी श्री ५ बडामहारानी सरकार स्वयम् अध्यक्ष राज होइबक्सी संचालित भएको सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को प्रमुख एवं प्रभावकारी भूमिका रहेको छ । उक्त परिषद्को महावाक्य "आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं" भन्ने सद्उक्तिलाई मार्गदर्शकको रूपमा हृदयंगम गरी हाम्रा सामाजिक क्रिया-कलापहरू संचालित हुनुपर्छ ।

# केन्द्रीय पन्चभेला २०४२ द्वारा पारित अन्तर्राष्ट्रिय नीति सम्बन्धी कार्यपत्र

असंलग्न परराष्ट्रनीतिः

ऐतिहासिक परम्परा, भू–राजनैतिक स्थिति तथा सांस्कृतिक मूल्य एवं मान्यताको परिप्रेक्ष्यमा असंलग्न आन्दोलनका अग्रिम पंक्तिमा रहिबक्सेका स्वर्गीय श्री ५ महेन्द्रबाट राष्ट्रहित अनुकूल प्रतिपादित असंलग्न परराष्ट्रनीति हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धको मूलभूत सिद्धान्त हो। यसै नीति अनुरूप छिमेकी मुलुकहरूका साथै विश्वका विभिन्न मुलुकहरूसित पनि हाम्रो सम्बन्ध कायम रहेको छ। आधुनिक नेपालका जन्मदाता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट दिव्योपदेशमा बक्स भएको मार्गदर्शन अनुरूप दुई विशाल छिमेकी देशसित सुसम्बन्ध कायम राख्दै नेपाल शाह वंशीय राजाहरूको संरक्षकत्वमा आफ्नो सार्वभौमिकता स्वतन्त्रता र प्रादेशिक अखण्डताको जगेर्ना गर्न सक्षम भएको छ। यस क्रममा कुनै पनि सैनिक गुटबन्दीबाट आफूलाई अलग राख्दै प्रत्येक अन्तर्राष्ट्रिय प्रश्नलाई गुणदोषको आधारमा निरूपण गर्ने नेपालको सफल प्रयास रहेको छ। श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको सक्रिय एवं गतिशील नेतृत्वले अन्तर्राष्ट्रिय शान्ति, सौहार्द र समझदारी बढाउन विशिष्ट योगदान गरेको छ। हाम्रो परराष्ट्र नीतिको सफलता श्री ५ वीरेन्द्रको सुयोग्य र बरद् नेतृत्वको द्योतक हो। सर्वाङ्गीण विकासको बाटोमा अघि बढिरहेको नेपालको अन्तर्राष्ट्रिय छवि मौसूफको सक्रिय एवं सक्षम नेतृत्वमा अझ चहकिलो हुने कुरा निर्विवाद छ। शान्तिपूर्ण सहअस्तित्व प्रति आस्थावान् नेपाल विभिन्न राजनैतिक, आर्थिक तथा सामाजिक व्यवस्था अंगाल्ने सबै मुलुकसित मित्रता र सहयोग बढाउन निरन्तर प्रयत्नशील छ। असंलग्न आन्दोलनका आधारभूत सिद्धान्त र संयुक्त राष्ट्र संघको बडापत्र प्रति वचनबद्ध रही प्रत्येक अन्तर्राष्ट्रिय प्रश्नलाई निष्पक्ष भावले गुणदोषको आधारमा अझ दृढतापूर्वक नेपालले अनुसरण गर्नु पर्दछ। यसैमा नेपालको राष्ट्रिय हित निहित छ।

नेपालको असंलग्न परराष्ट्रनीतिको संचालन क्रममा उपनिवेशवाद, नव–उपनिवेशवाद, साम्राज्यवाद र रंगभेद आदि सबै प्रकारका शोषण, दबाव र हस्तक्षेपको नेपालले निरन्तर विरोध गर्दै आएको छ।

शान्तिक्षेत्रः

देशको राजनैतिक भविष्य द्रष्टाका रूपमा देशका निम्ति संस्थागत स्थायी शान्ति एवं विकासको अनिवार्यतालाई दृष्तिगत गरिबक्सी राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्सेको कुरा संम्पूर्ण नेपालीहरूका निमित्त सर्वमान्य हुनुका साथै विश्वका धेरै राष्ट्रहरूका लागि शान्तिक्षेत्र प्रस्ताव शान्तिको पक्षमा एक नयाँ साहसिलो अभ्यासका रूपमा मान्य भैसकेको छ। साथै यस प्रस्तावले विगत तीन दशकदेखि यो देशले अवलम्बन गर्दै आएको असंलग्न परराष्ट्रनीतिमा नयाँ आयाम र गति थपेको तथ्य छर्लङ्ग छ। शान्तिक्षेत्र प्रस्ताव र असंलग्न पर-राष्ट्रनीतिको परिप्रेक्ष्यमा नेपालले कुनै पनि प्रकारको वाह्य हस्तक्षेपको भर्त्सना गर्नुका साथै शक्ति राष्ट्रको द्वन्द्व र होडवाजीमा नअल्मलिई अन्तर्राष्ट्रिय क्षेत्रमा स्वतन्त्र दृष्टिकोण, साहस र निर्भरताका साथ प्रस्तुत गर्दै आएको छ र दुई भिन्न राजनैतिक व्यवस्थामा विकसित छिमेकी मुलुकका बीच आफ्नै राष्ट्रिय परम्परा र प्रतिभा सुहाउँदो राजनैतिक व्यवस्थाको स्थापना, विकास र सुदृढीकरणद्वारा शान्तिलाई सही अर्थमा र ठोस रूपमा संस्थागत गर्न खोजेको छ। यस प्रस्तावमा प्रत्येक नेपालीको शान्ति, स्वतन्त्र राष्ट्रिय अस्तित्व र विकासका लागि चाहना मुखरित भएको छ। शान्ति र विकास अन्योन्याश्रित छन् र निर्वाध शान्तिको वातावरण विकासका लागि पूर्वाधार हो भन्ने कुरा सर्वमान्य भइसकेको छ।

यसै वर्ष दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था पच्चीस वर्ष पूरा गर्दछ र यस अवधिमा देशले हासिल गरेको राजनीतिक स्थिरता ठूलो उपलब्धि हो तर आर्थिक दृष्टिले नेपाल अझै सुदृढ हुन परेको छ। सबै नेपालीलाई विकासमा सहभागी तुल्याई विकासको गतिलाई द्रुततर पार्नु नै प्रमुख जिम्मेवारी रहेको छ।

शान्तिक्षेत्र प्रस्ताव नेपालको मात्र हितमा नभई क्षेत्रीय शान्ति र स्थिरताको संबर्धनमा सहायक भई अन्त्यमा विश्वशान्तिका लागि समेत यसबाट योगदान पुग्न सक्ने कुरामा विश्वस्त भई साठीभन्दा बढी मित्र राष्ट्रहरूले यस प्रस्तावप्रति समर्थन जनाई सकेका छन्। यो निश्चयनै उत्साहबर्धक कुरा हो। यसै तथ्यलाई हृदयंगम गरी भारत लगायत अन्य मित्र राष्ट्रहरूबाट पनि निकट भविष्यमै यसलाई समर्थन प्राप्त हुनेछ भन्ने हामीलाई विश्वास छ।

अन्तर्राष्ट्रिय सहयोगः

तनावग्रस्त पूर्व–पश्चिम सम्बन्ध, उत्तर–दक्षिण वार्तामा आएको गति-

रोध, पारमाणविक तथा परम्परागत दुवै प्रकारका शस्त्रास्त्रको होडवाजी, क्षेत्रीय संघर्ष तथा वाह्य हस्तक्षेपको बढ्दो खतराले गर्दा विश्व परिस्थिति जटिल र चिन्ताजनक रहेकोछ । संयुक्त राष्ट्र संघको बडापत्रमा सबै समस्याको समाधान शान्तिपूर्ण तरीकाले हुनुपर्दछ भन्ने कुरा प्रष्टयाइएको छ तापनि यस सिद्धान्तको उल्लंघन शक्तिको प्रयोगद्वारा भएको दृष्टान्त प्रशस्त पाइन्छ । यस पृष्ठभूमिमा अन्तर्राष्ट्रिय, राजनैतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा सहयोग तथा अन्तरराष्ट्रिय आर्थिक व्यवस्थाको स्थापनाको लागि राष्ट्र संघ एक सशक्त माध्यम बन्न सक्तछ भन्ने कुरामा नेपालको अटल विश्वास छ । संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति सेना पठाई विश्व शान्ति कायम गर्न सघाउ पुरयाउने नेपाल विभिन्न क्षेत्रमा राष्ट्र संघले अझ प्रभावकारी भूमिका खेल्नु पर्दछ भन्ने ठान्दछ । हुन पनि साना राष्ट्रका लागि राष्ट्र संघ नै सुरक्षा, सहारा र सहयोगको केन्द्र विन्दु रहेको छ । तर विश्व समुदायलाई नै असर पार्ने घटना वा समस्याबारे एकतर्फी कारवाही वा द्विपक्षीय संझौता वार्ताद्वारा निर्णय लिने प्रवृत्ति बढ्न थालेको छ । महाशक्ति राष्ट्रका बीच हुने उच्चस्तरीय भेटघाट वा कुराकानीको नेपाल स्वागत गर्दछ भने राष्ट्र संघ जस्तो बहुपक्षीय संस्थाको प्रभावकारितामा कमी नआओस् भन्ने नेपालको हार्दिक चाहना छ ।

एकातिर अधिकांश विकासोन्मुख देशहरूमा शिक्षा, स्वास्थ्य, पौष्टिक आहार र आवास जस्ता आधारभूत आवश्यकता पूरा गर्न आर्थिक र अन्य भौतिक साधनको अपर्याप्तता छ भने अर्कोतिर अपार धनराशि शस्त्रास्त्रको होडवाजीमा खेर गइरहेको छ । ठूला शक्ति राष्ट्रका अतिरिक्त, क्षेत्रीय शक्तिको रूपमा चिनिन चाहने केही विकासोन्मुख राष्ट्रहरूले पनि शस्त्रीकरण वा सैन्यीकरणको प्रलोभनलाई रोक्न सकेका छैनन् । पूर्ण निरस्त्रीकरणको पक्षमा रहेको नेपाल सैनिक खर्चमा हुने कटौती वा शस्त्रास्त्रको होडवाजीलाई कम पार्ने कुनै पनि प्रस्ताव वा वार्ताको स्वागत गर्दछ र शस्त्रास्त्रको कटौतीबाट वचत हुन आउने स्रोत र साधन वृहद् मानवकल्याणका लागि उपलब्ध होस् भन्ने चाहन्छ ।

नेपाल जस्तो भू–परिवेष्ठित तथा अति कम विकसित मुलुकलाई अन्तरराष्ट्रिय सहयोगको ठूलो खांचो छ । यस दृष्टिले सन् १९८१ मा पेरिसमा सम्पन्न अति कम विकसित मुलुकहरू सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन विशेष उल्लेखनीय छ । उक्त सम्मेलनमा एशिया तथा प्रशान्त क्षेत्रका अति कम विकसित मुलुकहरूलाई प्रतिनिधित्व गर्दै श्री ५ वीरेन्द्रबाट बक्सेको प्रेरणादायी संबोधन भाषणको सबै सहभागी राष्ट्रहरूले मुक्तकण्ठले सराहना गरेका थिए । पेरिस घोषणापत्र र कार्य-

क्रमको कार्यान्वयन सम्बन्धी मध्यावधि समीक्षा गर्न हालै जेनेभामा बसेको अन्तर सरकारी समूहको बैठकले अति कम विकसित देशहरूको आर्थिक स्थिति बिग्रँदै गएकोछ भनी चिन्ता व्यक्त गरेको छ । यस्ता देशको आर्थिक पुनरुत्थान र विकास-का लागि अन्तर्राष्ट्रिय समुदाय र खासगरी विकसित राष्ट्रहरूबाट प्राप्त हुने सहायतामा अझ उदारतापूर्वक वृद्धि हुनुपर्छ भन्ने आग्रहसित नेपाल पूर्णरूपले सहमत छ ।

क्षेत्रीय सहयोगः

अन्तर्राष्ट्रिय सहयोगको अर्को महत्वपूर्ण पक्ष क्षेत्रीय सहयोग पनि हो । क्षेत्रीय सहयोगप्रति नेपालले दृढ प्रतिवद्धता व्यक्त गरेकोछ । यस सिलसिलामा दक्षिण एशियाली राष्ट्रहरूको विकासका लागि क्षेत्रीय सहयोग बढाउने उद्देश्यले पांचवर्ष अघि प्रस्तुत प्रस्तावले साकार रूप लिन थालेको छ । निकट भविष्यमै ढाकामा सम्पन्न हुने क्षेत्रीय सहयोगसम्बन्धी शिखर सम्मेलन ऐतिहासिक दृष्टिले महत्वपूर्ण घटना हुने कुरा निश्चित छ । यस सम्मेलनबाट क्षेत्रीय सहयोगका लागि आवश्यक राजनीतिक इच्छा एवं प्रोत्साहन प्राप्त हुने अपेक्षा गरिन्छ । क्षेत्रीय शान्ति तथा स्थिरता सद्भावना, समझदारी तथा मित्रता पारस्परिक सहयोगद्वारा मात्र सम्भव छ भन्ने कुरामा नेपाल विश्वास गर्दछ ।

क्षेत्रीय सहयोगको परिवेशमा द्विपक्षीय समस्या पर्दैनन् । विकासका साझा समस्यामा सहयोगको क्षेत्र सीमित रहनुबाट व्यवहारिक सजगता प्रष्ट हुन्छ । क्षेत्रीय समझदारीलाई विथोल्न सक्ने साझा समस्या आतंकवाद वा उग्रवाद पनि हो । यस्तो विध्वंशात्मक प्रवृत्तिलाई क्षेत्रीय सहयोग र समझदारीकै आधारमा समयमै निर्मूल पार्न सकिन्छ भन्ने कुरामा नेपाल विश्वस्त छ । यस सन्दर्भमा यस क्षेत्रका प्रत्येक सदस्य राष्ट्रले अर्को सदस्य राष्ट्रमा हुन सक्ने आतंकवादलाई निरुत्साहित पार्नुका साथै निर्मूल गर्नु सर्वथा वाञ्छनीय देखिन्छ । त्यस्तै प्रत्येक राष्ट्रका आफ्नै आन्तरिक समस्या हुन्छन् र तिनका समाधान आफ्नै तरीकाले प्रत्येक राष्ट्रले पहिल्याउनु पर्दछ । यसबाट क्षेत्रीय सहयोग र समझदारीलाई बढाउन ठूलो टेवा मिल्ने कुरामा नेपाल विश्वास राख्दछ किनभने पारस्परिक विश्वास एवं समझदारी क्षेत्रीय सहयोगका लागि बलियो पूर्वाधार हो ।

कार्यक्रम र जिम्मेवारीः

१) असंलग्न परराष्ट्रनीतिको निरन्तर अनुसरण, शान्ति क्षेत्र प्रस्ताव र राष्ट्र संघमा गहिरो आस्थाका साथ नेपालले खेल्दै आएको सक्रिय भूमिकाले गर्दा यो देशको प्रतिष्ठा अन्तर्राष्ट्रिय जगतमा निकै बढेको छ । यस्तो प्रति-

ष्ठामा आंच नआओस् भनी श्री ५ को सरकार समस्त पञ्च कार्यकर्ता, बुद्धिजीवी, समाजसेवी र अन्य जिम्मेवार व्यक्तिहरूले सोचाई, भनाई र व्यवहारमा सजग तथा सक्रिय रहनुपर्ने आवश्यकता टड्कारो छ। सर्वसाधारणलाई सरल र सुबोध भाषामा हाम्रो असंलग्न परराष्ट्र नीतिको महत्व, शान्ति क्षेत्रको माध्यमद्वारा शान्तिको संस्थाकरणबाट हुने लाभ तथा नेपाल जस्ता साना राष्ट्रका लागि राष्ट्र संघको उपादेयताबारे बोध गराउने वा संझाउने बुझाउने जिम्मेवारी श्री ५ को सरकार, पञ्च कार्यकर्ता, बुद्धिजीवी र समाजसेवीले नै वहन गर्नु पर्दछ।

२) नेपाली परराष्ट्रनीतिको संचालनमा केही अस्पष्ट प्रवृत्तिहरूले परोक्ष रूपमै भए पनि प्रवेश पाएको देखिन्छ। तात्कालिक लाभलाई मात्र दृष्टिगत गरी अपनाइएका केही नीतिहरूबाट परराष्ट्रनीतिमाथि नकारात्मक प्रभाव पार्न सक्ने आप्रवासनको समस्या उत्पन्न हुन सक्ने भएकोछ। यसरी आप्रवासनमा हुन गएको वृद्धि राष्ट्रिय हितमा नभई हाम्रो परराष्ट्रनीतिको संचालनमा भविष्यमा ठूलो तगारो हुनसक्ने कुराप्रति नीति–संचालकहरूको समयमै ध्यान जानु पर्दछ।

३) नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्तावप्रति विभिन्न मित्र-राष्ट्रबाट बढ्दो संख्यामा समर्थन तथा अनुमोदन प्राप्त हुनु तमाम नेपाली-हरूका निम्ति सन्तोषको कुरा हो। त्यसैले शान्ति क्षेत्र प्रस्तावको सर्व-साधारणले पनि बुझ्न सक्ने अझ विस्तृत, स्पष्ट र तर्कसंगत व्याख्याको आवश्यकता देखिन्छ। संविधानको तेस्रो संशोधनमा नेपाललाई शान्ति क्षेत्र बनाउन प्रयास गर्नुपर्ने लक्ष्य समाविष्ट भएको तथ्य हाम्रो परराष्ट्र-नीतिको प्रमुख उद्देश्य भइसकेको प्रति सबैको ध्यान पुगेको छ। तर श्री ५ को सरकारले आजसम्म शान्ति क्षेत्र प्रस्ताव सम्बन्धी चिन्तन, मनन, अध्ययन र विश्लेषणका लागि कुनै प्रकारको अधिकारपूर्ण एकाईको स्थापना गरेको देखिन्न। पञ्च कार्यकर्ता र बुद्धिजीवीवर्गको सहयोग लिई यस प्रकारको एक एकाई अविलम्ब स्थापना हुनु पर्दछ।

४) दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको निर्दिष्ट उद्देश्य अनुरूप नीति र कार्यक्रमको तर्जुमा भएपछि त्यसको सफल कार्यान्वयनमा आन्तरिक स्रोत र साधनको परिचालनका साथै अन्तर्राष्ट्रिय सहयोग र समझदारीको

आवश्यकता पर्दछ र यस सन्दर्भमा नेपालको परराष्ट्रनीति उपरोक्त सहयोग र समझदारी बढाउन सहायक सिद्ध भएको छ । विशेष गरी यस्तो सहयोग र समझदारी श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारहरूबाट समय–समयमा भएका विभिन्न मित्रराष्ट्रहरूको राजकीय, औपचारिक तथा मैत्रीपूर्ण भ्रमणहरूबाट झन् वृद्धि भएकोछ । फलस्वरूप नेपालका आज धेरै मित्र तथा हितैषी छन् ।

# केन्द्रीय पन्च भेला २०४२ द्वारा पारित समीक्षा एवं मूल्यांकन सम्बन्धी कार्यपत्र

*(गत पन्च भेलाद्वारा पारित प्रस्तावका सम्बन्धमा)*

## भूमिका

नेपालको भू-राजनैतिक स्थिति, ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक पृष्ठभूमि तथा सामाजिक र आर्थिक विकास प्रक्रियाको स्वभाविक परिणतिको रूपमा दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको प्रादुर्भाव भएको हो। श्री ५ को सक्रिय एवं गतिशील नेतृत्वमा व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको बीचमा सामन्जस्यलाई प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्ने पञ्चायत प्रणालीले आफ्नो पुनीत उद्देश्य राखेको छ। आफ्नो उद्देश्य प्राप्तिको निमित्त यस व्यवस्थाले समय–समयमा गरेको साहसिला एवं सुझ–बूझपूर्ण प्रयासको परिणाम स्वरूप नै पञ्चायत व्यवस्था सफलतापूर्वक आज आफ्नो रजत जयन्ती मनाउने अवस्थामा पुगेको छ। यसले नेपाली मात्रको कल्याणको साथै विश्वको सामने एउटा परिपक्व राजनैतिक व्यवस्थाको उदाहरण प्रस्तुत गरेर नेपाली समाजको प्रतिष्ठामा अनुपम वृद्धि गराएको छ।

जनमत संग्रह पछि यस व्यवस्थाले जनसहभागिताको आफ्नो आधारलाई झन् व्यापक तुल्याएको कुरा विभिन्न स्तरमा हुने निर्वाचन प्रक्रियाको व्यापकताले नै स्पष्ट पारेको छ। उक्त महत्वपूर्ण प्रक्रियालाई राष्ट्रिय जीवनको अन्यान्य पक्षमा पनि सुनियोजित तथा ठोस रूपमा विकसित गर्दै जानु पर्ने आवश्यकता

प्रति पञ्चायतका विभिन्न निकायबाट प्रयास भई राख्नु पर्ने देखिन्छ। यस पञ्चमेलामा विगत पञ्चमेला (२०३८) बाट पारित प्रस्तावहरूको कार्यान्वयन पक्षको समीक्षात्मक मूल्यांकन प्रस्तुत गर्ने जुन प्रयास भएको छ त्यो यस क्रमको एउटा शुभ प्रजातान्त्रिक अभ्यास हो। यस प्रकारको प्रयासबाट कार्यक्रम र योजनालाई भविष्यमा बढी वस्तुगत तथा व्यावहारिक बनाउनुका साथै कार्यान्वयनसित सम्बन्धित निकायहरूलाई बढी दक्ष एवं सचेत तुल्याउन सहयोग हुनेछ र मूल्यांकन परिपाटीको संस्थागत विकासमा यसले ठोस अभिवृद्धि गराउन मद्दत पुऱ्याउने छ।

# समीक्षा एवं मूल्यांकन सम्बन्धी कार्यपत्र

केन्द्रीय पंचभेला २०३८ बाट पारित राजनैतिक, आर्थिक एवं सामाजिक प्रस्तावहरूको कार्यान्वयन पक्षको मूल्यांकन र समीक्षा गर्ने सन्दर्भमा प्रस्तावहरूलाई कार्यान्वयन गराउने निकायहरू श्री ५ को सरकार, पंचायत नीति तथा जाँच-बूझ समिति एवं वर्गीय संगठनहरूबाट प्रस्तावहरूको कार्यान्वयन गराउने दिशातर्फ भएका प्रगतिहरूबारे प्राप्त जानकारीको आधारमा निम्नलिखित प्रतिवेदन प्रस्तुत गरिएको छ ।

राजनैतिक प्रस्तावका सम्बन्धमा:

१. संविधान र ऐन कानूनको मर्यादामा कुनै प्रकारको आँच आउन नसक्ने वातावरणको सृजनाका लागि गत केन्द्रीय पंचभेला पछि देशमा देखापरेका दलविहीन प्रजातान्त्रिक पंचायती व्यवस्थाको आदर्श विपरीत गैर-संवैधानिक गतिविधिहरू भएको देखापर्दा प्रभावकारीरूपमा त्यसको नियन्त्रणका लागि श्री ५ को सरकारले देखाएको सक्रियता उल्लेखनीय छ । तर यस प्रकारका गतिविधिहरू घट्न नदिन सदैव सचेष्ट रहनु पर्ने कुराको अभाव तर्फ श्री ५ को सरकारको ध्यान आकर्षण गर्नु वाञ्छनीय देखिन्छ ।

२. महँगी र भ्रष्टाचारका विषयमा विवेचना गर्दा वर्तमान परिस्थिति सन्तोषजनक देखिन्न । मूल्यवृद्धि निरन्तर रूपमा हुँदै गएको छ र त्यसको अग्रसरता स्वयं सरकारी संस्थानहरूले नै गरेका छन्। मौसमको अनुकूलताले खाद्यान्नको उत्पादन राम्रो भएकोले केही खाद्यान्नमा बाहेक अन्य उपभोग्य वस्तुहरूमा निकै ठूलो मात्रामा मूल्य वृद्धि भएको तथ्य इन्कार गर्न सकिन्न । भ्रष्टाचारको अवस्था पनि निरन्तर बढ्दो क्रममा छ । यसको प्रभावकारी नियन्त्रण आवश्यक छ ।

३. श्री ५ को सरकारले प्रशासनलाई स्वच्छ, सुदृढ र प्रभावकारी बनाउँदै लैजाने दिशामा कर्मचारीवर्गलाई दिएको सुविधामा वृद्धि गर्नु र उनीहरूको तालीमको व्यवस्था मिलाउनु उचित हो । तर संगठनात्मक सुदृढताका लागि केवल तह बढाएर मात्र प्रशासन यन्त्र कति दक्ष बन्न सक्ला यो विचारणीय छ ।

४. श्री ५ को सरकारले विभिन्न स्तरका राजनैतिक एवं विकास कार्यक्रमहरूमा पदमा नरहेका र पदमा रहेका पंच कार्यकर्ताहरूको सहयोग लिएको र उनीहरूको प्रतिभाको उपयोग गरेको देखिएन । यस विषयमा पंच कार्यकर्ताहरूको प्रतिभाको उपयोग कसरी गर्न सकिन्छ भन्ने कुरामा श्री ५ को सरकारको ध्यान आकृष्ट हुनु पर्दछ ।

५. नेपाल चार वर्ण छत्तीस जातको मुलुक हो र विभिन्न भाषा, जाति र धर्मको समन्वयमा नै हाम्रो राष्ट्र र राष्ट्रिय एकता सुदृढ हुने कुरा निश्चित छ । यस एकतामा तगारोको रूपमा रहेको विभाजनकारी तत्वहरू पनि समय समयमा सक्रिय रहने सम्भावना रहने हुनाले त्यस्तो प्रवृत्तिले कुनै हालतमा प्रोत्साहन पाउन नसकून् भन्ने विषयमा सतर्क रही एकता बढाउने खास राष्ट्रिय कार्यक्रमहरू संचालन गरिनु आवश्यक हुन्छ । यस विषयमा श्री ५ को सरकारका हालसम्मका प्रयास पर्याप्त नभएको पाइएको छ । यसमा सुधार हुनु आवश्यक छ ।

६. विकेन्द्रीकरण सम्बन्धमा गत पंचभेलाको भावना अनुरूप पर्याप्त मात्रामा नीति, नियम र कार्यक्रमको तर्जुमा गरिएको पाइन्छ । अब यसको कार्यान्वयन पक्षलाई साहसिलो, दरिलो र प्रभावशाली बनाउनु पर्ने आवश्यकता छ ।

७. संविधानको तेस्रो संशोधनले पंचायत नीति तथा जाँचबूझ समितिलाई पंचायती राजनीतिको सुसञ्चालनको अभिभारा सुम्पेको छ । संविधानको मर्म अनुसार नै गत पंच भेलाले पंचायत राजनीतिलाई बढी प्रभावकारी ढंगले सञ्चालन गर्न उक्त समितिलाई केही विशिष्ट जिम्मेवारीयुक्त भूमिका निर्वाह गर्ने सुझावहरू प्रदान गरेको हो ।

विगत चार वर्षमा कतिपय दृष्टिकोण पंचायतको आन्तिरिक राजनीतिमा देखा परेको छ भने खुला संवैधानिक वातावरणको आडमा

पंचायत इतर पक्षले पनि पंचायत विरोधी राजनीतिमा आफ्नो सक्रियता देखाएका छन् ।

यस सन्दर्भमा यस समितिको भूमिकालाई विचार गर्दा–

(क) पंचायत भित्रको राजनीतिमा देखा परेको अमेलको अवस्था, पंच पंचबीच तानातानको स्थितिलाई हटाउन प्रभावशाली ढङ्गबाट समिति सक्षम भएको देखिदैन ।

(ख) पंचायत भित्र समय समयमा उत्पन्न वैचारिक मतभेद तथा भिन्नता-लाई सुल्झाइ एउटा सुनियोजित दिशातर्फ पंचहरूलाई डोऱ्याउन पनि समिति पछि नै परेको पाइन्छ ।

(ग) पंचहरूमा सैद्धान्तिक बोध एवं सिद्धान्तप्रति कटिबद्ध तुल्याउन र पंचायत व्यवस्थाका मूलभूत सिद्धान्त र त्यसको व्याख्या बोध गराउने खालका विभिन्न विद्वान्हरूद्वारा तैयार पारिएका पुस्तिका-हरूको वितरण समितिबाट भइरहेको पाइन्छ ।

(घ) अंचल पंच भेला, जिल्ला पंच भेला, प्रशिक्षण शिविर, राजनैतिक टोलिहरूद्वारा वस्तुस्थितिको अध्ययन, विभिन्न गोष्ठीहरू र शिविरहरू व्यापक ढङ्गबाट संचालन भएको पाइएको छ ।

(ङ) पदमा नरहेका पंच कार्यकर्ताहरूलाई विभिन्न काममा सहभागी बनाएर उनीहरूलाई आफ्नो प्रतिभाको प्रदर्शन गर्न मौका प्रदान गरेको कुरा गत केन्द्रीय पंच भेलाको भावनानुकूल नै भएको छ ।

(च) पंचायत इतर राजनीतिसित मुकाबिला गर्ने क्रममा यस समितिले पंच कार्यकर्ता एवं वर्गीय संगठनहरूको माध्यमबाट विभिन्न प्रकार-का सभा, जुलूस तथा ऱ्यालीको आयोजना समय समयमा गर्दै आएको छ ।

(छ) पंचायत व्यवस्थाको आधारभूत सिद्धान्तको प्रचार प्रसारका लागि रेडियो नेपालद्वारा, "राष्ट्रिय चिन्तन" कार्यक्रमको थालनी प. नी. जाँ. बू. स. बाट भएको राम्रो हो । यस प्रकारका कार्यक्रमलाई अझ व्यापक बनाई सर्वसाधारण जनतामा व्यवस्थाको सिद्धान्त बोध गराउँदै जानु समयोचित हुनेछ ।

संक्षेपमा माथि उल्लेख गरिए अनुसार पंचायत नीति तथा जाँचबूझ समितिले आफ्नो भूमिकाको निर्वाह आफ्नो क्षमता अनुसार जुन रूपमा गरिरहेको छ त्यो प्रशंसनीय भएपनि पञ्चायती राजनीतिलाई अझ बढी प्रभावकारी ढङ्गले संचालन गरी सुनिश्चित दिशातिर डोऱ्याउन क्षमताको विकास समितिमा हुनु पनि आवश्यक देखिन्छ ।

आर्थिक प्रस्तावका सम्बन्धमा :

राष्ट्रको संविधानले शोषणरहित समाजको सृजना गर्ने लक्ष्य कायम गरेको छ । त्यस मार्ग तर्फ हामी दृढताका साथ अगाडि बढ्दै छौं र मुलुकले कुन हदसम्म उन्नति गर्न सकेको छ भन्ने कुराको लेखाजोखा गर्ने हो भने आज हामी आफूलाई यदाकदा अप्ठ्यारो अवस्था पाउँछौं । कुनै न कुनै रूपमा विभिन्न क्षेत्रमा प्रगति भएका सङ्केतहरू देखा पर्दछन् तापनि आज जनसाधारणको रहन–सहन र आय वृद्धिको स्तरलाई हेर्ने हो भने धेरै वर्षको प्रयासपछि पनि विश्वका अरू मुलुकहरूको दाँजोमा हामी पछाडि पर्दछौं भन्ने देखिन्छ । वास्तवमा आजको परिपाटीलाई कुन रूपबाट व्याख्या गर्ने हो वा पंचायती व्यवस्थाले कुन आर्थिक लक्ष्य औंगालेको छ भन्ने प्रश्न बारे हाम्रो ध्यान पुनः आकर्षित हुनु पर्ने देखिन्छ । साझा व्यवस्था आज परिस्थितिवश प्रायः निष्क्रिय भएको छ । संस्थागत विकासको माध्यमबाट उन्नति गर्दा उत्पादन वृद्धि र वितरण प्रणालीमा प्रगति र सन्तुलन कायम गर्न शोषणरहित समाजको सृजना गर्ने लक्ष्यमा अडिग रहनु पर्ने देखिन्छ । हालका वर्षहरूमा निजी क्षेत्रमा विकास गरी प्रतिस्पर्धात्मक वातावरण सृजना गर्ने दृष्टिकोण अपनाइएको छ । तर निजी क्षेत्रको विकास गर्दा साझा वा अन्य संगठन विकासको क्रमलाई कुण्ठित गर्न नदिने तर्फ पनि सचेत हुनु पर्ने आवश्यक छ ।

आजका विकासका केही लक्ष्यहरूलाई हेर्दा साना किसान विकास र सघन ब्याङ्किङ्ग जस्ता कुराहरूबाट केही हदसम्म सन्तोष लिने ठाउँ छ । तर व्यापारको विचलन र हालसालै स्थापित विदेशी पूँजी र श्रममा आधारित केही उद्योगहरूले राष्ट्रलाई स्वावलम्बी बनाउनुको साटो परावलम्बनतिर धकेलेको छ कि भन्ने कुराको विश्लेषण गर्नु सामयिक देखिन्छ । राष्ट्रभित्रको ब्याङ्किङ्ग क्षेत्रमा होस् वा सदुपयोग हुन नसकेको विदेशी सहयोगबाट प्राप्त रकम होस् त्यसको लगानी ठोस उत्पादन हुने काममा हुन सकेको छैन । कार्यान्वयन पक्षको शिथिलताले प्रशासनिक यन्त्रको क्षमतामा वृद्धि गर्न र प्राथमिकतालाई सही दिशातर्फ मोड्नु पर्ने आजको ठूलो आवश्यकता देखिन्छ । आज उपलब्ध साधनको राम्रोसंग सदुपयोग गर्न नसकेर

विकासको गतिमा देखा परेको शिथिलता हटाउनु अनिवार्य भएको छ । यस दिशातर्फ अविलम्ब राम्रो ध्यान आकृष्ट हुनु पर्दछ ।

१. नेपालको अर्थतन्त्रको विकासको क्रममा बिचार गर्दा हाम्रो पिछिडिएको अर्थतन्त्रलाई विकसित तुल्याउन आवश्यक पूर्वाधारहरू हामीले धेरै खडा गरिसकेको भए तापनि ती पूर्वाधारहरूको उपयोग गरी अन्य उपलब्ध साधनहरूको समेत प्रयोग द्वारा देशको उत्पादनको गति बढाउने, राष्ट्रिय आयको वितरण र औद्योगिक र कृषिक्षेत्रको उत्पादनमा वृद्धि ल्याउने दिशामा हालसम्म भएको प्रगति र उपलब्धिले देशको अर्थतन्त्रमा ठोस सुधार अझै ल्याउन सकेको छैन र साधारण जनजीवनमा र प्रतिव्यक्ति आयको दरमा पनि कुनै खास परिवर्तन आएको अनुभव हुन सकेको छैन ।

२. साधनको सदुपयोग र भ्रष्टचारलाई रोक्न श्री ५ को सरकारले कुनै दृढ नीतिको अवलम्बन गरेको पाईंदैन । अख्तियार दुरुपयोग निवारण आयोग र विशेष प्रहरीको उपस्थितिले मात्र भ्रष्टाचार र साधनको दुरूपयोगमा कमी भएको अनुभव हुँदैन ।

३. कृषिमा आधारित हाम्रो अर्थतन्त्रको सफलताको मेरूदण्ड नै कृषि क्षेत्रमा हासिल गरिएको सफलता हुन आउँछ । गत पञ्च भेलाले कृषि उत्पादनमा सघाउ पुऱ्याउने बिगत वर्षहरूमा खडा भएका पूर्वाधारहरूलाई सकारात्मक प्रगतिको रूपमा स्वीकार्दै यिनीहरूबाट वाञ्छित परिणाम यस क्षेत्रमा प्राप्त हुननसकेको कुरालाई स्पष्ट रूपमा औंल्याएको थियो । तिनको सामाधानार्थ पञ्च भेलाले कृषिलाई मनसुनको निर्भरताबाट मुक्त गर्दै लग्ने, कृषि निकायहरूमा अत्यधिक सामञ्जस्य ल्याउनु पर्ने तथा कृषि क्षेत्रमा सरकारी स्तरबाट हुने हरेक प्रयासको प्रतिफल निम्नस्तरसम्मका किसानले प्रत्यक्ष रूपमा अनुभव गर्नुपर्ने कुरामाथि जोड दिएको थियो ।

छैठौं पञ्चवर्षीय योजनाको अन्तमा आर्थिक विकास दरमा कृषि क्षेत्रको उपलब्धि लक्ष्य अनुसार वार्षिक ३.२ प्रतिशत हुनुपर्नेमा त्यसमा वृद्धि आई वार्षिक ४.७ पुगेको छ भन्ने तथ्याङ्क निश्चय पनि उत्साहवर्धक छ । तर उक्त उत्पादन वृद्धिदर बितेका दुई तीन वर्ष यताको मनसुनको अप्रत्यासित अनुकूलताले गर्दा सरदरको हिसाबमा भएको हो । मनसुन प्रतिकूल रहेको स्थितिमा पनि यही वृद्धिदर कायम

राख्न सक्ने क्षमताको विकास श्री ५ को सरकारमा भए मात्र यसको सार्थकता हुनेछ ।

४. श्री ५ को सरकारको पर्याप्त लगानीको बावजूद पनि सिंचाई क्षेत्रमा अपेक्षित उपलब्धि हुन सकेको देखिंदैन । छैठौं पञ्चवर्षीय योजनाको अन्तमा खेती भएको जमीनको १३ प्रतिशतमा मात्र सिंचाई सुविधा पुग्न सकेको र योजनाको लक्ष्य अनुसार ४,३१,९६३ हेक्टर सिंचाई सुविधा पुग्नु पर्नेमा ३,३८,६७२ हेक्टर जमीनमा मात्र सिंचाई सुविधा पुग्नसकेको तथ्यबाट सिंचाईको क्षेत्रमा ठूलो दक्षताको आवश्यकता देखिएको छ ।

५. वन विकास र वन संरक्षणको सम्बन्धमा जे जस्तो नीति र कार्यक्रमहरू बनाइएको छ यो नीति र कार्यक्रमलाई व्यवहारमा उतार्न प्रशासनिक क्षमताको अभाव देखिन्छ । अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउन बारम्बार आयोगहरू गठन गरिएका छन् तापनि यस्ता आयोगहरूबाट समस्याको समाधान वास्तविक रूपमा भएको छैन । जङ्गलको फडाँनी गरी बसोबास नगराउने श्री ५ को सरकारको नीति प्रशंसनीय छ ।

६. वैकल्पिक ऊर्जाको वृद्धि गर्ने सम्बन्धमा बिचार गर्दा गोबरग्यास प्लाण्ट, टर्वाइन, सौर्यशक्ति एवं साना जलविद्युत आयोजतानतर्फ राम्रो थालनी गरिएको पाइन्छ । यस विषयमा बढदो जनरूचिलाई टेवा र बढी प्रोत्साहन दिने तर्फ श्री ५ को सरकारले विशेष ध्यान दिनुपर्ने आवश्यकता छ । तर ठूला जल विद्युत आयोजनाहरू भने योजनाको निर्धारित लक्ष्यभन्दा पछाडि परेका देखिन्छन् । ठूला जल विद्युत आयोजनाहरूलाई निर्धारित समयभित्रै सम्पन्न तुल्याउने श्री ५ को सरकारको विशेष प्रयत्न हुनु पर्दछ । विद्युत सेवालाई सुलभ र सरल गराउने दिशातर्फ भने बढ्दो महसूलले जनता निराश भएका छन् ।

७. दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको आर्थिक प्रणालीका आधारभूत सिद्धान्तहरू मध्ये स्वीकृत साझा अर्थ प्रणाली आज लडखडाउँदो अवस्थामा छ । यसको कार्य प्रणालीमा आमूल परिवर्तन ल्याई एउटा सशक्त केन्द्रीय सञ्चालनद्वारा समस्त साझा निकायहरूको परिचालन र सुदृढीकरण गर्ने पट्टि विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

८. स्वदेशी वस्तुहरूको प्रयोगलाई प्रोत्साहन दिने कुनै किसिमको ठोस नीति श्री ५ को सरकारको पाइएन ।

९. झोलुङ्गे पुल बाहेक यातायात र संचार क्षेत्रमा जस्तै सडक निर्माण, हुलाक सेवा बिस्तार र टेलिफोन सुविधा वृद्धि आदिमा प्रगति राम्रै छ। तर सर्वसाधारण जनतालाई यी सेवा छिटो, छरितो र सुलभ रूपमा उपलब्ध गराउने तर्फ विशेष ध्यान जानु आवश्यक छ।

१०. जनसंख्या नियन्त्रण कार्यमा लगानीको अनुपातमा उपलब्धि हासिल हुन सकेको छैन। परिवार नियोजनको कार्यक्रमलाई विशेष ध्यान दिएर व्यापक बनाउनु पर्ने आवश्यकता छ साथै बढ्दो आप्रवासनलाई नियमित तुल्याउने तर्फ श्री ५ को सरकारको कुनै नीति र कार्यक्रम नदेखिएकोले अबिलम्ब यसमा वरिलो र साहसिलो उपायको खोजी गर्नु पर्ने देखिन्छ।

११. राष्ट्रिय शिक्षा पद्धतिको योजनामा समसामयिक सुधार गर्दै यसलाई सुदृढीकरण गर्ने र शिक्षा क्षेत्रमा संख्यात्मक वृद्धिका साथै गुणात्मक वृद्धि पट्टि पनि विशेष जोड दिनु पर्ने समयको मांग छ। राजसंस्था र व्यवस्थाप्रति आस्थावान सुयोग्य शिक्षक एवं विद्यार्थी समुदायको सिर्जना गर्नु पर्ने दिशातिर श्री ५ को सरकारले कुनै उपाय अवलम्बन गरेको पाइएन। शिक्षा, संस्कृति र खेलकूदको विकासलाई विशुद्ध सामाजिक उत्थानको दृष्टिबाट परिचालन गरिनु पर्दछ। राजनीतीकरण गरिने प्रक्रियाबाट यिनीहरूलाई पृथक राख्नु उचित हुनेछ।

शिक्षा क्षेत्रमा गरिएको अभिभावकहरूको लगानी प्रवेशिका परीक्षामा अति कम प्रतिशत छात्र छात्रा उत्तीर्ण हुन सकेकोले पनि शिक्षाको गुणस्तर ज्यातै तल पुगेको अनुभव हुन्छ। यसपट्टि विशेष प्रयत्न गर्नु पर्ने आवश्यकता छ।

## वर्गीय संगठन तथा स्थानीय पञ्चायतका सम्बन्धमा :

दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको प्रादुर्भाव हुँदा स्वस्थ वर्गहितको र हकको संरक्षण र वर्गीय जनशक्तिलाई एकजूट एवं सुसंगठित तुल्याउने पुनीत उद्देश्य राखी वर्गीय संगठनहरूको संवैधानिक व्यवस्था भएको हो। संविधानको दोस्रो संशोधनले केही हदसम्म निष्क्रिय तुल्याएका वर्गीय संगठनलाई संविधानको तेस्रो संशोधनले राजनैतिक र संगठनात्मक परिचालनमा वर्गीय संगठनहरूले महत्वपूर्ण भूमिका खेल्न सकून् र विकास अभियानमा जन सहभागिताको निरन्तर वृद्धि गर्ने काममा सदा सक्रिय रहून् भन्ने उद्देश्य राखी प्रारम्भिक तहदेखि केन्द्रसम्मको संगठनात्मक स्वरूप कायम गरी वर्गीय संगठनहरूलाई सशक्त तुल्याउने

व्यवस्था गरियो । यसै सन्दर्भमा २०३८ सालमा सम्पन्न केन्द्रीय पञ्चभेलाले पनि वर्गीय संगठनहरूलाई देशको विकास अभियानमा प्रभावशाली भूमिका खेल्न सक्ने र आम जनतामा पञ्चायती व्यवस्थाको सिद्धान्तमा अभिरूचि बढाउन सक्ने तुल्याउन विभिन्न प्रस्ताव र सुझावहरूद्वारा कतिपय निर्देशन दिएको थियो ।

केन्द्रीय पञ्च भेलाले वर्गीय संगठनहरूलाई श्री ५ को सरकार र स्थानीय पञ्चायतहरूले लिएका नीति र कार्यक्रमलाई जनसमक्ष पुऱ्याउने र जनताका भावना आकांक्षा, माग र प्रतिक्रियालाई श्री ५ को सरकार र स्थानीय पञ्चायतहरूमा पुऱ्याउने दोहोरो दायित्व सुम्पेर जन अभिव्यक्तिका माध्यमको रूपमा प्रस्तुत गर्ने पञ्चायती व्यवस्थाको परिधि भित्र स्वशासित, स्वस्फूर्त, जनमुखी सुदृढ संगठनको रूपमा जनशक्ति परिचालनको एक मुख्य माध्यम तुल्याउने परिकल्पना गरेको हो ।

वर्गीय संगठनमा दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाप्रति पूर्ण आस्थावान कर्मठ कार्याकर्ताहरूको समावेश हुन सकोस् र स्थानीय पञ्चायतको निर्वाचनमा वर्गीय संगठनहरूले सक्रिय भूमिका खेल्न सकून् भन्ने उद्देश्यले वर्गीय संगठनहरूको निर्वाचन पछि मात्र स्थानीय पञ्चायतहरूको निर्वाचन गराउने सुझाव केन्द्रीय पञ्चभेलाले दिएको हो तापनि व्यवहारमा त्यसको प्रतिकूल स्थानीय पञ्चायतहरूको निर्वाचन पछिमात्र वर्गीय संगठनहरूको निर्वाचन गराउने नीति लिइयो । वर्गीय संगठनहरूको निर्वाचन रहेका प्रतिभावान व्यक्तिहरूले राष्ट्रको सार्वजनिक एवं सामाजिक क्षेत्रमा आफ्ना देन दिन सकून् भन्ने अभिप्रायले राष्ट्रिय वा स्थानीय स्तरका विभिन्न निकाय, संस्था, आयोग आदिमा वर्गीय संगठनहरूका प्रतिनिधि र कार्याकर्ताहरूलाई पनि सहभागी तुल्याउने प्रक्रिया अंगालिनु पर्ने कुरालाई पञ्चभेलाले जोड दिएको हो । तर व्यवहारमा यस प्रक्रियालाई कार्यान्वयन गर्न सम्बन्धित क्षेत्रहरूले ध्यान पुऱ्याएको देखिएन ।

वर्गीय संगठनका कार्यकर्ताहरूलाई आफ्ना उत्तरदायित्वको निर्वाह गर्न सक्षम र क्रियाशील बनाउने उद्देश्यले विभिन्न संगठनहरूका लागि छुट्टाछुट्टै कार्यक्रमहरूको भेलाले तर्जुमा गरेको थियो । तर यी कार्यक्रमहरूलाई जोडतोडका साथ संचालन गर्न पट्टि वर्गीय संगठनका सम्पूर्ण निकायमा चाहिंदो सक्रियता पाइएन ।

केन्द्रीय स्तरबाट कतिपय संगठनहरूले उत्साहवर्द्धक रूपमा केही कार्यक्रमहरूको संचालन गरेको पाइए तापनि प्रत्यक्ष जन–सम्पर्कमा आउने वर्गीय संगठनका गाउँ र जिल्लास्तरका निकायहरूलाई आवधिक कार्यक्रमको आधारमा सक्रिय गराई राख्नु पर्ने वर्गीय संगठनका केन्द्रीय समितिहरूको मुख्य जिम्मेवारी

हुनुपर्ने केन्द्रीय पञ्चभेलाको भावना अनुरूप कार्यक्रमहरूको संचालन भएको देखिएन ।

स्थानीय पञ्चायतहरूको गठनका सम्बन्धमा भेलाको सुझावहरू मध्ये २०१९ सालमा वैज्ञानिक आधार र जनमुखी दृष्टिकोण लिई श्री ५ को सरकारले जिल्लाको क्षेत्र विभाजन गरेको जानकारी प्राप्त भएको छ । यसैगरी २०१९ सालमा गठित गाउँ पञ्चायत इलाकालाई मूल आधार मानी वैज्ञानिक आधारमा जन–प्रतिनिधिहरूको समेत राय लिई २०३९ सालमै पञ्चायत मन्त्रालयबाट गाउँ पञ्चायतहरूको सिमांकन र विभाजन भएको सम्बन्धित क्षेत्रबाट ज्ञात भएको छ । तर यस सम्बन्धमा जनसंख्या र भौगोलिक आधारका साथै सन्तुलित विकासको दृष्टिकोणले पनि सिमांकन र विभाजन वैज्ञानिक अझै हुन सकेको छैन ।

२०३८ सालमा केन्द्रीय पञ्च भेला भएका बखत ठाउँ ठाउँमा जिल्ला पञ्चायत समितिको गठनविधि बारे जुन प्रकारको असन्तोष पञ्चहरूमा देखा परेको थियो । पञ्चभेलाको समाप्ति पछि ऐन नियम अनुसार जिल्ला पञ्चायत–हरूको गठन गरिएकोले त्यसको समाधान स्वतः भएको छ ।

□

MARTIN CHAUTARI LIBRARY KTM, NEPAL
6802

मुद्रकः– गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, नेपाल ।